# सोह्रौं योजना

(आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

# सोह्रौं योजना

(आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| **प्रकाशक** | : | नेपाल सरकार<br>राष्ट्रिय योजना आयोग<br>सिंहदरबार, काठमाडौं। |
| **प्रकाशन मिति** | : | २०८१ जेठ |
| | | |
|---|---|---|
| **सर्वाधिकार** | : | राष्ट्रिय योजना आयोगमा सुरक्षित |
| | | |
|---|---|---|
| **मुद्रण प्रति** | : | ५००० प्रति |

काठमाडौं, नेपाल

प्रधानमन्त्री

# मन्तव्य

देशको आर्थिक, सामाजिक तथा पर्यावरणीय विकासलाई मार्गदर्शन गर्ने गरी सोह्रौं योजना समयमा नै तर्जुमा गरिएको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै अब राजनीतिक नेतृत्व तह आर्थिक विकास र समृद्धिको मुद्दामा केन्द्रित भएको छ। तीन तहका सरकारको सक्रियतासँगै तल्लो तहसम्म नै आर्थिक, सामाजिक तथा पूर्वाधार विकासका क्रियाकलापहरू बढ्दै गएका छन्। निजी क्षेत्रको व्यावसायिक कुशलता र उद्यमशीलता विकास हुँदै गएको छ।

विगत ६७ वर्षको योजनाबद्ध विकास प्रयासको क्रममा सीमित स्रोत साधनबीच गरिएका प्रयासबाट आर्थिक, सामाजिक र पूर्वाधार विकासको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएका छन्। यद्यपि, देश विकासको विद्यमान आवश्यकता, आम नागरिकको अपेक्षा तथा उपलब्ध साधन स्रोत र सम्भावनाको तुलनामा हामीले हासिल गरेका उपलब्धि समग्रमा न्यून रहेको देखिन्छ। हाम्रा परम्परावादी कार्यहरूमा गरिने सामान्य सुधार र कार्यान्वयनको पुरानै परिपाटीको निरन्तरताबाट मात्र विद्यमान राष्ट्रिय विकासका आवश्यकताअनुसारको लक्ष्य हासिल हुन सक्दैन। यस पृष्ठभूमिमा हामीले हालसम्म अवलम्बन गर्दै आएको विकास अभ्यासलाई नयाँ दिशा र गति प्रदान गरी आवधिक योजनाले तोकेका लक्ष्य हासिल हुने वातावरण सिर्जना गर्नु आवश्यक छ।

देशको भूबनोट, विविधतायुक्त प्रकृति र समाज, आम नागरिकको इच्छा आकांक्षा, अन्तर्राष्ट्रिय क्षेत्रमा शुरू भएको असल सम्बन्ध, राज्यका बहुपक्षीय क्षेत्रको समन्यायिक विकास र स्रोत साधनको समन्यायिक वितरण लगायतलाई केन्द्रबिन्दुमा राखी सुशासन, समृद्धि र न्यायको आधारलाई ठोस सार्थकता दिन आवधिक योजनाको प्रभावकारी कार्यान्वयन महत्वपूर्ण रहन्छ। योजना महत्त्वाकाङ्क्षी बन्ने तर कार्यान्वयन आशातीत नहुने विगतदेखिको चुनौती चिर्न तीनै तहका सरकारको सक्रियता र सार्थक सहभागिता आवश्यक छ।

विगतका योजना तर्जुमा र कार्यान्वयनको अनुभव र सिकाइलाई ध्यानमा राखी उत्पादन वृद्धि र रोजगारी सिर्जनामा सबै प्रयासहरू केन्द्रित गर्दै "सुशासन, सामाजिक न्याय र समृद्धि" को सोचसहित तर्जुमा गरिएको यस सोह्रौं योजनाले संरचनात्मक रूपान्तरणमार्फत मुलुकको सर्वाङ्गीण विकासमा

नयाँ अध्यायको थालनी गर्नेछ भन्ने विश्वास लिएको छु। नेपाललाई सन् २०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नति गर्दै क्रमशः मध्यम आय भएको मुलुकमा पुऱ्याउन, सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्न, गरिबी र बेरोजगारी न्यूनीकरणमा अपेक्षित उपलब्धी हासिल गर्न र शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षामा दुरदराजका नागरिकको पहुँच अभिवृद्धि गर्न यस योजना कोशेढुङ्गा सावित हुने अपेक्षा गरेको छु।

अन्त्यमा, आम नागरिकको जीवनमा अनुभूतियोग्य सकारात्मक परिवर्तन ल्याउने उद्देश्य लिएको यस सोह्रौं योजना तर्जुमा प्रक्रियामा सलङ्गन राष्ट्रिय योजना आयोग परिवार तथा सम्बद्ध सबैलाई धन्यवाद दिँदै योजनाको सफल कार्यान्वयनमा हातेमालो गर्न सबै सरोकारवालाहरूमा आग्रह गर्दछु।

धन्यवाद।

१ जेठ २०८१

**पुष्पकमल दाहाल 'प्रचण्ड'**

नेपाल संवत् ११४४ बछला थ्व, सप्तमी

नेपाल सरकार
**राष्ट्रिय योजना आयोग**
सिंहदरबार, काठमाडौं

**डा. मीनबहादुर श्रेष्ठ**
**उपाध्यक्ष**

# मन्तव्य


नेपालले योजनाबद्ध विकासको अभ्यास शुरू गरेको करिब सात दशक भएको छ। यस बीचमा दशवटा पञ्चवर्षीय र पाँचवटा त्रिवर्षीय योजना तर्जुमा भई कार्यान्वयनमा आएका छन्। दीर्घकालीन सोच २१०० अनुसार "समृद्ध नेपाल, सुखी नेपाली" को आधार तयार गर्ने योजनाको रूपमा रहेको पन्ध्रौं योजनाको कार्यान्वयन अवधि यसै आर्थिक वर्ष २०८०/८१ मा समाप्त हुने भएकोले आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्म कार्यान्वयन गर्ने गरी यो सोह्रौं योजना तर्जुमा गरिएको छ। यस योजनाले "सुशासन, सामाजिक न्याय र समृद्धि" हासिल गर्ने सोच राखेको छ भने सो सोचबमोजिम अघि बढ्न क्षेत्रगत उद्देश्य तथा समष्टिगत रणनीति तय गरिएका छन्। यस योजनाले हाम्रो विकास र समृद्धिको यात्रामा देखा परेका मूलभूत सवाल तथा चुनौतीहरूको पहिचान गर्दै तिनको समाधानका लागि स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ।

हालसम्मको योजनाबद्ध विकासको क्रममा योजनाले राखेका लक्ष्यहरूमध्ये सामाजिक क्षेत्रतर्फका लक्ष्यहरूमा सन्तोषप्रद प्रगति भएको तर आर्थिक वृद्धितर्फको लक्ष्य र उपलब्धिबीच अन्तर देखापरेको अवस्था छ। विभिन्न आवधिक योजनाहरू कार्यान्वयनको क्रममा लामो अन्तरालपछि चौधौं योजनाले राखेका सामाजिक क्षेत्रतर्फका कतिपय लक्ष्यका साथै आर्थिक वृद्धिको लक्ष्य पनि हासिल भएको थियो। तर पन्ध्रौं योजना कार्यान्वयनको शुरूको वर्षदेखि नै कोभिड-१९ को महामारी लगायतका विभिन्न बाह्य कारण र आन्तरिक संरचनागत समस्या समेतका कारण योजनाको लक्ष्य र उपलब्धिबीच फराकिलो अन्तर देखा पर्न गएको छ। हालसम्मको योजना तर्जुमा र कार्यान्वयनको अनुभवलाई सोह्रौं योजना तर्जुमा गर्दा सिकाइको रूपमा ग्रहण गरिएको छ।

यस सोह्रौं योजनालाई कार्यान्वयनयोग्य, यथार्थपरक र नतिजामूलक बनाउने प्रयास गरिनुका साथै राष्ट्रिय विकासको समग्र दिशा एवम् गतिलाई निर्देश गर्ने साङ्केतिक योजनाको स्वरूपमा तर्जुमा गरिएको छ। विकासका विभिन्न क्षेत्र तथा आयाममा देखिएका संरचनात्मक अवरोधहरूलाई सम्बोधन गर्दै योजना अवधिमा अवलम्बन गर्नुपर्ने रूपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रमहरू यस योजनामा समावेश

गरिएका छन्। साथै, योजना कार्यान्वयनमा सबै तह र पक्षका सरोकारवालाहरूको अन्तर-सम्बन्ध र कार्यात्मक क्षमता मजबुत तुल्याउने; विकासका सबै आयाममा लैङ्गिक मूलप्रवाहीकरण, आधुनिक प्रविधिको प्रयोग, वातावरण संरक्षण तथा विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने; तथ्य र प्रमाणमा आधारित नीति निर्माण एवम् कार्यान्वयनमा जोड दिने जस्ता समष्टिगत रणनीति तय गरिएको छ।

यो सोह्रौं योजना तयार गर्ने क्रममा सम्माननीय प्रधानमन्त्री एवम् आयोगका अध्यक्षज्यूबाट प्राप्त मार्गदर्शनप्रति आभार प्रकट गर्दछु। त्यसैगरी, आफ्नो अमूल्य सुझाव प्रदान गरी योजना निर्माणमा सहयोग गर्ने तीनै तहका सरकार, राजनैतिक दल, विशिष्ट पदाधिकारी, कर्मचारी, विषय विज्ञ, निजी क्षेत्रका प्रतिनिधी सङ्घ-संस्था, गैरसरकारी संस्था र विकास साझेदार लगायत सम्बद्ध सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै, योजना तर्जुमाको क्रममा अनवरत रूपमा खट्नुहुने राष्ट्रिय योजना आयोगका वर्तमान तथा निवर्तमान सदस्य र कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु।



१ जेठ २०८१

**डा. मीनबहादुर श्रेष्ठ**

# राष्ट्रिय योजना आयोगका पदाधिकारीहरू

| | | |
|---|---|---|
| सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' | - | अध्यक्ष |
| माननीय डा. मीनबहादुर श्रेष्ठ | - | उपाध्यक्ष |
| डा. बैकुण्ठ अर्याल, मुख्य सचिव, नेपाल सरकार | - | सदस्य (पदेन) |
| माननीय डा. रामकुमार फुयाल | - | सदस्य |
| माननीय डा. रमेशचन्द्र पौडेल | - | सदस्य |
| माननीय डा. उमाशङ्कर प्रसाद | - | सदस्य |
| माननीय प्रा. डा. संगिता सिंह | - | सदस्य |
| माननीय डा. कुसेन्द्रबहादुर महत | - | सदस्य |
| माननीय प्रा. डा. शिवराज अधिकारी | - | सदस्य |
| माननीय डा. अरनिकोकुमार पाँडे | - | सदस्य |
| श्री मधुकुमार मरासिनी, सचिव, अर्थ मन्त्रालय | - | सदस्य (पदेन) |
| डा. तोयनारायण ज्ञवाली | - | सदस्य सचिव |

# विषय-सूची


| परिच्छेद | | पृष्ठ |
|---|---|---|
| १. | परिचय | १ |
| २. | समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि | २१ |
| ३. | उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि | ६५ |
| ४. | उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा | ८५ |
| ५. | स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण | १०१ |
| ६. | गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तर-आबद्धता | १२५ |
| ७. | योजनाबद्ध, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकास | १४९ |
| ८. | लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज | १६१ |
| ९. | प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास | १७७ |
| १०. | गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण | १९३ |
| ११. | प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि | २०३ |
| १२. | शासकीय सुधार तथा सुशासन प्रवर्द्धन | २१७ |
| १३. | जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र | २३३ |
| १४. | अतिकम विकसित मुलुकबाट सहज स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयन | २४७ |
| अनुसूची १ः | योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ढाँचा | २६३ |

# तालिका-सूची


| तालिका | | पृष्ठ |
|---|---|---|
| १.१ | आवधिक योजनाको कुल लगानीको अनुमान, आर्थिक वृद्धिको लक्ष्य तथा प्रगति | १० |
| १.२ | दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू र प्रगतिको अवस्था | १३ |
| २.१ | आर्थिक वृद्धिदरको लक्ष्य (आ.व.२०७९/८० को स्थिर मूल्यमा) | ४३ |
| २.२ | कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य | ४६ |
| २.३ | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना (आ.व.२०७९/८० को स्थिर मूल्यमा) | ४९ |
| २.४ | कुल गार्हस्थ्य उत्पादन र सम्बन्धित विवरण | ५१ |
| २.५ | सीमान्त पुँजी उत्पादन अनुपात र कुल लगानी (आ.व.२०७९/८० को स्थिर मूल्यमा) | ५३ |
| २.६ | सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट हुने लगानी (आ.व.२०७९/८० को स्थिर मूल्यमा) | ५६ |
| २.७ | उपभोग, बचत तथा स्थिर पुँजी निर्माण | ५८ |
| २.८ | सार्वजनिक वित्तको प्रक्षेपण (आ.व.२०७९/८० को स्थिर मूल्यमा) | ६१ |
| २.९ | सरकारी वित्तसम्बन्धी प्रभाव सूचकहरू | ६२ |
| २.१० | मौद्रिक र वित्तीय क्षेत्रका प्रभाव सूचकहरू | ६३ |
| २.११ | बाह्य क्षेत्रसम्बन्धी प्रभाव सूचकहरू | ६३ |
| २.१२ | अनौपचारिक अर्थतन्त्रसम्बन्धी सूचकहरू | ६४ |
| ११.१ | सार्वजनिक वित्तसम्बन्धी सूचक (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | २०६ |
| १४.१ | विकासशील राष्ट्रमा स्तरोन्नतिसम्बन्धी तोकिएको सीमा र नेपालको प्रगति अवस्था | २५० |

परिच्छेद १

# परिचय


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | ३ |
| १.२ | योजनाबद्ध विकास प्रयासको संक्षिप्त समीक्षा | ३ |
| १.३ | दीर्घकालीन सोच २१०० | १२ |
| १.४ | विकास प्रयासमा देखिएका मूलभूत सवाल तथा चुनौतीहरू | १४ |
| १.५ | सोह्रौं योजनाको सोच, उद्देश्य, रणनीति तथा रूपान्तरणका क्षेत्र | १६ |
| १.६ | सोह्रौं योजनाका परिमाणात्मक लक्ष्य | १७ |

परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमि

नेपालले योजनाबद्ध विकासको करिब सात दशक लामो प्रयासबाट आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। यस अवधिमा समय-समयमा राजनीतिक प्रणाली र शासकीय स्वरूपमा आएको परिवर्तनलाई आवधिक योजनामा आत्मसात् गरी विकास योजनाको सोच, गन्तव्य, प्राथमिकता र कार्यक्रमलाई परिष्कृत गर्दै योजनाबद्ध विकास प्रक्रियालाई निरन्तर अघि बढाइएको छ।

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने लक्ष्य राखेको छ। मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको दायरालाई फराकिलो बनाउँदै आर्थिक समृद्धिसहितको सामाजिक न्याय र समानता सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त अवलम्बन गर्न जोड दिइएको छ। राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख र समृद्ध अर्थतन्त्रको निर्माण गर्ने राज्यको आर्थिक उद्देश्य रहेको छ। विक्रम सम्वत् २१०० सम्ममा **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य हासिल गर्ने दीर्घकालीन सोच तय गरिएको छ। त्यस्तै सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको सक्रिय सहभागितामा वि.सं.२०८३ (सन् २०२६) मा नेपाललाई अतिकम विकसितबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं.२०८७ (सन् २०३०) सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुऱ्याउने लक्ष्य तय गरिएको छ। सोही आधारमा जारी भएको पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को कार्यान्वयन अवधि २०८१ असार मसान्तमा समाप्त हुने हुँदा त्यसपछिको पाँच वर्ष (२०८१/८२-२०८५/८६) अवधिमा कार्यान्वयन गर्ने गरी यो सोह्रौं योजना तर्जुमा गरिएको छ।

## १.२ योजनाबद्ध विकास प्रयासको संक्षिप्त समीक्षा

वि.सं.२०१३ सालमा योजनाबद्ध विकासलाई मार्गदर्शन गर्न संस्थागत संरचनाको रूपमा प्रधानमन्त्रीको अध्यक्षतामा गठित योजना आयोगले प्रथम पञ्चवर्षीय योजना (२०१३/१४-२०१७/१८) जारी गरी कार्यान्वयनमा ल्याएसँगै नेपालमा योजनाबद्ध विकासको थालनी भएको हो। वि.सं.२०१७ देखि २०४६ सम्म मुलुकमा कायम रहेको पञ्चायती शासन कालमा दोस्रोदेखि सातौं आवधिक योजना तर्जुमा गरी कार्यान्वयन भए। वि.सं.२०४६ मा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना भएपश्चात सङ्घीय स्वरूपको शासकीय व्यवस्था स्थापना हुनु अघिसम्म आठौं

योजना (२०४९/५०-२०५३/५४) देखि तेह्रौं योजना (२०७०/७१-२०७२/७३) सम्म तर्जुमा गरी कार्यान्वयन गरिएको थियो।

वि.सं. २०७२ मा सङ्घीय स्वरूपको लोकतान्त्रिक गणतन्त्रात्मक शासकीय व्यवस्था स्थापना गर्न नेपालको संविधान जारी भए पश्चात चौधौं योजना (२०७३/७४-२०७५/७६) तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो। नयाँ संविधानअनुरूप सबै स्थानीय तह र सङ्घ तथा प्रदेशको निर्वाचनबाट नयाँ निर्वाचित सरकार स्थापना भएसँगै राष्ट्रिय रूपमा पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) र सबै प्रदेशहरूमा आ-आफ्नो प्रथम प्रादेशिक योजना तर्जुमा गरी कार्यान्वयनमा रहेका छन्। स्थानीय तहहरूले पनि आ-आफ्ना आवधिक योजना बनाइ कार्यान्वयन गरिरहेका छन्।

आर्थिक वर्ष २०१८/१९, २०४७/४८ र २०४८/४९ गरी तीन वटा आर्थिक वर्ष आवधिक योजना कार्यान्वयनका दृष्टिकोणले योजना विहीन वर्षका रूपमा रहे। दोस्रो र एघारौंदेखि चौधौं सम्मका पाँचवटा योजनाहरू त्रिवर्षीय र अन्य दशवटा योजनाहरू पञ्चवर्षीय योजनाका रूपमा तर्जुमा गरिएका थिए।

**पहिलो योजना (२०१३/१४-२०१७/१८)** - पहिलो योजनाले उत्पादनको वृद्धि तथा कामको प्रवर्द्धन गर्नका लागि आर्थिक वृद्धि र सामाजिक विकासको ध्येयलाई आत्मसात गर्दै तथ्याङ्क प्रणालीको विकास र आमजनताको जीवनस्तर सुधार गर्न उपलब्ध स्रोत साधनहरूको उच्चतम सदुपयोग गर्ने रणनीति लिएको थियो। यस योजनाले सामाजिक सेवा र आर्थिक विकासका लागि आवश्यक कृषि, सडक, बिजुली जस्ता आधारभूत पूर्वाधारको जग निर्माण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको थियो।

**दोस्रो योजना (२०१९/२०-२०२१/२२)** - दोस्रो योजनाले दीर्घकालीन योजनाको लागि आधार निर्माण गर्नेगरी आर्थिक विकास, रोजगारी वृद्धि र न्यायोचित सामाजिक व्यवस्थालाई मुख्य उद्देश्यको रूपमा अङ्गीकार गरी आधारभूत पूर्वाधारको निर्माण, कृषि तथा औद्योगिक विकास र सामाजिक सेवाको सुव्यवस्था गर्ने कार्यक्रमलाई प्राथमिकताको रूपमा राखेको थियो। यस योजनालाई आर्थिक विकासका दृष्टिकोणबाट महत्त्वपूर्ण योजनाको रूपमा लिने गरिएको छ।

**तेस्रो योजना (२०२२/२३-२०२६/२७)** - तेस्रो योजनाले न्यायपूर्ण सामाजिक व्यवस्थाको स्थापना र संरक्षणद्वारा जनकल्याणको अभिवृद्धि गर्ने मुख्य उद्देश्यसहित खाद्यान्न उत्पादन र वैदेशिक व्यापारमा वृद्धि, औद्योगिक विकास तथा सामाजिक विभेद र असमानताको निराकरण जस्ता उद्देश्यहरू लिएको थियो। कृषि विकासमा प्रगतिशील परिवर्तन, यातायातको व्यवस्थापन, उद्योग र विद्युत शक्तिको विकासलाई प्राथमिकतामा राखेर कार्यान्वयन गरिएको यस योजनालाई योजनाबद्ध विकास प्रणालीको एक महत्त्वपूर्ण खुड्किलाको रूपमा लिने गरिन्छ।

**चौथो योजना (२०२७/२८-२०३१/३२)** - चौथो योजनाले उत्पादन वृद्धि गर्ने, यातायात, सञ्चार, विद्युत जस्ता विकासका आधार तयार गर्ने, कृषि विकास र उद्योगहरूको सुदृढीकरण तथा अन्तर्राष्ट्रिय व्यापार विस्तार र विविधीकरण गर्ने, मूल्य वृद्धि नियन्त्रण गर्ने र श्रमशक्तिको प्रभावकारी उपयोग गर्ने कार्यलाई प्राथमिकता दिएको थियो। यही अवधिमा सन्तुलित विकास र राष्ट्रिय शिक्षा पद्धतिको शुरूवात गर्नुका साथै सामाजिक विकासका आधार निर्माणमा महत्त्वपूर्ण कार्य भएको थियो।

**पाँचौं योजना (२०३२/३३-२०३६/३७)** - पाँचौं योजनामा उत्पादनमा वृद्धि, श्रमशक्तिको अधिकतम उपयोग र क्षेत्रीय सन्तुलन मूलभूत उद्देश्य रहेका थिए। यस योजनाले आन्तरिक साधनको परिचालन, लगानी र उत्पादनको उपयुक्त ढाँचा, श्रम उपयोग विधि, समष्टिगत आर्थिक स्थायित्व, औद्योगिक व्यवस्था, व्यापार वृद्धि तथा विविधीकरण र भूमि व्यवस्थालाई महत्त्वपूर्ण नीति तथा कार्यक्रमको रूपमा आत्मसात् गरेको थियो। साथै, निकासी व्यापारको लागि खाद्यान्न उत्पादनमा जोड दिने, जमिनको उत्पादकत्व वृद्धि गर्न लगानीमा वृद्धि गर्ने, श्रममूलक कृषि विकासबाट रोजगारी वृद्धि गर्ने, गैरकृषि क्षेत्रमा कम लगानीबाट बढी रोजगारी सिर्जना गर्न घरेलु तथा साना उद्योगहरूको विकास गर्ने र ग्रामीण जनताको आय अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकतामा राखिएको थियो।

**छैठौं योजना (२०३७/३८-२०४१/४२)** - छैठौं योजनाले तीव्र आर्थिक वृद्धि हासिल गर्ने, उत्पादनशील रोजगारी सिर्जना गर्ने र जनताको न्यूनतम आवश्यकताको परिपूर्ति गर्ने उद्देश्य राखेको थियो। यस योजनामा आधारभूत विकासका नीतिहरूको रूपमा कृषि क्षेत्रको विकास, घरेलु तथा साना उद्योगको विकास, निकासी व्यापार र पर्यटन विकास, प्राकृतिक स्रोत र सम्पदाको संरक्षण र जलस्रोतको विकासलाई प्राथमिकता दिइएको थियो। साथै, योजनामा सिर्जना गरिएका आधारशिलाको पूर्ण उपयोग गरी बढी साधन उपयोग गर्न अर्थतन्त्रको सक्षमता अभिवृद्धिमा जोड दिइएको थियो।

**सातौं योजना (२०४२/४३-२०४६/४७)** - सातौं योजनाले छैठौं योजनाका कार्यक्रमलाई सम्पन्न गर्ने गरी निरन्तरता दिदैं उत्पादन एवम् उत्पादनशील रोजगारीमा वृद्धि र जनताको न्यूनतम आवश्यकताको परिपूर्तिलाई मुख्य उद्देश्यको रूपमा लिएको थियो। कृषि, वन सम्पदा र भू-संरक्षण, जलस्रोत, उद्योग, निकासी व्यापार तथा पर्यटन विकासलाई प्राथमिकतामा राखी राष्ट्रिय आर्थिक एकीकरण, विकेन्द्रीकरण र विकास प्रशासनको सुदृढीकरणलाई आधारभूत विकास नीतिको रूपमा कार्यान्वयन गरिएको थियो। साथै, योजना तर्जुमा र कार्यान्वयन बीचमा रहने खाडललाई कम गर्न विशेष जोड दिइएको थियो।

**आठौं योजना (२०४९/५०-२०५३/५४)** - आठौं योजना बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भएपछि तर्जुमा गरिएको पहिलो आवधिक योजना थियो। यस योजनाले आर्थिक सुधारका महत्त्वपूर्ण

मुद्दाहरूलाई अघि सारेको थियो। साथै, दिगो आर्थिक वृद्धि गर्ने, गरिबी निवारण गर्ने तथा क्षेत्रीय असन्तुलन घटाउने प्रमुख उद्देश्यहरूसहित कृषिमा सघनता र विविधीकरण, ऊर्जा तथा ग्रामीण पूर्वाधार विकास, रोजगारी सिर्जना, जनशक्ति विकास, जनसङ्ख्या वृद्धिमा नियन्त्रण, औद्यौगिक विकास तथा पर्यटन प्रवर्द्धनमा जोड दिइएको थियो। निजी क्षेत्रको भूमिका वृद्धि गर्ने तथा आर्थिक उदारीकरणको नीतिसहित दिगो आर्थिक विकास र अनुगमन तथा मूल्याङ्कनलाई प्राथमिकता दिइएको यस योजनामा समावेश गरिएका जैविक-प्राकृतिक स्रोत साधनको अधिकतम उपयोग, कृषि पर्यावरणीय विकास, औद्योगिक विशिष्टीकरण, गैरकृषि क्षेत्रको वृद्धि तथा समता र सहभागितामूलक विकाससम्बन्धी विषयहरू उल्लेखनीय रहेका छन्।

**नवौं योजना (२०५४/५५-२०५८/५९)** - नवौं योजनाले २० वर्षे दीर्घकालीन विकास अवधारणासँग तादात्म्यता कायम गर्दै गरिबी निवारणलाई एकमात्र उद्देश्यको रूपमा अङ्गीकार गरी कृषि तथा वन, जलस्रोत तथा ऊर्जा, मानव संसाधन र सामाजिक विकास, औद्योगिकीकरण, पर्यटन विकास र अन्तर्राष्ट्रिय व्यापार तथा भौतिक पूर्वाधारलाई प्राथमिकतामा राखेको थियो। विकेन्द्रीकरण, विकासमा सरोकारवालाहरूको सक्रिय सहभागिता, वित्तीय संरचना, शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारका कार्यक्रमको निक्षेपण तथा सडक गुरुयोजना जस्ता विषयहरू यस योजनामा विशेष रहेका थिए।

**दशौं योजना (२०५९/६०-२०६३/६४)** - यस योजनाले सरकार, स्थानीय निकाय, गैरसरकारी क्षेत्र, निजी क्षेत्र र नागरिक समाजको संयुक्त सहभागितामा स्रोत साधनहरूको समुचित परिचालन गरी गरिबी घटाउने उद्देश्य लिएको थियो। यसमा उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि, सामाजिक क्षेत्र र ग्रामीण पूर्वाधारको विकास, लक्षित कार्यक्रम र सुशासन जस्ता रणनीतिहरू समावेश गरिएका थिए। कृषिको व्यावसायीकरण, महिला सशक्तीकरण, लैङ्गिक समानता, समावेशीकरण, डिजीटल तथ्याङ्कीय भू-सूचना प्रणाली, सामुदायिक वन व्यवस्थापन जस्ता विषयहरू यस योजनाका उल्लेखनीय पक्ष रहेका थिए। सहश्राब्दी विकास लक्ष्यलाई आन्तरिकीकरण गरेको यो योजना विशेषगरी गरिबी निवारणको एक रणनीतिपत्रको रूपमा रहेको थियो।

**एघारौं योजना (२०६४/६५-२०६६/६७)** - एघारौं योजना समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माणका लागि आर्थिक सामाजिक रूपान्तरणको आधार तयार गर्ने प्रमुख लक्ष्यसहित शान्ति स्थापना, सामाजिक एकता र द्वन्द्व पछिको पूर्वाधार निर्माणमा केन्द्रित योजना हो। यस योजनाका प्राथमिकताका क्षेत्रहरूमा भौतिक संरचनाको पुनर्निमाण र पुनर्स्थापना, सामाजिक एकीकरण, समावेशीकरण तथा मानव संशाधन विकास रहेका थिए। यस योजनाले भूमिगत सिँचाइ र नयाँ सडक निर्माण, वैकल्पिक ऊर्जाको क्षेत्रमा सौर्य ऊर्जाको विकास, विद्यालय भर्नादर वृद्धि र मातृ मृत्युदर न्यूनीकरणको क्षेत्रमा विशेष जोड दिएको थियो।

**बाह्रौं योजना (२०६७/६८-२०६९/७०)** - बाह्रौं योजनाले रोजगार केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि हासिल गरी गरिबी निवारण गर्ने, दिगो शान्ति स्थापना गर्ने एवम् आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउने उद्देश्य लिएको थियो। यस योजनामा भौतिक तथा सामाजिक पूर्वाधारको सन्तुलित विकास, रोजगारी सिर्जना, आर्थिक वृद्धि, समावेशीकरण, सुशासन र वातावरण संरक्षणलाई प्राथमिकतामा राखिएको थियो। यस अवधिमा सहस्राब्दी विकास लक्ष्यमा सामाजिक सूचकतर्फको लक्ष्य प्राप्ति, शोधानान्तर बचत र राजस्व वृद्धिको क्षेत्रमा विशेष उपलब्धि हासिल भएको थियो।

**तेह्रौं योजना (२०७०/७१-२०७२/७३)** - तेह्रौं योजनाले नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने सोचसहित देशमा व्याप्त आर्थिक तथा मानवीय गरिबी घटाई आमजनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने उद्देश्य लिएको थियो। यस योजनामा जलविद्युत तथा ऊर्जा विकास, कृषिको उत्पादकत्व वृद्धि एवम् विविधीकरण र व्यावसायीकरण, सुशासन प्रवर्द्धन, प्राकृतिक स्रोत एवम् वातावरण संरक्षण तथा पर्यटन र उद्योग विकासलाई प्राथमिकताका क्षेत्रको रूपमा लिइएको थियो। यो योजना अवधिमा नयाँ संविधान जारी भएको थियो भने समावेशीकरण, समानुपातिक प्रतिनिधित्व, टेलिफोन तथा मोबाइल फोनको घनत्व, सडक यातायातको लम्बाइ र वन जङ्गलले ढाकेको क्षेत्रफलमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको थियो।

**चौधौं योजना (२०७३/७४-७५/७६)** - नेपालको संविधान जारी भएपछि कार्यान्वयनमा आएको चौधौं योजना सङ्घीय स्वरूपको शासकीय व्यवस्थालाई मार्गदर्शन गर्ने प्रथम योजना हो। यस योजनाले स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशलाई सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य निर्माण गर्ने र मध्यम आय भएको मुलुकको स्तरमा पुऱ्याउने लक्ष्य लिएको थियो। यो योजनाले उत्पादनशील रोजगारी र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुतरूपमा गरिबी न्यूनीकरण गर्दै आर्थिक-सामाजिक रूपान्तरण गर्ने उद्देश्य लिएको थियो। यस योजना अवधिमा वार्षिक औसत ७.२ प्रतिशतको आर्थिक वृद्धि गर्ने लक्ष्य लिइएकोमा लक्ष्य भन्दा अधिक अर्थात ७.४ प्रतिशतको औसत आर्थिक वृद्धि हासिल भएको थियो। यो योजनाले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी कार्यान्वयनमा जोड दिएको थियो। मुलुकको विकास र समृद्धिको प्रस्थान विन्दुको आधार निर्माण गर्ने, वित्त नीति र मौद्रिक नीतिबीचको उचित तालमेलसहित न्यून मुद्रास्फीति कायम गर्ने, मानव विकास सूचकाङ्क तथा सामाजिक क्षेत्रतर्फ उच्च लक्ष्य हासिल गर्ने जस्ता उपलब्धिका कारण तर्जुमा तथा कार्यान्वयन दुबै दृष्टिकोणबाट चौधौं योजना विशेष रहेको थियो।

**पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१)** - दीर्घकालीन सोच २१०० अन्तर्गत पहिलो पाँच वर्ष समृद्धिको आधार सिर्जना गर्ने लक्ष्यका साथ कार्यान्वयनमा ल्याइएको पन्ध्रौं योजनाको नतिजा मिश्रित रहेको छ। मूलतः चौधौं योजनाले तयार गरेको उच्च आर्थिक वृद्धिको आधार, सङ्घीयता कार्यान्वयनको शुरूवात, राजनीतिक स्थिरता, लामो समयदेखि कायम रहेको विद्युत लोड-सेडिङ्को अन्त्य तथा अक्सर भइरहने बन्द हड्तालको अन्त्यको पृष्ठभूमिमा पन्ध्रौं योजना अवधिमा औसत ९.६ प्रतिशतको उच्च आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिइएको थियो। पन्ध्रौं योजनाको पहिलो वर्षमा नै कोभिड-१९ महामारीले देशको आर्थिक-सामाजिक अवस्थामा गम्भीर असर पारेका कारण मुलुकको अर्थतन्त्र खुम्चिन पुग्यो। सङ्क्रमण नियन्त्रणका लागि गरिएको बन्दाबन्दी र सामाजिक दूरी कायम गर्नुपर्ने व्यवस्थाले अर्थतन्त्रका सबै क्षेत्रको उत्पादन तथा रोजगारी प्रभावित भई आर्थिक गतिविधि उल्लेख्यरूपमा घट्न पुग्यो, आपूर्ति श्रृङ्खला अवरुद्ध भयो र मुलुकको समग्र विकास प्रयास र उपलब्धिमा अपूरणीय क्षति पुग्यो। यसले गर्दा आ.व.२०७६/७७ मा आर्थिक वृद्धि २.४ प्रतिशतले ऋणात्मक रहन गयो। कोभिड-१९ महामारीको असरस्वरूप आर्थिक वर्ष २०७६/७७ मा रु. २ खर्ब ८९ अर्ब र आर्थिक वर्ष २०७७/७८ मा रु. ३ खर्ब ३३ अर्ब बराबर कुल गार्हस्थ्य उत्पादनमा क्षति पुगेको, करिब ४ प्रतिशत विन्दुले गरिबी बढेको र सोअनुसार थप १२ लाख जनसङ्ख्या गरिबीको रेखामुनि पर्न गएको अनुमान गरिएको थियो। अनौपचारिक क्षेत्र र वैदेशिक रोजगारीमा सङ्कुचन आएको थियो।

कोभिड-१९ को महामारीबाट आन्तरिक र बाह्य पर्यटन क्षेत्र प्रभावित हुँदा यस क्षेत्रको आय खुम्चिन पुग्यो। अधिकांश उद्योग-व्यवसाय बन्द गरिएको, आपूर्ति श्रृङ्खला टुटेको, सार्वजनिक यातायात बन्द भएको तथा अन्य आर्थिक गतिविधिमा कमी आएको कारण विद्युत खपतमा भारी गिरावट भयो। महामारीको अवधिमा उद्योग क्षेत्रको उत्पादन घट्न पुग्यो। महामारीबाट प्रभावित उद्योग व्यवसायलाई राहत दिन विशेष कर्जा कार्यक्रम ल्याइएको थियो। कोभिड-१९ अवधिभर नेपाल राष्ट्र बैङ्कले विद्युतीय भुक्तानीलाई प्रोत्साहन गरेकाले सर्वसाधारणमा विद्युतीय भुक्तानीको बानी विकास हुन गयो भने यसबाट औपचारिक कारोबार वृद्धि हुन सहयोग पुग्यो।

कोभिड-१९ को शुरूवातको समयमा उपभोगमा कमी आउँदा बाह्य क्षेत्रमा केही सुधार आएकोमा बन्दाबन्दी खुकुलो हुनासाथ आर्थिक क्रियाकलापमा आएको तीब्रताले बाह्य क्षेत्रमा दवाव सिर्जना हुन गयो। उच्च आयात, कमजोर निर्यात र न्यून विप्रेषण आप्रवाहका कारण चालु खाता घाटा उच्च रहन गयो। यसबाट शोधनान्तर घाटा उच्च हुन गयो र विदेशी विनिमय सञ्चिति उच्च दरमा घट्न थाल्यो, जसले गर्दा आयातमा विभिन्न परिमाणात्मक बन्देज एवम् कसिलो मौद्रिक नीतिसमेत लागु गर्नु पर्‍यो।

कोभिड-१९ सङ्क्रमणका कारण योजनाले तय गरेका लगानीका अल्पकालीन प्राथमिकताहरू फेरिए। महामारी नियन्त्रणका लागि स्वास्थ्य पूर्वाधारमा उल्लेखनीय लगानी बढाउँदा स्वास्थ्य सेवा प्रवाहको क्षमता वृद्धि हुन सक्यो। तर कोभिड-१९ कै कारण पूर्वाधार निर्माणका कार्यहरू रोकिए, जलविद्युत उत्पादन तथा प्रसारण आयोजनाहरूको निर्माण रोकिन पुग्यो, शिक्षा क्षेत्रको सेवा प्रभावित भयो, जसले गर्दा यी क्षेत्रमा उल्लेख्य सङ्ख्यामा रोजगारी गुम्न पुग्यो। अर्कोतर्फ कोभिड-१९ ले सूचना तथा सञ्चार क्षेत्रमा एउटा महत्त्वपूर्ण अवसर सिर्जना गऱ्यो। इन्टरनेट सुविधामा विस्तार भई सरकारी, निजी सबै प्रकारका कारोबारमा पूर्ण वा आंशिक रूपमा विद्युतीय माध्यमको प्रयोग वृद्धि हुन पुग्यो। बन्दाबन्दीका कारण काठमाडौं उपत्यका लगायत शहरी क्षेत्रमा धुलो र ध्वनि प्रदूषणमा न्यूनता आउनुका साथै यातायात क्षेत्रबाट हरित ग्यास उत्सर्जनमा कमी आएको थियो।

पन्ध्रौं योजना अवधिमा नै रुस-युक्रेन बीचको द्वन्द्वका कारण अन्तर्राष्ट्रिय आपूर्ति प्रणालीमा अवरोध आउँदा वस्तु अभाव र पेट्रोलियम पदार्थ लगायतका आयातित वस्तुको मूल्य वृद्धि जस्ता असर देखापरे। मुलुकभित्र आन्तरिक राजनीतिक स्थिरता पनि अपेक्षाअनुसार कायम हुन सकेन। त्यसैगरी, वि.सं.२०८० कार्तिकमा गएको भूकम्पले पश्चिम नेपालको जाजरकोट र रुकुम पश्चिम लगायतका जिल्लामा जनधनको क्षति पुऱ्यायो।

समग्रमा, पन्ध्रौं योजनाले तय गरेका नीति, रणनीति, कार्यनीति र कार्यक्रमहरूको कार्यान्वयन अपेक्षित रूपमा अघि बढ्न सकेनन्। योजना अवधिमा ९.६ प्रतिशतको औसत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिइएकोमा केवल २.६ प्रतिशतको औसत वृद्धि हासिल भएको छ। आर्थिक वर्ष २०८०/८१ मा आर्थिक वृद्धि ३.५ प्रतिशत र प्रतिव्यक्ति आय १४५६ अमेरिकी डलर रहेको प्रारम्भिक अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गए पनि उत्पादनमूलक उद्योगको योगदान बढ्न सकेको छैन। पन्ध्रौं योजनाको अन्त्यसम्ममा कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्यपालन र उत्पादनमूलक उद्योगको योगदान क्रमशः २२.३ प्रतिशत र ६.५ प्रतिशत हुने अनुमान गरिएकोमा उक्त योगदान क्रमशः २४.१ प्रतिशत र ४.९ प्रतिशत रहेको छ भने कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २४.६ प्रतिशत, १२.५ प्रतिशत र ६२.९ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। कुल गार्हस्थ्य उपभोगमा भएको वृद्धिका कारण राष्ट्रिय बचत पनि लक्ष्य भन्दा न्यून रहने देखिएको छ। त्यसैगरी, कुल गार्हस्थ्य उत्पादन र कुल स्थिर पुँजी लगानी बीचको अनुपात योजनाको अन्त्यसम्ममा ४१.६ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा आर्थिक वर्ष २०८०/८१ मा सो अनुपात २४.५ प्रतिशत मात्र रहेको छ।

सार्वजनिक वित्ततर्फ सरकारको आम्दानी तथा खर्चको प्रगति लक्ष्य भन्दा न्यून रहेको छ। यस अवधिमा पुँजीगत खर्च अपेक्षित रूपमा बढ्न सकेको छैन। पन्ध्रौं योजनाको अन्त्यसम्ममा कुल

गार्हस्थ्य उत्पादनको अनुपातमा कुल सरकारी खर्च तथा राजस्व क्रमशः ४३.३ प्रतिशत र ३० प्रतिशत पुग्ने अनुमान रहेकोमा आर्थिक वर्ष २०७९/८० मा उक्त अनुपात क्रमशः २६.७ प्रतिशत र १७.९ प्रतिशत रहेको छ।

पन्ध्रौं योजनाको शुरू अवधिमा मुद्रास्फीति अपेक्षित रूपमा न्यून रहेकोमा आर्थिक वर्ष २०७९/८० मा वार्षिक औसत मुद्रास्फीति ७.७ प्रतिशत रहन पुग्यो। योजना अवधिमा व्यापार घाटा उच्च हुनुका साथै चालु खाता समेत उच्च दबावमा रहन पुग्यो। वस्तु र सेवाको निर्यात र आयातको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात पन्ध्रौं योजनाको अन्त्यसम्ममा क्रमशः १५ प्रतिशत र ४९ प्रतिशत रहने लक्ष्य रहेकोमा यो अनुपात क्रमशः ७.० प्रतिशत र ३४.७ प्रतिशत कायम भएको छ। मुलुकभित्र लगानीको माग पूरा गर्न वैदेशिक लगानीलाई एउटा आधारका रूपमा अगाडि बढाउन खोजिएको भए तापनि पन्ध्रौं योजना अवधिमा सोअनुरूप वैदेशिक लगानी आउन सकेन। कुल गार्हस्थ्य उत्पादनमा कुल वैदेशिक लगानीको अनुपात ३ प्रतिशत हुने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०७९/८० मा सो अनुपात ०.२ प्रतिशत मात्र रहेको थियो। यसरी अर्थतन्त्रको कमजोर उत्पादन क्षमता, बढ्दो उपभोगको प्रवृत्ति, चालु खाता घाटा, विदेशी मुद्राको सञ्चितिमा दवाब जस्ता कारणहरूले अर्थतन्त्रको बाह्य क्षेत्र व्यवस्थापनमा चुनौती थपिएकोमा योजनाको अन्तिम वर्ष २०८०/८१ मा आइपुग्दा जलविद्युत उत्पादन, पर्यटक आगमन, विप्रेषण आप्रवाह तथा विदेशी विनिमय सञ्चिति वृद्धि हुँदै गएको छ।

योजनाबद्ध विकास प्रारम्भ भएदेखि हालसम्मका आवधिक योजनाले निर्धारण गरेको आर्थिक वृद्धिको लक्ष्य र प्रगति तालिका १.१ मा प्रस्तुत गरिएको छ।

**तालिका १.१ः आवधिक योजनाको कुल लगानीको अनुमान, आर्थिक वृद्धिको लक्ष्य तथा प्रगति**

| योजना | वर्ष | समय अवधि | कुल लगानी अनुमान (रु. अर्ब) | औसत आर्थिक वृद्धि (प्रतिशत) | |
|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति |
| पहिलो | २०१३-१८ | ५ वर्षे | ०.३३ | - | - |
| दोस्रो | २०१९-२२ | ३ वर्षे | ०.६० | - | - |
| तेस्रो | २०२२-२७ | ५ वर्षे | २.५० | - | २.२ |
| चौथो | २०२७-३२ | ५ वर्षे | ३.४४ | ४.० | २.६ |
| पाँचौं | २०३२-३७ | ५ वर्षे | ९.२०-११.४० | - | २.३ |
| छैठौं | २०३७-४२ | ५ वर्षे | २१.७५ | ४.३ | ४.४ |
| सातौं | २०४२-४७ | ५ वर्षे | २९.०० | ४.५ | ४.९ |
| आठौं | २०४९-५४ | ५ वर्षे | १७०.३३ | ५.१ | ४.९ |

| योजना | वर्ष | समय अवधि | कुल लगानी अनुमान (रु. अर्ब) | औसत आर्थिक वृद्धि (प्रतिशत) | |
|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति |
| नवौं | २०५४-५९ | ५ वर्ष | ३७२.७१ | ६.० | ३.६ |
| दशौं | २०५९-६४ | ५ वर्ष | ६०९.८२ | ६.२ | ३.४ |
| एघारौं | २०६४-६७ | ३ वर्ष | ५११.३८ | ५.५ | ४.७ |
| बाऱ्हौं | २०६७-७० | ३ वर्ष | १०२३.७० | ५.५ | ३.९ |
| तेऱ्हौं | २०७०-७३ | ३ वर्ष | १४७१.५६ | ६.० | ३.१ |
| चौधौं | २०७३-७६ | ३ वर्ष | २४२४.९६ | ७.२ | ७.४ |
| पन्ध्रौं | २०७६-८१ | ५ वर्ष | ९२,२९.२९ | ९.६ | २.६ |

*स्रोतः विभिन्न आवधिक योजनाका दस्तावेज, राष्ट्रिय योजना आयोग।*

योजनाबद्ध विकासको करिब सात दशकको प्रयासबाट गरिबी न्यूनीकरणमा उल्लेख्य प्रगति भएको छ भने कृषि, पर्यटन तथा ऊर्जा क्षेत्रमा पनि सकारात्मक परिणामहरू देखिएका छन्। सामाजिक क्षेत्रमा विशेष गरी महिला सहभागिता तथा सशक्तीकरण एवम् सामाजिक समावेशीकरण र स्वास्थ्य सेवाको विस्तारमा सकारात्मक प्रगति भएको छ। कुल साक्षरता र भर्नादरमा उल्लेख्य उपलब्धि हासिल भएको छ। महिला साक्षरता दर तीस वर्षअघि २५ प्रतिशत थियो भने वि.सं. २०७८ मा ६९.४ प्रतिशत पुगेको छ। महिलाको नाममा रहेको घर वा जग्गा वा घरजग्गा दुवैको स्वामित्व २३.८ प्रतिशत परिवारमा पुगेसँगै महिलाहरूको सम्पत्तिमा अधिकार स्थापित हुनेक्रम बढेको छ। निजामती सेवामा महिलाको सहभागिता २७.७ प्रतिशत पुगेको छ। मातृ मृत्युदर घट्दै गई १५१ जना प्रतिलाख जीवित जन्ममा सीमित भएको छ भने बाल मृत्युदरका सूचकमा पनि उल्लेख्य रूपमा सुधार आएको छ।

त्यसैगरी, आधारभूत खानेपानी तथा सरसफाइ सेवा अधिकांश घरपरिवारमा पुगेको छ। कुल ९६.७ प्रतिशत घरपरिवारमा विद्युतको पहुँच पुगेको छ। भौतिक पूर्वाधारतर्फ मुलुकको लगभग सबै क्षेत्र सडक यातायात तथा सञ्चारको सञ्जालमा आवद्ध भएका छन्। सिञ्चित भूमि तथा बाह्रै महिना सिँचाइ हुने कृषि भूमिको क्षेत्रफल वृद्धि भएको छ। खासगरी सामाजिक क्षेत्रको विकासमा उल्लेखनीय प्रगति भएको छ। तर समग्रमा मुलुकमा रहेको स्रोत साधनको उपलब्धता र विकासको सम्भावनाको तुलनामा हासिल भएको प्रगति न्यून नै रहेको देखिन्छ। आन्तरिक उत्पादन र रोजगारी सिर्जनामा आवश्यकता र सम्भावनाको तुलनामा न्यून प्रगति भएको छ। यसै अवधिमा कृषि र उत्पादनजन्य उद्योगमा लगानी तथा मूल्य अभिवृद्धिको अंश घट्दै गएको छ भने सेवा क्षेत्रमा लगानी र मूल्य अभिवृद्धिको अंश बढ्दै गएको छ। तर सेवा क्षेत्रले अपेक्षित रोजगारी सिर्जना गर्न सकेको छैन।

यसरी विगत ६७ वर्षको अवधिमा कार्यान्वयन गरिएका १५ वटा योजनाको सिकाइलाई ध्यानमा राखी यो सोह्रौं योजना तर्जुमा गरिएको छ।

## १.३ दीर्घकालीन सोच, २१००

दीर्घकालीन विकास रणनीतिको माध्यमबाट सबै प्रकारका विभेद, बहिष्करण एवम् वञ्चितीकरणका अवशेष र विकासका अवरोध समाप्त गरी समाजवाद उन्मुख समृद्ध अर्थव्यवस्था निर्माण गर्न र संविधानले अङ्गीकार गरेका विकास केन्द्रित सोचलाई आवधिक योजनामा आन्तरिकीकरण गर्न नेपाल सरकारले २५ वर्षे दीर्घकालीन सोच (२०७६-२१००) अगाडि सारेको छ। दीर्घकालीन सोचअनुरूप यस अवधिमा पन्ध्रौंदेखि उन्नाइसौं योजना समेत गरी ५ वटा आवधिक योजना कार्यान्वयन गरिने छन्।

**(क) दीर्घकालीन सोचः**

**"समृद्ध नेपाल, सुखी नेपाली"**

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रसहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक।

**(ख) दीर्घकालीन राष्ट्रिय लक्ष्यः**

| १. समृद्धि |
|---|
| १.१ सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर-आबद्धता |
| १.२ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग |
| १.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व |
| १.४ उच्च र समतामूलक राष्ट्रिय आय |

| २. सुख |
|---|
| २.१ परिष्कृत तथा मर्यादित जीवन |
| २.२ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| २.३ स्वस्थ र सन्तुलित पर्यावरण |
| २.४ सुशासन |
| २.५ सबल लोकतन्त्र |
| २.६ राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्य र पछिल्लो प्रगति अवस्था तालिका १.२ मा प्रस्तुत गरिएको छ।

**तालिका १.२ दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू र प्रगतिको अवस्था**

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को स्थिति | आ.व. २०७९/८० को प्रगति # | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | ३.५* | १०.५ |
| २. | प्रतिव्यक्ति राष्ट्रिय आय | अमेरिकी डलर | १०४७ | १४५६* | १२१०० |
| ३. | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | २०.३ | ० |
| ४. | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.३१० | ०.२४० | ०.२५० |
| ५. | श्रमशक्ति सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ३८.५ | ७२ |
| ६. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ३६.५ | ७० |
| ७. | विद्युत उत्पादन (जडित क्षमता) | मेगावाट | १,२५० | २,८७७ | ४०,००० |
| ८. | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | ९६.७ | १०० |
| ९. | ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ८२ | ८५ | ९९ |
| १०. | राष्ट्रिय तथा प्रादेशिक लोकमार्ग | कि.मि. | ७,८९० | १४,७५५ | ३६,००० |
| ११. | इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | ६५.९ | ६९.२ | १०० |
| १२. | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ७०.५ | ८० |
| १३. | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २३९ | १५१ | २० |
| १४. | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | जना | ३९ | ३३ | ८ |
| १५. | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ६५.९ | ७६.३ | ९९ |
| १६. | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | १२ | ३२ | ४० |
| १७. | उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | २१ | २५.८ | ९५ |
| १८. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | १७ | ३२ | १०० |
| १९. | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८९७ | ०.८८५ | ०.९९ |
| २०. | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७९ | ०.६०१ | ०.७६० |

*स्रोत: * राष्ट्रिय लेखा २०८०/८१ को अनुमान, राष्ट्रिय तथ्याङ्क कार्यालय*

*# विभिन्न स्रोतका उपलब्ध पछिल्ला प्रतिवेदनअनुसार।*

## १.४ विकास प्रयासमा देखिएका मूलभूत सवाल तथा चुनौतीहरू

हालसम्मको योजनाबद्ध विकास प्रयासबाट प्राप्त उपलब्धिको अवस्था तथा पन्ध्रौं योजनाको प्रगति समीक्षा समेतका आधारमा विकास प्रयासमा देखिएका मूलभूत सवाल तथा चुनौतीहरूलाई देहायबमोजिम पहिचान गरिएको छः

(१) निरन्तरको न्यून आर्थिक वृद्धि, अर्थतन्त्रमा संरचनागत समस्या, उत्पादनमूलक उद्योग क्षेत्रको सङ्कुचन र द्वितीय क्षेत्रको घट्दो योगदान; प्राथमिक र द्वितीय क्षेत्रको दरिलो आधार बिनाको तृतीय क्षेत्रको विस्तार,

(२) न्यून उत्पादन तथा उत्पादकत्व, बढ्दो उत्पादन लागत तथा कमजोर प्रतिस्पर्धी क्षमता; कृषि प्रतिको बढ्दो विकर्षण र आधारभूत खाद्य पदार्थमा समेत परनिर्भरता,

(३) उपभोगमुखी आयात तथा न्यून निर्यात क्षमता र उच्च व्यापार घाटा,

(४) आन्तरिक रोजगारीका सीमित अवसरका कारण वैदेशिक रोजगारीका लागि युवा जनशक्ति पलायन,

(५) सामाजिक सुरक्षाका छरिएका कार्यक्रम, बढ्दो दायित्व, कमजोर व्यवस्थापन र न्यून सुरक्षा अनुभूति,

(६) उत्पादन प्रणालीसँग नजोडिएको शिक्षा प्रणाली; उच्च शिक्षामा गुणस्तर तथा समयनिष्ठताको समस्या; कमजोर मानव स्रोत व्यवस्थापन,

(७) आधारभूत स्वास्थ्य सेवामा समेत आम नागरिकको न्यून पहुँच भएको कमजोर सार्वजनिक स्वास्थ्य प्रणाली,

(८) पूर्वाधारहरूको आवश्यकता र आपूर्ति बीचको बेमेल, दिगो पूर्वाधार विकासका आयामहरूको कमजोर व्यवस्थापन एवम् निर्मित भौतिक पूर्वाधारको न्यून गुणस्तर,

(९) भरपर्दो एवम् सुरक्षित र धान्न सकिने आधुनिक सूचना प्रविधिको प्रयोगमा न्यूनता र बढ्दो सुरक्षा चुनौती,

(१०) शहरी पूर्वाधार तथा सेवा सुविधाको माग र आपूर्ति बीचमा फराकिलो खाडल एवम् अव्यवस्थित शहरीकरण, प्रभावकारी हुन नसकेको एकीकृत बस्ती विकास तथा स्थानान्तरण कार्यक्रम,

(११) महिला, बालबालिका, ज्येष्ठ नागरिक र सीमान्तकृत समुदायमा हिंसाको स्वरूप परिवर्तन, आर्थिक-सामाजिक-सांस्कृतिक विभेद र परम्परागत सोचको निरन्तरता,

(१२) समावेशीकरण सम्बन्धित नीति, अभ्यास र नतिजा बीचको खाडल,

(१३) कमजोर तहगत अन्तरसम्बन्ध, सबल सङ्घीय शासन प्रणाली मार्फत समावेशी, समन्यायिक एवम् सन्तुलित प्रादेशिक विकास हासिल गर्ने दिशामा न्यून प्रगति,

(१४) सार्वजनिक खर्चको आवश्यकता र स्रोत परिचालन क्षमता बीचको खाडल; आयातमा आधारित राजस्वको ठूलो हिस्सा; अनिश्चयपूर्ण सार्वजनिक वित्त प्रणालीसँगै वित्तीय सङ्घीयता कार्यान्वयनमा चुनौती,

(१५) न्यून पुँजीगत विनियोजन तथा न्यून खर्च क्षमता; पूर्वाधारजन्य परियोजना निर्माणको अनियन्त्रित लागत तथा विलम्ब; लागतको तुलनामा न्यून प्रतिफल,

(१६) सीमित व्यक्ति र उद्यमीबीच वित्तीय स्रोतसाधनको परिचालन; परिचालित वित्तीय स्रोतसाधनबाट उत्पादन र रोजगारी सिर्जनामा अपेक्षित योगदान पुग्न नसकेको,

(१७) बजार प्रतिस्पर्धाको कमजोर अवस्था; अनौपचारिक कारोबार र राजस्व एवम् पुँजी चुहावटमा वृद्धि; तरलता, मूल्य र आपूर्तिमा अस्वभाविक उतार-चढाव;

(१८) सार्वजनिक सेवा प्रवाहको गुणस्तर र सुरक्षा व्यवस्थाप्रति नागरिकको गुनासो; भ्रष्टाचार नियन्त्रण, सामाजिक न्यायको प्रत्याभूति र शीघ्र न्याय निरूपण गर्ने चुनौती,

(१९) वातावरणमाथि उच्च दवाव; जलवायु परिवर्तनका असर न्यूनीकरण एवम् उत्थानशील विकास र हरित अर्थतन्त्र अवलम्बन गर्ने चुनौती,

(२०) विकासशील मुलुकमा स्तरोन्नतिबाट सिर्जना हुने उपलब्धिसँगै आइपर्ने चुनौतीको व्यवस्थापन; दिगो विकास लक्ष्यका लागि आवश्यक स्रोत व्यवस्थापन तथा प्रभावकारी कार्यान्वयन।

## १.५ सोह्रौं योजनाको सोच, उद्देश्य, रणनीति तथा रूपान्तरणका क्षेत्र

### १.५.१ सोच

**"सुशासन, सामाजिक न्याय र समृद्धि"**

दीर्घकालीन सोच २१०० ले तय गरेका समृद्धि र सुखका मुलभूत तत्वहरूलाई आत्मसात गर्दै सोह्रौं योजनाले "सुशासन, सामाजिक न्याय र समृद्धि" को सोच राखेको छ। सुशासन मार्फत नै सामाजिक न्याय र समृद्धि हासिल गर्न सकिन्छ। सामाजिक न्यायसहितको समृद्धिमा समाजवादी विशेषता अन्तर्निहित रहेको हुन्छ। सामाजिक न्याय स्थापित गर्दै हासिल भएको समृद्धि दिगो, समावेशी, समुन्नत एवम् अनुभूतियोग्य हुनेछ।

### १.५.२ उद्देश्य

आम नागरिकले आफ्नो जीवनमा अनुभूत गर्न सक्ने विकास र सुशासन हासिल गर्नु सोह्रौं योजनाको मूल उद्देश्य हो। यसका लागि योजनाले तय गरेको सोचबमोजिम क्षेत्रगत रूपमा योजनाको प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

(१) राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा **सुशासन** कायम गर्नु,

(२) स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा **सामाजिक न्याय** स्थापित गर्नु,

(३) मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा **समृद्धि** हासिल गर्नु।

### १.५.३ समष्टिगत रणनीति

अर्थतन्त्रको संरचनागत रूपान्तरण मार्फत द्रुत विकास, सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्नु नै सोह्रौं योजनाले अवलम्बन गर्ने मुख्य रणनीति हो। यस क्रममा संरचनागत रूपान्तरणका लागि पहिचान गरिएका क्षेत्रमा अवलम्बन गरिने समष्टिगत रणनीति निम्नानुसार रहेका छन्:

(१) विकासका सबै क्षेत्र तथा आयाममा देखिएका संरचनागत अवरोधहरूको पहिचान, सम्बोधन र निराकरण गर्दै उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने।

(२) सङ्घ, प्रदेश र स्थानीय तीनै तह तथा सरकारी, निजी, सहकारी र गैरसरकारी क्षेत्र एवम् विकास साझेदार बीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउँदै दिगो विकास योजना कार्यान्वयन गर्ने।

(३) विकासका सबै क्षेत्र तथा आयाममा लैङ्गिक मूलप्रवाहीकरण, आधुनिक प्रविधिको प्रयोग, वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने।

(४) अध्ययन, अनुसन्धान तथा तथ्य र प्रमाणमा आधारित नीति निर्माण एवम् विकासका कार्यक्रम कार्यान्वयन गर्ने।

क्षेत्रगत रूपमा अवलम्वन गरिने रूपान्तरणकारी रणनीतिहरू सम्बन्धित परिच्छेदमा उल्लेख गरिएबमोजिम हुनेछन् ।

### १.५.४ संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्र

(१) समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि

(२) उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि

(३) उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा

(४) स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण

(५) गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तर-आबद्धता

(६) योजनाबद्ध, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकास

(७) लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज

(८) प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास

(९) गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण

(१०) प्रभावकारी वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि

(११) शासकीय सुधार तथा सुशासन प्रवर्द्धन

(१२) जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र

(१३) अतिकम विकसित मुलुकबाट सहज स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयन।

## १.६ सोह्रौं योजनाका परिमाणात्मक लक्ष्य

सोह्रौं योजनाले लिएको सुशासन, सामाजिक न्याय र समृद्धिको सोचअनुसार रूपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरू कार्यान्वयन गर्दा योजना अवधिमा हासिल हुने उपलव्धिलाई देहायअनुसारका प्रमुख सूचकहरूको आधारमा मापन गरिनेछः

### १.६.१ सुशासनका राष्ट्रिय लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.५२ | ०.८० |
| २. | विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ५२ | ६५ |
| ३. | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | ३५ | ४३ |
| ४. | विद्युतीय सरकार विकास सूचकाङ्क | सूचकाङ्क | ०.५१२ | ०.६०० |
| ५. | निर्वाचनमा मतदाताको सहभागिता | प्रतिशत | ६२ | ८५ |
| ६. | अदालतमा दर्ता भएका मुद्दाको फछ्र्यौट | प्रतिशत | ६४ | ७५ |
| ७. | कुल विनियोजनमा खर्चको अनुपात | प्रतिशत | ८० | ९० |
| ८. | बेरूजू (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | १०.९ | ५.० |
| ९. | राष्ट्रिय परिचय-पत्र नम्बर प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ६३.४ | ९० |
| १०. | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७४ | १०० |

### १.६.२. सामाजिक न्यायका राष्ट्रिय लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | असमानता समायोजित मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.४२४ | ०.६०० |
| २. | उपभोगमा आधारित जिनी गुणक | गुणक | ०.३०० | ०.२८० |
| ३. | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.२४ | ०.२२ |
| ४. | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १.३ | १.० |
| ५. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ३२ | ६० |
| ६. | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.९६७ |
| ७. | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४९५ | ०.२२५ |
| ८. | रोजगारीमा महिला र पुरुषको सहभागिता | अनुपात | १:१.७ | १:१.२ |
| ९. | बाध्यकारी श्रमको दर (१५ वर्ष वा सोभन्दा माथि) | प्रतिहजार | १.२ | ० |
| १०. | महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दर्ता गरेका परिवार | प्रतिशत | २३.८ | ३५.० |

### १.६.३. समृद्धिका राष्ट्रिय लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.५* | ७.३ |
| २. | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४५६* | २३५१ |
| ३. | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३ | १२.० |
| ४. | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.७ | ५.० |
| ५. | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०१ | ०.६५० |
| ६. | मानव सम्पत्ति सूचकाङ्क | सूचकाङ्क | ७६.३ | ७८.० |
| ७. | आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क | सूचकाङ्क | २९.७ | २४.० |
| ८. | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७६.२ | ८५.० |
| ९. | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.३ | ७३.० |
| १०. | ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ७७ | ९० |
| ११. | उच्च मध्यमस्तरको खानेपानीमा पहुँच भएको घरपरिवार | प्रतिशत | २५.८ | ४५ |
| १२. | बेरोजगारी दर | प्रतिशत | ११.४** | ५.० |
| १३. | श्रम उत्पादकत्व | रु. हजारमा | २४५ | २७५ |
| १४. | कृषि वस्तुको औसत उत्पादकत्व (प्रमुख बाली) | मे.ट. प्रति हेक्टर | ३.३ | ३.७ |
| १५. | बैङ्क तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार | प्रतिशत | ६३ | ८५ |
| १६. | सडक घनत्व | कि.मि. प्रति व.कि.मि. | ०.६३ | ०.७७ |
| १७. | विद्युत उत्पादन (जलविद्युत तथा वैकल्पिक ऊर्जा जडित क्षमता) | मेगावाट | २९६२*** | ११,७६९ |
| १८. | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | ३८० | ७०० |
| १९. | विद्युतमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ९६.७ | १०० |
| २०. | इन्टरनेटमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ६९.२ | ९०.० |

स्रोत: **राष्ट्रिय लेखा २०८०/८१ को अनुमान ।*

***नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८ को तथ्याङ्क।*

****आ.व.२०८० पौष मसान्तसम्म।*

परिच्छेद २

# समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि


| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि | २३ |
| २.२ | विद्यमान अवस्था | २३ |
| २.३ | मुख्य सवाल तथा चुनौती | २८ |
| २.४ | रूपान्तरणकारी रणनीति | ३२ |
| २.५ | प्रमुख कार्यक्रम | ३७ |
| २.६ | परिमाणात्मक लक्ष्य | ४१ |

परिच्छेद २

# समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि

## २.१ पृष्ठभूमि

समष्टिगत आर्थिक आधारहरूको सबलीकरणबाट मात्र उच्च र दिगो आर्थिक वृद्धि हासिल हुन सक्दछ। आर्थिक वृद्धिले मानव जीवनसँग सम्बन्धित विविध पक्षमा सकारात्मक परिवर्तन ल्याउन सहयोग गर्दछ। यसैगरी मानव जीवनमा आएका गुणात्मक परिवर्तनले आर्थिक परिसूचकका आधारहरू बलियो बन्दै जान्छन्। मुलुकको आर्थिक विकासको अवस्था र दिशालाई बुझ्न समष्टिगत आर्थिक परिसूचकहरूलाई आधारको रूपमा लिइन्छ।

नेपालको संविधानमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र विकास मार्फत समाजवाद उन्मुख स्वतन्त्र र सुदृढ अर्थतन्त्रको विकास गर्ने विषय उल्लेख छ। त्यसैगरी अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई वृद्धि गर्दै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने र उपलब्ध प्रतिफलको न्यायोचित वितरण गर्ने आर्थिक नीति अङ्गिकार गरिएको छ। नेपाल वि.सं.२०८३ (सन् २०२६) मा अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने सुनिश्चित भएको छ। साथै, वि.सं. २०८७ (सन् २०३०) सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने र सोसँगै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य लिइएको छ। यसै परिवेशमा समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र तीव्रतर आर्थिक वृद्धि एवम् सामाजिक न्यायसहितको समृद्ध नेपाल निर्माण गर्न सोह्रौं योजना केन्द्रित रहेको छ।

## २.२ विद्यमान अवस्था

### २.२.१ वास्तविक क्षेत्र

विगत तीन दशकमा मुलुकको वार्षिक आर्थिक वृद्धिदर औसत ४.३ प्रतिशतको हाराहारीमा रहेको छ। पन्ध्रौं योजना कार्यान्वयनको पहिलो वर्षमा नै कोभिड-१९ महामारीले प्रभावित भएको अर्थतन्त्रलाई पछिल्ला वर्षहरूमा देखिएको आन्तरिक तथा बाह्य कारणले थप असर पारी आर्थिक वृद्धिदर न्यून रहन गयो। आ.व.२०८०/८१ मा आर्थिक वृद्धिदर ३.५ प्रतिशत (आधारभूत मूल्यमा) रहि प्रतिव्यक्ति आय १४५६ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान छ। कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व र उत्पादनमूलक उद्योगको योगदान अपेक्षाकृत रूपमा वृद्धि हुन नसक्दा समग्र आर्थिक वृद्धि सुस्त रहन गएको छ। आ.व.२०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि

र गैरकृषि क्षेत्रको योगदान क्रमशः २४.१ प्रतिशत र ७५.९ प्रतिशत रहेको अनुमान छ। यसैगरी प्राथमिक क्षेत्रको योगदान २४.६ प्रतिशत, द्वितीय क्षेत्रको योगदान १२.५ प्रतिशत र तृतीय क्षेत्रको योगदान ६२.९ प्रतिशत रहेको अनुमान गरिएको छ। कुल गार्हस्थ्य उपभोग खर्चमा सामान्य कमी आई कुल गार्हस्थ्य बचत तथा कुल राष्ट्रिय बचतमा केही सुधार देखिएको छ। कुल स्थिर पुँजी निर्माणमा भने सामान्य न्यूनता देखिएको छ। आ.व.२०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल गार्हस्थ्य बचत ७.६ प्रतिशत र कुल राष्ट्रिय बचत ३६.२ प्रतिशत रहेको देखिन्छ। कुल गार्हस्थ्य उत्पादनसँग कुल स्थिर पुँजी निर्माणको अनुपात २४.५ प्रतिशत रहेको छ।

### २.२.२ सरकारी वित्त

आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारको कुल राजस्व सङ्कलन लक्ष्यको तुलनामा ६८.२ प्रतिशत मात्र हुँदा कुल गार्हस्थ्य उत्पादनको तुलनामा १७.९ मात्र रहन पुग्यो। यसैगरी कुल विनियोजनको तुलनामा कुल खर्च प्रतिशत ७९.७ प्रतिशतमा सीमित रहन गयो। पुँजीगत खर्चतर्फ कुल बजेटको केवल २१.२ प्रतिशत मात्र विनियोजन भएकोमा यथार्थ खर्च विनियोजनको तुलनामा ६१.४ प्रतिशत मात्र हुन सकेको छ। राजस्वमा आएको सङ्कुचनसँगै वैदेशिक सहायता परिचालन पनि अपेक्षित रूपमा हुन नसक्दा सार्वजनिक वित्त असन्तुलन फराकिलो हुँदै गएको देखिन्छ। आ.व.२०७९/८० मा वैदेशिक सहायता वृद्धिदर २२ प्रतिशतले ऋणात्मक भई केवल रु. १ खर्ब २३ अर्ब मात्र परिचालन हुन सक्यो। यस मध्ये अनुदान ११.८ प्रतिशत र ऋण २३.३ प्रतिशतले संकुचित भएको छ। न्यून वित्त पूर्ति गर्नका लागि आन्तरिक ऋण परिचालन बढाउँदै जानु परेको छ। आ.व.२०७९/८० मा कुल गार्हस्थ्य उत्पादनको ४.८ प्रतिशत आन्तरिक ऋण सङ्कलन गरिएको थियो। सोही वर्षको अन्त्यसम्म भुक्तानी गर्न बाँकी सञ्चित ऋण कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ४३.० प्रतिशत पुगेको छ, जस अन्तर्गत आन्तरिक ऋण २१.१ प्रतिशत र बाह्य ऋण २१.९ प्रतिशत रहेको छ।

सङ्घीय शासन प्रणालीको अवलम्बनसँगै तीन तहका सरकारले वार्षिक बजेट तर्जुमा र कार्यान्वयन मार्फत विकास निर्माणको कार्यमा समन्वय र सहकार्य गर्दै आएका छन्। प्रदेश तथा स्थानीय सरकारले पेश गर्ने वार्षिक बजेटको महत्त्वपूर्ण स्रोतको रूपमा सङ्घीय बजेट मार्फत हुने वित्त हस्तान्तरण रहेको छ। नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई सङ्घीय बजेटबाट कुल विनियोजनको करिब २४ प्रतिशत रकम हस्तान्तरण गर्दै आएको छ। यसका अतिरिक्त राजस्व बाडँफाँट तथा राजस्वको एकल अधिकार मार्फत प्रदेश र स्थानीय तहमा वित्तीय स्रोत परिचालन हुदै आएको छ।आगामी दिनमा तीन तहकै सरकारले आन्तरिक स्रोतको परिचालन तथा कुशल विनियोजन र खर्चमा दक्षता ल्याउनु आवश्यक देखिएको छ।

### २.२.३ मौद्रिक तथा वित्तीय क्षेत्र र पुँजी बजार

पन्ध्रौं योजनाको शुरू अवधिमा उपभोक्ता मुद्रास्फीति अपेक्षित रूपमा न्यून रहेकोमा कोभिड-१९ को महामारी लगायत अन्य आन्तरिक तथा बाह्य प्रभावको कारणले आपूर्ति श्रृंखला अवरुद्ध हुँदा पछिल्लो अवधिमा मुद्रास्फीति केही बढ्न पुगेको छ। आ.व.२०७९/८० मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ७.७ प्रतिशत रहेको छ। विस्तृत मुद्रा प्रदाय ११.४ प्रतिशतले र खुद वैदेशिक सम्पत्ति २६.१ प्रतिशतले बढेको छ। सो आ.व. मा कुल आन्तरिक कर्जा ८.७ प्रतिशतले बढेको छ भने बैङ्क तथा वित्तीय संस्थाहरूको निक्षेप १२.३ प्रतिशतले बढेको छ। बैङ्क तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ३.८ प्रतिशतले बढेको छ। वि. सं. २०८० असारमा ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ६.४ प्रतिशत रहेको छ। मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा लिइने औसत अन्तर-बैङ्क ब्याजदर २०८० असारमा ३.१ प्रतिशत रहेको छ। वाणिज्य बैङ्कहरूको औसत आधारदर १०.० प्रतिशत रहेको छ भने निक्षेपको भारित औसत ब्याजदर ७.९ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १२.३ प्रतिशत कायम भएको छ। बैङ्क तथा वित्तीय संस्थाहरूको शाखा सङ्ख्या २०८० असार मसान्तमा ११,५८९ पुगेको छ। यसअनुसार प्रति बैङ्क तथा वित्तीय संस्थाहरूको शाखा र कुल जनसङ्ख्याको अनुपात २५१७ कायम भएको छ। वित्तीय क्षेत्रमा गैरबैङ्किङ वित्तीय संस्थाहरूको योगदानसमेत वृद्धि हुँदै गएको छ। कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, निक्षेप तथा कर्जा सुरक्षण कोष लगायतका वित्तीय संस्थाहरूले वित्तीय पहुँच वृद्धि, लगानीयोग्य रकम परिचालन तथा वित्तीय सुरक्षा कायम गर्नमा सहयोग पुऱ्याइरहेका छन्।

बीमातर्फ आ.व.२०७९/८० को असार मसान्तमा जीवन बीमाको कुल बीमालेख ७.९ प्रतिशतले र निर्जीवन बीमाको कुल बीमालेख ०.२ प्रतिशतले वृद्धि भएको छ। यस अवधिसम्म बीमाको दायरामा आएको जनसङ्ख्या ४४.४ प्रतिशत पुगेको छ। पुँजी बजारतर्फ २०८० असार मसान्तमा नेप्से सूचकाङ्क २०९७.१ कायम भएको छ। नेपाल स्टक एक्चेन्ज लिमिटेडमा सूचीकृत कम्पनीको सङ्ख्या २५४ कायम भई बजार पुँजीकरण रु. ३०८२ अर्ब ५२ करोड पुगेको छ।

### २.२.४ बाह्य क्षेत्र

विगत केही वर्षदेखि निरन्तर रहेको व्यापार घाटा पछिल्ला वर्षहरूमा पनि कायमै रहेको छ। शोधनान्तर स्थिति मजबुत हुँदै गए तापनि चालु खाता उच्च दबावमा रहको छ। आ.व.२०७९/८० मा चालु खाता रु. ७२ अर्ब १६ करोडले घाटामा रहेको छ भने शोधनान्तर स्थिति रु. २ खर्ब ९० अर्ब ५२ करोडले बचतमा रहेको छ। वस्तु तथा सेवाको निर्यात र आयातको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः ७.० प्रतिशत र ३४.७ प्रतिशत रहेको छ। कुल वस्तु निर्यातमा २१.४ प्रतिशतले कमी आई कुल निर्यात रु. १ खर्ब ५७ अर्ब १४ करोडमा सीमित भएको छ

भने कुल वस्तु आयातमा १६.१ प्रतिशतले कमी आई रु.१६ खर्ब ११ अर्ब ७३ करोड कायम भएको छ। कुल वस्तु व्यापार घाटा १५.५ प्रतिशतले घटेर रु. १४ खर्ब ५४ अर्ब ५९ करोड कायम भएको छ। निर्यात-आयात मूल्य सूचकाङ्क अन्तर्गत वार्षिक विन्दुगत आधारमा निर्यातको एकाइ मूल्य सूचकाङ्क २०८० असार महिनामा ३.४ प्रतिशतले बढेको छ भने आयातको एकाइ मूल्य सूचकाङ्क ५.३ प्रतिशतले घटेको छ।

आ.व.२०७९/८० मा मुलुकको आन्तरिक अर्थतन्त्र तथा बाह्य क्षेत्र सन्तुलनमा महत्त्वपूर्ण योगदान रहेको विप्रेषण आप्रबाहको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २२.८ प्रतिशत रहेको छ भने आ.व.२०८०/८१ मा २३.० प्रतिशत पुग्ने प्रारम्भिक अनुमान छ। यस वर्ष कुल प्रत्यक्ष वैदेशिक लगानी ७ अर्ब ७७ करोड भित्रिएको छ। कुल विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा रु. १५ खर्ब ३९ अर्ब ३६ करोड कायम भएको छ। कायम रहेको विदेशी विनिमय सञ्चितिले १० महिनाको वस्तु तथा सेवा आयात धान्ने देखिन्छ। विक्रम सम्वत् २०८० असार मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग २.८ प्रतिशतले अवमूल्यन भएको छ भने यूरोसँग १२.९ प्रतिशतले र जापानी येनसँग २.८ प्रतिशतले अवमूल्यन भएको छ।

### २.२.५ अनौपचारिक तथा अलेखाङ्कित अर्थतन्त्र

नेपालको अर्थतन्त्रमा अनौपचारिक तथा अलेखाङ्कित क्षेत्रको हिस्सा उल्लेख्य रहेको अनुमान छ। औपचारिक क्षेत्रभित्र अनौपचारिक क्रियाकलाप र कतिपय अनौपचारिक क्षेत्रभित्र अवैध क्रियाकलापहरू सञ्चालनमा छन्। परिवारले स्वयं उपभोगका लागि उत्पादन गरेका वस्तु तथा सेवा लगायतका कतिपय अलेखाङ्कित क्रियाकलापहरू सञ्चालन भइरहेका छन्। राष्ट्रिय आर्थिक गणना, २०७५ अनुसार कुल आर्थिक प्रतिष्ठान मध्ये ४९.५ प्रतिशत प्रतिष्ठान कुनै पनि आधिकारिक निकायमा दर्ता नभई सञ्चालनमा रहेका छन् भने औपचारिक प्रतिष्ठानभित्रका ५२ प्रतिशतले मात्र कारोबारको लेखा राख्ने गरेका छन्। कतिपय आर्थिक कारोबार करदाताको पारदर्शिताको अभावमा करको दायरामा समेटिन सकेका छैनन्। कर प्रयोजनार्थ आ.व.२०७९/८० सम्म व्यक्तिगत र संस्थागत गरी कुल ५५ लाख ५४ हजार स्थायी लेखा नम्बर जारी भएका छन्। श्रम क्षेत्रमा पनि अनौपचारिक श्रम तथा रोजगारीको अंश उल्लेख्य छ। नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/७५ अनुसार पन्ध्र वर्षमाथिको श्रमशक्तिको कुल १५.४ प्रतिशतले मात्र औपचारिक रोजगारी प्राप्त गरेका छन्। कुल रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा केवल ३७.८ प्रतिशत रहेको छ। अर्थतन्त्रमा छद्म रूपमा सञ्चालित गैरकानूनी उत्पादन तथा कारोबार, सीमा क्षेत्रमा हुने अवैध ओसारपसार, व्यापार विचलन र गैरकानूनी सम्पत्तिको शुद्धीकरण, वित्तीय अपराध जस्ता क्रियाकलापहरू समेत अर्थतन्त्रले व्यहोरी रहेको छ।

### २.२.६ निजी तथा गैरसरकारी क्षेत्र

मुलुकले मिश्रित अर्थनीति अवलम्बन गरेसँगै निजी तथा गैरसरकारी क्षेत्रको भूमिका विस्तार हुँदै आएको छ। पछिल्लो समय उत्पादन, आपूर्ति, निर्माण, सेवा, रोजगारी सिर्जना, वैदेशिक व्यापार लगायतका क्रियाकलापमा निजी क्षेत्रको सहभागिता उल्लेख्य रूपमा बढ्दै गएको छ। कुल गार्हस्थ्य तथा राष्ट्रिय उपभोग र लगानीमा निजी क्षेत्रका इकाइहरूले अग्रणी भूमिका निभाइरहेका छन् भने सामुदायिक तथा गैरसरकारी क्षेत्रले पनि वस्तु तथा सेवा उत्पादन र आपूर्तिमा योगदान गरिरहेको छ। आ.व.२०८०/८१ मा कुल अन्तिम उपभोग खर्चको ९१.३ प्रतिशत अंश निजी उपभोगमा रहेको छ भने गैरसरकारी संस्थाको हिस्सा २.० प्रतिशत रहेको छ। कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्रको हिस्सा ६५.७ प्रतिशत रहेको छ। सरकारसँग साझेदारी तथा सहकार्य गरेर निजी तथा गैरसरकारी क्षेत्रले आर्थिक गतिविधिलाई टेवा दिइरहेका छन्। राष्ट्रिय र अन्तर्राष्ट्रियसहित ५१ हजार ५१३ वटा गैरसरकारी संस्थाहरू क्रियाशील छन्।

### २.२.७ सहकारी क्षेत्र

सार्वजनिक र निजी क्षेत्रसँगै सहकारी क्षेत्रले पनि मुलुकको अर्थतन्त्रलाई क्रियाशील बनाइरहेको छ। आर्थिक वर्ष २०७९/८० सम्म विभिन्न विषय क्षेत्रसँग सम्बन्धित करिब ३१ हजार ५सय वटा सहकारी संस्थाहरू सञ्चालनमा छन्। सहकारी संस्थाहरूमा आवद्ध सदस्य सङ्ख्या ७३ लाख भन्दा धेरै छ। कुल सदस्य सङ्ख्यामा महिलाको हिस्सा ५६ प्रतिशत छ। बचत तथा ऋण सहकारीहरूको सङ्ख्या अन्य कार्यक्षेत्र भएका सहकारी संस्थाको तुलनामा धेरै रहेको छ। कुल रु. ९४ अर्ब शेयर पुँजी परिचालन गरी यी संस्थाहरूले रु. ४ खर्ब ७८ अर्ब निक्षेप सङ्कलन तथा रु. ४ खर्ब २६ अर्ब कर्जा प्रवाह गरेका छन्। सहकारी सङ्घ-संस्थाहरूमा ९३ हजार भन्दा धेरै नागरिकले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्।

### २.२.८ सार्वजनिक संस्थान

विगतमा ६२ वटासम्म सार्वजनिक संस्थान स्थापना भई सञ्चालनमा आएकोमा आ.व.२०७९/८० सम्म आइपुग्दा कुल ४४ वटा संस्थान क्रियाशील रहेका छन्। उदारीकरणको नीति अन्तर्गत ३० वटा संस्थानहरू निजीकरण गरिएका छन् भने केही नयाँ स्थापना भएका र केही एकआपसमा गाभिएका छन्। कुल ४४ वटा सार्वजनिक संस्थानहरू मध्ये २६ वटा नाफामा सञ्चालित छन् भने १५ वटा नोक्सानीमा चलिरहेका छन। त्यसैगरी तीनवटा संस्थानको कारोबार शुन्य रहेको छ। यी संस्थानहरूमा आ.व.२०७९/८० सम्ममा नेपाल सरकारको कुल रु. ६ खर्ब ६१ अर्व १० करोड ७४ लाख लगानी भएको छ।

## २.३ मुख्य सवाल तथा चुनौती

(१) **उच्च र दिगो आर्थिक वृद्धिः** मुलुकले लामो समयदेखि अपेक्षा गरेको उच्च, दिगो र समावेशी आर्थिक वृद्धिदर हासिल गर्नु; स्वदेशी र विदेशी पुँजी र प्रविधिको उपयोग गरी उत्पादन र उत्पादकत्व बढाउनु; निजी तथा सहकारी क्षेत्रको समेत सहभागिता र सहकार्यमा तुलनात्मक लाभ भएका क्षेत्रमा पुँजी, श्रम र प्रविधिको संयोजन गर्नु; प्रतिस्पर्धी हुनेगरी वस्तु र सेवाको उत्पादन गर्न सरकारले आर्थिक नीतिहरू समेत सोही हिसाबले तर्जुमा गर्नु; मुलुकभित्र बढ्दै गएको बेरोजगारीको समस्या समाधान गर्न र मुलुकमा उपलब्ध युवा जनशक्तिको लाभलाई पुँजीकृत गर्न श्रममूलक आर्थिक क्रियाकलापमा जोड दिई उच्च आर्थिक वृद्धि हासिल गर्नु; उपलब्ध प्राकृतिक स्रोतसाधनको विवेकशील उपयोग गर्नु र सूचना प्रविधि तथा सञ्जालीकरणले उपलब्ध गराएका अवसरको सदुपयोग गरी आर्थिक वृद्धिलाई दिगो बनाउनु।

(२) **अर्थतन्त्रको संरचनागत समस्याको सम्बोधनः** मुलुकको आर्थिक संरचनालाई रूपान्तरण गरी परम्परागत कृषि क्षेत्रमा रहेको जनशक्तिलाई अन्य उत्पादनमूलक क्षेत्रमा प्रवाह गराउनु; कृषि क्षेत्रमा लगानी र सुशासन वृद्धि गरी उत्पादकत्व बढाउनु; मुलुकको अर्थतन्त्रको उत्पादकत्व बढाउन र युवा जनशक्तिलाई मुलुकभित्रै रोजगारीका अवसर सिर्जना गर्न उत्पादनमूलक उद्योगको विस्तार गर्नु; मुलुकको अर्थतन्त्रमा ६३ प्रतिशत योगदान रहेको सेवा क्षेत्रअन्तर्गत तुलनात्मक लाभ उच्च रहेका क्षेत्रलाई प्राथमिकता दिई अर्थतन्त्रको संरचनात्मक रूपान्तरणका लागि उपयुक्त नीति तय गर्नु।

(३) **उत्पादन तथा उत्पादकत्व वृद्धिः** कृषि तथा उद्योग क्षेत्रमा रहेको बढ्दो उत्पादन लागत र कमजोर प्रतिस्पर्धी क्षमताको अवस्थालाई सम्बोधन गर्नु; औद्योगिक कच्चा पदार्थको सहज आपूर्तिका लागि कृषिमा आधारित उद्योगको स्थापनामा जोड दिनु; उद्योग स्थापनामा निजी क्षेत्रको लगानी आर्कषण गरी उत्पादनको बजार सुनिश्चिता गर्नु; उर्बर भूमि बाँझो राख्ने प्रवृत्तिलाई रोक्नु; स्थानीय उत्पादनलाई प्रश्रय दिई आयातित वस्तु माथिको निर्भरता घटाउनु; उत्पादन र बजारबीच मध्यस्थकर्ताको कारणले वास्तविक उत्पादकले लाभ प्राप्त गर्न अवरोध सिर्जना हुने विद्यमान प्रणालीको अन्त्य गर्नु; वन, पर्यटन तथा ऊर्जालाई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने किसिमले उद्योग तथा निर्यात व्यापारसँग आवद्ध गर्नु; देशगत र वस्तुगत व्यापार विविधीकरणमा जोड दिनु; श्रमको न्यून उत्पादकत्व तथा श्रमशक्तिको पलायनलाई दृष्टिगत गरी शिक्षा र सीप विकासलाई उत्पादनसँग आवद्ध गर्नु, पुँजी तथा प्राकृतिक स्रोतसाधनको उत्पादकत्व बढाउनु।

(४) **उपभोग, बचत तथा पुँजी निर्माणः** पुँजी निर्माणका लागि आवश्यक पर्ने स्रोत जुटाउन अनावश्यक उपभोग खर्च निरुत्साहित गरी बचत अभिवृद्धि गर्नु; बचत रकम उत्पादनमूलक

क्षेत्रमा परिचालन गरी पुँजी निर्माण गर्नु; निजी क्षेत्र तथा घरपरिवारको बचत परिचालन गरी स्वदेशी लगानी अभिवृद्धि गर्नु र वैदेशिक लगानीको वातावरण तयार गरी पुँजी निर्माणमा सहजीकरण गर्नु।

(५) **उद्योग क्षेत्रको प्रवर्द्धन**ः आन्तरिक उत्पादनका उद्योग सञ्चालन गर्नु भन्दा आयातित वस्तुको व्यापारमा बढी आकर्षण हुने अवस्थाको अन्त्य गर्नु; उद्योग र व्यवसायको आम्दानी अभिवृद्धि गर्नु; औद्योगिक उत्पादन र लगानी वृद्धिमा जोड दिनु; स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग स्थापना गर्नु तथा औद्योगिक क्षेत्र एवम् औद्योगिक ग्रामको विकास र विस्तारमा जोड दिनु।

(६) **सहकारी क्षेत्रको व्यवस्थापन**ः सहकारी संस्थाहरूलाई सहकारीको सिद्धान्त, नीति, नियम र मापदण्डमा सञ्चालन गर्नु; सहकारीमा स्वनियमन र सुशासनको अभिवृद्धि गर्नु; सहकारीको लगानी र कर्जा प्रवाह उत्पादन तथा रोजगारी बढाउने क्षेत्रमा केन्द्रित गर्नु; सर्वसाधारण नागरिकको बचत जोखिममा पर्ने अवस्थाको अन्त्य गर्नु; सहकारी क्षेत्रका लागि दोस्रो तहको नियामक संरचना स्थापना गर्नु; ठूलो कारोबार भएका बचत तथा ऋण सहकारी संस्थाको नियमन र अनुगमनको विशेष व्यवस्था गर्नु।

(७) **निजी क्षेत्र तथा गैरसरकारी क्षेत्र सबलीकरण**ः उच्च उत्पादन लागतले गर्दा निजी क्षेत्र उत्पादनशील क्षेत्रमा भन्दा आयातीत वस्तु तथा सेवा व्यवसायमा केन्द्रित रहनु; निजी क्षेत्रसम्बन्धी नीतिमा स्थिरता कायम गर्नु; उद्योग व्यवसाय स्थापना र सञ्चालनमा सहजीकरण गर्नु; व्यावसायिक आत्मविश्वासका साथै लगानी र प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धि गर्नु; स्वच्छता र प्रतिस्पर्धा कायम गराउनु; सार्वजनिक-निजी साझेदारी तथा तहगत सरकारकाबीच सहलगानीको स्पष्ट र सहकार्यात्मक मोडल विकास गर्नु; विकासशील राष्ट्रमा स्तरोन्नतिलाई सघाउ पुग्ने गरी निजी क्षेत्रको लगानीको विविधीकरण तथा विशिष्टीकरण गर्दै उत्पादन अभिवृद्धि गर्नु; उत्पादनमूलक क्षेत्रमा निजी क्षेत्रलाई आकर्षित गर्नु; गैरसरकारी संस्थाहरूको नियमन गरी राष्ट्रिय प्राथमिकता र आवश्यकताका क्षेत्रमा सहकार्यात्मक भूमिका अभिवृद्धि गर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा सञ्चालित परियोजनालाई एकद्वार प्रणाली मार्फत सहजीकरण तथा परिचालन गर्नु; अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट परिचालन हुने आर्थिक स्रोतलाई पारदर्शी बनाइ राष्ट्रिय लेखा प्रणालीमा आबद्ध गराउनु र प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत सुदृढीकरण गर्नु।

(८) **सार्वजनिक स्रोत साधनको परिचालन र वित्त व्यवस्थापन**ः सन्तुलित र समन्यायिक विकासको मार्ग निर्माण गर्न सार्वजनिक वित्त परिचालनमा अनुशासन कायम गरी सबै क्षेत्रको पहुँच अभिवृद्धि गर्नु; समतामूलक तथा उच्च प्रतिफलदायी प्राथमिकताका क्षेत्रमा सार्वजनिक खर्च

केन्द्रित गरी विनियोजन कुशलता हासिल गर्नु; उत्पादन क्षमता अभिवृद्धि गरी आन्तरिक उत्पादनमा आधारित राजस्व प्रणाली स्थापित गर्नु; खर्चमा आधारित कर प्रणालीलाई उत्पादन र आयमा आधारित कर प्रणालीमा परिणत गर्नु; सार्वजनिक ऋणको महत्तम उपयोग गर्नु; आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गर्नु र आय-व्ययको अनुगमन प्रणाली प्रभावकारी बनाउनु; वैदेशिक सहायताको प्राप्ति, प्रतिवद्धता र उपयोग बीचको अन्तर न्यून गर्नु; राष्ट्रिय आवश्यकतानुसार उत्पादनशील क्षेत्रमा वैदेशिक सहायताको परिचालन गर्नु; तहगत सरकारका स्रोतको उच्चतम र विवेकशील परिचालन गर्नु; सार्वजनिक स्रोत परिचालन र उपयोगमा समन्वय र सहकार्य गर्नु।

(९) **राजस्वको संरचनात्मक रूपान्तरणः** राजस्वका परम्परागत स्रोतको कुशल परिचालन गरी राजस्वको दायरा विस्तार गर्ने नवीन् स्रोतहरूको खोजी गर्नु; सरकारको कर राजस्वमा भन्सार विन्दुबाट उठ्ने राजस्वको अंश अधिक रहेकोमा बढ्दो आयात नियन्त्रण गर्दा अपेक्षित राजस्व प्राप्त नहुने र सरकारको खर्चमा स्रोतको चाप पर्ने अवस्थालाई कम गर्न आन्तरिक उत्पादन क्षमता वृद्धि गर्नु; सेवा क्षेत्रमा कर सहभागिता अभिवृद्धि गरी उक्त क्षेत्रमा मूल्य अभिवृद्धि कर र आयकरको दायरा विस्तार गर्नु; आन्तरिक क्रियाकलापमा करको दायरा विस्तार गर्दै दिगो रूपमा राजस्व परिचालन गर्ने गरी संरचनात्मक रूपान्तरण गर्नु।

(१०) **पुँजीगत खर्च क्षमता अभिवृद्धिः** वित्तीय स्रोत साधन तथा सार्वजनिक ऋण उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्नु; कुल स्थिर पुँजी निर्माणका लागि सरकारले पुँजीगत खर्च वृद्धि गर्ने गरी लिएको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु; कुल सरकारी खर्चमा पुँजीगत खर्चको योगदान अभिवृद्धि गर्नु; स्थिर पुँजी निर्माणका लागि छनौट भएका आयोजना अपेक्षित समय र लागतमा सम्पन्न गर्नु; आयोजनाको छनौट गर्दा तयारीको अवस्था, स्रोत सुनिश्चितता, खर्च क्षमता र प्रतिफलका आधारमा प्राथमिकीकरण गरी पुँजीगत खर्च क्षमता वृद्धि गर्नु; आयोजना व्यवस्थापनमा दक्षता हासिल गर्न उच्च प्रतिफलयुक्त आयोजनामा स्रोतको सुनिश्चितता गर्नु।

(११) **अन्तर-सरकारी वित्त व्यवस्थापनः** तीनै तहका सरकारको राजस्व तथा खर्च क्षमता अभिवृद्धि गर्नु; अन्तर-सरकारी वित्त हस्तान्तरणलाई आवश्यकता तथा कार्यसम्पादनमा आधारित र अनुमानयोग्य बनाउनु; प्रदेश र स्थानीय तहको न्यूत वित्त परिचालनलाई व्यवस्थित बनाउनु र तीन तह सरकारको बीचमा सहलगानीलाई प्रोत्साहित गर्नु।

(१२) **मुद्रास्फीति नियन्त्रणः** मुलुकको आर्थिक उन्नति प्रवर्द्धन र सर्वसाधारणको हित संरक्षणका लागि मूल्य वृद्धि निश्चित सीमाभित्र कायम राख्नु; मौद्रिक नीतिलाई मूल्य स्थिरता कायम गर्नेतर्फ लक्षित गर्नु; आपूर्ति श्रृङ्खला अवरोध, कार्टेलिङ, सिण्डिकेट तथा कालोबजारी नियन्त्रण

गर्नु; आगामी दिनमा आन्तरिक उत्पादन प्रणाली र आपूर्ति व्यवस्थामा दक्षता हासिल गरी आर्थिक वृद्धिलाई नकारात्मक असर नपर्ने विन्दुमा मूल्यस्तर कायम गर्नु।

(१३) **मौद्रिक तथा वित्तीय क्षेत्रको स्थायित्वः** वित्तीय क्षेत्रबाट हुने कर्जा प्रवाहलाई उत्पादनशील बनाउनु; वित्तीय क्षेत्रको ब्याजदरलाई उत्पादन वृद्धिका साथै मूल्य तथा वित्तीय स्थायित्व कायम हुनेगरी यथोचित सीमाभित्र राख्नु; लगानी प्रोत्साहित हुने र आर्थिक स्थायित्व समेत कायम हुने गरी तरलता व्यवस्थापन गर्नु; बजारमा हुने मूल्य स्थितिलाई अनुमानयोग्य बनाइ लगानीकर्ताको मनोबल वृद्धि गर्नु; पुँजी बजारमा सबैको पहुँच स्थापित गर्नु; बीमाको सुविधामा एकरूपता र सबै नागरिकको पहुँचका लागि सहजीकरण गर्नु; वित्तीय क्षेत्रको कुशल नियमन गर्नु; बैङ्क तथा वित्तीय क्षेत्रको सम्पत्तिको गुणस्तर घट्न नदीने र पारदर्शी र स्वस्थ प्रतिस्पर्धा कायम गरी मुलुकको समृद्धिका लागि भरपर्दो स्रोतको आवश्यकता पूरा गर्ने गरी वित्तीय सेवाको विस्तार गर्नु।

(१४) **बाह्य क्षेत्रको सबलीकरणः** वैदेशिक व्यापारमा निर्यातको अंश बढाउनु; व्यापार घाटा न्यून गर्न आन्तरिक उत्पादन अभिवृद्धि र वस्तु तथा सेवाको विविधीकरण गरी निर्यात प्रवर्द्धन गर्नु; सेवा व्यापारलाई व्यापार सन्तुलनको आधारको रूपमा प्राथमिकता दिनु, आयात व्यवस्थापनका लागि आन्तरिक खपत धान्ने गरी स्वदेशी उत्पादन बढाउनु; निर्यातको लागि प्रतिस्पर्धात्मक क्षमता बढी भएका वस्तु तथा सेवा उत्पादन गर्नु; वैदेशिक लगानी आकर्षण गर्नु; विप्रेषण आप्रवाहलाई पूर्णतः औपचारिक माध्यमबाट भित्र्याउनु र उत्पादनशील क्षेत्र तथा पुँजी निर्माणका क्षेत्रमा परिचालन गर्नु; विदेशी विनिमय सञ्चितिमा स्थायित्व र दिगोपना कायम गर्नु; शोधानान्तर अवस्थामा सन्तुलन कायम गर्नु।

(१५) **अनौपचारिक तथा अलेखाङ्कित अर्थतन्त्रः** अनौपचारिक आर्थिक प्रतिष्ठानहरूको दर्ता तथा लेखापालन दर बढाउनु; वैधानिक तर अनौपचारिक कारोबार गरिरहेका उद्यम-व्यवसायलाई प्रोत्साहनमूलक कार्यक्रम मार्फत औपचारिकीकरण गर्नु; छद्म तथा गैरकानूनी उत्पादन र कारोबारलाई नियन्त्रण र दण्डित गर्नु; अलेखाङ्कित घरायसी उत्पादन तथा सेवालाई लेखाङ्कन गर्ने पद्धति विकास गर्नु; अनौपचारिक वित्तीय कारोबार नियन्त्रण गर्नु; गैरकानूनी कारोबार, सीमा क्षेत्रमा हुने अवैध ओसारपसार, व्यापार विचलन र गैरकानूनी सम्पत्तिको शुद्धीकरण, वित्तीय अपराध जस्ता क्रियाकलापहरू नियन्त्रण गर्न कानूनी र संस्थागत व्यवस्थालाई थप मजबुत बनाउनु।

(१६) **सार्वजनिक संस्थानः** संस्थानहरूको प्रतिस्पर्धी र व्यावसायिक क्षमता बढाउनु; आर्थिक अनुशासन कायम गरी सरकारको लगानी तथा व्ययभार कम गर्नु; कार्यकुशलता अभिवृद्धि गरी उत्पादन र रोजगारीका अवसर सिर्जना गर्नु; निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने गरी कार्यसम्पादनको गुणस्तर अभिवृद्धि गर्नु; संस्थानको नियमन, समन्वय र सुपरीवेक्षणको पद्धति परिष्कृत गर्नु; बन्द संस्थानका सम्पत्तिको उचित संरक्षण तथा उपयोग गर्नु; निजीकरण गरिएका संस्थानहरूको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु।

## २.४ रूपान्तरणकारी रणनीति

(१) **अर्थतन्त्रको प्रमुख क्षेत्रहरूको सुदृढीकरण गर्ने:** वास्तविक क्षेत्र अन्तर्गत प्राथमिक क्षेत्रको सबलीकरण गर्न उर्बर खेतियोग्य जग्गाको चक्लाबन्दी गरी एकीकरण गर्ने र खण्डीकरणलाई नियन्त्रण गर्ने; बाँझो जमिन र सार्वजनिक जमिनमा सामूहिक र सहकारी खेतीको प्रवर्द्धन गर्न युवा र वैदेशिक रोजगारबाट फर्केका जनशक्तिको मनोबल वृद्धि हुने वातावरण निर्माण गर्ने; उन्नत बीउ-बिजन तथा मल समयमै आपूर्ति हुने प्रणाली सुनिश्चित गर्ने; वास्तविक कृषकलाई सहज रूपमा कृषि कर्जा तथा बीमा सेवा उपलब्ध गराउने; उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्ने; वनको वैज्ञानिक व्यवस्थापन गरी वन पैदावार उपयोगका लागि कानूनी तथा प्रक्रियागत सरलीकरण गर्ने; भण्डारण सुविधा तथा बजारको उचित व्यवस्था गर्ने; द्वितीय क्षेत्रको विकास तथा विस्तारको लागि स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन गर्ने; लघु, साना तथा घरेलु उद्योग प्रवर्द्धन गर्ने; जलविद्युत उत्पादन तथा प्रसारण लाइन विस्तार गर्ने; सार्वजनिक तथा निजी निर्माणका लागि स्वदेशी उद्योगसँगको सहकार्यमा निर्माण सामग्री उत्पादन गर्ने; स्वदेशी श्रमिकको परिचालनमा जोड दिने; तृतीय क्षेत्रमा तुलनात्मक लाभ धेरै भएका पर्यटन, सूचना प्रविधि, पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप लगायतका क्षेत्रलाई प्राथमिकताका साथ प्रवर्द्धन गर्ने; ग्रामीण तथा शहरी अर्थतन्त्रको अन्तर-आबद्धता कायम गरी उद्यमशीलता अभिवृद्धिको लागि श्रम तथा उद्यममैत्री संस्कृतिको प्रवर्द्धन गर्ने; एक आर्थिक क्षेत्रले उत्पादन गरेका वस्तु तथा सेवा अन्य क्षेत्रले कच्चा पदार्थ वा सहयोगी आगतको रूपमा उपयोग गर्ने वातावरण निर्माण गरी क्षेत्रगत अन्तर-आबद्धता कायम गर्ने; वातावरण सन्तुलन तथा जलवायु परिवर्तन अनुकूलन हुनेगरी हरित अर्थतन्त्रको अवधारणा सबै आर्थिक क्षेत्रमा लागु गर्दै जाने।

(२) **उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने:** अर्थतन्त्रमा क्षेत्रगत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न उत्पादन चक्रमा प्रयोग हुने स्रोत, साधन, सीप र प्रविधिको उपलब्धता र प्रयोग बढाउने; अनुसन्धान, अन्वेषण, नवप्रवर्तन तथा उद्यमशीलता विकासलाई उत्पादनसँग आवद्ध गर्ने; उत्पादनको प्रमुख साधनको रूपमा लिइने श्रमको उत्पादकत्व अभिवृद्धि गर्न शिक्षा तथा सीप विकास कार्यक्रम, श्रमिकको सामाजिक सुरक्षा तथा कार्यस्थलको सुरक्षा जस्ता विषयलाई प्राथमिकता दिने; पुँजीको उत्पादकत्व बढाउन लागत न्यूनीकरण हुने गरी मौद्रिक तथा वित्त नीतिलाई अभिमुख गर्ने; प्राकृतिक स्रोत साधनको महत्तम उपयोग गरी उत्पादन वृद्धि गर्ने।

(३) **उपभोग, बचत तथा पुँजी निर्माण गर्ने:** घरपरिवार, सरकारी तथा निजी क्षेत्रमा हुने अनावश्यक उपभोग खर्च निरुत्साहित गरी बचत अभिवृद्धि गर्न नियमनकारी तथा प्रोत्सहानात्मक व्यवस्था गर्ने र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने; बचत रकम उत्पादनमूलक क्षेत्रमा परिचालन

गर्ने पुँजी बजारमा पहुँच वृद्धि, नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन र उत्पादनशील लगानीका अवसर सिर्जना गर्ने; बचत परिचालनलाई प्रोत्साहन गरी पुँजी निर्माण गर्न स्वदेशी लगानी अभिवृद्धि गर्ने र वैदेशिक लगानीको वातावरण तयार गरी पुँजी निर्माणमा सहजीकरण गर्ने।

(४) **सहकारी क्षेत्रको सुदृढीकरण गर्ने:** सहकारी क्षेत्रको स्रोतसाधन र पुँजीलाई वित्तीय मध्यस्थतामा भन्दा उत्पादनशील क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने; बचत तथा ऋणको कारोबार गर्ने सहकारीलाई स्वनियमन र सुशासन प्रवर्द्धनमा कडाई गर्ने; सहकारीको वित्तीय कारोबारको जोखिम न्यूनीकरण गर्न कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोष तथा स्थिरीकरण कोषको स्थापना तथा सञ्चालन गरी नागरिकको बचत रकम माग गरेको अवस्थामा तत्कालै उपलब्ध गराउने व्यवस्थालाई अनिवार्य गराउने; सहकारी संस्थाहरूको आन्तरिक लेखा प्रणाली एवम् तथ्याङ्क सङ्कलन र विश्लेषणलाई पारदर्शी र प्रभावकारी बनाउन सहकारीसम्बन्धी व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउने; नियमन तथा अनुगमनको निमित्त दोस्रो तहको नियमनकारी निकाय स्थापना गर्ने।

(५) **उत्पादन र रोजगारी सिर्जना लक्षित मौद्रिक तथा वित्तीय स्रोत परिचालन गर्ने:** उत्पादनमूलक क्षेत्रमा वित्तीय स्रोत प्रवाह हुने सुनिश्चित गर्न विद्यमान नीतिहरूमा पुनरावलोकन गरी कार्यान्वयन गर्ने; बैङ्क, बीमा, पुँजी बजार र अन्य गैरबैंकिङ वित्तीय संस्थाहरूको प्रभावकारी नियमन गरी आन्तरिक अर्थतन्त्रलाई सघाउ पुऱ्याउने तवरले परिचालन गर्ने; उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने गरी वित्तीय सेवाहरूको विकास गर्ने; देशका सबै क्षेत्रमा बसोबास गर्ने नागरिकमा वित्तीय पहुँच पुऱ्याउन बैङ्क तथा वित्तीय संस्थाका शाखा विस्तारलाई प्रोत्साहन गर्ने; वित्त नीति तथा अन्य आर्थिक नीतिसँग सामन्जस्य हुने गरी मौद्रिक नीतिलाई समष्टिगत आर्थिक स्थायित्व हासिल गर्न लक्षित गर्ने र यस नीतिका उपकरणहरूलाई आर्थिक वृद्धि र वितरणात्मक न्यायमा समेत टेवा पुग्ने गरी केन्द्रित गर्ने; निजी क्षेत्रमा प्रवाह हुने कर्जाको निश्चित प्रतिशत उत्पादनकमूलक उद्योगमा प्रदान गर्ने अनिवार्य व्यवस्थालाई थप प्रभावकारी बनाउने; सामाजिक सुरक्षासँग सम्बन्धित वित्तीय संस्थाको स्रोत समेत उत्पादन तथा पूर्वाधार विकासमा परिचालन गर्ने।

(६) **स्वदेशी तथा विदेशी पुँजी र प्रविधिको उपयोग गर्ने:** तुलनात्मक लाभ भएका ऊर्जा, पर्यटन तथा सूचना प्रविधि लगायतका क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गर्न कानूनी तथा प्रक्रियागत सरलीकरण गर्ने; वित्तीय सुविधा तथा लगानी सुरक्षा उपलब्ध गराई लगानीलाई लाभ-लागतको आधारमा स्वीकृत गर्ने, आधुनिक प्रविधि र बजारको मागअनुरूपको दक्ष जनशक्तिको उपयोग र परिचालन गर्ने; बौद्धिक सम्पत्तिको उपयोग र स्वदेशी उत्पादन उपभोग गर्ने संस्कारको विकास गरी आन्तरिक उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने; वैदेशिक

रोजगारबाट फर्केका श्रमशक्तिको सीप, प्रविधि, उद्यमशीलता र आत्मविश्वासको साथै गैरआवासीय नेपालीको लगानीलाई आर्कषण गरी राष्ट्रिय विकासमा एकीकृत गर्ने।

(७) **उत्पादनमूलक उद्योगको विकास र संरक्षण गर्नेः** उत्पादनमूलक उद्योगका लागि कच्चा पदार्थको उपलब्धतामा सहजीकरण, वित्तीय पहुँचमा सहजता, बजारीकरणका लागि सहयोग र उत्पादन लागत घटाउन राज्यले गर्नुपर्ने पूर्वाधार विकासमा पर्याप्त लगानी गर्ने; नवप्रवर्तन र स्टार्टअप प्रवर्द्धन मार्फत युवा उद्यमीलाई प्रोत्साहन गर्ने; उद्यमीहरूको मनोबल र आत्मविश्वास अभिवृद्धि गर्न नीतिगत तथा संस्थागत सहजीकरण गर्ने; एकीकृत औद्योगिक विकास रणनीति कार्यान्वयन गर्न विशेष आर्थिक क्षेत्रको सुदृढीकरण, तीन तहको समन्वयमा औद्योगिक ग्राम स्थापना र सञ्चालन गर्ने; साना तथा मझौला उद्योगहरूको लगानी तथा श्रमशक्ति परिचालनका लागि वातावरण निर्माण गर्ने।

(८) **स्वच्छ, प्रतिस्पर्धी एवम् पारदर्शी आपूर्ति प्रणाली विकास गर्नेः** प्रतिस्पर्धालाई निषेध गर्न अपनाइने कार्टेलिङ, सिन्डिकेट जस्ता गतिविधिहरूलाई निरुत्साहित गर्ने; बजार तथा आपूर्ति सूचना प्रणालीको विकास गर्दै प्रदेश र स्थानीय तहसमेतको सहकार्यमा बजार अनुगमनमा सघनता ल्याउने; उत्पादित वस्तुको उपभोक्तासम्म सहज आपूर्ति गर्ने गरी ढुवानी व्यवस्थामा स्वच्छता कायम गर्ने; वैदेशिक व्यापारको परिवहन लागत न्यूनीकरण गर्न र आपूर्ति सहज बनाउन पारवहन विन्दुमा हुने प्रक्रियालाई सरलीकरण तथा सहजीकरण गर्ने; आपूर्ति प्रणालीमा प्रतिस्पर्धात्मक व्यवस्था कायम गर्न सरकारको समेत उपस्थितिका लागि नीतिगत तथा प्रणालीगत व्यवस्था गर्ने।

(९) **राजस्व प्रणालीको सुदृढीकरण गर्नेः** राजस्वको आधार र दायरा विस्तारसँगै अनुमानयोग्य वित्त प्रणालीको विकास गर्ने; सबै प्रकारका आयआर्जन आयकर प्रणालीको दायरामा आउन सक्ने गरी सूचना प्रणाली विकास गर्ने; भन्सार कार्यालयको भन्सार महसुल असुलीलाई सहज र पूर्ण बनाउने; यथार्थपरक बिल-बिजक जारी गर्ने व्यस्थाका लागि सुदृढ अनुगमन र स्व-नियन्त्रण प्रणाली विकास गर्ने; बैंकिङ्ग प्रणाली मार्फत हुने कारोबारलाई प्रोत्साहन गर्ने; नयाँ आर्थिक क्रियाकलाप लक्षित गरी बजार अनुमगन गर्ने, अनुसन्धानात्मक कर परीक्षणमा जोड दिने, बजार अनुगमनलाई राजस्व प्रणालीसँग आबद्ध गर्ने; आयातमा आधारित करको परिमाणलाई न्यूनीकरण गर्न आन्तरिक उत्पादन क्षमता वृद्धि गर्ने र स्वदेशी सामग्री उपयोगलाई प्रोत्साहन गर्ने; संस्थागत तथा प्रणालीगत सुधार गरी गैरकर राजस्व परिचालनलाई पारदर्शी र प्रभावकारी बनाउने; प्रदेश र स्थानीय तहको राजस्व परिचालन क्षमता अभिवृद्धि गर्ने; राजस्व परिचालनको सम्भाव्यता अध्ययन गरी करको आधार तथा दायरा विस्तार गर्न प्रोत्साहित गर्ने।

(१०) **सार्वजनिक क्षेत्रको पुँजीगत लगानीको उत्पादकत्व वृद्धि गर्नेः** आयोजना विकास र छनौट गर्दा लाभ-लागत विश्लेषण गरी उच्च प्रतिफललाई छनौटको आधार बनाउने; खरिद र ठेक्का व्यवस्थापनमा विद्यमान समस्या समाधान गरी निर्धारित लागत र गुणस्तरमा समयभित्रै आयोजना सम्पन्न गर्न निर्माण व्यावसायी र आयोजना प्रमुखलाई जिम्मेवार बनाउने; आयोजनाको पूर्व तयारीका कार्य सम्पन्न भएपश्चात मात्र स्रोतको विनियोजन गर्ने; खरिद प्रणाली, निर्माण व्यावसायीसँगको करार सम्झौता र आयोजना स्थलको वन तथा जग्गा प्राप्ति, सुरक्षा प्रणाली, समन्वय लगायतका आयोजना व्यवस्थापनका पक्षमा सुधार गर्न नीतिगत सुधार तथा प्रक्रियागत सरलीकरण गर्ने; सफल आयोजनाबाट प्राप्त सिकाइलाई अन्य आयोजनामा अनुशरण गर्ने; सूचना प्रणालीको उपयोग गरी आयोजना निर्माण तथा सञ्चालनको नतिजामूलक अनुगमनलाई नियमित गर्ने प्रणाली स्थापना गर्ने; सरकारका तीनै तहमा आयोजना बैङ्कलाई संस्थागत गरी आयोजना व्यवस्थापनलाई पद्धतिवद्ध बनाउने।

(११) **सार्वजनिक ऋणको विवेकशील उपयोग गर्नेः** आन्तरिक तथा बाह्य ऋणलाई राष्ट्रिय प्राथमिकताका उत्पादनमूलक परियोजनामा परिचालन गर्ने; सार्वजनिक ऋणको दिगोपना विश्लेषण गरी सम्भावित जोखिम न्यूनीकरण गरेर मात्र परिचालन गर्ने; सार्वजनिक ऋणका उपकरणहरूको विवेकशील छनौट गर्ने गरी प्रभावकारी कार्यान्वयन र परिचालनको रणनीति बनाउने; बाह्य तथा आन्तरिक ऋण परिचालन गर्दा आर्थिक स्थायित्वमा असर नपर्ने कुरा सुनिश्चित गर्ने; प्रदेश र स्थानीय तहले परिचालन गर्ने आन्तरिक ऋणको व्यवस्थापनका लागि स्पष्ट मापदण्ड बनाइ नियमन र अनुगमनका लागि संस्थागत व्यवस्था गर्ने।

(१२) **निर्यात प्रवर्द्धन र आयात व्यवस्थापनमा प्राथमिकता दिनेः** नेपाल एकीकृत व्यापार रणनीतिले निर्यात सम्भावना भएका भनी पहिचान गरेका वस्तु र सेवाको उत्पादन गरी निर्यात प्रवर्द्धन गर्ने; देशगत र वस्तुगत रूपमा निर्यात प्रवर्द्धन रणनीति बनाइ कार्यान्वयन गर्ने; प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न उपयुक्त प्रविधि, स्वदेशी श्रम र कच्चा पदार्थको प्रयोग गरी उत्पादन लागत घटाउने र परिवहन लागत न्यून हुने कम तौल र बढी मूल्य भएका वस्तु उत्पादन गरी निर्यात गर्ने; वैदेशिक व्यापार प्रवर्द्धनको लागि पूर्वाधार विकासमा जोड दिने; स्वदेशमा नै कम लागतमा उत्पादन हुन सक्ने तर हाल उच्च परिमाणमा आयात भइरहेका वस्तु पहिचान गरी आन्तरिक उत्पादन बढाउने; स्वदेशी उत्पादन संरक्षण गर्ने राजस्व नीति लिने; विकासशील मुलुकमा स्तरोन्नति भएपछि वैदेशिक व्यापारमा पर्ने सम्भावित असर न्यून गर्न राष्ट्रिय रणनीतिलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने; निर्यात प्रवर्द्धन तथा द्विपक्षीय र बहुपक्षीय व्यापार तथा पारवहन सम्झौताको कार्यान्वयनका लागि कूटनीतिक पहल गर्ने।

(१३) **शोधनान्तर व्यवस्थापन गर्ने:** विदेशी मुद्रा आर्जन गर्न सक्ने सम्भावित क्षेत्रको पहिचान, विकास र विस्तार गर्ने; सूचना प्रविधि, जलविद्युत, पर्यटन जस्ता सेवा क्षेत्रलाई विदेशी मुद्रा आर्जनको माध्यमको रूपमा विकास गर्ने; विप्रेषणलाई औपचारिक माध्यमबाट आप्रवाह गराउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने तथा अनौपचारिक कारोबार नियन्त्रण गर्ने; विदेशी लगानी स्वीकृति प्रक्रियालाई स्वचालित बनाउने; शिक्षा, भ्रमण आदि उद्देश्यले विदेशी मुद्रा बाहिरिने कारणले चालु खाता तथा शोधनान्तर स्थितिमा पर्ने नकारात्मक असर न्यून गर्न नीतिगत पहल गर्ने; सूचना प्रविधिको दुरूपयोग गरी हुन सक्ने अनलाइन जुवा, क्रिप्टो करेन्सी, हुण्डी लगायतका अवैध कारोबार नियन्त्रण गरी शोधनान्तर स्थितिमा पर्ने चाप न्यूनीकरण गर्ने।

(१४) **अनौपचारिक तथा अलेखाङ्कित अर्थतन्त्रको औपचारिकीकरण गर्ने:** अनौपचारिक अर्थतन्त्रका क्षेत्रहरूको आकार र प्रकृतिको पहिचान गर्ने; अनौपचारिक आर्थिक प्रतिष्ठानहरूको दर्ता र लेखापालन दर बढाउन दर्ता तथा नवीकरण प्रणाली सरलीकरण गर्ने र लेखापालनलाई कर प्रणाली, अनुदान, सहुलियत लगायतका प्रोत्साहनमूलक कार्यक्रमसँग आवद्ध गर्ने; साहुकार, मिटर ब्याज, ढुकुटी लगायतका अनौपचारिक वित्तीय कारोबार नियन्त्रण गर्न वित्तीय पहुँच बढाउने किसिमका कार्यक्रम सञ्चालन गर्ने र यस्ता अनौपचारिक कारोबारलाई कानूनी दायरामा ल्याई दण्डात्मक बनाउने; आर्थिक तथा वित्तीय कारोबारलाई बैङ्किङ प्रणाली अन्तर्गत ल्याउने र अधिकांश बैङ्किङ कारोबारलाई विद्युतीय माध्यमबाट सञ्चालन गर्ने; महिलाहरूले घरायसी सेवामा व्यतित गरेको समय र परिश्रमलाई लेखाङ्कन तथा मूल्याङ्कन गर्ने पद्धति स्थापित गर्ने; अलेखाङ्कित आर्थिक क्रियाकलाप अन्तर्गत छद्म तथा गैरकानूनी उत्पादन तथा कारोबार, सीमा क्षेत्रमा हुने अवैध ओसारपसार, व्यापार विचलन र गैरकानूनी रूपमा आर्जित सम्पत्तिको शुद्धीकरण, वित्तीय अपराध जस्ता क्रियाकलापहरू नियन्त्रण गर्न सूचना संयन्त्र र समन्वयलाई प्रभावकारी तुल्याउने; विश्व समुदायबाट नेपाललाई सम्पत्ति शुद्धीकरणको जोखिम नरहेको देशको रूपमा मूल्याङ्कन हुने स्थिति बनाइ राख्ने।

(१५) **प्रभावकारी अन्तरसरकारी वित्त व्यवस्थापन गर्ने:** प्रदेश र स्थानीय तहको राजस्व क्षमता अभिवृद्धि गर्न राजस्व सम्भाव्यताको अध्ययन गरी कर तथा गैरकर राजस्वको दरको पुनरावलोकन गर्ने; एकल तथा साझा अधिकार सूचीमा रहेका वित्तसम्बन्धी विषयको कार्यान्वयन गर्न सहज हुने कानूनी व्यवस्था गरी राजस्वको आधार र दायरा बढाउने; प्राकृतिक स्रोतको उपयोगसम्बन्धी स्पष्ट मापदण्ड तयार गरी लागु गर्ने र अन्तरसरकारी वित्त हस्तान्तरणलाई आवश्यकता, कार्यसम्पादनमा आधारित र अनुमानयोग्य बनाउने; सशर्त अनुदानलाई क्रमशः कम गर्दै लैजाने; प्रदेश र स्थानीय तहको खर्च क्षमता र वित्तीय कुशलता

अभिवृद्धि गर्न आवश्यक जनशक्तिको व्यवस्था गर्ने; आयोजना व्यवस्थापनसँग सम्बन्धित कानून तथा मापदण्ड तर्जुमा गर्ने; स्रोत परिचालन र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामूलक बनाउने।

(१६) **निजी तथा गैरसरकारी क्षेत्र सुदृढीकरण गर्ने**: निजी क्षेत्रको लगानी आकर्षित गर्न नीतिगत, कानूनी र संरचनागत सुधार गरी सरकारी क्षेत्रले सहयोगी र उत्प्रेरकको भूमिका निर्वाह गर्ने व्यवस्था गर्ने; प्रतिस्पर्धी क्षमता बढाउन लागत न्यून हुने किसिमका प्रविधि, पूर्वाधार र वित्तीय स्रोत उपलब्ध गराउन सहजीकरण गर्ने; बजारमा स्वच्छ प्रतिस्पर्धा र व्यावसायिक आचरण प्रवर्द्धन गर्न आचारसंहिता तयार गरी लागु गराउने; निजी क्षेत्रको लगानी आकर्षित गर्न सार्वजनिक-निजी साझेदारी र वैदेशिक लगानीकर्तासँगको साझेदारीलाई प्रोत्साहन गर्ने; निजी क्षेत्रले सामाजिक उत्तरदायित्व बहन गर्ने संस्कृतिलाई थप मजबुत बनाउने; निजी क्षेत्र तथा गैरसरकारी सङ्घ-संस्थाका क्रियाकलापको नियमित अनुगमन गर्ने संयन्त्र स्थापित गर्ने; गैरसरकारी सङ्घ-संस्थाहरूले स्थानीय तहसँगको समन्वयमा राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र स्रोत परिचालन गर्ने; राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको परिचालनमा सहजीकरण गर्ने निकायहरूलाई सक्षम, सुदृढ र जिम्मेवार बनाउने।

(१७) **सार्वजनिक संस्थानको कार्यकुशलता अभिवृद्धि गर्ने**: सार्वजनिक संस्थानहरूको वर्गीकरण गरी सरकारको अनिवार्य संलग्नता चाहिने तथा निजी क्षेत्र आकर्षित नहुने क्षेत्रका संस्थान मात्र सरकारले सञ्चालन गर्ने र अन्य संस्थानको शेयर स्वामित्वलाई पूर्ण वा आंशिक रूपमा विनिवेस गरी सरकारको व्ययभार घटाउने; संस्थानहरूको सञ्चालन तथा व्यवस्थापनमा सुधार गर्न रणनीतिक साझेदार भित्र्याउने र प्रतिस्पर्धाबाट व्यवस्थापक नियुक्त गरी कार्यसम्पादन सम्झौता गर्ने; संस्थानको व्यावसायिकता र कार्यकुशलता अभिवृद्धि गर्न नवीन्तम् प्रविधि र कार्यपद्धति अवलम्बन गर्ने; समान उद्देश्य तथा कार्य प्रकृतिका संस्थानलाई आपसमा गाभ्ने; वित्तीय जोखिम बहन गर्न सक्ने बनाउन जोखिम व्यहोर्ने कोष स्थापना गर्ने र बन्द रहेका संस्थानहरूको पुनरूत्थान, खारेजी तथा सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गर्ने।

## २.५ प्रमुख कार्यक्रम

(१) **पूर्वाधार विकास र लगानी अभिवृद्धि कार्यक्रम**: उत्पादनमूलक क्षेत्रका लागि आवश्यक पूर्वाधार निर्माण र अन्तरआवद्धता विकास, औद्योगिक तथा व्यापारजन्य पूर्वाधार निर्माण, बचत अभिवृद्धिमा आधारित कार्यक्रम सञ्चालन गर्ने; आर्थिक र सामाजिक तथा पूर्वाधार विकासका क्षेत्रमा स्वदेशी एवम् विदेशी लगानी अभिवृद्धिका लागि तीनै तहमा लगानी सम्मेलन आयोजना; लगानीका क्षेत्रहरूको खोज, अनुसन्धान, पहिचान र विविधीकरण गर्ने; तीनै तहको

समन्वयमा लगानीका क्षेत्र पहिचान गरी प्राथमिकीकरण, उद्योग प्रवर्द्धन र ठूला उद्योगको वैश्विक मूल्य श्रृङ्खलामा आबद्धता गर्ने।

(२) **नवप्रवर्तन र उद्यमशीलता विकास कार्यक्रमः** उच्च मूल्य अभिवृद्धि र वैश्विक मूल्य श्रृङ्खलामा आबद्ध हुन सक्ने उत्पादनमूलक क्षेत्रका लागि अनुकूल नीतिगत सहजीकरण र वित्तीय पहुँचको सुनिश्चितता; वित्तीय संस्थाको कुल कर्जा प्रवाहको निश्चित रकम अनिवार्य रूपमा नवप्रवर्तन तथा खोज अनुसन्धानमा प्रवाह गर्ने; एक स्थानीय तह एक विशिष्टकृत उत्पादनको माध्यमबाट कृषिको व्यवसायीकरण र विविधीकरण गर्ने।

(३) **प्रतिस्पर्धी बजार तथा आपूर्ति व्यवस्थाको सदृढीकरण कार्यक्रमः** स्वस्थ प्रतिस्पर्धात्मक बजार र उपभोक्ता हित संरक्षण गर्ने; अवाञ्छित कारोबार तथा कालोबजारी नियन्त्रण गर्ने; नियमित आपूर्ति श्रृङ्खलाको प्रवर्द्धन गर्ने; सबै किसिमका मिलेमतो (सिन्डिकेट तथा कार्टेलिङ) प्रणाली नियन्त्रण गर्ने; उत्पादक र उपभोक्ताबीचको आपूर्ति तथा विनिमय तह निर्धारण तथा नियमन गर्ने; परिवहन सहजीकरण तथा पारवहन व्यवस्थापन गर्ने।

(४) **राजस्व प्रणालीको सुदृढीकरण कार्यक्रमः** राजस्वको आधार र दायरा विस्तार गर्ने; राजस्व सुरक्षामा संलग्न निकायको व्यावसायीकरण गर्ने; अनुसन्धानात्मक कर परीक्षण प्रणाली कार्यान्वयन गर्ने; प्रभावकारी सीमा व्यवस्थापन मार्फत सीमावर्ती व्यापारको क्षेत्रमा हुनसक्ने राजस्व चुहावट नियन्त्रण गर्ने; करदाता शिक्षा तथा चेतना अभिवृद्धि र तहगत राजस्व प्रणालीको सुदृढीकरण गर्ने।

(५) **विनिमय प्रणाली सुदृढीकरण कार्यक्रमः** नेपाली मुद्राको विनिमय दर प्रणालीलाई आवश्यकता र उपयुक्तताको आधारमा पुनरावलोकन गर्ने; विनिमय जोखिम व्यवस्थापन गर्न हेजिङको संस्थागत व्यवस्था गर्ने; सञ्चिति व्यवस्थापनलाई दृष्टिगत गरी समय-समयमा विनिमय दर पुनरावलोकन गर्ने।

(६) **आयोजना व्यवस्थापन कार्यक्रमः** एकीकृत आयोजना बैङ्क स्थापना र सञ्चालन गर्ने; आयोजना तयारी र बजेट विनियोजनको अन्तर-आबद्धता, आयोजना विकास प्रणालीको सुदृढीकरण गर्ने; पुँजीगत खर्चको प्रभाकारिता वृद्धि हुने गरी विनियोजन कुशलता तथा कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्ने; आयोजना प्रमुखसँग अनिवार्य कार्यसम्पादन सम्झौता गरी आयोजना अवधिभर सरूवा नगर्ने प्रणाली विकास गर्ने; आयोजना समयमै सम्पन्न गर्न भूमिका निर्वाह गर्ने आयोजना प्रमुख तथा निर्माण व्यावसायीलाई पुरस्कृत गर्ने व्यवस्था गर्ने; वैधानिक रूपमै अभिलेखीकरण गरी कार्यसम्पादनमा प्रोत्साहन तथा उत्प्रेरणा अभिवृद्धि गर्ने; आयोजनाको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्ने।

(७) **वित्तीय साधनको उत्पादनशील उपयोगमा आधारित कार्यक्रमः** वित्तीय स्रोत र साधनलाई उत्पादनशील क्षेत्रमा प्रवाहित गर्न प्रोत्साहन गर्ने; वित्तीय क्षेत्रमा स्थायित्व तथा पारदर्शिता अभिवृद्धि गर्ने; सबै स्थानीय तहमा वित्तीय सेवा विस्तार र वित्तीय पहुँच अभिवृद्धि गर्ने।

(८) **सार्वजनिक ऋण व्यवस्थापन कार्यक्रमः** बाह्य ऋणको प्रतिबद्धता र प्राप्तिको अन्तर न्यूनीकरण तथा शोधभर्नामा सुधार गर्ने; नियमित साँवा ब्याज भुक्तानीका लागि कोषको व्यवस्था गर्ने; आन्तरिक ऋणमा मध्यमकालीन र दीर्घकालीन उपकरणको प्रयोगमा वृद्धि गर्ने; प्रदेश र स्थानीय तहले परिचालन गर्ने आन्तरिक ऋणको व्यवस्थापन गर्ने।

(९) **आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन कार्यक्रमः** कृषि वस्तु तथा कृषिमा आधारित उद्योगको उत्पादन तथा उत्पादकत्व वृद्धि, स्वदेशी कच्चा पदार्थमा आधारित उच्च मूल्य र कम तौल भएका वस्तु उत्पादन निर्यातजन्य वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने; निर्यात वृद्धिका लागि देशगत र वस्तुगत रणनीति तर्जुमा र कार्यान्वयन गर्ने; **"एक गाउँ एक उत्पादन"** मार्फत आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्ने।

(१०) **विप्रेषण आप्रवाह व्यवस्थापन कार्यक्रमः** बैंकिङ्ग माध्यमबाट हुने विप्रेषण आप्रवाहलाई प्रोत्साहन गर्ने; जलविद्युत तथा कृषि व्यवसाय र पर्यटन उद्योग जस्ता उत्पादनशील क्षेत्रमा विप्रेषणको रकम लगानी गर्न प्रोत्साहन गर्ने; विप्रेषण लागत घटाउने; हुण्डी लगायतका अनौपचारिक तथा गैरकानूनी माध्यमबाट हुने कारोबार नियन्त्रण गर्न निगरानी प्रणाली तथा कानूनी उपाय अवलम्बन गर्ने।

(११) **औद्योगिक प्रवर्द्धन तथा पूर्वाधार विकासमा लगानी कार्यक्रमः** ठूला उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन गर्ने; औद्योगिक कच्चा पदार्थ तथा सीपयुक्त जनशक्तिको आपूर्ति सहजीकरण गर्ने; लघु, साना तथा घरेलु उद्योगलाई प्रोत्साहन गर्ने; प्राथमिक तथा सेवा क्षेत्रका उत्पादनसँग उद्योगको अन्तर-आबद्धता कायम गर्ने; व्यावसायिक इन्क्युवेशन सेन्टर स्थापना, परम्परागत तथा रैथाने उद्योगको संरक्षण तथा प्रवर्द्धन, वातावरणीय तथा संस्थागत सामाजिक उत्तरदायित्व प्रवर्द्धन गर्ने; उद्योगमा निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने; सार्वजनिक-निजी-साझेदारी लगानी तथा सहकार्य अभिवृद्धि र असल औद्योगिक श्रम सम्बन्ध विकास गर्ने।

(१२) **पर्यटन प्रवर्द्धन कार्यक्रमः** पर्यटन पूर्वाधार विकास, पर्यटन बजारको विकास, विस्तार तथा सुदृढीकरण, गुणस्तरीय लगानी आकर्षण र पर्यटकीय क्रियाकलाप तथा गन्तव्यको विविधीकरण गर्ने; पर्यटन व्यावसायबाट उच्च मूल्य अभिवृद्धि गर्ने; वातावरणीय उत्तरदायित्व र दिगो अभ्यासको सुनिश्चितता, एक जिल्ला न्यूनतम एक पर्यटकीय गन्तव्य र एक स्थानीय

तह बहुपर्यटन गाउँ प्रवर्द्धन गर्ने; पर्यटन विस्तारित लेखा तयारी, पर्यटक सुरक्षा, प्रचारप्रसार तथा पर्यटन सूचना सञ्जालीकरण गर्ने।

(१३) **सहकारी क्षेत्रको सुधार कार्यक्रमः** सहकारीको वर्गीकरण, एकीकरण र संरचनागत सुधार गर्ने; सहकारीको आन्तरिक लेखापरीक्षण सुदृढीकरण एवम् प्रमाणीकरण गर्ने; सहकारी सञ्चालनमा व्यवस्थापकीय सीप एवम् दक्षताको प्रयोग गर्ने; बचत तथा ऋणको कारोबार गर्ने सहकारीको वासलात तथा कारोबारका आधारमा नियामकीय व्यवस्थापन गर्ने; उत्पादनमूलक सहकारीको उत्पादन, ब्रान्डिङ् र बजारसँग आबद्धता र सहकारी संस्थाहरूको सघन अनुगमन तथा सुपरीवेक्षण गर्ने।

(१४) **अनौपचारिक तथा अलेखाङ्कित आर्थिक क्रियाकलापको औपचारिकीकरण कार्यक्रमः** विद्युतीय कारोबार प्रर्वद्धन, संस्थागत दर्ता प्रणालीको एकीकरण तथा दर्ता एवम् लेखाङ्कन प्रणालीको सहजीकरण गर्ने; सीमा क्षेत्रको नियमन, अनौपचारिक अर्थतन्त्रभित्र हुनसक्ने गैरकानूनी क्रियाकलाप नियन्त्रण गर्ने; परिवारका सदस्यले घरायसी सेवामा व्यतित गरेको समय र परिश्रमको मूल्याङ्कन तथा लेखाङ्कन पद्धति स्थापना गर्ने।

(१५) **अन्तर-सरकारी वित्त व्यवस्थापन कार्यक्रमः** प्रदेश र स्थानीय तहको राजस्व प्रशासन सुधार तथा क्षमता अभिवृद्धि गर्ने; अनुमानयोग्य वित्त हस्तान्तरण प्रणाली स्थापना गर्ने; तहगत सरकारको खर्चको आवश्यकता तथा राजस्व सम्भाव्यता र कार्यसम्पादनमा आधारित अन्तरसरकारी वित्त हस्तान्तरण गर्ने; सशर्त, समपूरक तथा विशेष अनुदान हस्तान्तरण प्रणालीको पुनरावलोकन गरी प्रभावकारिता अभिवृद्धि गर्ने; नतिजामूलक स्रोत परिचालन र अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने; तीनै तहमा आयोजना बैङ्कबीचको अन्तर-आवद्धता र एकीकृत व्यवस्थापन सूचना प्रणाली सञ्चालन गर्ने; प्रदेश र स्थानीय तहको आन्तरिक ऋण व्यवस्थापन गर्ने; प्राकृतिक स्रोत परिचालन तथा साझा हितका आयोजना सञ्चालनमा सहलगानी प्रवर्द्धन गर्ने।

(१६) **निजी तथा गैरसरकारी क्षेत्र सुदृढीकरण कार्यक्रमः** निजी क्षेत्रको लगानी प्रवर्द्धन र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने; स्वच्छ प्रतिस्पर्धा र व्यावसायिक नैतिकतासम्बन्धी आचारसंहिता कार्यान्वयन गर्ने; सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन र व्यावसायिक सामाजिक उत्तरदायित्व कार्यान्वयन गर्ने; निजी क्षेत्र नियमन तथा अनुगमन र गैरसरकारी सङ्घ-संस्थाहरूको लगानी प्राथमिकीकरण तथा वित्तीय अनुशासन अभिवृद्धि गर्ने; राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको नियमन गर्न नियामक निकायको सुदृढीकरण गर्ने।

(१७) **सार्वजनिक संस्थान सबलीकरण कार्यक्रमः** सार्वजनिक संस्थानहरूको वर्गीकरण र प्राथमिकीकरण गर्ने; संस्थानहरूको सञ्चालनमा कार्यकुशलता हासिल गर्न रणनीतिक साझेदारी गर्ने, प्रतिस्पर्धाबाट व्यवस्थापक नियुक्ति गर्ने, नवीन्तम् प्रविधि र कार्यपद्धति अवलम्बन गर्ने, कम्पनी प्रारूपमा रूपान्तरण गर्ने तथा समान प्रकृतिका संस्थानहरू आपसमा गाभ्ने; संस्थानहरूको जोखिम व्यहोर्ने कोष स्थापना र बन्द रहेका संस्थानहरूको सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गर्ने।

## २.६ परिमाणात्मक लक्ष्य

### २.६.१ वास्तविक क्षेत्र

(क) **आर्थिक वृद्धि र कुल गार्हस्थ्य उत्पादनः** संविधानले व्यवस्था गरेअनुसार सङ्घीयताको अभ्यास संस्थागत हुँदै जाँदा मुलुक नीतिगत स्थायित्वको दिशामा अगाडि बढेको छ। देशको समग्र विकासका लागि तहगत सरकारको प्रयास र साझेदारहरूको सहकार्य तथा सहयोगको लागि अवसर प्राप्त भएको छ। यस परिवेशमा सोह्रौं योजना अवधिभित्र विकास व्यवस्थापन तथा आयोजना सुशासनमा उल्लेख्य सुधार भई निर्माणाधीन अधिकांश राष्ट्रिय गौरवका आयोजना र बृहत् प्रकृतिका कार्यक्रम तथा आयोजना सम्पन्न हुने अपेक्षा गरिएको छ। निर्माणको चरणमा रहेका सिँचाइ आयोजनाहरूको सञ्चालन; सङ्घ, प्रदेश र स्थानीय तहको प्रयासमा सिँचाइ सुविधा थप विस्तार; रासायनिक मलको नियमित आपूर्ति; यान्त्रीकरण; मत्स्यपालन तथा अन्य सहायक कृषि कार्यको विस्तार र उच्च मूल्यका बाली तथा संस्थागत कृषि कार्य वृद्धि भई कृषि क्षेत्रको वृद्धिदर बढ्ने अपेक्षा गरिएको छ। वन पैदावारको उपयोग, खनिज तथा खानीजन्य वस्तुको उपयोगले वृद्धिदरलाई थप टेवा दिनेछ। ऊर्जा उत्पादनमा उल्लेख्य वृद्धि भई अर्थतन्त्रका समग्र क्षेत्रमा विद्युतीय ऊर्जाको खपत तथा उपयोगमा उच्च वृद्धि हुने र विद्युत निर्यातको परिमाणमा क्रमिकरूपमा बढोत्तरी हुने अनुमान गरिएको छ।

यस अवधिमा योजनाले पहिचान गरेका विषय क्षेत्रगत प्रमुख कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुनेछ, जसबाट समग्र अर्थतन्त्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि भई आर्थिक वृद्धिलाई टेवा पुग्नेछ। सरकारी तथा निजी क्षेत्रमा निर्माणले गति लिने; निर्माण क्षेत्रमा आवासीय भवन निर्माणका क्रियाकलाप, पूर्वाधार विकास तथा जाजरकोट भूकम्पपछिको पुनर्निर्माणको सकारात्मक असर पर्ने, पर्यटन व्यवसाय लयमा फर्कने; थोक तथा खुद्रा व्यापार, यातायात, सञ्चार तथा सूचना प्रविधि र अन्य सेवाका क्रियाकलाप विस्तार हुँदै जाने देखिएकाले उद्योग र सेवा क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि भई आर्थिक वृद्धि तीव्र हुने अनुमान गरिएको छ। आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न लगानीमा उच्च वृद्धिका अतिरिक्त जनसाङ्ख्यिक लाभ प्राप्त हुनेगरी जनशक्तिको उत्पादनशील क्षेत्रमा उपयोग, नवप्रवर्तन तथा

उद्यमशीलताको विकास र जलस्रोत, भूमि, वन सम्पदा, खनिज पदार्थ लगायतका प्राकृतिक स्रोत-साधनको दिगो परिचालन भएको हुनेछ। अनौपचारिक अर्थतन्त्रको औपचारिकीकरण भई उत्पादनमा थप योगदान पुग्ने अपेक्षा गरिएको छ। सङ्घीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनबाट प्रदेश र स्थानीय अर्थतन्त्रमा गतिशीलता आउनुका साथै सरकारी, निजी, सहकारी र सामुदायिक क्षेत्रको परिपूरकात्मक सहकार्य मजबुत एवम् सुदृढ भई राष्ट्रिय पुँजी निर्माण भएको हुनेछ।

मुलुकको समष्टिगत आर्थिक वृद्धिका लागि कृषि तथा वन र मत्स्यपालन, खानी तथा उत्पादनमूलक उद्योग, ऊर्जा, निर्माण, पर्यटन, यातायात तथा सूचना प्रविधि, शिक्षा र स्वास्थ्य प्रमुख योगदान गर्ने क्षेत्र हुन्। यी क्षेत्रमा हुने लगानीको कारण अर्थतन्त्रका अन्य क्षेत्रमा समेत सकारात्मक प्रभाव पर्न गई योजना अवधिमा औसत ७.१ प्रतिशतको लक्षित आर्थिक वृद्धि (आधारभूत मूल्यमा) हासिल हुने अनुमान गरिएको छ। कृषि, उद्योग र सेवा क्षेत्रको मूल्य अभिवृद्धिमा क्रमशः ४.१, ११.३ र ७.२ प्रतिशतको औसत वृद्धि हुने अनुमान छ। अर्थतन्त्रमा पछिल्लो समय देखिएको सुस्तता छिट्टै अन्त्य हुने, अन्तर्राष्ट्रिय परिघटनाहरूले सकारात्मक मोड लिने, सङ्घीयता कार्यान्वयनले अपेक्षित गति लिने, जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्न अपनाइने उत्थानशील उपायहरूको असर प्रभावकारी हुने र सार्वजनिक तथा निजी लगानी लक्ष्यअनुरूप विस्तार हुने अवस्थामा योजनाले अपेक्षा गरेका समष्टिगत आर्थिक लक्ष्य हासिल गर्न सहज हुनेछ। तालिका २.१ मा आर्थिक वृद्धिदरको लक्ष्य प्रस्तुत गरिएको छ। यसअनुसार योजनाका पाँच वर्षको अवधिमा न्यूनतम ६.० देखि अधिकतम ७.९ प्रतिशत वृद्धि हासिल हुने अनुमान छ।

## तालिका २.१ : आर्थिक वृद्धिदरको लक्ष्य (आ.व.२०७९/८० को स्थिर मूल्यमा)

(प्रतिशत)

| क्र.सं. | क्षेत्रहरू | आ.व.२०७९/८० को यथार्थ | आ.व. ०८०/८१ को अनुमान | सोह्रौं योजनाको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | योजना अवधिको औसत |
| **१** | **प्राथमिक क्षेत्र** | **२.७** | **३.०** | **४.३** | **४.०** | **४.०** | **३.९** | **४.३** | **४.१** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | २.८ | ३.० | ४.२ | ३.९ | ३.८ | ३.७ | ४.१ | ४.० |
| १.२ | खानी तथा उत्खनन | १.० | २.३ | ९.० | ८.८ | ९.४ | ९.७ | ११.६ | ९.७ |
| **२** | **द्वितीय क्षेत्र** | **१.४** | **१.२** | **१०.३** | **१०.८** | **११.७** | **११.५** | **१२.४** | **११.३** |
| २.१ | उत्पादनमूलक उद्योग | -२.० | -१.६ | ८.७ | ९.१ | ९.७ | ९.७ | ९.९ | ९.४ |
| २.२ | विद्युत, ग्याँस, वाष्प तथा वातानुकुलित आपूर्ति सेवा | १९.९ | १७.४ | १९.५ | १९.१ | १९.६ | १९.६ | १९.७ | १९.५ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | ३.२ | २.८ | ८.८ | ६.३ | ७.९ | ९.२ | ८.० | ८.१ |
| २.४ | निर्माण | -१.१ | -२.१ | ८.८ | ९.६ | १०.७ | ९.७ | ११.४ | १०.० |
| **३** | **सेवा क्षेत्र** | **२.४** | **४.५** | **५.८** | **६.७** | **८.०** | **८.५** | **७.२** | **७.२** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | -३.० | ०.२ | २.८ | ६.३ | ८.९ | १०.९ | ७.८ | ७.३ |
| ३.२ | यातायात तथा भण्डारण | १.४ | ११.९ | १०.७ | ८.९ | १०.१ | १०.३ | ७.२ | ९.५ |
| ३.३ | आवास तथा भोजन सेवा | १८.० | २१.८ | १७.९ | १२.८ | १२.७ | १३.९ | ११.२ | १३.७ |

| क्र.सं. | क्षेत्रहरू | आ.व.२०७९/८० को यथार्थ | आ.व. ०८०/८१ को अनुमान | सोह्रौं योजनाको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | योजना अवधिको औसत |
| ३.४ | सूचना तथा सञ्चार | ४.२ | ४.९ | ७.१ | ८.६ | ९.६ | ९.४ | ११.२ | ९.२ |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | ७.३ | ७.८ | ७.४ | ७.९ | ७.८ | ६.३ | ७.८ | ७.४ |
| ३.६ | घरजग्गा कारोबार | २.२ | ३.० | ३.२ | ४.१ | ३.४ | ३.४ | ७.३ | ४.३ |
| ३.७ | पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ३.९ | ४.१ | ५.६ | ५.९ | ६.५ | ६.३ | ५.९ | ६.० |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ५.० | ४.० | ४.१ | ७.९ | ११.१ | १२.२ | १०.० | ९.१ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ५.७ | ४.५ | ५.३ | ५.७ | ९.७ | १०.५ | ५.५ | ७.३ |
| ३.१० | शिक्षा | ३.९ | २.७ | ४.६ | ५.३ | ५.७ | ५.३ | ५.३ | ५.३ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ६.६ | ५.५ | ६.२ | ६.२ | ६.६ | ६.३ | ६.२ | ६.३ |
| ३.१२ | अन्य सेवा | ५.१ | ४.२ | ५.४ | ६.८ | ६.१ | ५.९ | ५.५ | ५.९ |
| ४ | **कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)** | **२.३** | **३.५** | **६.०** | **६.६** | **७.६** | **७.९** | **७.३** | **७.१** |

*स्रोतः राष्ट्रिय योजना आयोगको अनुमान, २०८१*

माथि तालिकामा उल्लेख भएअनुसारको वृद्धिदर हासिल भई मुलुकको अर्थतन्त्र विस्तार हुँदा योजनाको अन्तिम वर्ष कुल गार्हस्थ्य उत्पादन रु. ८० खर्ब १९ अर्ब ७६ करोड (आ.व.२०७९/८० को मूल्यमा) पुग्ने अनुमान गरिएको छ। यस अवधिमा प्राथमिक क्षेत्रको मूल्य अभिवृद्धि रु. १५ खर्ब १६ अर्ब ७३ करोड; द्वितीय क्षेत्रको रु. १० खर्ब ८१ अर्ब ९६ करोड र तृतीय क्षेत्रको रु. ४५ खर्ब ३ अर्ब ९ करोड तथा समग्र मूल्य अभिवृद्धि रु. ७१ खर्ब १ अर्ब ७८ करोड पुग्ने अनुमान गरिएको छ। योजना अवधिमा मुद्रास्फीति दर ५ देखि ६ प्रतिशतको बीचमा कायम गर्ने लक्ष्यअनुसार उल्लिखित स्थिर मूल्य (आ.व.२०७९/८० को मूल्य) को कुल गार्हस्थ्य उत्पादन अनुमानलाई प्रचलित मूल्यमा परिणत गर्दा योजनाको अन्तिम वर्ष कुल गार्हस्थ्य उत्पादन रु. १०३ खर्ब ७ अर्ब ३२ करोड पुग्ने अनुमान गरिएको छ। कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिका अनुमानसम्बन्धी विवरण तालिका नं. २.२ मा उल्लेख गरिएको छ।

## तालिका २.२ : कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य

(रु. करोडमा)

| क्र. सं. | क्षेत्रहरू | आ.व.२०७९/८० को यथार्थ | आ.व.२०८०/८१ को प्रारम्भिक अनुमान | सोह्रौं योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| **१** | **प्राथमिक क्षेत्र** | **११५७३५** | **१२४०४७** | **१२९४१२** | **१३४६४०** | **१३९९७३** | **१४५३९६** | **१५१६७३** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | ११३३३३ | १२१६६५ | १२६८१५ | १३१८१६ | १३६८८२ | १४२००६ | १४७८८९ |
| १.२ | खानी तथा उत्खनन् | २४०२ | २३८२ | २५९७ | २८२५ | ३०९१ | ३३९० | ३७८४ |
| **२** | **द्वितीय क्षेत्र** | **६२०६७** | **६३२९०** | **६९८०३** | **७७३५१** | **८६३९१** | **९६२८९** | **१०८१९६** |
| २.१ | उत्पादनमूलक उद्योग | २४४५१ | २४६०४ | २६७३९ | २९१८१ | ३२००० | ३५०९१ | ३८५७२ |
| २.२ | विद्युत, ग्याँस, वाष्प तथा वातानुकिलत आपूर्ति सेवा | ७६९९ | ९१४३ | १०९२९ | १३०१८ | १५५६४ | १८६१९ | २२२८० |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादनका क्रियाकलापहरू | २१७८ | २२४२ | २४३८ | २५९३ | २७९९ | ३०५८ | ३३०१ |
| २.४ | निर्माण | २७७३९ | २७३०१ | २९६९६ | ३२५६० | ३६०२८ | ३९५२० | ४४०४२ |
| **३** | **सेवा क्षेत्र** | **२९६०९२** | **३१७६७२** | **३३६०४०** | **३५८३९२** | **३८७१४८** | **४१९९९६** | **४५०३०९** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ६६७६४ | ६९८७८ | ७१८१५ | ७६३६३ | ८३१८४ | ९२२२८ | ९९४१५ |

| क्र. सं. | क्षेत्रहरू | आ.व.२०७९/८० को यथार्थ | आ.व.२०८०/८१ को प्रारम्भिक अनुमान | सोह्रौं योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ३.२ | यातायात तथा भण्डारण | ३१८७४ | ३६७६९ | ४०७०८ | ४४३४८ | ४८८२४ | ५३८४९ | ५७७३३ |
| ३.३ | आवास तथा भोजन सेवा | ९२६८ | १२२३३ | १४४१७ | १६२५६ | १८३१३ | २०८५६ | २३१८३ |
| ३.४ | सूचना तथा सन्चार | ९२७४ | ९८०१ | १०४९९ | ११४०२ | १२४९१ | १३६६८ | १५१९८ |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | ३३३६८ | ३४४३४ | ३६९७४ | ३९८८५ | ४२९९४ | ४५७०० | ४९२७१ |
| ३.६ | घरजग्गा कारोबार | ३९०५६ | ४२०४९ | ४३४०७ | ४५१८२ | ४६७२६ | ४८३२४ | ५१८६६ |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ४५३३ | ४९९२ | ५२७१ | ५५८३ | ५९४६ | ६३२१ | ६६९३ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ३३०६ | ३६०३ | ३७५२ | ४०५० | ४५०० | ५०५१ | ५५५४ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ४७२५० | ४८६३९ | ५११९८ | ५४०९६ | ५९३५० | ६५५८८ | ६९२२३ |
| ३.१० | शिक्षा | ३९५२३ | ४२९४४ | ४४९३१ | ४७३३४ | ५००२६ | ५२७०२ | ५५५२० |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ९०९९ | ९४२९ | १००११ | १०६२९ | ११३२९ | १२०४२ | १२७८५ |
| ३.१२ | अन्य सेवा | २७७७ | २९०३ | ३०५९ | ३२६५ | ३४६५ | ३६६८ | ३८६९ |
| ४ | **कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)** | **४७३८९४** | **५०५००९** | **५३५२५५** | **५७०३८३** | **६१३५१२** | **६६१६८१** | **७१०१७८** |

| क्र. सं. | क्षेत्रहरू | आ.व.२०७९/८० को यथार्थ | आ.व.२०८०/८१ को प्रारम्भिक अनुमान | सोह्रौं योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ४.१ | वस्तु तथा सेवा उत्पादनमा खुद कर | ६०९५९ | ६५४७५ | ६९३९७ | ७३९५१ | ७९४३१ | ८५५४३ | ९१७९८ |
| | **कुल गार्हस्थ्य उत्पादन आ.व.२०८०/८१ को मूल्यमा)** | **५३४८५३** | **५७०४८४** | **६०४६५२** | **६४४३३४** | **६९२९४३** | **७४७२२३** | **८०१९७६** |
| | **कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)** | **५३४८५३** | **५७०४८४** | **६३७५१६** | **७१५२९३** | **८०७५६६** | **९१७३९४** | **१०३०७३२** |

*स्रोतः राष्ट्रिय योजना आयोगको अनुमान, २०८१*

योजना अवधिमा उद्योग र सेवा क्षेत्रमा उच्च मूल्य अभिवृद्धिको कारण अर्थतन्त्रमा उल्लेखनीय संरचनात्मक परिवर्तन हुनेछ। कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान २४.६ प्रतिशतबाट २१.४ प्रतिशतमा झर्ने अनुमान गरिएको छ। द्वितीय क्षेत्रको योगदान वृद्धि भई १२.५ प्रतिशतबाट १५.२ प्रतिशत पुग्नेछ। सेवा क्षेत्रको योगदानमा सामान्य वृद्धि भई ६२.९ प्रतिशतबाट ६३.४ प्रतिशत पुग्ने अनुमान छ। यसबाट प्राथमिक क्षेत्रको तुलनामा द्वितीय क्षेत्रको विस्तार अधिक हुने र कृषि क्षेत्रमा आश्रित श्रमशक्तिको ठूलो हिस्सा उद्योग र सेवा क्षेत्रमा स्थानान्तरण हुने देखिन्छ। क्षेत्रगत योगदानको अनुमान तालिका २.३ मा प्रस्तुत गरिएको छ।

## तालिका २.३ : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना

(आ.व.२०७९/८० को स्थिर मूल्यमा)

*(प्रतिशत)*

| क्र.सं. | क्षेत्रहरू | आ.व.२०७९/८० को यथार्थ | आ.व.२०८०/८१ को प्रारम्भिक अनुमान | सोह्रौं योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| **१** | **प्राथमिक क्षेत्र** | **२४.४** | **२४.६** | **२४.२** | **२३.६** | **२२.८** | **२२.०** | **२१.४** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | २३.९ | २४.१ | २३.७ | २३.१ | २२.३ | २१.५ | २१.० |
| १.२ | खानी तथा उत्खनन | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ |
| **२** | **द्वितीय क्षेत्र** | **१३.१** | **१२.५** | **१३.०** | **१३.६** | **१४.१** | **१४.६** | **१५.२** |
| २.१ | उत्पादनमूलक उद्योग | ५.२ | ४.९ | ५.० | ५.१ | ५.२ | ५.३ | ५.४ |
| २.२ | विद्युत, ग्याँस, वाष्प तथा वातानुकिलत आपूर्ति सेवा | १.६ | १.८ | २.० | २.३ | २.५ | २.८ | ३.१ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | ०.५ | ०.४ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ |
| २.४ | निर्माण | ५.९ | ५.४ | ५.५ | ५.७ | ५.९ | ६.० | ६.२ |
| **३** | **सेवा** | **६२.५** | **६२.९** | **६२.८** | **६२.८** | **६३.१** | **६३.५** | **६३.४** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | १४.१ | १३.८ | १३.४ | १३.४ | १३.६ | १३.९ | १४.० |
| ३.२ | यातायात तथा भण्डारण | ६.७ | ७.३ | ७.६ | ७.८ | ८.० | ८.१ | ८.१ |
| ३.३ | आवास तथा भोजन सेवा | २.० | २.४ | २.७ | २.९ | ३.० | ३.२ | ३.३ |

| क्र.सं. | क्षेत्रहरू | आ.व.२०७९/८० को यथार्थ | आ.व.२०८०/८१ को प्रारम्भिक अनुमान | सोह्रौं योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ३.४ | सूचना तथा सन्चार | २.० | १.९ | २.० | २.० | २.० | २.१ | २.१ |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | ७.० | ६.८ | ६.९ | ७.० | ७.० | ६.९ | ६.९ |
| ३.६ | घरजग्गा कारोबार | ८.२ | ८.३ | ८.१ | ७.९ | ७.६ | ७.३ | ७.३ |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | १.० | १.० | १.० | १.० | १.० | १.० | ०.९ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ०.७ | ०.७ | ०.७ | ०.७ | ०.७ | ०.८ | ०.८ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | १०.० | ९.६ | ९.६ | ९.५ | ९.७ | ९.९ | ९.७ |
| ३.१० | शिक्षा | ८.३ | ८.५ | ८.४ | ८.३ | ८.२ | ८.० | ७.८ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | १.९ | १.९ | १.९ | १.९ | १.८ | १.८ | १.८ |
| ३.१२ | अन्य सेवा | ०.६ | ०.६ | ०.६ | ०.६ | ०.६ | ०.६ | ०.५ |

*स्रोतः राष्ट्रिय योजना आयोगको अनुमान, २०८१*

**(ख) वास्तविक क्षेत्रमा पर्ने समष्टिगत प्रभावः** वास्तविक क्षेत्रमा माथि उल्लेख भएअनुसारको वृद्धिदर कायम भई अर्थतन्त्र विस्तार हुँदा नेपालीहरूको प्रतिव्यक्ति आयमा उल्लेखनीय वृद्धि हुनेछ। हाल विद्यमान जनसङ्ख्या वृद्धिदर नै योजना अवधिमा कायम रहने अनुमानका आधारमा योजनाको अन्तिम वर्ष प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन रु. ३ लाख ३१ हजार अर्थात २३१९ अमेरिकी डलर पुग्नेछ। यसैगरी सो वर्ष प्रतिव्यक्ति आय २३५१ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ।

**तालिका २.४ : कुल गार्हस्थ्य उत्पादन र सम्बन्धित विवरण**

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८०/८१ को अनुमान | योजना अवधिको औषत लक्ष्य |
|---|---|---|---|---|---|
| **१** | **आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा)** | **प्रतिशत** | २.३ | **३.५** | ७.१ |
| १.१ | कृषि | प्रतिशत | २.८ | ३.० | ४.० |
| १.२ | गैर कृषि | प्रतिशत | २.१ | ३.७ | ८.० |
| २ | **कुल गार्हस्थ्य उत्पादनको संरचना** | | | | |
| २.१ | कृषि | प्रतिशत | २३.९ | २४.१ | २१.०* |
| २.२ | गैर कृषि | प्रतिशत | ७६.१ | ७५.९ | ७९.०* |
| **३** | **प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन** | **अमेरिकी डलर** | **१३८९** | **१४३४** | **२३१९*** |
| **४** | **प्रतिव्यक्ति आय** | **अमेरिकी डलर** | **१४०५** | **१४५६** | **२३५१*** |

** योजना अवधिको अन्तिम आर्थिक वर्षको अनुमान*

*स्रोतः राष्ट्रिय योजना आयोगको अनुमान, २०८१*

**(ग) सीमान्त पुँजी उत्पादन अनुपात र लगानीः** सोह्रौं योजना अवधिमा प्रक्षेपित आर्थिक वृद्धि हासिल गर्नका लागि समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको लगानी परिचालन गरिनेछ। यसबाट उल्लेख्य मात्रामा पुँजी निर्माण हुन गई अर्थतन्त्र थप चलायमान हुने अनुमान गरिएको छ। यस अवधिमा परिलक्षित कार्यक्रम तथा आयोजना निर्धारित समय र लागतमा सम्पन्न भई लक्षित उपलब्धि हासिल हुने वातावरणको सिर्जना हुने अपेक्षा गरिएको छ। विगतमा थालनी गरिएका पूर्वाधार सम्बद्ध बृहत् कार्यक्रम तथा आयोजना यस योजना अवधिमा सम्पन्न भई सञ्चालनमा आउने छन्। सार्वजनिक वित्त क्षेत्रका सुधार कार्यक्रमबाट सङ्घ, प्रदेश र स्थानीय तहबाट हुने सार्वजनिक खर्चको कुशलतामा

उल्लेख्य वृद्धि हुनेछ। कृषि तथा उद्योग क्षेत्रको उत्पादनमा प्रविधिको थप प्रयोगले पुँजीको उत्पादकत्वमा वृद्धि हुने अनुमान गरिएको छ। यसका लागि शिक्षा, स्वास्थ्य तथा मानव पुँजी निर्माण र कृषि, उद्योग तथा सेवा क्षेत्रमा उन्नत एवम् आधुनिक प्रविधि, सूचना प्रविधि र विद्युतीय शासनको अवलम्बनसहित अर्थतन्त्रको यान्त्रीकरण तथा आधुनिकीकरण गर्नु आवश्यक छ। सबै स्थानीय तहमा यातायात तथा सञ्चार, शिक्षा तथा स्वास्थ्य र सार्वजनिक सेवासम्बन्धी पूर्वाधारको निर्माण तथा विस्तार गर्नु पर्नेछ। पुँजीको सीमान्त लागत घटाउन नवीन्तम्, उत्थानशील, दीर्घकालीन तथा रणनीतिक प्रकृतिका भौतिक पूर्वाधार, सञ्चार तथा सूचना प्रविधि, प्राविधिक शिक्षा तथा स्वास्थ्यसम्बन्धी पूर्वाधारजन्य कार्यक्रम तथा आयोजनामा ठूलो परिमाणमा लगानी गर्नुपर्नेछ।

पुँजीको उत्पादकत्वमा सुधार हुने अनुमान गरिए तापनि बृहत् प्रकृतिका नयाँ आयोजनाहरू सम्पन्न भई प्रतिफल आउन समय लाग्नेछ। प्रविधिको बढ्दो प्रयोग, नवप्रवर्तन तथा अनुभव र अनुसन्धानको उपयोगका कारणले उत्पादन दक्षता वृद्धि हुने मान्यतालाई आधार लिदा पन्ध्रौं योजना अवधिको औषत सीमान्त पुँजी उत्पादन अनुपात ४.७७:१ रहेको छ । सोह्रौं योजनामा हुने लगानी प्रक्षेपण गर्न योजना अवधिका हरेक वर्षका लागि अलग अलग सीमान्त पुँजी उत्पादन अनुपातका अनुमान तयार गरी प्रयोग गरिएको छ। प्रक्षेपित सीमान्त पुँजी उत्पादन अनुपातको आधारमा योजना अवधिमा औसत ७.१ प्रतिशतको आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) को लक्ष्य हासिल गर्न कुल स्थिर पुँजी लगानी आ.व.२०८०/८१ को मूल्यमा रु. ९४ खर्ब ८२ अर्ब ६६ करोड आवश्यक पर्ने अनुमान गरिएको छ। यस मध्ये कृषि क्षेत्रमा रु. ६ खर्ब ६८ अर्ब २५ करोड र गैरकृषि क्षेत्रमा रु. ८८ खर्ब १४ अर्ब ४१ करोड लगानी हुने अनुमान गरिएको छ। समग्र लगानीलाई प्रचलित मूल्यमा परिणत गर्दा योजना अवधिमा कुल रु. १११ खर्ब ८४ अर्ब २३ करोड आवश्यक पर्ने अनुमान छ।

## तालिका २.५ : सीमान्त पुँजी उत्पादन अनुपात र कुल लगानी

(आ.व.२०७९/८० को स्थिर मूल्यमा)

*(रु. करोडमा)*

| क्र.सं. | क्षेत्रहरू | अनुमानित सीमान्त पुँजी उत्पादन अनुपात | आ.व.२०८०/८१ को लगानी अनुमान | सोह्रौं योजनामा प्रक्षेपित लगानी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | योजना अवधि |
| **१** | **प्राथमिक क्षेत्र** | **२.९९** | **२१३२४** | **१४५२९** | **१४६६९** | **१४४४५** | **१४१६७** | **१५८५०** | **७३६६१** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | २.९७ | २१२०९ | १३४६५ | १३४८२ | १३११२ | १२७३१ | १४०३४ | ६६८२५ |
| १.२ | खानी तथा उत्खनन् | ५.७१ | ११५ | १०६४ | ११८७ | १३३३ | १४३६ | १८१५ | ६८३६ |
| **२** | **द्वितीय क्षेत्र** | **६.८०** | **२१५१४** | **३८२८६** | **४७०६८** | **५४३८०** | **६०५०७** | **६९०७९** | **२६९३१९** |
| २.१ | उत्पादनमूलक उद्योग | ५.३५ | ८०६ | ९८५९ | ११९१७ | १३२०९ | १४९०६ | १६०३४ | ६५९२५ |
| २.२ | विद्युत, ग्याँस, वाष्प तथा वातानुकिलत आपूर्ति सेवा | १३.१२ | १८७६० | २०२६७ | २५००२ | २९२६३ | ३३७०८ | ३८७७१ | १४७०११ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | ६.५६ | ४१९ | ११२४ | ९२६ | ११८४ | १४२८ | १३८८ | ६०५० |
| २.४ | निर्माण | ३.५३ | १५२९ | ७०३५ | ९२२२ | १०७२४ | १०४६५ | १२८८६ | ५०३३२ |

| क्र.सं. | क्षेत्रहरू | अनुमानित सीमान्त पुँजी उत्पादन अनुपात | आ.व.२०८०/८१ को लगानी अनुमान | सोह्रौं योजनामा प्रक्षेपित लगानी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | योजना अवधि |
| **३** | **सेवा** | **४.५०** | **२१२०३८** | **९४८७५** | **१०७८३४** | **१३०९७१** | **१४२८२०** | **१२८७८८** | **६०५२८६** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | २.७६ | ८५०६ | ४०८३ | ११२५१ | १६४९० | २०९८९ | १७८४१ | ७०६५२ |
| ३.२ | यातायात तथा भण्डारण | ११.३६ | २५४३३ | ४०१२६ | ३७७३१ | ४४५३५ | ४८००१ | ३५६१५ | २०६००८ |
| ३.३ | आवास तथा भोजन सेवा | ६.०६ | ८४८३ | ११३८० | १०१६८ | ११८३४ | १२९५८ | १२३८१ | ५८७२० |
| ३.४ | सूचना तथा सन्चार | ९.९२ | ५१७५ | ५५८१ | ७८७४ | ९४६३ | ९९१७ | १२२४९ | ४५०८४ |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | २.८२ | २९७८ | ५८०६ | ७४९१ | ७६७९ | ६७१७ | ८१२९ | ३५८२१ |
| ३.६ | घरजग्गा कारोबार | ५.६४ | १०७१२ | ७०२८ | ९१३३ | ८६३१ | ८५७६ | १६१२४ | ४९४९१ |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | २.९० | १३१७ | ७६० | ८२५ | ९२३ | ९१५ | ८७१ | ४२९४ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ३.०२ | ८८८ | ४१९ | ८१९ | ११९२ | १३९७ | १३२७ | ५१५४ |

| क्र.सं. | क्षेत्रहरू | अनुमानित सीमान्त पुँजी उत्पादन अनुपात | आ.व.२०८०/८१ को लगानी अनुमान | सोह्रौं योजनामा प्रक्षेपित लगानी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | योजना अवधि |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ३.४२ | ४७०३ | ८२१८ | ९०४४ | १५७३७ | १८९४० | १००३४ | ६१९७३ |
| ३.१० | शिक्षा | ४.०४ | १३६८२ | ७२३१ | ८८५७ | ९५२७ | ९४८८ | ९३९१ | ४४४९३ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ७.३२ | २३८९ | ३८४८ | ४१३४ | ४४९२ | ४४६४ | ४३९१ | २१३३० |
| ३.१२ | अन्य सेवा | २.६८ | ३३३ | ३९७ | ५०८ | ४६९ | ४५८ | ४३४ | २२६५ |
| **कुल लगानी (आ.व.२०८०/८१ को मूल्यमा)** | | **४.७७** | **१२७४३९** | **१४७६८८** | **१६९५७३** | **१९९७९६** | **२१७४९४** | **२१३७१५** | **९४८२६६** |
| **कुल लगानी (प्रचलित मूल्यमा)** | | | **१२७४३९** | **१५६१८०** | **१८८८२०** | **२३३६६१** | **२६५८८६** | **२७३८७६** | **१११८४२३** |

*स्रोतः राष्ट्रिय योजना आयोगको अनुमान, २०८१।*

योजना अवधिमा हुने कुल लगानी मध्ये सार्वजनिक क्षेत्रबाट रु. २८ खर्ब ६३ अर्ब ७६ करोड, निजी क्षेत्रबाट रु. ६३ खर्ब ७२ अर्ब ३५ करोड र सहकारी तथा सामुदायिक क्षेत्रबाट रु. २ खर्ब ४६ अर्ब ५५ करोड लगानी (आ. व. २०८०/८१ को मूल्यमा) हुने अनुमान गरिएको छ। प्रचलित मूल्यमा व्यक्त गर्दा सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट क्रमशः रु. ३३ खर्ब ७७ अर्ब ६४ करोड, रु. ७५ खर्ब १५ अर्ब ८० करोड र रु. २ खर्ब ९० अर्ब ७९ करोड लगानी हुने अनुमान छ। यसअनुसार कुल लगानीमा यी तीन क्षेत्रको योगदान क्रमशः ३०.२ प्रतिशत, ६७.२ प्रतिशत र २.६ प्रतिशत रहनेछ।

## तालिका २.६ : सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट हुने लगानी

*(रु. करोडमा)*

| क सं | लगानीका क्षेत्र | सार्वजनिक | | निजी | | सहकारी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **१** | **प्राथमिक क्षेत्र** | **२०२४१** | **२६.९** | **५१०१६** | **६७.८** | **३९८८** | **५.३** | **७५२४५** | **१००** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | १९८५६ | २८.२ | ४६६११ | ६६.२ | ३९४३ | ५.६ | ७०४१० | १०० |
| १.२ | खानी तथा उत्खनन् | ६८७ | १४.२ | ४०४७ | ८३.७ | १०२ | २.१ | ४८३५ | १०० |
| **२** | **द्वितीय क्षेत्र** | **११९३९१** | **४१.९** | **१६०४२३** | **५६.३** | **५१२९** | **१.८** | **२८४९४३** | **१००** |
| २.१ | उत्पादनमूलक उद्योग | ५४२३ | ७.३ | ६५९३८ | ८८.४ | ३२६४ | ४.४ | ७४६२५ | १०० |
| २.२ | विद्युत, ग्याँस, वाष्प तथा वातानुकिलत आपूर्ति सेवा | ८६१३१ | ५५.२ | ६८०३१ | ४३.६ | १८७२ | १.२ | १५६०३५ | १०० |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | २०९१ | ५२.४ | १८५२ | ४६.४ | ४८ | १.२ | ३९९१ | १०० |
| २.४ | निर्माण | १६४९६ | ३२.८ | ३३२९३ | ६६.२ | ५०३ | १ | ५०२९२ | १०० |
| **३** | **सेवा** | **१४९३७२** | **२५.४** | **४२४००४** | **७२.१** | **१४७०२** | **२.५** | **५८८०७८** | **१००** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ३७९३ | ४.८ | ७१३५५ | ९०.३ | ३८७२ | ४.९ | ७९०२० | १०० |
| ३.२ | यातायात तथा भण्डारण | २१७७९ | १४.४ | १२७१९३ | ८४.१ | २२६९ | १.५ | १५१२४० | १०० |
| ३.३ | आवास तथा भोजन सेवा | ३४१८ | ७.२ | ४३५७८ | ९१.८ | ४७५ | १ | ४७४७१ | १०० |
| ३.४ | सूचना तथा सन्चार | २४०७५ | ४४.८ | २९१८० | ५४.३ | ४८४ | ०.९ | ५३७३८ | १०० |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | ३३९३ | ८.८ | ३२४२८ | ८४.१ | २७३८ | ७.१ | ३८५५९ | १०० |
| ३.६ | घरजग्गा कारोबार | २४९० | ४ | ५८७१० | ९३.६ | १५४९ | २.५ | ६२७४९ | १०० |

| क सं | लगानीका क्षेत्र | सार्वजनिक | | निजी | | सहकारी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ७६९ | १६ | ३८७५ | ८०.६ | १६३ | ३.४ | ४८०८ | १०० |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ७८४ | १४ | ४६७६ | ८३.६ | १४१ | २.५ | ५६०१ | १०० |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ६३७४४ | १०० | ० | ० | ० | ० | ६३७४४ | १०० |
| ३.१० | शिक्षा | २४७१९ | ४८.३ | २५७१८ | ५०.३ | ७६२ | १.५ | ५११९९ | १०० |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | १२६६२ | ४५.९ | १३९०२ | ५०.४ | १०४० | ३.८ | २७६०४ | १०० |
| ३.१२ | अन्य सेवा | ३७५ | १६ | १८९० | ८०.६ | ८० | ३.४ | २३४५ | १०० |
| **कुल लगानी (आ.व.२०८०/८१ को मूल्यमा)** | | **२८६३७६** | **३०.२** | **६३७२३५** | **६७.२** | **२४६५५** | **२.६** | **९४८२६६** | **१००** |
| **कुल लगानी (प्रचलित मूल्यमा)** | | **३३७७६४** | **३०.२** | **७५१५८०** | **६७.२** | **२९०७९** | **२.६** | **१११८४२३** | **१००** |

*स्रोतः राष्ट्रिय योजना आयोगको अनुमान, २०८१।*

(घ) **लगानीको लागि स्रोत व्यवस्थापन:** योजनाले तय गरेको आर्थिक वृद्धि हासिल गर्न योजना अवधिमा कुल लगानी रु. ९४ खर्ब ८२ अर्ब ६६ करोड (आ.व.२०८०/८१ को मूल्यमा) आवश्यक पर्ने अनुमान गरिएको छ। उक्त लगानीलाई सार्थक बनाउन सरकारी तथा सार्वजनिक संस्थान र निजी क्षेत्रबाट प्राप्त स्रोतहरू परिचालन हुनेछन्। परम्परागत स्रोतहरूबाट मात्र आवश्यक लगानी पूर्ति गर्न अपर्याप्त हुने हुँदा नयाँ वैकल्पिक स्रोतहरूको समेत पहिचान गरिएको छ र सोहीबमोजिम परिचालन गरिनेछ। परम्परागत स्रोतको रूपमा सरकारी राजस्व, वैदेशिक सहायता, सार्वजनिक ऋण, निजी क्षेत्रले गर्ने शेयर पुंजी तथा कर्जा लगानी रहनेछन् भने वैकल्पिक स्रोतका रूपमा प्रत्यक्ष वैदेशिक लगानी, सार्वजनिक-निजी साझेदारी, मिश्रित लगानी, आयोजना विकास ऋणपत्र, प्राकृतिक स्रोतको भण्डारबाट आय प्रवाह, हरित वित्त परिचालन, जलवायु वित्त, कार्वन कर र विभिन्न सार्वजनिक संस्थानका कोषमा रहेको स्रोत परिचालन हुनेछन्।

(ङ) **उपभोग, बचत तथा स्थिर पुँजी निर्माणः** समष्टिगत अर्थतन्त्रमा गार्हस्थ्य र राष्ट्रिय उपभोग तथा बचतले कुल पुँजी निर्माणको परिमाण निर्धारण गर्ने भएकाले सोह्रौं योजना अवधिमा अनावश्यक उपभोग कटौति गरी बचतलाई प्रोत्साहित गरेर कुल स्थिर पुँजी निर्माणमा उल्लेख्य वढोत्तरी गरिनेछ। योजनाको अन्तिम वर्ष कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अन्तिम उपभोग खर्च र कुल गार्हस्थ्य बचत क्रमशः ९१.५ प्रतिशत र ८.२ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।कुल राष्ट्रिय बचत भने कुल गार्हस्थ्य उत्पादनको ३९.० प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ।यसैगरी कुल स्थिर पुंजी निर्माण कुल गार्हस्थ्य उत्पादनको २८.६ प्रतिशत कायम हुने अनुमान गरिएको छ। कुल स्थिर पुंजी निर्माणमा सरकारी क्षेत्रको ३०.२ प्रतिशत र निजी क्षेत्र (सहकारी समेत) को हिस्सा ६९.८ प्रतिशत रहनेछ।

**तालिका २.७ : उपभोग, वचत तथा स्थिर पुँजी निर्माण**

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८०/८१ को अनुमान | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अन्तिम उपभोग खर्च | प्रतिशत | ९२.६ | ९२.४ | ९१.५ |
| २ | कुल गार्हस्थ्य बचत (कुल गार्हस्थ्य | प्रतिशत | ७.४ | ७.६ | ८.२ |

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८०/८१ को अनुमान | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|
| | उत्पादनको अनुपातमा) | | | | |
| ३ | कुल राष्ट्रिय बचत (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ३३.८ | ३६.२ | ३९.० |
| ४ | कुल स्थिर पुँजी निर्माण (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | २५.१ | २४.५ | २८.६ |
| ५ | कुल स्थिर पुँजी निर्माणमा सरकारी क्षेत्रको हिस्सा (सरकार तथा सार्वजनिक संस्थान समेत) | प्रतिशत | ३५.५ | ३५.७ | ३०.२ |
| ६ | कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्रको हिस्सा | प्रतिशत | ६४.५ | ६४.३ | ६९.८* |

* *निजी र सहकारी तथा सामुदायिक क्षेत्रबाट हुने लगानी समेत समावेस भएको ।*

## २.६.२ सरकारी वित्त

योजनाको सोचअनुसार सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्न सार्वजनिक वित्तको महत्त्वपूर्ण भूमिका रहन्छ। यस अवधिमा आन्तरिक स्रोतको परिचालन गरी रोजगारी सिर्जना र समतामूलक उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने तवरले तीन तहका सरकारको खर्चमा विनियोजन कुशलता र वित्तीय अनुशासन कायम गरिनेछ। योजना अवधिमा रु. १२० खर्ब ६३ अर्ब ३२ करोड सरकारी खर्च हुने अनुमान गरिएको छ। यस अनुमानित खर्चमध्ये रु. ४५ खर्ब ७१ अर्ब ७९ करोड चालु खर्च, रु. २७ खर्ब ७१ अर्ब ४ करोड पुँजीगत खर्च, रु. २२ खर्ब ५७ अर्ब ७५ करोड वित्तीय व्यवस्था र रु. २४ खर्ब ६२ अर्ब ७४ करोड वित्त हस्तान्तरण (अनुदान) हुने अनुमान गरिएको छ। उल्लिखित सरकारी खर्च व्यहोर्ने प्रमुख स्रोतको रूपमा सङ्घीय राजस्वले रु.

८४ खर्ब ६५ अर्ब १५ करोड योगदान गर्ने अनुमान गरिएको छ। बाँडफाँट हुने राजस्वसमेत कुल ९५ खर्व ३० अर्व ६० करोड परिचालन हुने अनुमान छ।

योजना अवधिमा रु १७ खर्ब ५२ अर्ब ३० करोड वैदेशिक सहायता प्राप्त हुने अनुमान गरिएको छ। योजना अवधिको राजस्व तथा वैदेशिक सहायता परिचालन गर्दा न्यून हुने अनुमानित रकम रु. १८ खर्ब ४२ अर्ब २ करोड आन्तरिक ऋणबाट व्यहोर्नु पर्ने प्रक्षेपण गरिएको छ। सार्वजनिक वित्तको प्रक्षेपण तालिका २.८ मा उल्लेख गरिएको छ।

## तालिका २.८ : सार्वजनिक वित्तको प्रक्षेपण

*(रकम रु. करोड)*

| क्र.सं. | विवरण | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को अनुमान* | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ | योजना अवधिको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | **सार्वजनिक आय** (३+४+५) | **१२६९८२** | **१५३०२७** | **१८००००** | **२१००००** | **२४५५००** | **२७११८९** | **२९९६४३** | **१२०६३३२** |
| **१** | **राजस्व (बाँडफाँट हुने समेत)** | **१०१०६५** | **१२०२३०** | **१४००००** | **१६३५००** | **१९१७५०** | **२१५५८८** | **२४२२२२** | **९५३०६०** |
| | कर राजस्व | ८६५६३ | १०६४३३ | १२३९९५ | १४५०७४ | १७०४६२ | १९१६५३ | २१५३३१ | ८४६५१५ |
| | गैरकर राजस्व | १४५०२ | १३७९७ | १६००५ | १८४२६ | २१२८८ | २३९३४ | २६८९१ | १०६५४५ |
| २ | प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व | १२०२५ | १३२९९ | १५५०० | १८२०० | २१३९० | २४०४९ | २७०२० | १०६१५९ |
| ३ | नेपाल सरकार (सङ्घ) ले परिचालन गर्ने राजस्व | ८९०४० | १०६९३१ | १२४५०० | १४५३०० | १७०३६० | १९१५३८ | २१५२०२ | ८४६९०० |
| ४ | **वैदेशिक सहायता** | **१२३४२** | **२२०९६** | **२६०००** | **३१२००** | **३७४४०** | **३९३१२** | **४१२७८** | **१७५२३०** |
| | अनुदान | २१३० | ४०१२ | ५००० | ६००० | ७२०० | ८६४० | १०३६८ | ३७२०८ |
| | ऋण | १०२१२ | १८०८४ | २१००० | २५२०० | ३०२४० | ३०६७२ | ३०९१० | १३८०२२ |
| **५** | **आन्तरिक ऋण** | **२५६००** | **२४०००** | **२९५००** | **३३५००** | **३७७००** | **४०३३९** | **४३१६३** | **१८४२०२** |
| | **सार्वजनिक व्यय** (१+२+३+४) | **१२६९८२** | **१५३०२७** | **१८००००** | **२१००००** | **२४५५००** | **२७११८९** | **२९९६४३** | **१२०६३३२** |
| **१** | चालु खर्च | ५९४१५ | ६३२४३ | ७५२७७ | ८६०४४ | ९३८९५ | ९८५३४ | १०३४२९ | ४५७१७९ |
| २ | पुँजीगत खर्च | २३४६२ | २५४१३ | ३०५०० | ३९४५० | ५५५०४ | ६५४२२ | ८६२२८ | २७७१०४ |
| **३** | वित्तीय व्यवस्था | १९५२० | २६८६८ | ३५७२३ | ४२१५६ | ४७३९८ | ५२३५८ | ४८१४० | २२५७७५ |
| ४ | वित्त हस्तान्तरण (बाँडफाँट हुने राजस्व बाहेक) | २४७६७ | ४०००९ | ३८५०० | ४२३५० | ४८७०३ | ५४८७५ | ६१८४६ | २४६२७४ |

*नोटः राजस्वतर्फ प्रदेश र स्थानीय तहबाट सङ्कलन हुने राजस्वको अनुमान संलग्न गरिएको छैन ।*

योजनाको अन्तिम वर्ष सङ्घीय राजस्व कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २१.४ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ। यसैगरी कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सङ्घीय खर्च र वित्तीय हस्तान्तरण क्रमशः २६.४ प्रतिशत र ८.० प्रतिशत कायम हुने अनुमान गरिएको छ। तिर्न बाँकी सार्वजनिक ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३९.० प्रतिशतमा सीमित गरिनेछ।

**तालिका २.९ : सरकारी वित्तसम्बन्धी प्रभाव सूचकहरू**

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८०/८१ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सङ्घीय राजस्व परिचालन | प्रतिशत | १८.९ | २१.१ | २३.५ |
| २ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सङ्घीय खर्च | प्रतिशत | २३.७ | २६.८ | २९.१ |
| ३ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा तिर्न बाँकी सार्वजनिक ऋण | प्रतिशत | ४३.० | ४०.३ | ३९.० |
| ४ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सङ्घीय वित्त हस्तान्तरण (राजस्व बाँडफाँट समेत) | प्रतिशत | ६.९ | ९.३ | ८.० |

### २.६.३ मौद्रिक तथा वित्तीय क्षेत्र

सोह्रौं योजनामा मौद्रिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित नीतिलाई समग्र अर्थतन्त्र चलायमान बनाइ आर्थिक वृद्धि र स्थायित्व कायम गर्ने तवरले कार्यान्वयन गरिनेछ। मुद्रास्फीतिलाई यथोचित सीमाभित्र राखी आर्थिक स्थायित्व कायम गर्ने दिशामा नीतिगत व्यवस्था मार्फत हाल कायम रहेको दरलाई घटाई योजनाको अन्तिम वर्षमा ५.० प्रतिशत कायम गरिनेछ। विस्तृत मुद्रा प्रदायको वृद्धिदरलाई १३ प्रतिशतको सीमाभित्र राखिनेछ। बैङ्क तथा वित्तीय संस्थाको निजी क्षेत्रमा कर्जा प्रवाह वृद्धिदर १४ प्रतिशत हुने अनुमान गरिएको छ। योजनाको अन्तिम वर्ष बैङ्क तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार ८० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ।

**तालिका २.१० : मौद्रिक र वित्तीय क्षेत्रका प्रभाव सूचकहरू**

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८०/८१ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.७ | ६.० | ५.० |
| २ | विस्तृत मुद्रा प्रदाय वृद्धिदर | प्रतिशत | ११.४ | १३.० | १३.० |
| ३ | बैङ्क तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार | प्रतिशत | ६३ | ६५ | ८० |
| ४ | बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा कर्जा प्रवाह वृद्धिदर | प्रतिशत | ३.८ | ११.५ | १४.० |

## २.६.४ बाह्य क्षेत्र

सोह्रौं योजना तर्जुमाको समयमा मुलुकको अर्थतन्त्रका बाह्य क्षेत्रसँग सम्बन्धित केही सूचकहरू सकारात्मक देखिएका छन्। योजना अवधिमा हुने नीतिगत सुधारले यी सूचकहरूको स्थित अझै मजवुत हुने र हाल केही असहज देखिएका वैदेशिक व्यापार सम्बद्ध सूचकहरूमा सुधार हुने अपेक्षा गरिएको छ। विकासशील मुलुकमा स्तरोन्नति भएपश्चात निर्यातमा पर्ने असर न्यून गरी व्यापार घाटा कम गर्न निर्यात प्रवर्द्धन र आयात व्यवस्थापनका कार्यक्रम कार्यान्वयन गरिनेछ। योजनाको अन्तिम वर्ष कुल गार्हस्थ्य उत्पादनको अनुपातमा वैदेशिक व्यापार (वस्तु तथा सेवा) घाटा २२.५ प्रतिशत कायम हुने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनसँग निर्यात र आयात (वस्तु तथा सेवा) को अनुपात क्रमशः ८.५ प्रतिशत र ३१.० प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ। यसैगरी शोधनान्तर स्थिति उच्च परिमाणमा सकारात्मक रही योजनाको अन्तिम वर्षमा शोधनान्तर बचत २०० अर्ब रहने र विनिमय सञ्चिति पर्याप्तता ७ महिनाको वस्तु तथा सेवाको आयात धान्ने अवस्थामा पुग्नेछ।

**तालिका २.११ : बाह्य क्षेत्रसम्बन्धी प्रभाव सूचकहरू**

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८०/८१ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा व्यापार घाटा (वस्तु तथा सेवा) | प्रतिशत | २७.७ | २५.८ | २२.५ |
| २ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा निर्यात (वस्तु तथा सेवा) | प्रतिशत | ७.० | ७.९ | ८.५ |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८०/८१ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|
| ३ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा आयात (वस्तु तथा सेवा) | प्रतिशत | ३४.७ | ३३.७ | ३१.० |
| ४ | चालु खाता सन्तुलन (रु. अर्बमा) | रु. अर्ब | -७२ | +१५० | +१७० |
| ५ | शोधानान्तर स्थिति (रु. अर्बमा) | रु. अर्ब | २९० | ३०० | २०० |
| ६ | विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा) | महिना | १० | ११ | ७ |

### २.६.५ अनौपचारिक तथा अलेखाङ्कित अर्थतन्त्र

मुलुकको अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको हिस्सा उल्लेख्य रहेकाले स्रोत परिचालन तथा नीतिगत व्यवस्थाको परिपालनामा समस्या देखिएको विषयलाई योजनामा सम्बोधन गरी अर्थतन्त्रको औपचारिकीकरण गरिनेछ। यस अवधिमा गरिने नीतिगत सुधारबाट अनौपचारिक तथा गैरकानूनी कारोबार, अवैध ओसारपसार तथा व्यापार विचलन र गैर कानूनी सम्पत्तिको शुद्धीकरण नियन्त्रित भएका हुनेछन्। आधिकारिक निकायमा दर्ता भई सञ्चालन हुने आर्थिक प्रतिष्ठानको प्रतिशत ८५ पुग्ने र ८८ प्रतिशत प्रतिष्ठानले कारोबारको लेखा राख्ने अवस्था कायम भएको हुनेछ। अर्थतन्त्र औपचारिक हुँदै जाँदा कर सहभागिता वृद्धि भई स्थायी लेखा नम्बर प्राप्त गर्ने व्यक्ति तथा संस्थाको सङ्ख्या ८० लाख पुग्ने अनुमान गरिएको छ।

**तालिका २.१२ : अनौपचारिक अर्थतन्त्रसम्बन्धी सूचकहरू**

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८०/८१ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | कुल आर्थिक प्रतिष्ठान मध्ये आधिकारिक निकायमा दर्ता भएका प्रतिष्ठान | प्रतिशत | ४९.५ | ६० | ८५ |
| २ | कुल आर्थिक प्रतिष्ठान मध्ये कारोबारको लेखा राख्ने प्रतिष्ठान | प्रतिशत | ५२.० | ५८ | ८८ |
| ३ | स्थायी लेखा नम्बर प्राप्त गर्ने करदाता सङ्ख्या | हजार | ५५५४ | ५८०० | ८००० |
| ४ | रोजगारीमा अनौपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ६२.२ | ५५.० | ४०.० |

परिच्छेद ३

# उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि


| | | |
|---|---|---|
| ३.१ | पृष्ठभूमि | ६७ |
| ३.२ | विद्यमान अवस्था | ६७ |
| ३.३ | मुख्य सवाल तथा चुनौती | ६९ |
| ३.४ | रूपान्तरणकारी रणनीति | ७० |
| ३.५ | प्रमुख कार्यक्रम | ७४ |
| ३.६ | परिमाणात्मक लक्ष्य | ८१ |

परिच्छेद ३

# उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि

## ३.१ पृष्ठभूमि

राष्ट्रिय अर्थतन्त्रलाई स्वाधीन, सबल र आत्मनिर्भर बनाउन देशभित्र उपलब्ध उत्पादनका साधनहरूको पहिचान गरी त्यसको दिगो उपयोगबाट उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न आवश्यक छ। अर्थतन्त्रका सबै क्षेत्रलाई चलायमान एवम् प्रतिस्पर्धी बनाइ गुणस्तरीय वस्तुको उत्पादन तथा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गरी आम नागरिकको जीवनस्तर सुधार गर्नु अपरिहार्य छ। देशको आर्थिक विकास र समृद्धिका लागि कृषि, उद्योग, ऊर्जा, वन, पर्यटन, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्न पुँजी, प्रविधि, श्रम तथा भूमि लगायतका साधनको महत्तम परिचालन गर्नुपर्ने हुन्छ।

प्राथमिक क्षेत्रको उत्पादन वृद्धिका लागि भूमिको दिगो तथा अधिकतम उपयोग, कृषि तथा पशुपन्छीको उत्पादकत्व वृद्धि, एवम् खनिज पदार्थको दिगो र वैज्ञानिक रूपमा परिचालन गरी उद्योगको विकास मार्फत आयात व्यवस्थापन र निर्यात प्रवर्द्धन गरी आत्मनिर्भर अर्थतन्त्र हुनु आवश्यक छ। तृतीय क्षेत्रको रूपमा रहेको सेवा क्षेत्रलाई गुणस्तरीय, व्यावसायिक, प्रतिस्पर्धी, दिगो र अर्थतन्त्रका अन्य क्षेत्रलाई चलायमान बनाउने संयन्त्रको रूपमा विकास गर्नुपर्ने देखिन्छ। प्राथमिक क्षेत्रले उत्पादन गरेका वस्तु द्वितीय क्षेत्रको उत्पादनका साधनका रूपमा प्रयोग हुने, प्राथमिक तथा द्वितीय क्षेत्रका उत्पादन तृतीय क्षेत्रले प्रयोग गर्ने तथा तृतीय क्षेत्रको सेवा प्राथमिक र द्वितीय क्षेत्रले उपयोग गर्ने गरी अग्र तथा पृष्ठ सम्बन्ध कायम गर्नु पर्नेछ। समग्रमा, आर्थिक विकासका निर्धारक क्षेत्रहरूलाई एकीकृत एवम् तिनीहरूबीच अन्तर-आबद्धता कायम गर्दै उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धी क्षमता अभिवृद्धि हुने दिशामा राज्यका नीतिहरू केन्द्रित गर्नु अपरिहार्य भएको छ।

## ३.२ विद्यमान अवस्था

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा भूमिको समुचित प्रयोग र दोहोरो स्वामित्व अन्त्यमा जोड दिएअनुसार विकासको दीर्घकालीन सोच, २१०० ले कृषि क्षेत्रको व्यवसायीकरण, उद्योग र सेवा क्षेत्रमा स्वच्छ, आधुनिक तथा उच्च प्रविधिको प्रयोग र अनुसन्धान तथा विकासलाई प्रवर्द्धन गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिएको छ। पन्ध्रौं योजना अवधिमा अर्थतन्त्रमा प्राथमिक क्षेत्र, द्वितीय क्षेत्र र तृतीय क्षेत्रको औसत योगदान क्रमशः २४.१,

१७.६ र ५८.३ प्रतिशत पुग्ने अनुमान गरिएकोमा आ. व. २०७९/८० सम्ममा उक्त क्षेत्रहरूको अर्थतन्त्रमा औसत योगदान क्रमशः २४.६, १३.० र ६२.४ प्रतिशत रहेको छ। विगतमा गरिएका प्रयासहरूबाट प्रमुख कृषि बालीहरूको उत्पादकत्व आ.व.२०७९/०८० सम्ममा ३.४२ मे.टन प्रति हेक्टर पुगेको छ। सिँचाइयोग्य भूमिमध्ये करिब २५ प्रतिशत भू-भागमा बाह्रै महिना सिँचाइ सुविधा पुगेको छ। तराई मधेश क्षेत्रमा कृषि उत्पादन क्रमिक रूपमा व्यावसायिक हुँदै गएको, पहाडी क्षेत्रमा फलफूल, नगदेबाली र कृषि-पर्यटन विस्तार भएको एवम् रैथाने बालीको संरक्षण र उपभोग बढ्दै गएको अवस्था छ। प्रमुख खाद्यान्न बालीमध्ये धानको उत्पादन लक्ष्यअनुरूप हुन नसकेको तर गहुँ, फापर, कोदो र मकैको उत्पादन भने लक्ष्य उन्मुख रहेको छ। साथै, माछा, मासु, अण्डा र दूधको उत्पादनमा वृद्धि भई मुलुक ती क्षेत्रहरूमा आत्मनिर्भरता तर्फ उन्मुख हुँदै गएको छ। कुल आयातमा अत्यावश्यक वस्तु (कृषि उपज, जीवजन्तु र खाद्य पदार्थ) को अंश ५ प्रतिशतमा सीमित गर्ने पन्ध्रौं योजनाको लक्ष्य रहेकोमा १५ प्रतिशत रहन गएको छ।

कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको हिस्सा ६.५ प्रतिशत पुऱ्याउने पन्ध्रौं योजनाको लक्ष्य रहेकोमा आर्थिक वर्ष २०७९/८० मा ५.३ प्रतिशत पुगेको छ। औद्योगिक विकासको लागि आवश्यक पर्ने पूर्वधारको रूपमा औद्योगिक क्षेत्र तथा उद्योग ग्रामको स्थापना एवम् सञ्चालनसम्बन्धी कानून परिमार्जन गरिएको छ। पर्यटन क्षेत्रबाट कुल गार्हस्थ्य उत्पादनमा २.० प्रतिशत योगदान रहेको छ भने यस क्षेत्रमा करिब २ लाख व्यक्ति प्रत्यक्ष रोजगारीमा संलग्न रहेका छन्। यस क्षेत्रबाट सन् २०२३ मा ५४.८१ करोड अमेरिकी डलर बराबरको विदेशी मुद्रा आर्जन भएको छ। आर्थिक वर्ष २०७९/८० सम्ममा जलविद्युत तथा वैकल्पिक ऊर्जाका स्रोतबाट राष्ट्रिय विद्युत प्रणालीमा जडित क्षमता २८७७ मेगावाट पुगेको छ भने प्रतिव्यक्ति विद्युत खपत ३८० किलोवाट प्रति घण्टा पुगेको छ। कुल १५ लाख ५५ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउन सक्ने गरी पूर्वाधारहरू निर्माण भएका छन्। सिँचाइ नीति, २०८० ले बहुउद्देश्यीय, जलशायुक्त तथा अन्तरजलाधार जलपथान्तरण आयोजनाहरूको विकास गरी बाह्रै महिना सिँचाइ सुविधा विस्तार गर्नुको साथै प्रभावकारी व्यवस्थापन गर्नेमा जोड दिएअनुसार केही आयोजना कार्यान्वयन भइरहेका छन्।

अर्थतन्त्रको महत्त्वपूर्ण खम्बाको रूपमा रहेका निजी तथा सहकारी क्षेत्रले स्रोत साधन, सीप तथा प्रविधिको परिचालन, रोजगारी सिर्जना, उद्यमशीलता विकास, राजस्व वृद्धि र बजार विस्तारमा योगदान पुऱ्याउँदै आएका छन्। यद्यपि पछिल्लो समयमा सहकारीको विस्तारसँगै अपेक्षित रूपमा नियमन र व्यवस्थापन हुन नसक्दा मूलत: बचत तथा ऋण सहकारी संस्थाहरूमा तरलता व्यवस्थापन तथा सुशासनको समस्या देखिएका छन्।

## ३.३ मुख्य सवाल तथा चुनौती

(१) **कृषिको उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता अभिवृद्धिः** कृषिको उत्पादन र उत्पादकत्व बढाउन उत्पादनका साधन, कृषि पूर्वाधार (सडक, ऊर्जा तथा सिँचाइ लगायत) तथा प्रविधि र सामग्रीको सहज उपलब्धता सुनिश्चित गरी प्रभावकारी परिचालन गर्नु; खेतीयोग्य तथा बाँझो जमिनको महत्तम उपयोग गर्नु; कृषि भूमिको खण्डीकरण तथा गैरकृषिमा प्रयोग न्यूनीकरण गर्नु; जलवायु परिवर्तन अनुकूल कृषि प्रणाली अवलम्वन गरी उत्थानशील उत्पादन प्रणाली स्थापित गर्नु; प्राकृतिक प्रकोप तथा वन्यजन्तुको बढ्दो अतिक्रमणबाट कृषि उत्पादनको संरक्षण गर्नु; कृषि उपजको ढुवानी, भण्डारण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक यातायात सेवा, सङ्कलन केन्द्र, चिस्यान केन्द्र, गोदाम घर र प्रशोधन केन्द्रको विस्तार गर्नु; कृषि क्षेत्रमा अध्ययन-अनुसन्धान र नवप्रवर्तनका लागि आवश्यक स्रोत, प्रविधि, जनशक्तिको पर्याप्तता सुनिश्चित गर्नु; कृषि उपजको लागि तोकिने न्यूनतम समर्थन मूल्य कार्यान्वयनलाई प्रभावकारी बनाउनु; कृषिमा दक्ष तथा शिक्षित युवाको आकर्षण वृद्धि गर्नु; कृषि उत्पादन लागत घटाई यसलाई प्रतिस्पर्धी र तुलनात्मक लाभको क्षेत्र बनाउनु; अनुदान तथा सहुलियतलाई उत्पादनमा आधारित बनाउँदै कृषिमा सहज कर्जा तथा बीमा सुविधाको सुनिश्चितता गर्नु।

(२) **अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान अभिवृद्धिः** प्रतिस्पर्धात्मक क्षमता एवम् तुलनात्मक लाभ भएका वस्तु तथा सेवाको पहिचान गरी उत्पादन गर्नु; उत्पादित वस्तुको लागत प्रभावकारिता र गुणस्तर अभिवृद्धि गरी आन्तरिक तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउनु; सम्भाव्यताका आधारमा रुग्ण उद्योगको पुनर्स्थापना र चालु उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन गर्नु; लगानीमैत्री वातावरण सिर्जना गरी औद्योगिक क्षेत्रमा आन्तरिक तथा वैदेशिक निजी लगानी परिचालन गर्नु; औद्योगिक विकासका लागि आवश्यक सीप, उद्यमशील संस्कार, जोखिम वहन क्षमता र प्राविधिक ज्ञानको विकास गर्नु; परम्परागत रैथाने ज्ञान, सीप र प्रविधिलाई नवप्रवर्तनकारी ज्ञान र क्षमतासँग अन्तर-आवद्ध गरी साना, मझौला तथा घरेलु उद्योगहरूको विकास र प्रवर्द्धन गर्नु; नेपाली मौलिक उत्पादनको ब्रान्डिङ, पेटेन्ट अधिकार र अन्तर्राष्ट्रिय बजारको अग्र र पृष्ठ सम्बन्धसहितको मूल्य श्रृङ्खलामा आबद्ध गर्नुका साथै सञ्जालीकरण गर्नु; निर्मित औद्योगिक पूर्वाधारहरूको पूर्ण क्षमताको उपयोग हुनेगरी सञ्चालन गर्नु; कृषि तथा वनमा आधारित उद्योगमा आन्तरिक मूल्य श्रृङ्खला सिर्जना गर्न कृषक र उद्यमीबीचको पारस्पारिक लाभको आधारमा असल व्यावसायिक सम्बन्ध स्थापना गर्नु; खानी तथा खनिज वस्तुको पहिचान, अन्वेषण एवम् उत्खनन गरी औद्योगिक तथा व्यापारिक प्रवर्द्धन

गर्नु; अध्ययन, अनुसन्धान, विश्लेषण र नवप्रवर्तनमा आधारित रही औद्योगिक क्षेत्रको स्थापना, विकास र सञ्चालन गर्नु।

(३) **विद्युतको उत्पादन र खपत वृद्धिः** लगानी पर्याप्तता सुनिश्चित गरी दिगो तथा गुणस्तरीय ऊर्जा उत्पादन गर्नु; ऊर्जा विकासमा सार्वजनिक तथा निजी लगानी परिचालन गर्नु; उत्पादित विद्युतको लागि आवश्यक प्रशारण तथा वितरण लाइन निर्माण तथा विस्तार गर्नु र उत्पादित ऊर्जाको आन्तरिक उपभोग बढाउनुका साथै निर्यात वृद्धि गर्नु; नवीकरणीय ऊर्जाका नयाँ स्रोत तथा अवसरको उपयोग गर्नु।

(४) **एकीकृत पूर्वाधार निर्माणमा समन्वयः** उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि आवश्यकता पूर्वानुमानका आधारमा पूर्वाधार निर्माण गर्नु; निर्धारित समय, लागत र गुणस्तरमा आयोजनाहरू सम्पन्न गर्नुका साथै नियमित मर्मत सम्भार गरी पूर्वाधारको प्रतिफल तथा उत्पादकत्व बढाउनु; उत्पादन तथा निर्माणको लागि आवश्यक सामग्रीहरूको नियमित र सहज आपूर्तिको सुनिश्चित गर्नु।

(५) **कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान अभिवृद्धिः** पर्यटन क्षेत्रबाट हुने समग्र आम्दानी वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु; पर्यटनको लाभ स्थानीय समुदायसम्म पुऱ्याउनु; पर्यटन क्षेत्रको विकासको लागि आवश्यक पर्यटकीय पूर्वाधारको विकास र विस्तार गर्नु; पर्यटन उद्योग विकासको लागि आकर्षक गन्तव्य र नयाँ सेवाहरूको पहिचान, विकास र विविधीकरण गर्नु; भौगोलिक तथा सांस्कृतिक विविधतासँग सामञ्जस्यता कायम गर्दै यसको महत्तम उपयोग गरी पर्यटन उद्योग एवम् पर्यापर्यटनको विकास तथा विस्तार गर्नु।

(६) **मानव पुँजी निर्माण र उपयोगः** शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सार्वजनिक तथा निजी लगानी बढाउँदै मानव पुँजी निर्माण गर्ने; मानव स्रोतको उत्पादकत्व बढाउने तथा श्रमको देशभित्रै उपयोग गर्ने।

## ३.४ रूपान्तरणकारी रणनीति

(१) **कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नेः** तीनै तहका सरकारको समन्वयमा भूमिको व्यावहारिक वर्गीकरण गरी कृषियोग्य भूमिको संरक्षण गर्ने तथा बाझो जमिनको उपयोग गर्ने, भूमि खण्डीकरण न्यूनीकरण र वृहत उत्पादन क्षेत्र स्थापना गरी कृषिको उत्पादन बढाउने; विशिष्टिकृत उत्पादनका क्षेत्रहरूको पहिचान गर्दै कृषि क्षेत्रमा पूर्वाधार विकास, यान्त्रिकीकरण, विविधीकरण र व्यावसायीकरण अभिवृद्धि गर्ने; व्यवस्थित तथा आधुनिक ढुवानी, भण्डारण तथा प्रशोधन सेवाको सुनिश्चितता गरी कृषि उपजको मूल्य

अभिवृद्धि र बजारीकरण गर्ने; कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न आवश्यक सतह, भूमिगत र लिफ्ट सिँचाइ प्रणालीको निर्माण, विकास र स्तरोन्नति गर्ने।

(२) **खाद्य प्रणाली रूपान्तरण एवम् आधारभूत खाद्य वस्तुहरूमा आत्मनिर्भरता अभिवृद्धि गर्नेः** खाद्य सुरक्षालाई राष्ट्रिय सुरक्षाको आधारका रूपमा आत्मसात गर्दै मौजुदा खाद्य प्रणालीलाई रूपान्तरण गरी दिगो, समतामूलक र उत्थानशील बनाउने; खाद्यन्न न्यून हुने दुर्गम क्षेत्रमा कृषि उत्पादनका पकेट कार्यक्रम ल्याउने तथा विपन्न घरपरिवारहरूलाई सहुलियत दरमा नियमित रूपमा गुणस्तरीय खाद्यान्न आपूर्ति गर्ने; अन्नबाली, तरकारी र फलफूल लगायतका खाद्यान्नको सङ्कलन पश्चातको क्षति न्यूनीकरण र खाद्यान्नको गुणस्तर कायम गर्नका लागि सुरक्षित भण्डारण तथा आपूर्ति व्यवस्था गर्ने; स्थानीय तहसँगको समन्वयमा खाद्य आनिबानी परिस्कृत गर्ने र विभिन्न जातजाती, समुदाय तथा क्षेत्रका परम्परागत र स्थानीय खाद्य संस्कारको आदानप्रदान मार्फत खाद्य विविधताको संरक्षण गर्दै खाद्य विविधीकरण गर्ने; कृषि तथा पशुपन्छी क्षेत्रमा लगानी, पूर्वाधार, कृषि सामाग्री र उच्चतम प्रविधिको सुनिश्चितता गरी आधुनिकीकण, विविधीकरण र व्यावसायीकरण मार्फत आधारभूत खाद्य वस्तुहरूमा आत्मनिर्भरता अभिवृद्धि गर्ने।

(३) **जडिबुटी तथा काष्ठजन्य वनपैदावार तथा जडिबुटीकोको व्यावसायिक विकास तथा मूल्य अभिवृद्धि गर्नेः** स्वदेशी काष्ठजन्य पैदावारको सदुपयोग गरी आयात प्रतिस्थापन गर्ने; जडिबुटीको व्यावसायीकरणको लागि उपयुक्त प्रविधि विकास, पकेट क्षेत्र निर्धारण, गुणस्तरीय बीउ तथा बिरूवा आपूर्ति तथा प्राविधिक सहयोग एवम् क्षमता अभिवृद्धि गर्ने; सहज बजारीकरण, जडिबुटी प्रशोधन, उद्योग स्थापना र वित्तीय पहुँच तथा गुणस्तर प्रमाणीकरण लगायतका सुविधाहरू सुनिश्चित गरी मूल्य श्रृङ्खला सिर्जना गर्ने।

(४) **विद्युत उत्पादन, उपयोग र व्यापार मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्नेः** जलविद्युत उत्पादन वृद्धि गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न जलविद्युत लगानी सहजीकरणका लागि एकद्वार प्रणाली अवलम्बन गर्ने; ऊर्जा क्षेत्रमा सहुलियतको व्यवस्था गर्ने; वातावरणीय अध्ययन र जग्गा प्राप्तिलाई सहजीकरण तथा प्रक्रियागत सरलीकरण गर्ने; गैरआवासीय नेपालीको लगानी आकर्षण गर्ने; स्वतन्त्र ऊर्जा उत्पादकहरूको सशक्तीकरण गर्ने; आन्तरिक मागको सिर्जना गर्ने; विद्युतीय सामग्रीको प्रयोगमा अनुदान र सहुलियतको व्यवस्था गर्ने; प्रसारण र वितरण प्रणालीको स्तरोन्नति गर्ने; सार्वजनिक र निजी लगानीको सुरक्षाको प्रत्याभूति गर्ने; सौर्य र वायु ऊर्जा जस्ता नवीकरणीय ऊर्जा प्रोत्साहन गर्ने; ऊर्जा व्यापारमा निजी क्षेत्रलाई सहभागी गराउन कानूनी प्रबन्ध गर्ने; जलविद्युत क्षेत्रमा जलाशययुक्त र बहुउद्देश्यीय आयोजनाको निर्माण गर्ने; औद्योगिक करिडोर विकास र विस्तारका लागि विद्युत सेवा नियमित

र गुणस्तरीय बनाउने; कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न आवश्यक सतह, भूमिगत, साना तथा मझौला जलाशय र लिफ्ट सिँचाइ प्रणालीको निर्माण, विस्तार र स्तरोन्नति तथा यसका लागि आवश्यक विद्युत प्रसारण लाइनको विस्तार गर्ने।

(५) **जलस्रोतको बहुआयामिक उपयोग, नदी व्यवस्थापन र स्वचालित मौसम पूर्वानुमान प्रणाली प्रवर्द्धन गर्ने:** जलस्रोतको बहुआयामिक उपयोग गर्ने; नदी बेसिन योजना कार्यान्वयन गर्ने; नदी बहावको क्षेत्र तोकी संरचनाहरू निर्माण गर्ने नीति अवलम्वन गर्ने; नदी किनाराको जोखिम क्षेत्रको पहिचान एवम् वर्गीकरण गरी जोखिम नियन्त्रण र न्यूनीकरणको जैविक तथा भौतिक उपाय अवलम्वन गर्ने; नदीजन्य सामाग्रीको वैज्ञानिक उपयोग गर्ने; नदी सौन्दर्यीकरण तथा नदी किनाराहरूको पुनर्स्थापना गर्ने; नदी कानून लागु गरी प्रभावकारी नियमन गर्ने; जल तथा मौसमसम्बन्धी तथ्याङ्कलाई स्वचालित बनाइ पूर्व सूचना प्रणालीलाई भरपर्दो र तात्कालिक समयमा आधारित बनाइ क्षति न्यूनीकरणमा सहयोग गर्ने।

(६) **उद्योगको विकास र विस्तार मार्फत कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान अभिवृद्धि गर्ने:** उद्योगको स्थापना तथा विस्तारका लागि आवश्यक पर्ने लगानीको लागि आन्तरिक स्रोतको अतिरिक्त वैदेशिक स्रोतलाई आकर्षित गर्न लगानीसम्बन्धी कानूनलाई संशोधनको माध्यमबाट उपयुक्त लगानी वातावरण तयार गर्ने; गुणस्तरीय उत्पादनको लागि आवश्यकतानुसार स्थानीय कच्चा पदार्थ र आधुनिक प्रविधिको प्रयोगमा जोड दिने; सबै किसिमका उद्योगका लागि वर्तमान तथा भविष्यमा आवश्यक पर्ने जनशक्तिको लेखाजोखा गरी उपयुक्त व्यवस्थापन गर्ने र उद्यमशील कार्य संस्कृति एवम् असल श्रम सम्बन्ध अभिवृद्धिमा जोड दिने; रैथाने तथा मौलिक सीप र प्रविधिको संरक्षण र प्रवर्द्धन गरी औद्योगिक श्रृंङ्खलामा आबद्धता कायम गर्ने; मुलुकभर रहेका सम्भावित खानीहरूको खोजी, अन्वेषण र पहिचान गर्न लगानी बढाउनुका साथै खानीहरूको व्यवस्थित अभिलेखीकरण गरी व्यावसायिक प्रयोगमा ल्याउने; कृषि, वन तथा खानीजन्य साना, मझौला तथा घरेलु उद्योगहरूको विकास र प्रवर्द्धन गर्ने र प्रतिस्पर्धात्मक क्षमता एवम् तुलनात्मक लाभ भएका वस्तु तथा सेवाको पहिचान गरी व्यावसायिक उत्पादन प्रणालीको स्थापना तथा विकास मार्फत कुल गार्हस्थ्य उत्पादनमा योगदान अभिवृद्धि गर्ने।

(७) **अन्तर्राष्ट्रिय व्यापारमा सन्तुलन कायम गर्ने:** मुलुकको अन्तर्राष्ट्रिय व्यापारमा सन्तुलन कायम गर्नको लागि देशमा उत्पादित वस्तुको गुणस्तरमा वृद्धि गर्दै देशगत तथा वस्तुगत व्यापार विविधीकरण गर्ने; आधुनिक प्रविधि एवम् स्वच्छ ऊर्जाको उपयोग गरी उत्पादन तथा पारवहन लागत कटौती गर्दै उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने; थप मुलुकसँग द्विपक्षीय तथा क्षेत्रीय व्यापार सन्धि-सम्झौता गर्नुका साथै विद्यमान सन्धि-सम्झौताको

पुनरावलोकन र प्रभावकारी कार्यान्वयन मार्फत वैदेशिक व्यापारमा आयात व्यवस्थापन र निर्यात वृद्धि गर्ने; उद्योगमा लगानीमैत्री वातावरण सिर्जना गरी स्वदेशी तथा विदेशी लगानी बढाउन अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी नीति तथा कानूनमा समसामयिक पुनरावलोकन गर्नुको साथै अन्तर्राष्ट्रिय व्यापारलाई प्रवर्द्धन गर्न विशेष आर्थिक क्षेत्र, सुक्खा बन्दरगाह जस्ता पूर्वाधारको विकासमा जोड दिने; उद्योगमा नेपाली मौलिक उत्पादनको ब्रान्डिङ, पेटेन्ट अधिकार र अन्तर्राष्ट्रिय बजारको अग्र र पृष्ठ सम्बन्धसहितको मूल्य श्रृङ्खलामा आबद्धता र सञ्जालीकरण गर्ने।

(८) **कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्ने:** पर्यटन क्षेत्रबाट मूल्य अभिवृद्धिमा सुधार गर्दै आम्दानी बढाएर कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउने; दिगो विकासको मर्मअनुरूप नेपालको पर्यटन उद्योगलाई पर्यापपर्यटनसँग जोड्ने; स्वदेशी तथा विदेशी लगानी आकर्षित गरी पर्यटकीय पूर्वाधारको विकास एवम् विस्तार गर्ने; पर्यटन प्रवर्द्धनका लागि क्षेत्रगत रूपमा कृषि पर्यटनको विकास तथा विस्तार गर्ने; स्थानीय स्तरमा उत्पादन भएका पर्यटकीय उपजहरूको व्यावसायीकरण गर्ने; पर्यटनबाट प्राप्त लाभको समन्यायिक वितरणका लागि अग्र र पृष्ठ सम्बन्ध विकासको माध्यमबाट पर्यटनको लाभ स्थानीय समुदायसम्म पुऱ्याउने; पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्न विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठानहरूसँग सहकार्य गरी यस क्षेत्रमा आवद्ध जनशक्तिको सीप र क्षमता विकास गर्ने; रणनैतिक महत्त्वका मुलुकहरूलाई लक्षित गरी पर्यटन प्रवर्द्धनको कार्यक्रम सञ्चालन गर्ने र स्रोत बजारमा नेपालका पर्यटकीय गन्तव्य तथा सेवाको प्रवर्द्धन गर्ने र पर्यटकको सुरक्षा सुनिश्चित गर्ने।

(९) **ग्रामीण तथा शहरी क्षेत्रबीचको आवद्धता अभिवृद्धि गर्ने:** उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि समय र दुरी छोट्याउने; यातायात तथा पारवहन सुविधाको विस्तार गर्दै उत्पादन क्षेत्रलाई बजारसँग जोड्ने; ग्रामीण र शहरी अर्थतन्त्रबीच सन्तुलन तथा समन्वय कायम गर्न यातायात तथा सञ्चार आवद्धता बढाउने।

(१०) **अध्ययन, अनुसन्धान र विकासमा जोड दिने:** कृषि, उद्योग, ऊर्जा, सिँचाइ, जलस्रोत, पर्यटन, व्यापार लगायतका क्षेत्रमा अध्ययन-अनुसन्धानका लागि नीतिगत तथा संस्थागत व्यवस्था; लगानी अभिवृद्धि र जनशक्तिको क्षमता अभिवृद्धि गर्ने; अध्ययन, अनुसन्धानबाट प्राप्त नतिजा तथा सुझावलाई कृषि तथा उद्योग लगायतका क्षेत्रको विकासमा उपयोग गर्ने।

(११) **सुशासन तथा संस्थागत सुदृढीकरण गर्ने:** उत्पादनदेखि उपभोगसम्मका विभिन्न चरणमा आबद्ध सरोकारवाला व्यक्ति तथा निकायहरूका कामकारबाहीलाई पारदर्शी, जिम्मेवार र

उत्तरदायी बनाउने; नियमनकारी निकायहरूको नियमन प्रणालीलाई प्रभावकारी बनाउने र अन्तर-सरकारी तथा तहगत निकायहरूबीच अन्तरसम्बन्ध स्थापित गरी उत्पादनशील क्षेत्रमा संस्थागत सुदृढीकरण गर्ने।

(१२) **सूचना प्रविधिको प्रयोगमा जोड दिने:** उत्पादनका साधनहरूको क्षमता तथा कुशलता अभिवृद्धिका लागि आधुनिक सूचना प्रविधिको प्रयोग बढाउने; अर्थतन्त्रका क्षेत्रगत उत्पादन अभिवृद्धिका लागि सूचना प्रविधिको प्रयोग बढाई क्षेत्रगत अग्र तथा पृष्ठसम्बन्ध स्थापित गर्न सूचना सञ्जाल तथा प्रविधिको प्रयोगमा जोड दिने।

## ३.५ प्रमुख कार्यक्रम

(१) **भूमिको सदुपयोग मार्फत कृषिको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि कार्यक्रमः** सबै स्थानीय तहको भूमिको वर्गीकरण तथा भू-उपयोग योजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन; भूमिको पुनः नाप नक्सा; भूमि बैङ्क र भूमि बजारको अवधारणालाई कार्यान्वयनमा लैजान आवश्यक कानूनी एवम् संस्थागत व्यवस्था, प्रत्येक स्थानीय तहमा भूमि सूचना केन्द्र स्थापना; कृषियोग्य भूमिको उपलब्धताका आधारमा स्थानीय तहहरूलाई उत्पादन बढाउन विशेष सहुलियत प्रदान; जैविक तथा प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन; माटोको नियमित परीक्षणका आधारमा माटोको गुणस्तर सुधार कार्यक्रम सञ्चालन; प्रयोगमा नआएका सरकारी स्वामित्वको जमिन कृषि तथा अन्य उत्पादनशील क्षेत्रमा उपयोग; सहकारी तथा सामूहिक खेतीको साथै बगर खेती प्रवर्द्धन तथा विस्तार; जैविक कृषि उत्पादनमा जोड।

(२) **कृषि क्षेत्रप्रति आकर्षण अभिवृद्धि कार्यक्रमः** स्थानीय तहमा सार्वजनिक-निजी-सहकारी सहकार्य मार्फत कृषिजन्य पूर्वाधार विकास, विस्तार तथा सञ्चालन; उन्नत जातका नश्ल, बीउ बिजन र मलखादको उपलब्धताको सुनिश्चितता; उद्यमीलाई दिइने सेवा सुविधाको सुनिश्चितता; विभिन्न सरोकारवाला निकायहरू मार्फत कृषिजन्य सामग्री, यन्त्र, उपकरण, प्रविधि तथा ज्ञान सीपमा कृषकको पहुँच स्थापना; कृषि अनुसन्धानसम्बन्धी निकायहरूको सबलीकरण; कृषि अनुसन्धान, शिक्षा र प्रसार बीच अन्तर-आबद्धता कायम गर्ने संयन्त्र निर्माण; क्यालेण्डर तयार गरी निर्धारित गरिएको मितिभित्र आधारभूत कृषि उपजको न्यूनतम समर्थन मूल्य तोकी उत्पादित वस्तु खरिदको सुनिश्चतता; बजारमा कृषि उपजको मूल्य स्थिरीकरण गर्ने कार्यमा समेत सघाउ पुऱ्याउन कृषि उपजको खरिद, भण्डारण, गुणस्तर अनुगमन, ब्राण्डिङ तथा निर्यातका लागि निजी क्षेत्रसँगको सहकार्य; कानून तर्जुमा गरी करार खेती तथा चक्लाबन्दीलाई प्रोत्साहन तथा प्रवर्द्धन; उत्पादनमा आधारित अनुदान प्रणालीको संस्थागत विकास; बजारमुखी उत्पादन प्रणाली विकास गरी उत्पादनलाई बजारसँग आवद्धता; स्वदेशी

उत्पादनमा आधारित डिपार्टमेन्टल स्टोरहरू सञ्चालन; कृषि उपज बजारीकरण र लागत न्यूनीकरणमा जोड; स्थानीय हाटबजार प्रवर्द्धन, कृषिमा अनुदानको साथै कर्जा तथा बैंकिङ र बीमामा प्रक्रियाको सरलीकरण गरी कृषकहरूको पहुँच अभिवृद्धि; सीप तथा शैक्षिक प्रमाणपत्र र आयोजनाका आधारमा बीउ पुँजी तथा कर्जा दिने व्यवस्था; जलवायुमैत्री कृषि प्रणाली अवलम्वन, महिलामैत्री तथा युवा लक्षित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन; कृषिका नवीन्तम् प्रविधिहरूको प्रवर्द्धन मार्फत कृषि उद्यम र रोजगारी सिर्जनाद्वारा कृषिक्षेत्रमा आकर्षण वृद्धि; कृषकलाई सहुलियत दरमा विद्युत सुविधा प्रदान; कृषि सेवा प्रवाहका लागि स्थानीय तहमा न्यूनतम आवश्यकतासहितको संरचना, पूर्वाधार तथा प्राविधिक जनशक्ति व्यवस्था।

(३) **उत्पादन तथा रोजगारी अभिवृद्धि गर्ने नयाँ मोडेलमा आधारित कार्यक्रमः** जल, जमिन,जङ्गल, जैविक विविधता, रैथाने प्रविधि र श्रम शक्तिको विवेकशील प्रयोग गरी उत्पादन र रोजगारी वृद्धि गर्ने कार्यमा प्रयोग; सामूहिक प्रणालीमा हिमाली क्षेत्रमा भेडाबाखा, च्याङ्ग्रा, चौंरीपालन तथा स्याऊ, ओखर लगायतका फलफूल, जडिबुटीलाई कृषि खेतीका रूपमा विकास गरी खेति गरिने सबै जडिबुटीलाई कृषि उपजको रूपमा मान्यता प्रदान; सरकार र स्थानीय घरपरिवारको सहकार्यमा मृग, कस्तुरी, बँदेल, स्थानीय जातका कालिज जस्ता वन्य पशुपन्छीपालनका फार्महरू सञ्चालन; बाँझो जमिन, बगर, भीरपाखा, वनक्षेत्र तथा नदी खण्डहरूलाई उत्पादन तथा रोजगारीसँग आवद्धता।

(४) **कृषिको आधुनिकीकरण र व्यावसायीकरण कार्यक्रम**ः हाल सञ्चालनमा रहेका कृषिसम्बन्धी कार्यक्रमहरूको पुनर्संरचना गरी नयाँ मोडेलमा सञ्चालन; कृषि उत्पादनको बजार सुनिश्चित गर्न आन्तरिक उत्पादनको उपभोग अभिवृद्धि; ताजा तरकारी तथा फलफूल खाडी मुलुकहरूमा निर्यात कार्यक्रम; कृषि वस्तुको प्रशोधन उद्योग तथा कृषि उपजलाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने उद्योग स्थापना गर्न सुविधा प्रदान; सातै प्रदेशमा एग्रो-इण्डष्ट्रियल पार्क स्थापना।

(५) **समुदाय तथा निजी क्षेत्रको सहभागितामा आधारित कार्यक्रमः** राजमार्ग र ठूला सडकको दायाँबायाँको क्षेत्रमा फलफूलका बोट विरुवा लगाउने समुदायमा आधारित कार्यक्रम सञ्चालन; उच्च मूल्य श्रृङ्खलाका कृषि उपजको उत्पादनलाई प्रोत्साहन; जडिबुटि उत्पादनसम्बन्धी विशेष कार्यक्रम मार्फत जडिबुटीको व्यावसायिक खेती, प्रशोधन तथा निर्यातको व्यवस्था; उपयुक्त स्थानहरू छनौट गरी स्थानीय समुदाय र निजी क्षेत्रको सहभागितामा ठूलो स्केलका जडिबुटी खेती गर्ने फार्महरू स्थापना; यसका लागि सार्वजनिक जमिन साथै सार्वजनिक, सामुदायिक तथा कबुलियती वन लिजमा दिने व्यवस्था; हिमाली पाटनहरूमा यार्सागुम्वा लगायतका उच्च मूल्यका औषधिजन्य वनस्पति तथा जडिबुटीको

अनुसन्धान र व्यावसायिक खेतीको संभाव्यता अध्ययन तथा मोडालिटी तय गरी त्यस्ता जडिबुटीहरूको फार्म स्थापना, उत्पादन, ब्राण्डिङ र निर्यात; विरुवाको प्रशोधन गरी सारतत्व (Abstract) निर्यात।

(६) **बीउ-बिजनको विकास, मल तथा कृषिऔजारसम्बन्धी सुनिश्चितता कार्यक्रम**: निजी क्षेत्रसँगको सहकार्यमा बीउ-बिजनको विकास तथा उत्पादन; कृषि जनशक्ति व्यवस्थापन तथा सीप अभिवृद्धि; विशिष्टिकृत जनशक्ति विकासमा सहयोग तथा कृषि प्राविधिक सेवाको सहजरूपमा उपलब्धता, ठूला व्यावसायिक फर्म सञ्चालन; प्रदेश तहमा प्राङगारिक मल उत्पादन कार्यक्रम; स्वदेशी उत्पादन र आयात समेतबाट कृषि औजारको आपूर्ति; नयाँ प्रविधिमा आधारित रासायनिक मल कारखाना स्थापना, खोप तथा औषधिको आपूर्तिको सुनिश्चितता।

(७) **सिँचाइ सुविधा मार्फत कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि कार्यक्रम**: कृषिको उत्पादन र उत्पादकत्व बढाउन सिँचाइ व्यवस्थामा सुधार; निर्माणाधीन सिँचाइ आयोजनाहरू यथाशीघ्र सम्पन्न तथा नवीन् प्रविधिमा आधारित सिँचाइ प्रविधिको विकास; सिञ्चित क्षेत्रमा सघन कृषि तथा पशुपन्छी विकास कार्यक्रम; नयाँ सिँचाइ आयोजनाहरू अघि बढाउँदा हिमाली तथा पहाडी क्षेत्रमा नदीको पानीबाट लिफ्ट सिँचाइ र तराईमा भूमिगत स्रोतबाट पम्प सिँचाइलाई प्रोत्साहन गर्न विद्युत महशुलमा राज्यले अनुदान दिने व्यवस्था; सिँचाइ समस्याको दीर्घकालीन समाधानका लागि पूर्वपश्चिम राजमार्गको समानान्तरमा नहर निर्माण गर्नेगरी विभिन्न नदीनालाहरूको पथान्तरण; चुरे तथा पहाडी क्षेत्रमा ठूला पोखरीहरू निर्माण गरी वर्षाको पानी सङ्कलन र पुर्नरभरणको व्यवस्था।

(८) **पूर्व तयारी मार्फत कृषिजन्य क्षति न्यूनीकरण कार्यक्रम** : जल तथा मौसमसम्बन्धी मापन केन्द्रहरूलाई आधुनिक, स्वचालित बनाइ सूचना प्रणालीलाई पहुँचयोग्य बनाउने; जल तथा मौसमसम्बन्धी सूचनाहरूबाट प्रदान गरिएको पूर्व सूचना प्रणालीलाई भरपर्दो र समय सापेक्ष बनाउने; उपयुक्त प्रविधि तथा अभ्यासको अवलम्बन गरी जङ्गली जनावरबाट कृषि बालीमा हुने हानी न्यूनीकरण अभियान सञ्चालन।

(९) **स्वच्छ तथा पोषणयुक्त खाद्य प्रवर्द्धन कार्यक्रम**: खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न मौलिक एवम् रैथाने उत्पादनमा जोड दिने; प्रकृतिमैत्री उत्पादन प्रणालीलाई अनुसरण गर्दै दिगो उपयोगको पद्धति अवलम्बन, खाद्य प्रणाली रूपान्तरणकारी क्रियाकलापलाई स्थानीयकरण, खाद्य वस्तुको उत्पादन, प्रशोधन, बजारीकरण, ब्राण्डिङ र उपयोगमा स्थानीय तहको क्षमता वृद्धि गर्दै सो मार्फत मूल्य श्रृङ्खला सिर्जना, स्थानीय तहमा खाद्यान्न आत्मनिर्भरता प्रवर्द्धन कार्यक्रम सञ्चालन; स्वदेशी एवम् आयातित खाद्य पदार्थहरूको मापदण्ड निर्धारण,

खाद्यान्न तथा खाद्य वस्तुहरूको अनिवार्य रूपमा विषादी र अखाद्य पदार्थ मिसावटको परीक्षण गर्ने गरी संस्थागत व्यवस्था; नाकामा आयातित खाद्य वस्तुको क्वारेन्टाइन जाँचको व्यवस्था; कृषिजन्य उत्पादन अभिवृद्धि र बजारीकरणका लागि सहकारी परिचालन; उत्पादनदेखि उपयोगसम्म असल कृषि अभ्यास अवलम्बन।

(१०) **समृद्धिको लागि जडिबुटीको व्यावसायीकरण कार्यक्रमः** उच्च मूल्यका जडिबुटीको प्रविधि विकास; व्यवसायीकताको लागि पकेट क्षेत्र पहिचान एवम् निर्धारण र प्रवर्धनका लागि उद्यमीहरूलाई प्राविधिक तथा वित्तीय सहयोग कार्यक्रम सञ्चालन; गाँजाको व्यावसायिक प्रयोजनका लागि सम्भाव्यता अध्ययन तथा अनुसन्धान गरी नियन्त्रित उत्पादन र प्रयोगलाई अनुमति दिने व्यवस्था; मूल्य शृङ्खला बढाउन जडिबुटीको बजारीकरण, नेपालमै प्रशोधन, उद्योग तथा गुणस्तर प्रमाणीकरणका लागि सामयिक नीतिगत तथा संस्थागत व्यवस्था; थप जडिबुटीको विकास तथा बिस्तारको लागि अध्ययन तथा अनुसन्धानमा सहजीकरण।

(११) **वनजन्य स्रोतको विवेकशील उपयोग गरी उत्पादन र रोजगारी अभिवृद्धि कार्यक्रमः** वन स्रोतको विवेकशील उपयोग गरी उत्पादन, रोजगारी र आयआर्जन बढाउन ढले-पडेका र बुढा-पूराना रुखहरू कटान गरी निर्माण कार्य र फर्निचर उद्योगमा प्रयोग; फर्निचर निर्यात गर्न स्वदेशी तथा विदेशी लगानीमा फर्निचर उद्योगहरू खोल्ने; रुख कटान गरिएको क्षेत्रमा नयाँ गुणस्तरीय जातको वृक्षारोपण र संरक्षण; वन क्षेत्र लिजमा उपलब्ध गराई जडिबुटि, खेति, वन्य पशुपन्छीको व्यवसायिक पालन; फलफूल खेति प्रवर्द्धन; प्राकृतिक स्रोतको प्रयोगबाट स्थानीय घरपरिवारले अधिक लाभ प्राप्त गर्ने गरी सामुहिक प्रणालीको उद्यम-व्यवसाय सञ्चालन; प्राकृतिक स्रोत-साधनको क्षय वा दोहन हुन नदीने गरी कार्यविधि कार्यान्वयन; वनमा कृषिजन्य र कृषिमा वनजन्य उद्यम व्यवसाय गर्न सकिने गरी विधिगत व्यवस्था र प्रक्रियागत सहजीकरण कार्यक्रम।

(१२) **औद्योगिक विकास तथा लगानी प्रोत्साहन कार्यक्रमः** स्वदेशी तथा वैदेशिक लगानीलाई प्रोत्साहन गर्न लगानीसम्बन्धी कानून संशोधन गरी लगानी वातावरण सहजीकरण गर्ने, कम्पनी दर्तादेखि बहिर्गमनसम्मका प्रक्रियालाई स्वचालित बनाइने, निर्माणाधीन औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामहरूको प्राथमिकीकरण, निर्माण सम्पन्न तथा पूर्ण क्षमतामा सञ्चालन; तहगत तथा क्षेत्रगत समन्वय र सहकार्यका स्थान र आवश्यकता आकलन गरी थप सङ्ख्यामा औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक ग्राम सञ्चालन; औद्योगिक विकासका लागि कृषि तथा देशभित्र उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापनामा विशेष जोड; सरकारले जमिन उपलब्ध गराई सार्वजनिक-निजी साझेदारीमा औद्योगिक क्षेत्र निर्माण तथा विकास; निर्यातजन्य वस्तु उत्पादनमा स्वदेशी एवम्

वैदेशिक लगानी प्रोत्साहन; उद्योग नीति प्रक्रिया र व्यवस्थामा सरलीकरण; विभिन्न वस्तुहरूको नेपाली ब्राण्डलाई स्थापित गर्न निजी क्षेत्रसँग सहकार्य अभिवृद्धि।

(१३) **उद्योग सञ्चालनको लागि सहज वातावरण प्रवर्द्धन कार्यक्रमः** खेतीबाट कारखाना कार्यक्रम मार्फत स्थानीय कच्चा पदार्थलाई उद्योग श्रृङ्खलामा आवद्धता; प्रविधि विकास कोष मार्फत स्टार्टअप उद्यमलाई प्रोत्साहन; खानीहरूको खोजी, अन्वेषण, पहिचान गरी सार्वजनिक-निजी-साझेदारी ढाँचामा खानी उद्योगको व्यावसायिक ढंङ्गले सञ्चालन; उद्योगको लागि आवश्यक सीपयुक्त जनशक्तिको उपलब्धता सुनिश्चित गर्न कार्यस्थलमा आधारित तालीमदेखि विश्वविद्यालय र तालीम केन्द्रसँग समन्वयमा दक्ष जनशक्ति उत्पादन; उद्योगहरूमा न्यूनतम पारिश्रमिकका अलावा उत्पादन एकाइका आधारमा पारिश्रमिक दिने व्यवस्था तथा बैङ्क ब्याजदरलाई उद्यमीमैत्री बनाउन नीतिगत सुधार; स्वदेशी औद्योगिक उत्पादनले विदेशबाट आयात गरिएका सोहि किसिमका वस्तुसँग प्रतिस्पर्धा गर्न सक्ने भन्सार व्यवस्था; चोरी पैठारी नियन्त्रण; मुलुकभित्र पर्याप्त मात्रामा उत्पादन हुने वस्तुको बिक्री सुनिश्चित गर्न भन्सार र गैरभन्सार प्रावधानको उपयोग र व्यापार सन्धिहरूको पुनरावलोकन।

(१४) **घरेलु, साना तथा मझौला उद्योगहरूको विकास र प्रवर्द्धन कार्यक्रमः** घरेलु, साना तथा मझौला उद्योगहरूको विकास र प्रवर्द्धनमा रैथाने ज्ञान, सीप, अनुभवलाई अन्तर-आबद्धता गराई सञ्चालन गर्ने, परम्परागत रैथाने ज्ञान, सीप र प्रविधिलाई नवप्रवर्तनकारी ज्ञान र क्षमतासँग आबद्धता गर्ने, परम्परागत रैथाने ज्ञान, सीप र प्रविधिलाई प्रवर्धन गर्ने उद्यमीलाई विशेष सेवा र सहुलियत दिने लगायतका कार्यक्रम।

(१५) **अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन कार्यक्रमः** उत्पादित वस्तुको गुणस्तरमा वृद्धि गरिनुको अलावा देशगत तथा वस्तुगत व्यापार विविधीकरण गर्ने, उत्पादन तथा पारवहन लागत कटौती गर्दै आधुनिक प्रविधि र स्वच्छ ऊर्जाको प्रयोगको माध्यमबाट उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने, थप मुलुकसँग द्विपक्षीय तथा क्षेत्रीय व्यापार सन्धि, सम्झौता गर्नुका साथै विद्यमान सन्धि, सम्झौताको पुनरावलोकन र प्रभावकारी कार्यान्वयन मार्फत वैदेशिक व्यापारमा आयातको दाँजोमा निर्यातको वृद्धि गर्ने, लगानीमैत्री वातावरण सिर्जना गरी अन्तर्राष्ट्रिय व्यापारलाई प्रवर्द्धन गर्न विशेष आर्थिक क्षेत्र, सुक्खा बन्दरगाह जस्ता निर्यातजन्य पूर्वाधार विकासमा जोड दिने कार्यक्रम।

(१६) **यातायात विस्तार कार्यक्रमः** एकीकृत यातायात योजनामा आधारित भई मल्टिमोडल यातायात प्रणालीको विकासका लागि नीतिगत तथा कानूनी प्रबन्ध गर्ने, राष्ट्रिय शहर, प्रादेशिक राजधानी

तथा आर्थिक केन्द्रहरूलाई संयोजन गर्ने लोकमार्गहरूको निर्माण तथा विस्तार गर्ने, मध्यपहाडी लोकमार्ग, उत्तर-दक्षिण लोकमार्ग, औद्योगिक कोरिडोर जोड्ने लोकमार्ग निर्माण कार्यक्रम।

(१७) **बजार प्रणालीको विकास तथा सुनिश्चतता कार्यक्रमः** उत्पादकका हरेक उत्पादन बिक्री हुने बजारको सुनिश्चितता; कृषि, पशुपन्छी, जडिबुटीको उत्पादन कच्चा पदार्थको रूपमा प्रयोग गर्ने उद्योग सञ्चालन; चिया, सुपारी, अलैची, जडिबुटी, तरकारी, फलफूल, मासुजन्य र दूधजन्य पदार्थ प्रशोधन र ब्राण्डिङ गरी निर्यातको व्यवस्था; उखु कृषकहरूको सामुहिक लगानी वा सहकार्यमा चिनी उद्योग सञ्चालन; कृषि वस्तुको खरिद तथा बजारीकरणमा एपको प्रयोग गरी कृषकहरूको फार्मबाटै कृषि उत्पादन सङ्कलन तथा खरिद व्यवस्थापन प्रणाली विकास कार्यक्रम।

(१८) **जलविद्युत विकास तथा विस्तार कार्यक्रमः** ऊर्जा क्षेत्रको विकास र विस्तारका लागि सरकारी लगानीमा वृद्धि, निजीक्षेत्रसँग सहकार्य तथा आन्तरिक र वैदेशिक लगानी प्रवर्द्धन; ऊर्जा दक्षता र ऊर्जा सुरक्षा प्राप्ति र आन्तरिक माग सिर्जना गर्दै विद्युत सेवाको भरपर्दो र गुणस्तरीयता अभिवृद्धि; विद्युत व्यापारका लागि कार्ययोजना बनाइ कार्यान्वयन गर्नुका साथै निजी क्षेत्रलाई पनि विद्युत व्यापारमा संलग्न गराउन कानूनी व्यवस्था; दुई वर्ष भित्र पूर्ण विद्युतीकरण; जलाशययुक्त, अर्ध-जलाशययुक्त आयोजनामा स्वदेशी लगानीलाई संरक्षण र प्राथमिकता दिई राष्ट्रिय हित हुनेगरी वैदेशिक लगानी परिचालन; राष्ट्रिय र अन्तरदेशीय प्रसारण लाइनहरूको निर्माण; आगामी १२ वर्षमा २८ हजार ५ सय मेगावाट विद्युत उत्पादन गर्ने गरी पूर्वाधार तयारी; उत्पादन भएको विद्युतको आन्तरिक खपत र निर्यातबाट पूर्ण उपयोग हुनेगरी ट्रान्समिसन लाइनहरू निर्माण; पूराना लाइनहरूको स्तरोन्नतिका कार्य सम्पन्न; ट्रान्समिसन लाइनले चर्चेको जमिनलाई छुट्टै कित्ता कायम गरी लाइनको दायाँ-बायाँ रहेको भूमि उत्पादन र बैङ्क धितोमा प्रयोग गर्न पाउने व्यवस्थाको अवलम्बन।

(१९) **नवीकरणीय ऊर्जाको प्रवर्द्धन कार्यक्रमः** कुल ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अंश वृद्धि; जलवायु वित्त परिचालन मार्फत नविकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी कार्यक्रम सञ्चालन; विद्युत सेवा नपुगेका स्थानमा वैकल्पिक ऊर्जा उपलब्धता; नवीन् प्रविधिको उपयोग गर्ने र फोहोरबाट ऊर्जा उत्पादन; निर्माण सम्पन्न भएका जलविद्युत आयोजना र खाली जग्गामा सौर्य ऊर्जा उत्पादनमा प्रोत्साहन; सौर्य, वायु र हाइड्रोजन लगायत ऊर्जा उत्पादन; जैविक ऊर्जा स्रोतलाई प्रदूषणरहित ऊर्जा स्रोतद्वारा प्रतिस्थापन।

(२०) **जलस्रोतको बहुआयामिक उपयोग कार्यक्रमः** नदी बेसिन गुरुयोजनाको आधारमा जलस्रोतको उपयोग; एकीकृत जलस्रोत व्यवस्थापन तथा यसको बहुउद्देशीय उपयोगलाई प्राथमिकताका

साथ प्रवर्धन; जलस्रोतको संरक्षण तथा विकासमा निजी क्षेत्र तथा सरोकारवालाहरूको सहभागिता वृद्धि।

(२१) **जल तथा मौसम सेवाको आधुनिकीकरण कार्यक्रमः** जल तथा मौसम मापन केन्द्रको स्तरोन्नति तथा थप केन्द्रहरूको निर्माण; सेवालाई भरपर्दो र स्वचालित बनाउन आवश्यक पूर्वाधारहरूको निर्माण; विश्वसनीय पूर्व सूचना प्रणालीको लागि आधुनिक प्रविधिको उपयोग; प्रभावमा आधारित पूर्वानुमान सेवा तथा जन स्वास्थ्य, कृषि, नागरिक उड्डयन, ऊर्जा, जलस्रोत क्षेत्रका लागि विशिष्टकृत सेवाको विकास।

(२२) **पर्यटन क्षेत्र विकास तथा सुदृढीकरण कार्यक्रमः** पर्यटन उपजहरूको विकास गरी प्रचार प्रसार एवम् आतिथ्यता व्यवस्थापनमा सुधार; पर्यटन प्रर्वद्धन मार्फत पर्यटक आगमन सङ्ख्यामा वृद्धि गरी नेपाल बसाइको अवधि लम्ब्याउने कार्यक्रम; पर्यटकको दैनिक खर्च रकममा वृद्धि ल्याउने र पर्यटन व्यावसायबाट अधिकतम मूल्य अभिवृद्धि गर्ने उपायको अवलम्बन; रोजगारीका अवसरहरूमा वृद्धि तथा पर्यटन क्षेत्रको विविध विधामा अध्ययन अनुसन्धान; स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गरी पर्यटन क्षेत्रको समग्र विकासका लागि पर्यटकीय पूर्वाधारहरूको विकास तथा विस्तार; धार्मिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा सम्वर्द्धन गरी थप आकर्षक गन्तव्यको पहिचान र विकास; प्रमुख पर्यटकीय स्थलहरूलाई अन्य पर्यटकीय गन्तव्यसँग जोडी आर्थिक लाभ हुने अवस्थाको सिर्जना; पर्यटनलाई सांस्कृतिक सम्पदासँग जोड्ने; सार्वजनिक-निजी साझेदारिमा भारत, चीन लगायत अन्य मुलुकका पर्यटकहरूलाई लक्षित गरी पर्यटन प्रवर्द्धनकारी कार्यक्रम सञ्चालन; स्थानीय उत्पादनलाई पर्यटकीय उपजको रूपमा प्रर्बद्धन गरी अग्र र पृष्ठ सम्बन्ध विकास; स्थानीय तहसँगको समन्वयमा ग्रामीण पर्यटन विस्तार; मुलुकभरका पर्यटकीय सम्पदामा स्थानीय समुदायको सक्रियता र सहभागिताको सम्मान गर्दै पर्यटनबाट भएको आम्दानीको यथोचित सुव्यवस्था, बाँडफाँट तथा वितरण; पर्यटन उद्यममा पिछडिएको समुदाय, महिला, दलित तथा आदिवासी जनजातिको संलग्नतालाई प्रोत्साहन तथा क्षमता विकास।

(२३) **अध्ययन, अनुसन्धान तथा क्षमता विकास कार्यक्रमः** कृषि, उद्योग तथा सेवाक्षेत्रसँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा विकासमा सार्वजनिक-निजी-साझेदारी अवलम्वन र विश्वविद्यालय तथा अनुसन्धान प्रतिष्ठानसँगको सहकार्यमा व्यवहारिक अध्ययन, अनुसन्धान सञ्चालन, विभिन्न क्षेत्रमा संलग्न जनशक्ति तथा संस्थागत क्षमता विकास गर्न विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठानहरूसँग सहकार्य; सीपमूलक तालीम कार्यक्रम सञ्चालन गर्ने तथा दक्ष जनशक्ति आपूर्तिको सुनिश्चितता।

(२४) **सूचना प्रविधिको विकास र उपयोगः** श्रम, भूमि, पुँजी लगायतका उत्पादनका साधनको दक्षता अभिवृद्धिका लागि सूचना प्रविधि पूर्वाधारको विकास तथा विस्तार; क्षेत्रगत उत्पादन चक्र र उत्पादनसँग आवद्ध अग्र तथा पृष्ठ सम्बन्ध भएका विषय क्षेत्रहरूको उत्पादकत्व बढाउन सूचना प्रविधिको प्रयोग।

## ३.६. परिमाणात्मक लक्ष्य

### कृषि तथा पशुपन्छी क्षेत्र

| क्र.सं. | परिसूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | **उत्पादकत्व** | | | |
| १.१ | धान | मे. टन/ हे. | ३.७९ | ४.८४ |
| १.२ | मकै | मे. टन/ हे. | ३.२ | ४.५ |
| १.३ | गहुँ | मे. टन/ हे. | २.९५ | ३.३४ |
| १.४ | आलु | मे. टन/ हे. | १७.२ | २१.९५ |
| १.५ | तरकारी | मे. टन/ हे. | १४.३३ | १६.६१ |
| १.६ | मसलाबाली | मे. टन/ हे. | ७.८६ | ९.११ |
| १.७ | फलफूल | मे. टन/ हे. | १०.९४ | १२.०८ |
| १.८ | दलहन | मे. टन/ हे. | १.२५ | १.४ |
| १.९ | तेलहन | मे. टन/ हे. | १.१५ | १.२७ |
| २. | **उत्पादन** | | | |
| २.१ | स्रोत बीउ | मे.टन (हजारमा) | ४.४ | ५.१० |
| २.२ | उन्नत जातका बीउ | मे.टन (हजारमा) | २७.२२ | ४३.८४ |
| २.३ | मह | मे. टन. प्रति वर्ष | ५४०६ | ६६०० |
| २.४ | च्याउ | मे. टन. प्रति वर्ष | १४३०० | १८००० |
| २.५ | दूध | हजार मे. टन | २५६६ | ३०५० |
| २.६ | मासु | हजार मे. टन | ५१२ | ५९० |
| २.७ | अण्डा | करोड गोटा | १३३ | १६० |
| २.८ | माछा | हजार मे.टन | १०८ | १३० |
| ३. | कृषियोग्य जमिन मध्ये बाह्रै महिना सिँचाइ हुने क्षेत्र | प्रतिशत | २५ | ५० |

| क्र.सं. | परिसूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| ४. | माटोको जैविक पदार्थको मात्रा | प्रतिशत | १.९६ | २.५ |
| ५. | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १.३ | १.० |
| ६. | केन्द्रीय खाद्य स्वच्छता सूचना प्रणाली | सङ्ख्या | ० | ८ |
| ७. | पशुपन्छीको नश्ल सुधार | डोज (लाखमा) | ७ | ११ |
| ८. | वीर्य उत्पादन तथा वितरण | डोज (लाखमा) | ९ | १४ |
| ९. | मत्स्य बिज उत्पादन तथा वितरण | सङ्ख्या (लाखमा) | ५९५ | ८०० |
| १०. | पशुपन्छी खोप उत्पादन | डोज (लाखमा) | ५३८ | ७०० |

**भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण क्षेत्र**

| क्र.सं. | परिसूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | सार्वजनिक सम्पत्ति व्यवस्थापनसम्बन्धी विद्युतीय प्रणालीमा स्थानीय तहको पहुँच | सङ्ख्या | ५१ | ७५३ |
| २ | नेपाल भू-सूचना प्रणाली (NeLIS) मार्फत सेवा प्रवाह हुने कार्यालय | सङ्ख्या | ५५ | १३५ |
| ३ | पूर्ण स्वचालित विद्युतीय भू-सूचना प्रणाली (LRIMS) लागु भएका कार्यालय | सङ्ख्या | ० | १३५ |
| ४ | CORS Network स्थापना | सङ्ख्या | ४ | ३१ |

## उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्र

| क्र.सं. | परिसूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | कुल गार्हस्थ्य उत्पादनमा उत्पादमूलक उद्योगको योगदान | प्रतिशत | ५.२ | ५.४ |
| २ | कुल गार्हस्थ्य उत्पादनमा थोक तथा खुद्रा व्यापारको योगदान | प्रतिशत | १४.१ | १४.० |
| ३ | कार्यस्थलमा आधारित रोजगारमूलक तालीम | सङ्ख्या | १५३ | १५००० |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवाको आयात अनुपात | प्रतिशत | ३४.७ | ३१ |
| ५ | कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवाको निर्यात अनुपात | प्रतिशत | ७.० | ८.५ |
| ६ | आन्तरिक व्यापारको ट्रेड मार्जिन | प्रतिशत | ११.६ | १० |
| ७ | निर्यात/आयात अनुपात | अनुपात | १:१०.३ | १:८.५ |

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन क्षेत्र

| क्र.सं. | परिसूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | वार्षिक पर्यटन आगमन | सङ्ख्या लाखमा | ८.२ | २५ |
| २ | पर्यटकको औसत बसाइँ अवधि | दिन | १३.१ | १५ |
| ३ | प्रति पर्यटक प्रतिदिन औसत खर्च | अमेरिकी डलर | ४०.५ | ८५ |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | २.० | ७ |
| ५ | भ्रमण तथा पर्यटन प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ३.३ | ४ |
| ६ | द्विपक्षीय हवाई सेवा सम्झौता भएका मुलुक | सङ्ख्या | ४० | ४८ |

परिच्छेद ४

# उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा


| | | |
|---|---|---|
| ४.१ | पृष्ठभूमि | ८७ |
| ४.२ | विद्यमान अवस्था | ८८ |
| ४.३ | मुख्य सवाल तथा चुनौती | ९० |
| ४.४ | रूपान्तरणकारी रणनीति | ९२ |
| ४.५ | प्रमुख कार्यक्रम | ९५ |
| ४.६ | परिमाणात्मक लक्ष्य | ९८ |

परिच्छेद ४

# उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा

## ४.१ पृष्ठभूमि

नेपालको संविधानले सम्मानपूर्वक बाँच्न पाउने गरी सामाजिक संरक्षण तथा श्रम र रोजगारीको हकको व्यवस्था गरेको छ। श्रमको उत्पादकत्व अभिवृद्धि र प्रभावकारी व्यवस्थापनबाट उत्पादनशील रोजगारी, मर्यादित काम र दिगो सामाजिक सुरक्षा सुनिश्चित गरी मानव जीवन-चक्रका जोखिमको न्यूनीकरण, तीब्र आर्थिक वृद्धि र सामाजिक न्यायसहितको समावेशी विकासबाट गरिबी घटाउने लगायतका अन्य राष्ट्रिय लक्ष्यहरू हासिल गर्न सकिन्छ। यसका लागि निजी क्षेत्रको विकास गर्दै सुरक्षित रोजगारी र कार्यवातावरण, जीवनयापन गर्न पर्याप्त हुने पारिश्रमिक, समान कामका लागि समान ज्याला, सामाजिक सुरक्षा, सुमधुर श्रम सम्बन्धको स्थापना, श्रम र श्रमिकको सम्मान, सबै प्रकारका श्रम शोषणको अन्त्य, श्रम अधिकार तथा स्तरीकरण र व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सुनिश्चित गर्नु आवश्यक छ। देशको विद्यमान जनसाङ्ख्यिक लाभलाई अधिकतम उपयोग गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न श्रम बजारको आवश्यकतानुसारका नवीन् प्रविधि-मैत्री, दक्ष, सीपयुक्त, कर्मशील, प्रतिस्पर्धी र राष्ट्र सेवाको भावना भएको श्रमशक्तिको उत्पादन र परिचालन मार्फत राष्ट्रिय उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिन्छ। आवश्यकता, अधिकार र योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रमको मिश्रण गरी दिगो र सर्वव्यापी सामाजिक सुरक्षाको व्यवस्था हुनु जरूरी छ।

देशभित्र रोजगारीको अवसर सीमित रहेकोले अझ केही समय युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम निरन्तर रहने सन्दर्भमा यसलाई थप सुरक्षित, व्यवस्थित र मर्यादित बनाउँदै आकर्षक सेवा सुविधा भएका नयाँ गन्तव्य मुलुकहरूको पहिचान गरी श्रम सम्झौता गर्नु आवश्यक छ। बाध्यात्मक रूपले वैदेशिक रोजगारमा जाने अवस्थाको अन्त्य गर्न वैदेशिक रोजगारीसँगै प्राप्त विप्रेषण आय, ज्ञान, सीप, अनुभव, कुशलता, कार्य संस्कृति, प्रविधि, उद्यमशीलता र आत्मविश्वासलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्दै तीन तहकै सरकारको सहकार्यात्मक प्रयासबाट आन्तरिक रोजगारीका अवसर सिर्जना गर्नु आवश्यक छ। मर्यादित कामका लागि अनौपचारिक रोजगारी र स्याहारसम्बन्धी काम तथा अर्थतन्त्रलाई व्यवस्थित गर्नु उत्तिकै जरूरी छ। दिगो विकासका लक्ष्य हासिल गर्न र विकासशील मुलुकमा स्तरोन्नतिसँगै नेपालले प्राप्त गर्दै आएको वित्तीय अनुदान लगायतका सुविधामा हुन सक्ने सङ्कुचनलाई वैदेशिक रोजगारीबाट प्राप्त हुने पुँजी र प्रविधिलाई उत्पादनशील क्षेत्रमा लगानी गरी परिपूर्ति गर्नुपर्ने अवस्था छ।

## ४.२ विद्यमान अवस्था

संविधानले देशको विकासको लागि दक्ष र व्यावसायिक श्रमशक्ति उपलब्ध गराउने, श्रमिक र उद्यमीबीच सुमधुर सम्बन्ध कायम गर्ने, सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने, वैदेशिक रोजगारीबाट आर्जित पुँजी, सीप, प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर सुनिश्चित गर्ने नीति लिएको छ। संविधानले रोजगारी, सामाजिक सुरक्षा र श्रमको हकलाई मौलिक हकको रूपमा समेत स्थापित गरेको छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनका विभिन्न अभिसन्धिहरू र दिगो विकास लक्ष्यले मर्यादित र सुरक्षित रोजगारी, सर्वव्यापी सामाजिक सुरक्षा र श्रमको उत्पादकत्व अभिवृद्धि गर्ने प्रत्याभूति गरेका छन्। आन्तरिक र बाह्य रोजगारीको व्यवस्थापनका लागि बोनस ऐन-२०३०, ट्रेड यूनियन ऐन-२०४९, वैदेशिक रोजगार ऐन-२०६४, रोजगारीको हकसम्बन्धी ऐन, २०७५, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन-२०७४, श्रम ऐन २०७४, राष्ट्रिय रोजगार नीति, २०७१ र वैदेशिक रोजगार नीति, २०६८ कार्यान्वयन गरिएको छ। यी कानूनहरूको समयानुकूल परिवर्तन र नीतिहरूको समीक्षा गरी नयाँ दिशा प्रदान गर्ने प्रक्रिया अगाडि बढाइएको छ। यसका लागि आन्तरिक रोजगारीको प्रवर्द्धन, बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गर्दै यस्तो रोजगारलाई सुरक्षित र व्यवस्थित बनाउने, योगदानमूलक सामाजिक सुरक्षाको विस्तार र सीप विकास मार्फत उत्पादकत्व अभिवृद्धि गर्ने रणनीतिअनुरूप विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन्।

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको जनसाङ्ख्यिक संरचनामा उत्पादनशील उमेर (१५-५९) समूहको जनसङ्ख्या ६७ प्रतिशत रहेको छ। वि.स. २१०३ सम्म यस्तो जनसाङ्ख्यिक लाभको अवस्था रहने छ। विगत तीन दशकदेखि आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून हुँदा अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जाने गरेको छ। आन्तरिक श्रम बजार विश्लेषणको कमी, श्रमिकको माग र आपूर्तिमा असन्तुलन, सीपयूक्त श्रम शक्तिको अपर्याप्तता, कामलाई सम्मान गर्ने संस्कृतिको कमी, आयातमूखी अर्थतन्त्र, कमजोर श्रम निरीक्षण तथा नियमनका कारण विदेशी श्रमिक आप्रवाह बढ्दै गएको र स्वदेशी श्रमिक विस्थापित हुँदै गएको अवस्था छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनको परिभाषा अवलम्बन गरिएको नेपाल श्रमशक्ति सर्वेक्षणकाअनुसार बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ। श्रमशक्तिको ३६.५ प्रतिशत औपचारिक क्षेत्रमा संलग्न रहेको र श्रम शक्ति सहभागिता दर ३८.५ प्रतिशत रहेको छ। पारिश्रमिक नपाई काम गर्ने महिलाहरू पुरूषको तुलनामा ६ गुणा बढी रहेका छन्। अनौपचारिक रोजगारी र स्याहारसम्बन्धी काम तथा अर्थतन्त्रलाई व्यवस्थित गर्ने प्रयासको थालनी गरिएको भए तापनि उल्लेखनीय उपलब्धि हासिल गर्न सकिएको छैन। बालश्रमको समग्र प्रवृत्ति घट्दो क्रममा रहेको भए तापनि ५-१३ वर्ष उमेर समूहका लगभग ११ लाख बालबालिकाहरू घरेलु श्रममा संलग्न रहेका छन्। यसमा करिब २

लाख बालबालिका जोखिमपूर्ण काममा संलग्न रहेको अनुमान छ। बालश्रमका सघन कारण पहिचान गर्दै बालश्रम निवारणका लागि बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५ लागु गरी बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने कार्यलाई अगाडि बढाइएको छ। आ.व.२०७९/८० सम्ममा जम्मा १४ वटा स्थानीय तह बालश्रममुक्त घोषणा भएका छन्।

वित्तीय दिगोपना कायम गर्दै योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तारका लागि सामाजिक सुरक्षा कोषमा आवद्ध हुने रोजगारदाता र श्रमिकको संख्या बढदै गएको छ। वि. स. २०८० को अन्त्यसम्म योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा राष्ट्रिय आर्थिक गणना, २०७५ काअनुसार नेपालमा भएको ९ लाख २३ हजार ३ सय ५६ वटा प्रतिष्ठानमध्ये १८,८४७ प्रतिष्ठान र १२,८०,८८८ जना श्रमिक आवद्ध भएका छन्। सामाजिक सुरक्षा कोषमा आबद्ध हुने प्रतिष्ठानको सङ्ख्या निजी क्षेत्रसँग सहकार्य गरी वृद्धि गर्न विभिन्न प्रयास गरिएको छ। श्रमशक्ति सर्वेक्षणअनुसार करिब १५ प्रतिशत श्रमिक मात्र सामाजिक सुरक्षामा समावेश भएका थिए। पन्ध्रौं योजनामा सामाजिक सुरक्षामा समेटिएको जनसङ्ख्या ६० प्रतिशत पुर्‍याउने  लक्ष्य रहेकोमा करिव ३२ प्रतिशत मात्र पुगेको अनुमान छ। सङ्घीय वार्षिक बजेटको १४.८ प्रतिशत सामाजिक सुरक्षाका विभिन्न ८७ वटा कार्यक्रममा खर्च हुने गरेको छ। प्रदेश सरकार र स्थानीय तहबाट पनि सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गर्न थालिएको छ। यस क्षेत्रमा बढ्दै गएको खर्च व्यवस्थापन गर्न योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रमलाई बढावा दिन र छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमलाई प्रभावकारी बनाउन एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० कार्यान्वयनमा ल्याइएको छ।

श्रम बजारमा उपलब्ध श्रमशक्ति र रोजगारीका अवसरको एकीकृत तथ्याङ्कको कमी रहेको छ। श्रम बजारमा प्रवेश गर्ने जनशक्ति र आन्तरिक श्रम बजारमा उपलब्ध हुने रोजगारीका अवसरका बीच उचित तालमेल मिल्न नसक्दा अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जाने गरेका छन्। आर्थिक वर्ष २०७९/८० मा ७,७१,३२७ जना नेपाली जनशक्ति नयाँ एवम् पुनःश्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका थिए। देशका ५७ प्रतिशत घरपरिवार विप्रेषणको आम्दानीमा निर्भर रहेको अनुमान छ भने सोही अवधिमा करिब रू.१२ खर्ब २० अर्ब विप्रेषण आय प्राप्त भएको थियो। यो रकम कुल गार्हस्थ्य उत्पादनको अनुपातमा करिब २३ प्रतिशत हुन आउँछ। वैदेशिक रोजगारीमा जाने मध्ये अदक्ष कामदारको सङ्ख्या बढिरहेको छ। वैदेशिक रोजगारीले गर्दा मानव तस्करी, पारिवारिक विखण्डन, प्रदर्शन प्रभाव  लगायतका सामाजिक विकृतिहरू पनि बढेका छन्। वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित तथा उपलब्धिमूलक बनाउन १२ वटा श्रम गन्तव्य मुलुकसँग द्विपक्षीय श्रम सम्झौता भएको छ।

## ४.३ मुख्य सवाल तथा चुनौती

(१) **आन्तरिक रोजगारीका अवसर सिर्जनाः** क्षेत्रगत नीतिहरूमा आन्तरिक रोजगारी सिर्जनालाई मूलप्रवाहीकरण गर्न रोजगार अभियान सञ्चालन गर्नु; रोजगारीका क्षेत्रको पहिचान गर्नु; निजी क्षेत्रसँग सहकार्य गरी नेपाली उत्पादनको विस्तार गर्नु; बजारमा उपलब्ध रोजगारीका अवसर र उपलब्ध श्रमशक्ति बीच तालमेल कायम गर्न शैक्षिक कार्यक्रमलाई समसामयिक बनाउन आवश्यक सहकार्य तथा समन्वय गर्नु; मुलुकभित्र कृषि लगायतका क्षेत्रहरूमा रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जनामा तहगत सरकार र निजी, सहकारी तथा गैह्र सरकारी क्षेत्रसँगको साझेदारी र सहकार्यमा देशभित्र पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गर्दै नागरिकले बाध्यात्मक रूपमा वैदेशिक रोजगारीमा जानु पर्ने अवस्थामा समायानुकूल सुधार गर्दै जानु; आन्तरिक रोजगारी सिर्जनामा सङ्घ, प्रदेश र स्थानीय तहका बीच सघन सहकार्यको विकास गर्नु; सरकारद्वारा सञ्चालित युवा स्वरोजगार, प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता लक्षित कार्यक्रमहरू प्रदेश र स्थानीय रोजगार कार्यक्रमहरूमा अन्तर-आबद्धता कायम गर्दै पुनःसंरचना गर्नु; स्थानीय तहसँगको सहकार्यमा रोजगार बैङ्क मार्फत बेरोजगार युवाहरूलाई स्थानीयस्तरमा नै रोजगारी र सीपको विकास गर्दै जानु; तहगत, भौगोलिक, प्रशासनिक तथा पेशागत रूपमा रोजगारी र सीपको माग र आपूर्तिको खण्डीकृत तथ्याङ्कलाई एकीकृत र व्यवस्थित गर्नु; मौजुदा सूचना प्रणालीहरूलाई अन्तर-आबद्ध बनाइ एकीकृत राष्ट्रिय रोजगार प्रणाली स्थापना गरी कार्यान्वयनमा ल्याउने; युवाहरूलाई उद्यमशीलता र स्वरोजगारीमा प्रोत्साहन गर्न नवप्रवर्तन तथा शुरूवाती पुँजी प्रवाह गर्नु; वित्त र प्रविधिमा पहुँच बढाउनु; कृषि विकास मार्फत रोजगारी सिर्जना गर्न पकेट क्षेत्रमा जोड दिनु।

(२) **जनसाङ्ख्यिक लाभको अधिकतम उपयोगः** युवा जनशक्तिको उत्पादनशील क्षेत्रमा अधिकतम उपयोग गर्नु; उपलब्ध जनशक्तिलाई आधारभूत एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको आवश्यकता र सम्भावनाको पहिचान गर्नु; जनशक्तिलाई प्राविधिक र व्यावसायिक शिक्षा तथा सीपमूलक तालीम प्रदान गरी योग्य तथा प्रतिस्पर्धी बनाउनु; युवा बेरोजगारी र विदेश पलायनलाई न्यूनीकरण गर्नु।

(३) **श्रम व्यवस्थापनमा सुधारः** युवालाई नेपालमै काम गर्ने वातावरण सिर्जना गर्नु; असल औद्योगिक श्रम सम्बन्ध विकास गर्नु; श्रम र श्रमिकको सम्मान गर्ने संस्कारको विकास गर्नु; बाल श्रम लगायत हलिया, हरूवा, चरूवा, अनौपचारिक रोजगारी र स्याहारसम्बन्धी काम तथा अर्थतन्त्रलाई व्यवस्थित गर्नु; श्रम बजारमा रहेका लैङ्गिक विभेद र असमानता हटाई श्रम सुशासन कायम गर्नु; श्रम निरीक्षणलाई प्रभावकारी बनाउनु; व्यवसायजन्य स्वास्थ्य

तथा सुरक्षा सुनिश्चित गर्नु; श्रम र सामाजिक सुरक्षा ऐनको प्रभावकारी कार्यान्वयन गर्नु; न्यूनत्तम पारिश्रमिकको सुनिश्चतता गर्नु।

(४) **वैदेशिक रोजगारी व्यवस्थापनः** वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र उच्च प्रतिफलयुक्त बनाउनु; ठगी नियन्त्रण गर्नु; वैदेशिक रोजगारको लागत रोजगारदाताबाट व्यहोर्ने (शून्य लागत) प्रणाली कार्यान्वयन गर्नु; वैदेशिक रोजगारीमा रहेका महिलाको सुरक्षा तथा मानव अधिकारको संरक्षण गर्नु; राहत, कानूनी सहायता, घाइते तथा बिरामी श्रमिकको उपचार तथा उद्धारलाई प्रभावकारी बनाउनु; वैदेशिक रोजगार व्यवस्थापन तथा सेवा प्रदायक संयन्त्र सुदृढ र प्रभावकारी बनाउनु; अध्ययनको लागि आप्रवासन र दक्ष जनशक्तिको आप्रवासनलाई व्यवस्थित गर्नु; वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न श्रम कूटनीति प्रवर्द्धन गर्नु।

(५) **व्यावसायिक तथा सीपमूलक तालीमलाई श्रम बजार अनुकूल हुने गरी व्यवस्थापनः** सरकारका तीनै तह, निजी क्षेत्र र गैर सरकारी संस्थाका विभिन्न निकायहरू अन्तर्गत छरिएर रहेका व्यावसायिक तालीम तथा प्रशिक्षणलाई एकीकृत गरी प्रभावकारी र गुणस्तरीय बनाउनु; तालीम कार्यक्रमलाई सार्वजनिक-निजी-सहकारी साझेदारी ढाँचामा सञ्चालन गर्नु; विश्वव्यापी उत्पादन तथा श्रमको परिवर्तित सन्दर्भमा जनशक्तिलाई नयाँ तालीम प्रदान गर्ने तथा विद्यमान तालीम कार्यक्रमलाई स्तरोन्नति गर्नु; तालीम केन्द्रहरूको बीचमा समन्वय कायम गरी सबै तालीम कार्यक्रमहरूलाई गुणस्तरीय बनाउनु; श्रम बजारको मागअनुसारको सीप तथा दक्षतायुक्त श्रमशक्ति विकास गर्नु; तालीम प्रदायक संस्थाहरूको क्षमता अभिवृद्धि गर्नु; व्यावसायिक तथा सीपमूलक तालीमका अवसरहरूमा व्यापक विस्तार गरी पहुँच अभिवृद्धि गर्नु; वैदेशिक रोजगार-लक्षित तालीमलाई गन्तव्य मुलुकको गुणस्तरसँग तादात्म्यता कायम गर्नु; स्वदेश तथा विदेशमा आर्जन गरेको सीपलाई प्रमाणीकरणको व्यवस्था मिलाउनु; सीपलाई श्रम बजार, उद्यम र प्रविधिमा आएको परिवर्तन सापेक्ष बनाउनु र अन्तर्राष्ट्रिय गुणस्तरका सीपमूलक तालीम प्रदायक संस्थाहरूको विकास गर्नु।

(६) **सामाजिक सुरक्षाको वित्तीय दिगोपना सुनिश्चित गर्दै दायरा विस्तारः** सामाजिक सुरक्षाको वर्तमान संरचना र प्रणालीलाई एकीकृत र व्यवस्थित गर्दै जीवन-चक्रका जोखिम न्यूनीकरण गरी नागरिकलाई सामाजिक सुरक्षाको दायरामा समेट्नु; अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षामा आवद्ध गर्नु; विपन्न तथा बेरोजगार नागरिकलाई रोजगारी सिर्जना र रोजगारका लागि सक्षमता हासिल गर्न सघाउनु; लक्षित लाभग्राहीको वस्तुगत पहिचान गर्नु; लाभग्राहीको दोहोरोपना हटाउनु; बीमा लगायतका योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको दायरा फराकिलो र प्रभावकारी बनाइ सबै प्रकारका

श्रमिकलाई समेट्नु; योगदानमा आधारित एवम् उत्पादनशील सामाजिक सुरक्षा प्रणाली स्थापना गर्नु; एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० को पूर्ण कार्यान्वयन गर्नु; वित्तीय दिगोपना सुनिश्चित गर्न सार्वजनिक दायित्व कम गर्दै जानु।

(७) **प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रभावकारिता अभिवृद्धिः** प्राविधिक शिक्षालाई व्यावहारिक, जीवनपयोगी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग अनुकूल बनाइ स्वदेशी तथा विदेशी रोजगारीका अवसरहरू सिर्जना गर्ने बनाउनु; सीपमूलक तालीमलाई गुणस्तरीय बनाउनु।

(८) **आप्रवासी कामदारबाट सिर्जित समस्याको उचित सम्बोधनः** आप्रवासी कामदारको अभिलेख राख्ने; आप्रवासी कामदारको कारणले स्वदेशी श्रम बजारमा परेको चाप न्यूनीकरण गरी स्वदेशी श्रमिकहरूलाई रोजगारीका अवसर उपलब्ध गराउन असल श्रम सम्बन्ध, श्रम तथा श्रमिकको सम्मान, सीप विकास तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नु।

(९) **विदेशबाट फर्केका श्रमिकको ज्ञान, सीप, अनुभव र पुँजीलाई उत्पादनशील क्षेत्रमा परिचालनः** पुनःएकीकरण कार्यक्रमलाई प्रभावकारी बनाउनु; गैरआवासीय नेपालीको लगानी आकर्षण गरी सामाजिक पुँजी निर्माणमा जोड दिनु।

(१०) **रोजगारी सिर्जना र व्यवस्थापनमा अन्तर-सरकार समन्वयको प्रभावकारिता अभिवृद्धिः** रोजगारी सिर्जना र व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहकाबीच समन्वय र अन्तर-आबद्धता कायम गरी लक्षित समूहमा पुग्ने अवस्था सुनिश्चित गर्नु; सङ्घ, प्रदेश र स्थानीय तहहरूका बीच श्रम तथा रोजगारका क्षेत्रमा कार्यक्षेत्र स्पष्ट गर्दै कार्यक्रममा दोहोरोपना हटाउनु; एक अर्को तहको कार्यक्रमलाई सघाउ पुग्ने गरी परिपूरक कार्यक्रम मार्फत रोजगारी र स्वरोजगारीका अवसर विस्तार गर्नु; वैदेशिक रोजगारसम्बन्धी सेवालाई स्थानीय तहसम्म विकेन्द्रित गर्नु।

## ४.४ रूपान्तरणकारी रणनीति

(१) **आन्तरिक रोजगारीका पर्याप्त अवसर सिर्जना गर्नेः** रोजगारीसम्बन्धी विषयलाई रणनीतिक महत्त्वका विषयका रूपमा समष्टिगत आर्थिक नीति, मौद्रिक तथा वित्तीय नीति एवम् विभिन्न क्षेत्रगत तहमा प्राथमिकतासहित मूलप्रवाहीकरण गर्ने; रोजगार अभियान सञ्चालन गर्नु; रोजगारीका क्षेत्रको पहिचान गर्नु सरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रको सहकार्यमा उत्पादनमूलक क्रियाकलापको विस्तार गर्न आवश्यक नीतिगत समन्वय कायम गर्ने; स्थानीय विकास निर्माणमा स्थानीयस्तरमै रोजगारी सिर्जना गर्ने र श्रम परिचालन गर्ने मोडेल विकास

गर्ने; बेरोजगार जनशक्तिको पहिचान, सशक्तीकरण र सकारात्मक विभेद मार्फत समावेशी रोजगारी प्रवर्द्धन गर्ने; आन्तरिक श्रम बजारको विश्लेषणको आधारमा स्वदेशी श्रमिकको क्षमता र दक्षता विकास मार्फत आप्रवासी कामदारको प्रतिस्थापन र आन्तरिक श्रम बजारमा स्वदेशी श्रमिकलाई रोजगारी सुनिश्चित गर्ने; एकीकृत रोजगार व्यवस्थापन सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याउने; लगानीको वातावरण तयार गर्ने; सरकारका तीनै तह र सबै प्रकारको शिक्षामा उत्पादनमुखी पाठ्यक्रम तथा शिक्षा प्रणाली लागु गर्ने; ग्रामीण उद्यमशीलता र स्वरोजगारी प्रवर्द्धनका लागि निजी क्षेत्रको विकास गर्ने; उद्यशीलताको विकास गरी युवा लक्षित स्वरोगारका अवसर प्रवर्द्धन गर्ने; सूचना प्रविधिलाई रोजगारीको प्रमुख क्षेत्रको रूपमा विकास गर्ने।

(२) **जनसाङ्ख्यिक लाभको अधिकतम उपयोग गर्नेः** राष्ट्रिय मानव संशाधन विकास तथा परिचालन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने; श्रमको उत्पादकत्व बढाउन जनशक्ति विकासमा लगानी बढाउने; श्रम बजारमा विद्यमान सीपहिनता र सीपको बेमेलको अवस्थाको अन्त्य गर्ने।

(३) **प्राविधिक तथा व्यावसायिक तालीम कार्यक्रमलाई प्रभावकारी बनाउनेः** श्रम बजारमा प्रवेश गरेका युवालाई लक्षित गरी सीप रूपान्तरणका लागि रोजगारउन्मूख प्राविधिक तथा व्यावसायिक तालीम सञ्चालन गर्ने; प्राविधिक तथा व्यावसायिक तालीम प्रदायक निजी तथा गैरसरकारी निकायहरूलाई नियमन र सीप परीक्षण गर्ने ठोस आधार तयार गर्ने, तालीम प्रदायक संस्थाको क्षमता विकास गर्ने; उद्यमशीलता उन्मुख स्वरोजगारीका लागि व्यावसायिक तालीमको उपलब्धतासँगै शुरूवाती पुँजी, प्रविधि र बजारीकरणका लागि सहयोग गर्ने; मागमा आधारित र प्रविधियुक्त तालीम प्रदान गर्ने; पाठ्यक्रममा सुधार गर्ने; तालीम केन्द्रहरूको विस्तार गर्ने; निजी क्षेत्रको समन्वयमा कार्यस्थलमा आधारित सीपमूलक तालीम प्रदान गर्ने।

(४) **वैदेशिक रोजगारीका सबै चरणलाई व्यवस्थित गर्नेः** वैदेशिक रोजगारीका लागि सुरक्षित कार्यवातावरणसहित उच्च आय भएका नयाँ र आकर्षक गन्तव्यको पहिचान र श्रम सम्झौता गर्ने; वैदेशिक रोजगारीलाई मर्यादित तुल्याउन दक्षता र सीपमा आधारित बनाउदै लैजाने; वैदेशिक रोजगारीमा संलग्न कामदारको हक र हित प्रवर्द्धनमा वैदेशिक रोजगार कल्याणकारी कोषको प्रभावकारी र नतिजामुखी परिचालन गर्ने; वैदेशिक रोजगारीबाट आउने विप्रेषणको लागत घटाउने; श्रम आप्रवासनको कानूनी तथा संरचनात्मक सुधार गर्ने; विप्रेषण आयलाई उत्पादन तथा उत्पादकत्वसँग जोड्ने; सेवाको स्थानीयकरण गर्ने; कल्याणकारी कोषलाई श्रमिक तथा तिनका आश्रित परिवारको हितमा परिचालन गरी मानवीय तथा सामाजिक लागत घटाउने; पुनःएकीकरणका लागि थप गन्तव्य देशहरूबाट अनुदान सहयोग प्राप्त गर्ने; सामाजिक सुरक्षा वापत गरेको योगदान स्थानान्तरणका लागि सूचना प्रणालीको विकास तथा

अन्तर-आबद्धता कायम गर्ने; वैदेशिक रोजगारीमा न्यायोचित भर्ना सुनिश्चित गर्ने; अध्ययनको लागि प्रवासन र दक्ष जनशक्तिको प्रवासनलाई व्यवस्थित गर्न शिक्षा प्रणाली, रोजगार तथा उद्यमशीलताको विकासमा नीतिगत सामन्जस्यता ल्याउने; विपद् लगायतका संकटको अवस्थामा राहत, उद्दार तथा घरफिर्तीलाई सहजीकरण गर्न अन्तर-सरकारी र अन्तर-निकाय संयन्त्र तथा आवश्यक उद्दार कोषको व्यवस्था गर्ने; भारतमा हुने नेपालीको रोजगारीलाई पनि वैदेशिक रोजगारी व्यवस्थापनमा समावेश गर्ने; श्रम आप्रवासनसम्बन्धी निर्णय गर्दा अध्ययन, अनुसन्धान र तथ्याङ्कलाई आधार बनाउने।

(५) **श्रम व्यवस्थापनमा सुधार गर्ने**: मर्यादित कामको प्रवर्द्धन मार्फत असल श्रम सम्बन्ध कायम गर्ने; व्यवसायहरूको दर्ता, श्रमिकको पञ्जीकरण, सीपयुक्त तालीमको प्रमाणीकरण मार्फत अनौपचारिक श्रमलाई क्रमशः औपचारीकरण गर्ने, व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको माध्यमबाट व्यवसायजन्य जोखिम न्यूनीकरण गर्ने, श्रम बजारमा रहेका लैङ्गिक विभेद र असमानता हटाउने; स्याहारसम्बन्धी काम तथा अर्थतन्त्रलाई व्यवस्थित गर्ने; मौजुदा कानूनको पुनरावलोकन र परिमार्जन गर्ने; श्रमको सम्मान गर्ने सोच र संस्कृतिको विकास गर्ने; श्रम कार्यालयहरूको विस्तार तथा सवलीकरण गर्ने; सीप र तालीमको प्रमाणीकरण गर्ने; श्रम व्यवस्थापन सम्बन्धमा तहगत सरकारहरूको कार्यक्षेत्र सुस्पष्ट गरी सम्बन्धित तहलाई परिचालन र जिम्मेवार बनाउने; बाध्यकारी श्रम उन्मूलन, निकृष्ट प्रकृतिको बालश्रम र जोखिमपूर्ण कार्यमा संलग्न बालबालिकाको उद्धार र संरक्षण गर्ने।

(६) **सामाजिक सुरक्षालाई प्रभावकारी बनाउने**: सामाजिक सुरक्षासँग सम्बन्धित ऐन नियममा समयानुकुल सुधार एवम् परिमार्जन गर्ने; सामाजिक सुरक्षाको वर्तमान संरचना र प्रणालीलाई एकीकृत र व्यवस्थित गरी सबैको जीवनयापनलाई सहज बनाउने; एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० को प्रभावकारी कार्यान्वयन गर्ने; योगदानमा आधारित सामाजिक सुरक्षा मार्फत सामाजिक संरक्षणको दायरा विस्तार गर्ने; सामाजिक सुरक्षा कोषको रकमलाई सुरक्षित लगानीको रूपमा रूपान्तरण तथा विविधीकरण गरी उत्पादनमूलक र रोजगारी सिर्जनाको क्षेत्रमा परिचालन गर्ने; विपन्न तथा बेरोजगार नागरिकलाई रोजगार सेवा र श्रम बजारको मागअनुरूपको सीप र सक्षमता विकास गर्ने; वैदेशिक रोजगारीमा रहेका नागरिकको कार्यशील र अवकाश जीवनमा आवश्यक पर्ने आधारभूत सामाजिक सुरक्षाको वित्तीय दायित्व व्यवस्थित गर्ने।

(७) **विदेशमा श्रम गरी फर्केका कामदारहरूको सीप अनुभव ज्ञान र पुँजीलाई उत्पादनशील क्षेत्रमा प्रयोग गर्ने**: विदेशबाट फर्केका श्रमिकको सीप प्रमाणीकरण गरी अभिलेख व्यवस्थित गर्ने; वैदेशिक रोजगारीसँगै प्राप्त विप्रेषण आय, ज्ञान, सीप, कुशलता, कार्यसंस्कृति, प्रविधि,

उद्यमशीलता र आत्मविश्वासलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने, वैदेशिक रोजगार बचतपत्रलाई थप व्यवस्थित गर्दै प्रवासी कामदारलाई  शेयर तथा अन्य उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने।

(८) **आप्रवासी कामदारको व्यवस्थापन गर्नेः** आप्रवासी श्रमिकको अभिलेख व्यवस्थित गर्ने; राष्ट्रिय आप्रवासन नीति तर्जुमा गर्ने; विदेशी कामदारलाई नेपाली कामदारबाट सम्पन्न गर्न नसकिएका कार्यहरूमा मात्र केन्द्रित गर्ने; सार्वजनिक र निजी क्षेत्रबाट सञ्चालित आयोजनाहरूमा रोजगार सेवा केन्द्रमा दर्ता भएका बेरोजगार व्यक्तिलाई मात्र परिचालन गर्ने; आप्रवासी कामदारको सीप र संलग्न क्षेत्रमा स्वदेशी श्रमिकलाई रोजगार दिने गरी सीप विकास तथा क्षमता अभिवृद्धि गर्ने; श्रम अनुगमन प्रभावकारी बनाउने।

## ४.५ प्रमुख कार्यक्रम

(१) **देशभित्रै रोजगारी वृद्धिका विशेष कार्यक्रमः** हाल सञ्चालनमा रहेका अनुत्पादक कार्यक्रमहरूलाई खारेज वा पुनरसंरचना गर्ने; रोजगारी बढेसंगै उत्पादन र उत्पादन बढेसंगै रोजगारी बढ्ने गरी कार्यक्रमहरूको डिजाइन गर्ने; उत्पादन र रोजगारी बढाउन जमिन, जल, जंगल, निर्माणजन्य सामग्री लगायतका प्राकृतिक स्रोत-साधनको विवेकशील उपयोगमा आधारित कार्यक्रम सञ्चालन गर्ने; न्यूनतम रोजगार र बेरोजगार सहायता कार्यक्रम सञ्चालन गर्ने; स्थानीय स्तरका लघु, साना र मझौला उद्योग विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने; स्वरोजगार प्रवर्द्धन एवम् रोजगारीसम्बन्धी एकीकृत तथ्याङ्क र स्वचालित श्रम विनिमयका लागि राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने; समावेशी रोजगारी प्रवर्द्धन गर्ने; जनशक्तिमा स्वदेशी आत्मनिर्भरता र व्यावसायीकता वृद्धि; रोजगारदाता प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने; परम्परागत सीप, कला तथा पेसालाई संरक्षण तथा व्यावसायीकरण; रोजगार सेवा केन्द्रलाई स्रोत साधन र प्रविधियुक्त बनाउने; सबै तहको शैक्षिक पाठ्यक्रमलाई रोजगारमुखी बनाउन सैद्धान्तिक तथा व्यवहारिक विषयवस्तु समावेश गरी पाठ्यक्रम परिमार्जन; वित्तमा पहुँच तथा वित्तीय साक्षरता बढाउने; उत्पादित वस्तुको यथोचित बजार; उत्पादन र रोजगारी दशक अभियान सञ्चालन गर्ने।

(२) **जनशक्ति विकासका लागि व्यावसायिक तथा सीप विकास कार्यक्रमः** छोटो अवधिका रोजगारउन्मुख सीप विकास तालीम सञ्चालन, रोजगारदाताको मागबमोजिमको जनशक्ति विकास, रोजगारीको उपलब्धताबमोजिमको जनशक्ति विकासको लागि कार्यस्थलमा आधारित तालीम सञ्चालन गर्ने; सरकारी तालीम केन्द्रको विषय क्षेत्रगत एकीकरण तथा सुदृढीकरण गरी उत्कृष्ट केन्द्रको रूपमा विकास गर्ने; सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा

उद्यमशीलता विकासको वस्तु तथा सेवा उत्पादन एवम् बजारीकरणको एकीकृत मोडेल तर्जुमा एवम् कार्यान्वयनमा ल्याउने; स्वदेशमा आवश्यक दक्ष कामदारको आपूर्ति सुनिश्चित गर्न विद्यालय तहको पाठ्यक्रममा आवश्यक सीपमूलक विषयवस्तु समावेश गर्ने; व्यावसायिक तथा सीप विकास तालीमको एकीकरण तथा सुदृढीकरण गर्ने; सिक्दै कमाउँदै गर्न कार्यस्थलमा आधारित तालीम सञ्चालन गर्ने; आप्रवासी कामदारले गर्ने कार्यसम्बन्धी अध्ययन गर्ने; आप्रवासी कामदार संलग्न क्षेत्रमा स्वदेशी श्रमिकको सीप विकास तथा क्षमता अभिवृद्धि गर्ने।

(३) **वैकल्पिक रोजगारी अभिवृद्धि कार्यक्रमः** पढ्दै कमाउँदै तथा कमाउँदै पढ्दै कार्यक्रम, अभ्यासार्थीलाई रोजगारी, आंशिक समय रोजगार कार्यक्रम, डिजिटल रोजगारी कार्यक्रम सञ्चालन गर्ने; सामाजिक परिचालनको माध्यमबाट सीप विकास र रोजगारीका अवसर सिर्जना कार्यक्रम सञ्चालन गर्ने; सूचना प्रविधिमा आधारित रोजगार कार्यक्रम; १५-३० वर्ष समूह-लक्षित विशेष रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने; वैदेशिक रोजगारीबाट फर्केका तथा फर्कन चाहने युवा केन्द्रित विशेष कार्यक्रम सञ्चालन गर्ने।

(४) **वैदेशिक रोजगार व्यवस्थापन कार्यक्रमः** सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धिमूलक वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गर्ने; अनौपचारिक रूपमा भारत लगायतका देशमा वैदेशिक रोजगारीका लागि जाने नेपाली श्रमिकको सुरक्षा तथा एकीकृत तथ्याङ्क व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने; उच्च प्रतिफलयुक्त गन्तव्य मुलुकहरूको पहिचान र श्रम सम्झौता गर्ने; श्रम कूटनीतिको सुदृढीकरण र दायरा विस्तार गर्ने; वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको लागि पुनःएकीकरण गर्ने; न्यूनतम सीप नभएका श्रमिकलाई सीप प्राप्त गरेर मात्र वैदेशिक रोजगारीमा जान प्रोत्साहन गर्ने; सबै चरणमा सूचना प्रवाहलाई पहुँचयोग्य र प्रभावकारिता अभिवृद्धि गर्ने; अलेखबद्ध श्रमिकलाई कूटनीतिक नियोग मार्फत दर्ता प्रक्रिया र सामाजिक सुरक्षा प्रणालीमा आबद्धता गर्ने; श्रमको मागको आवेदन, पुनरावलोकन, माग स्वीकृति तथा गुनासो व्यवस्थापनको डिजिटाइजेशन गर्ने; न्यायोचित भर्ना प्रक्रिया सुनिश्चित गर्न प्रभावकारी अनुगमन तथा जिम्मेवार व्यवसाय नेटवर्कमा आबद्ध रोजगारदाता मार्फत माग पत्र प्राप्त गर्न सहजीकरण गर्ने; श्रमिकको भर्नासँग सम्बन्धित खर्च रोजगारदाताले व्यहोर्ने नीतिगत व्यवस्था र कार्यान्वयन सञ्चालन गर्ने; वैदेशिक रोजगार कल्याणकारी कोषलाई लक्षित वर्गको हितमा प्रभावकारी परिचालन गर्ने।

(५) **श्रमिक गन्तव्य मुलुकमा रहेका नेपाली नियोगहरूको सुदृढीकरण कार्यक्रमः** गन्तव्य देशको कार्यस्थल अनुगमन गर्ने; श्रम सम्झौताको कार्यान्वयनको अनुगमन तथा समसामयिक पुनरावलोकन गर्ने; स्वास्थ्य संस्था, बीमा प्रदायक, पूर्वप्रस्थान अभिमुखीकरण तालीम प्रदायक

संस्थाको प्रभावकारी नियमन गर्ने; पुनःएकीकरणलाई पूर्वप्रस्थानको चरणदेखि नै सुसूचित र व्यवस्थित कार्यक्रम गर्ने; वैदेशिक रोजगार सूचना प्रणालीको सुदृढीकरण गर्ने; गन्तव्य देशमा कामदारको अनुपातमा नेपाली नियोगहरूमा श्रम कन्सुलर र सहचारी तथा स्थानीय सहयोगीको सङ्ख्या वृद्धि गरी सेवा प्रवाह प्रभावकारिता अभिवृद्धि गर्ने; दूतावासहरूलाई स्रोत-साधन उपलब्ध गराई सेवा प्रवाह सुदृढीकरण गर्ने; श्रम र परराष्ट्र निकायहरूका बीच प्रभावकारी समन्वय गर्ने।

(६) **मर्यादित श्रम प्रवर्द्धनसम्बन्धी कार्यक्रमः** मर्यादित रोजगारको स्पष्ट मापदण्ड निर्माण गर्ने; स्वचालित न्यूनतम पारिश्रमिक निर्धारण तथा कार्यान्वयन गर्ने; श्रमको सम्मान राष्ट्रिय अभियान, समान कामका लागि समान ज्याला, बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) को कार्यान्वयन गर्ने; श्रम अडिटको प्रभावकारिता वृद्धि तथा व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसम्बन्धी कार्यक्रम गर्ने; प्रतिष्ठानको नियमन र श्रम निरीक्षण, अर्थतन्त्र र रोजगारीको औपचारिकीकरण कार्यक्रम गर्ने; श्रम बजारमा रहेका लैङ्गिक विभेद र असमानता निवारण, स्याहारसम्बन्धी कार्यको अभिलेखन तथा व्यवस्थापन गर्ने; राष्ट्रिय केयर नीति तथा स्याहारसम्बन्धी कानूनको तर्जुमा र कार्यान्वयन गर्ने; बाध्यकारी तथा बालश्रम निवारण, तीन तहमा सीपयुक्त जनशक्तिको रोस्टर तयार, श्रममैत्री संस्कार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने; व्यवसाय र मानव अधिकार कार्ययोजनाको कार्यान्वयन गर्ने; श्रमिकको उत्पादकत्व अभिवृद्धि कार्यक्रम; स्थानीय तहमा केयर तालीम सञ्चालन गरी महिलाको आय आर्जनमा सहभागिता अभवृद्धि गर्ने; आप्रवासी कामदारको अभिलेख सङ्कलन, सूचना प्रणाली स्थापना र श्रम निरीक्षण गर्ने।

(७) **राष्ट्र निमार्णमा युवा परिचालन कार्यक्रमः** युवा जनशक्ति परिचालन गर्न र उनीहरूको क्षमता वृद्धि गर्नका लागि "राष्ट्र निमार्णमा युवा परिचालन कार्यक्रम" सञ्चालन गर्ने; नेपाल सरकारका सबै मन्त्रालय, निकाय, न्यायपालिका, व्यवस्थापिका आदिमा विद्यालय-विश्वविद्यालयबाट अध्ययन समाप्त गरी कामको खोजीमा रहेका तथा अध्ययनको अन्तिम वर्षमा रहेका, वैदेशिक अध्ययन समाप्त गरी फर्किएका युवा तथा विद्यार्थीहरूलाई विभिन्न विषयक्षेत्रमा स्वयंसेवी तथा इन्टर्नको रूपमा खटाउने; सार्वजनिक सेवाका साथै निजी क्षेत्रका उद्योग-व्यवसाय, कृषि तथा पशुपञ्छी फार्म आदिमा समेत इन्टर्न खटाउन सकिने व्यवस्था गर्ने; नयाँ उद्यम-व्यवसाय गर्न चाहने युवाहरूलाई स्टार्टअप उद्योग-व्यवसाय स्थापना गर्न प्राविधिक सहयोग, पुँजीगत अनुदान, सहुलियतपूर्ण ऋण तथा बजारको व्यवस्था गर्ने।

(८) **सामाजिक सुरक्षाको दायरा विस्तार, वृहत् आबद्धता र दिगोपनासम्बन्धी कार्यक्रमः** छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकृत गरी एकीकृत सामाजिक सुरक्षा

संरचनाको कार्यान्वयन तथा दिगोपना प्रवर्द्धन; उत्पादनशील सामाजिक सुरक्षामा पहुँच बढाउदै दोहोरोपन हटाउने र उत्थानशील बनाउने; आर्थिक रूपले सक्षम व्यक्तिहरूले सामाजिक सुरक्षा भत्ता र निवृत्तिभरण स्वेच्छिक रूपमा त्याग गर्नको लागि प्रोत्साहन गर्ने; आधारभूत स्तरको सामाजिक सुरक्षाको प्रत्याभूति राज्यबाट हुने गरी सबै योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरूलाई योगदानकर्ता-मैत्री बनाउँदै सामाजिक सहायतामा आधारित सामाजिक सुरक्षालाई योगदान तथा आवश्यकतामा आधारित सुरक्षामा रूपान्तरण गर्ने; सामाजिक सुरक्षा कोषको लगानी उच्च प्रतिफलयुक्त क्षेत्रमा परिचालन तथा प्रवर्द्धन गर्ने; सबै क्षेत्रमा कार्यरत श्रमिकहरूको आबद्धतामा विस्तार, वैदेशिक रोजगारी र विदेशमा स्वरोजगारमा रहेका व्यक्ति एवम् अनौपचारिक क्षेत्र तथा स्वरोजगारमा रहेका श्रमिकहरूको सामाजिक सुरक्षामा आबद्धता र निरन्तरता दिने; सुरक्षा योजनाका सुविधाको स्तरवृद्धि गर्ने; औपचारिक क्षेत्र भित्र रहेको अनौपचारिक रोजगारीलाई सामाजिक सुरक्षाको क्षेत्रमा आबद्ध गर्ने; विपन्न तथा बेरोजगार नागरिकलाई रोजगारी सिर्जनासम्बन्धी विशेष कार्यक्रम र बेरोजगारका लागि सक्षमता हासिल गर्न सीप तथा उद्यमशीलता विकाससम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने।

(९) **जीवन चक्रमा आधारित सामाजिक सुरक्षा कार्यक्रमः** नागरिकको जीवन चक्रमा आईपर्ने जोखिम व्यवस्थापन, श्रमिकको आत्मबल र जोखिम वहन गर्ने क्षमता अभिवृद्धि, श्रम शक्तिको माग र आपूर्ति बीचको सन्तुलन कायम गर्ने; स्वास्थ्य, शिक्षा, रोजगारी, आवास तथा हेरचाह जस्ता आधारभूत आवश्यकता परिपूर्तिका लागि बीमा तथा जीवन चक्रमा आधारित एकीकृत सामाजिक सुरक्षा प्रणालीको विकास र कार्यान्वयन गर्ने।

## ४.६ परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | रोजगारीको सङ्ख्या (वार्षिक) | हजार | ९३१ | १५०० |
| २. | श्रम उत्पादकत्व | रु. हजार | २४५ | ४०० |
| ३. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ५० |
| ४. | श्रमशक्ति सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ५० |
| ५. | श्रम अडिट गर्ने प्रतिष्ठानको सङ्ख्या (वार्षिक) | हजार | ३.४ | ३० |
| ६. | वैदेशिक रोजगारीमा जाने सीपयुक्त जनसङ्ख्या | प्रतिशत | ७३.७३ | ८० |

| क्र.स. | सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| ७. | छोटो अवधिको रोजगारउन्मुख व्यावसायिक सीपमूलक तालीम लिने जनसङ्ख्या | हजारमा | १९.६ | ८५ |
| ८. | सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान तथा रोजगारदाताको सङ्ख्या | हजारमा | १८ | ६० |
| ९. | सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राहीको सङ्ख्या | हजारमा | ६५० | २५०० |
| १०. | आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र स्थापना र व्यवस्थापन | सङ्ख्या | ४२ | ९४ |
| ११. | सूचीकृत बेरोजगारमध्ये रोजगार सहायता कार्यक्रमबाट रोजगारी पाउने व्यक्ति (वार्षिक) | हजारमा | ९१.६ | २०० |
| १२. | श्रम सम्झौता भएका गन्तव्य मुलुक | सङ्ख्या | १० | १५ |
| १३. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ३२ | ६० |
| १४. | पुनःएकीकरण कार्यक्रमबाट लाभान्वित हुने व्यक्तिको संख्या (वार्षिक) | हजारमा | - | १०० |
| १५. | बेरोजगारी दर | प्रतिशत | ११.४* | ५ |

* *नेपाल श्रमशक्ति सर्वेक्षण, २०१८।*

परिच्छेद ५

# स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण


| | | |
|---|---|---|
| ५.१ | पृष्ठभूमि | १०३ |
| ५.२ | विद्यमान अवस्था | १०४ |
| ५.३ | मुख्य सवाल तथा चुनौती | १०५ |
| ५.४ | रूपान्तरणकारी रणनीति | १०७ |
| ५.५ | प्रमुख कार्यक्रम | ११२ |
| ५.६ | परिमाणात्मक लक्ष्य | १२२ |

परिच्छेद ५

# स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण

## ५.१ पृष्ठभूमि

मानव पुँजीले आर्थिक सामाजिक रूपान्तरण र आर्थिक विकासमा बहुआयामिक योगदान प्रदान गर्दछ। सामूहिक ज्ञान, सीप र क्षमता तथा स्वस्थ्य जनशक्तिबाट मानव पुँजी निर्माण हुन्छ। स्वास्थ्य, शिक्षा र खेलकुद क्षेत्रमा गरिने लगानीले आर्थिक वृद्धि र सामाजिक कल्याणलाई बढावा दिन्छ। नेपालको संविधानले मौलिक हक तथा राज्यका नीतिहरू मार्फत स्वास्थ्य, शिक्षा तथा मानव जीवनका समग्र पक्षलाई समेटी मानव पुँजी निर्माणका लागि मार्गदर्शन गरेको छ।

स्वास्थ्यले मानवको जीवनभर उत्पादकत्व र श्रम शक्ति सहभागितालाई प्रभाव पार्छ। मानव पुँजी निर्माणको चक्रले वर्तमान पुस्ता मात्र नभई भावी पुस्ताका लागि पनि बलियो आधार तयार गर्दछ। स्वस्थ आमाबाबुले बच्चाहरूको लागि पोषण र स्वस्थ्य वातावरण प्रदान गर्दछन्। जनसङ्ख्याको स्वास्थ्य स्थितिले दीर्घकालीन आर्थिक समृद्धि र सामाजिक-आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान दिन्छ। यस सन्दर्भमा सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवासहितको प्रणाली सुनिश्चित गर्नु आवश्यक छ।

प्रारम्भिक बालविकासदेखि सबै तह र प्रकारका शिक्षालाई पहुँचयोग्य, समावेशी, गुणस्तरीय, समयसापेक्ष एवम् जीवनोपयोगी बनाइ सक्षम तथा प्रतिस्पर्धी जनशक्ति मार्फत मुलुकको समग्र विकास प्रक्रियामा योगदान पुर्‍याउँछ। शिक्षाले मुलुकको आर्थिक समृद्धि, सामाजिक प्रगति र ज्ञानमा आधारित अर्थतन्त्र निर्माणका लागि आधारशिला प्रदान गर्दछ। जनशक्तिलाई आवश्यक ज्ञान, सीप, क्षमता र योग्यता प्रदान गर्दछ। शिक्षाले नवप्रवर्तन, रोजगार क्षमता र उत्पादकत्व बढाउँछ। समाजमा आउने गतिशिलतालाई सम्बोधन गर्ने गरी वैज्ञानिक संस्कृति, अनुसन्धान तथा विकास मार्फत शिक्षा प्रणालीलाई उत्थानशील र उपयोगी बनाउनुपर्नेछ।

शारीरिक स्वास्थ्य तथा सुगठन, उत्पादनशील जनशक्तिको विकास, सामाजिक र सांस्कृतिक पुँजीको निर्माण र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय पहिचानका लागि खेलकुदको योगदान रहेको छ। यस क्षेत्रले पुँजी निर्माणका लागि उत्प्रेरकका साथै आर्थिक क्षेत्रको विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। खेलकुद क्षेत्रको विकासका लागि पूर्वाधार विकास, व्यावसायिकता प्रवर्द्धन र समान अवसर सुनिश्चित गर्नु आवश्यक छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार देशको कुल जनसङ्ख्याको ६७ प्रतिशत जनसङ्ख्या उत्पादनशील उमेर समूहमा परेकोले सोको जनसाङ्ख्यिक लाभ लिने गरी आवश्यक मानव पुँजी निर्माण गर्न थप लगानी गर्नुपर्ने अवस्था छ। मानव पुँजी निर्माणमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारीलाई प्रभावकारी रूपमा निर्वाह गर्न समन्वय र साझेदारीलाई महत्त्व प्रदान गरिएको छ।

## ५.२ विद्यमान अवस्था

स्वास्थ्य क्षेत्रमा आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्ममा प्रोटोकलअनुसार कम्तीमा चार पटक गर्भवती जाँच गराउने महिला ८० प्रतिशत, दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा जन्मिएका शिशु ७९ प्रतिशत, पूर्ण खोप पाउने बालबालिका ८० प्रतिशत, मातृ मृत्यु अनुपात १५१ प्रति लाख जीवित जन्ममा पुगेको छ। प्रतिहजार जीवित जन्ममा नवजात शिशु मृत्युदर र बाल मृत्युदर क्रमशः २१ र ३३ पुगेको छ। तथापि मातृ मृत्युदर, नवजात शिशु मृत्युदर, पाँच वर्ष मुनिका बालबालिकाको पुड्कोपनको अवस्था, पूर्ण खोप पाउने बालबालिकाको प्रतिशत, स्वास्थ्य बीमामा आवद्ध जनसङ्ख्या तथा स्वास्थ्यकर्मी र जनसङ्ख्याको अनुपात जस्ता परिसूचकको सन्दर्भमा पन्ध्रौं योजनाले निर्दिष्ट गरेका लक्ष पूर्णरूपमा हासिल हुन सकेको छैन। यसको अतिरिक्त नागरिकको बढ्दो उमेरसँगै देखिने विभिन्न खालका सर्ने र नसर्ने, अल्पकालीन तथा दीर्घकालीन, उदीयमान तथा नवउदीयमान रोग एवम् समस्याहरू देखा पर्न थालेका छन्। यस अवधिमा स्वास्थ्य क्षेत्रका विविध पक्षमा सुधार ल्याउन आवश्यक नीतिगत सुधार तथा कानुनी प्रबन्धहरू भएका छन्।

विद्यालयदेखि उच्च शिक्षाको भर्नामा लैङ्गिक समानता कायम भएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार पाँच वर्षभन्दा माथि उमेरको साक्षरता दर ७६.३ प्रतिशत र १५ देखि २४ वर्ष उमेरको साक्षरता दर ९२ प्रतिशत पुगेको छ। गण्डकी, बागमती र कोशी प्रदेश पूर्ण साक्षर प्रदेश घोषणा भएका छन्। विद्यालय शिक्षामा विभिन्न ३० मातृभाषामा पाठ्यक्रम विकास भएको छ। पूर्व प्राथमिक शिक्षाको भर्नादर ९४.९ प्रतिशत, आधारभूत तहको खुद भर्ना दर ९६.१ प्रतिशत र माध्यमिक तह (९-१२) को खुद भर्ना दर ५७.४ प्रतिशत पुगेको छ। यसरी भर्ना दर उल्लेख्य रहे पनि विद्यार्थीको विद्यालय छाडने दर र सिकाइ उपलब्धि भने सन्तोषजनक छैन। यस अवधिमा शिक्षा क्षेत्रका विविध पक्षमा सुधार ल्याउन नीतिगत सुधार तथा कानुनी प्रबन्धहरू गरिएको छ। शिक्षाको उत्पादन र रोजगारीसँग सम्बन्ध स्थापित गर्न नसकिएकाले शैक्षिक बेरोजगारी बढदै गएको छ। यसका कारण ठूलो सङ्ख्यामा युवाहरू विदेशिएका छन् र यो क्रम बढ्दो छ। प्राविधिक शिक्षा तथा तालीमसँग सम्बन्धित विषयहरूमा लक्ष्यअनुरूप विद्यार्थी भर्ना गर्न सकिएको छैन।

देशमा १८ भन्दा बढी विश्वविद्यालयहरू साञ्चालनमा भए पनि देशकोलागि आवश्यक जनशक्ति उत्पादनमा केन्द्रित गर्न सकिएको छैन। पछिल्ला आर्थिक वर्षहरूमा विश्वविद्यालयहरूमा अध्ययन-अनुसन्धानका बजेट बिनियोजन गर्ने परम्परा देखिन थालेको छ तर अनुसन्धानको प्रभाव देखिनका लागि उक्त बजेट विनियोजन अति नगन्य छ। पन्ध्रौं योजना अवधिमा देशको उत्पादन र उत्पादकत्व बढाउने क्षेत्रहरू पहिचान गरी राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६ तर्जुमा गरिएको छ। परमाणविक प्रविधिको सुरक्षित र शान्तिपूर्ण उपयोगका लागि तथा अन्य प्रविधि नियमन तथा प्राविधिक विश्लेषणका सेवाहरूका लागि नेपाल सरकारका विभिन्न निकायहरूबाट सम्बन्धित ऐन, नियमहरू तर्जुमा भई कार्यान्वयन भइरहेका छन्।

राष्ट्रियदेखि स्थानीय तहसम्म खेलकुद क्षेत्रमा चासो र क्रियाशीलता बढ्दै गएको छ। नयाँ नयाँ खेलकुदका विद्याहरूमा सहभागिता वृद्धि, कीर्तिमान् कायम र स्थानीय तहसम्म खेलकुदका पूर्वाधारहरू निर्माण भइरहेका छन्। तथापि न्यून लगानी, सीमित पूर्वाधार, प्रशिक्षणको कमी, खेलकुदबाट जीविकोपार्जन गर्न कठिन जस्ता कारणले अपेक्षित रूपमा प्रतिष्पर्धी हुन सकेको छैन। युवाहरूमा श्रम र स्वयमसेवी भावना विकास गरी राष्ट्र निर्माणमा परिचालन गर्न सकिएको छैन।

## ५.३ मुख्य सवाल तथा चुनौती

(१) **भौतिक पूर्वाधार, प्रविधि तथा सामग्रीको व्यवस्थापनः** स्वास्थ्य, शिक्षा तथा सीप विकास, विज्ञान तथा प्रविधि, युवा तथा खेलकुद क्षेत्रको विकासका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, नवीन्तम् प्रविधि, मेशिन उपकरण तथा सामग्रीको व्यवस्था गर्नु; उपलब्ध भौतिक संरचना तथा उपकरणको कुशलतापूर्ण उपयोग गर्नु; यसका लागि सरकारी तथा निजी क्षेत्रबाट पर्याप्त लगानी सुनिश्चित गर्नु; विज्ञान साक्षरता अभिवृद्धि गर्नु।

(२) **देशको विभिन्न क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्तिको उत्पादन र आपूर्ति सुनिश्चितताः** मुलुकको समग्र विकासका लागि सबै क्षेत्रमा आवश्यक पर्ने जनशक्ति प्रक्षेपण गर्नु, गुणस्तरीय, आचरणयुक्त, व्यवहारिक तथा जीवनउपयोगी सीपयुक्त दक्ष जनशक्तिको उत्पादन तथा आपूर्ति गर्नु; विद्यमान जनशक्तिको स्तरोन्नति गरी क्षमता अभिवृद्धि गर्नु; उच्च शिक्षालाई श्रम बजारसँग जोड्नु; प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको पहुँच सबै वर्ग र समूहमा पुऱ्याउनु; युवा जनशक्तिलाई स्वरोजगार व्यवसायमा संलग्न बनाउनु; राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी खेलाडी उत्पादन गर्न प्रशिक्षण तथा प्रतियोगितामा नवीन् सीप र प्रविधिको अवलम्बन गर्नु; प्रतिभावान जनशक्तिलाई देशभित्र टिकाउनु; अनुसन्धान, प्रविधि र नवप्रवर्तनमा आधारित मानव पुँजी निर्माण, विकास र उपयोग गर्नु।

(३) **समतामूलक र समावेशी व्यवस्थापन तथा पहुँच सुनिश्चितताः** गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा सीप विकासका सबै क्रियाकलापमा सबै लिङ्ग, वर्ग, क्षेत्र र समुदायका नागरिकहरूलाई अवसर सुनिश्चित गर्दै सक्षम मानव पुँजी निर्माण गर्नु।

(४) **तहगत तथा क्षेत्रगत समन्वय र नियमनको प्रभावकारिता अभिवृद्धिः** सबै तहबीच समन्वय, सहकार्य, क्षमता विकास र लगानी अभिवृद्धि गर्नु; सङ्घीय शासन व्यवस्था अनुकूल प्रतिष्ठानहरू, विश्वविद्यालयहरू र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् लगायतका तालीम प्रदायक संस्थाहरूको पुनर्संरचना गर्नु; सबै तह र निकायमा सुशासन कायम गरी सेवा प्रवाहलाई समयबद्ध, मितव्ययी, पारदर्शी र जवाफदेही बनाउनु; नियमनकारी निकायहरूलाई प्रभावकारी बनाउनु; मानव पुँजी निर्माणका क्षेत्रमा निजी क्षेत्रको भूमिका स्पष्ट गर्दै नियमन तथा व्यवस्थापन गर्नु; जनशक्ति विकाससँग सम्बन्धित निकायहरूबीच एकअर्कामा अन्तरसम्बन्ध कायम गर्ने।

(५) **विज्ञान तथा प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रदायक संस्थाहरूको प्रभावकारिता अभिवृद्धिः** प्रविधिको विद्यालय अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउनु; विज्ञान तथा प्रविधिका क्षेत्रमा अनुसन्धान र विकासलाई एकीकृत र रणनीतिक दृष्टिकोणका साथ अगाडि बढाउनु; सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा प्राविधिक परीक्षण तथा वैज्ञानिक तथ्य विश्लेषण गर्नु; सेवा प्रवाहमा सुधार ल्याउन विश्वविद्यालय, अनुसन्धान संस्थाहरू, निजी क्षेत्र र सरकारबीच समन्वय अभिवृद्धि गर्नु; विश्वविद्यालय तथा वैज्ञानिक अनुसन्धानमा सरिक संस्थाहरूलाई विश्वव्यापी अनुसन्धान तथा शैक्षिक सञ्जालको पहुँच स्थापित गर्नु।

(६) **स्वास्थ्य बीमाको प्रभावकारिता अभिवृद्धिः** विशेषज्ञ र विशिष्टिकृत स्वास्थ्य सेवालाई स्वास्थ्य बीमासँग आवद्ध गराउनु तथा सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू एकीकृत गर्दै मूलप्रवाहीकरण तथा प्रभावकारी सञ्चालन गर्नु; स्वास्थ्य बीमाको दायरा विस्तार गर्नु।

(७) **मानव पुँजी निर्माणमा संलग्न सेवा प्रदायकको दक्षता अभिवृद्धिः** सबै तहका सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य तथा शिक्षा क्षेत्रसँग सम्बन्धित सेवा प्रदायकहरूको सेवालाई गुणस्तरीय र विश्वसनीय बनाउन संस्थागत क्षमता अभिवृद्धि गर्नु; जनशक्ति विकासमा हुने व्यक्तिगत खर्च अधिक हुनु; जनशक्ति विकाससँग सम्बन्धित प्रणालीलाई सबै प्रकारका जोखिम तथा विपद्बाट उत्थानशील बनाउनु।

(८) **महामारी र विपद्लाई उचित व्यवस्थापन गर्न प्रदेशस्तरसम्म स्थायी संयन्त्रको विकासः** जनस्वास्थ्य विपद् पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी प्रभावकारी प्रणालीको विकासका लागि तथ्य तथ्याङ्कमा आधारित एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सञ्चालन गर्नु;

स्वास्थ्यसम्बन्धी नीति तथा कार्यक्रममा स्वास्थ्यका बृहत् निर्धारकहरू तथा वातावरणीय स्वास्थ्यका सवालहरूलाई यथोचित सम्बोधन गर्नु; स्वस्थकर जीवनशैलीका लागि नागरिकको आचरण विकाससम्बन्धी पर्याप्त गतिविधि सञ्चालन र प्रतिकारात्मक स्वास्थ्यलाई अभियानको रूपमा अगाडि बढाउनु।

## ५.४ रूपान्तरणकारी रणनीति

**स्वास्थ्य तथा जनसङ्ख्या**

(१) **आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्ने:** स्वास्थ्य सेवा प्रदायकहरूलाई सबलीकरण गरी आधारभूत स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्दै निःशुल्क, गुणस्तरीय, विश्वसनीय र समतामूलक बनाउने।

(२) **गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्नु:** प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निरोधात्मक, निदानात्मक, उपचारात्मक, प्रशामक र पुनर्स्थापनात्मक गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच बढाउने; स्वास्थ्य सेवा उपभोगमा नागरिकको वित्तीय जोखिम कम गर्न "गुणस्तरीय स्वास्थ्य सेवा कम मूल्यमा" अवधारणा अवलम्बन गर्ने; जनसङ्ख्या, भूगोल, रोगभार, सामाजिक अवस्थिति लगायत मापदण्डका आधारमा स्वास्थ्य पूर्वाधार र जनशक्ति सुनिश्चित गर्ने; आवश्यकता, माग र खपतमा आधारित स्वास्थ्य मानव संसाधन प्रणाली विकास गर्ने।

(३) **स्वास्थ्य बीमा प्रणालीलाई पुनःसंरचना गरी सबल बनाउने :** विद्यमान स्वास्थ्य बीमा प्रणालीको कभरेज औपचारिक एबं अनौपचारिक क्षेत्र दुबैमा बिस्तार गर्न, दोहोरोपन हटाउन, सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम लगायतलाई एकीकृत गर्न पुनःसंरचना गर्ने।

(४) **समग्र स्वास्थ्य प्रणालीको अत्याधुनिक र उच्चतम् प्रविधिकरण गर्ने:** गुणस्तरीय स्वास्थ्य सेवाको उपभोगमा अभिवृद्धि गर्न नवीन्तम् प्रविधि तथा कृत्रिम बौद्धिकताको उच्चतम प्रयोग गर्ने र वैकल्पिक उपायहरूको उपयोग गर्ने।

(५) **गुणस्तरीय, भरपर्दो, तथा एकीकृत स्वास्थ्य प्रणालीको विकास गर्ने:** आधुनिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य वैकल्पिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य सेवा प्रणालीको विकास र विस्तार गर्दै एकीकृत स्वास्थ्य प्रणाली अवलम्बन गर्ने; सबै प्रदेशमा प्रेषण अस्पताल निर्माण गर्ने; जिल्लास्तरका अस्पताललाई स्तरोन्नति गरी न्यूनतम विशेषज्ञ सेवा उपलब्ध गराउने।

(६) **स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्ने:** सरकारी, निजी तथा सामुदायिक क्षेत्रको सक्रियतामा अन्तर्राष्ट्रियस्तरको स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्ने।

(७) **बहुक्षेत्रीय र बहुपक्षीय अवधारणा अवलम्बन गर्ने:** सबै तह, निकाय र पक्षबीच समन्वय, सहकार्य, सहलगानी तथा साझा-उत्तरदायित्वसहित नसर्ने रोगहरूको न्यूनीकरण तथा नियन्त्रण गर्ने; उदीयमान र पुनःउदीयमान स्वास्थ्य समस्या र कुपोषण न्यूनीकरण गर्ने; मानव स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने जलवायु परिवर्तनजन्य स्वास्थ्य समस्या सम्बोधन गर्न उत्थानशील जनस्वास्थ्य प्रणालीको विकास गर्ने; प्रतिजैविक प्रतिरोध र जनावरबाट सर्ने रोगहरू तथा वृद्धावस्थाका रोग लगायत स्वास्थ्य मुद्दाहरूको सम्बोधन गर्न "एक स्वास्थ्य नीति" को अवधारणालाई संस्थागत गर्ने।

(८) **जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने:** विकास प्रक्रियामा जनसाङ्ख्यिक संक्रमणको व्यवस्थापन र बसाइँसराइलाई व्यवस्थित गर्न सबै विषयगत क्षेत्र र तहमा जनसङ्ख्या शिक्षा विषयलाई आन्तरिकीकरण एवम् मूलप्रवाहीकरण गर्ने; जनसाङ्ख्यिक लाभ प्राप्त गर्ने गरी जनसङ्ख्या व्यवस्थापनका नवीन्तम् अवधारणाको अवलम्बन गर्ने।

(९) **अध्ययन, अनुसन्धान तथा तथ्यमा आधारित स्वास्थ्य व्यवस्थापन प्रणालीको विकास गर्ने:** स्वास्थ्य क्षेत्रका बृहत् निर्धारकहरू आत्मसात गर्दै नीति, रणनीति, योजना तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनलाई तथ्य र प्रमाणमा आधारित बनाउने; स्वास्थ्य संस्थाहरूलाई प्राज्ञिक ज्ञान र सेवामूलक केन्द्रको रूपमा विकास गर्ने; सबै तह र पक्षसँग समन्वय गरी अध्ययन, अनुसन्धान तथा अन्वेषणलाई संस्थागत गर्ने।

(१०) **औषधि, औषधिजन्य सामग्री र खोपको उत्पादनमा आत्मनिर्भर हुने:** यस क्षेत्रमा संलग्न सरकारी तथा निजी सङ्घसंस्थाहरूसँगको समन्वय, साझेदारी र सहकार्यमा देशभित्र खपत हुने औषधि, औषधिजन्य सामग्री र खोपको उत्पादनमा आत्मनिर्भर हुने र औषधि बजारलाई व्यवस्थित गर्ने।

(११) **स्वास्थ्य क्षेत्रमा सुशासन तथा सामाजिक न्याय कायम गर्ने:** सबै तहका सरकारी, निजी तथा अन्य क्षेत्रबाट सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूमा सुशासन तथा सामाजिक न्याय सुनिश्चित गर्न नियमन, अनुगमन तथा गुणस्तर नियन्त्रण संयन्त्रको संस्थागत सुदृढीकरण एवम् नेतृत्व क्षमता अभिवृद्धि गर्ने; विभिन्न निकायहरूबाट तर्जुमा हुने योजना, अनुगमन र मूल्याङ्कनमा समुदायको संलग्नता बढाई जवाफदेहिता कायम गर्ने; स्वास्थ्य उपकरण, औषधि तथा औषधिजन्य सामग्रीहरूको उत्पादन, आपूर्ति र वितरणको दर्ता, नियमन तथा अनुगमन गर्ने संयन्त्र सुदृढ बनाउने।

(१२) **स्वास्थ्य प्रणालीको सुदृढीकरणका लागि लगानी अभिवृद्धि गर्ने:** स्वास्थ्य क्षेत्रमा अन्तर्राष्ट्रिय मापदण्ड र राष्ट्रिय प्रतिवद्धताबमोजिमको लगानी अभिवृद्धि गर्ने; निजी एवम् सहकारी क्षेत्र समेतको सहभागितामा वित्तीय दायरा विस्तार गर्ने; लगानीलाई जवाफदेही र पारदर्शी बनाउँदै कुशल व्यवस्थापन मार्फत स्वास्थ्य वित्त सुशासन सुदृढ गर्ने।

(१३) **विद्यमान सञ्चालनमा रहेका कार्यक्रमहरू पुनःमूल्याङ्कन र परिमार्जन गर्ने:** वर्षौंदेखि चलिरहेका तर खासै प्रभावकारी नदेखिएका कार्यक्रमहरूलाई पूनःमूल्याङ्कन र परिमार्जन गर्ने तथा औचित्य नदेखिएका कार्यक्रमहरू खारेज गर्ने।

**शिक्षा र सीप विकास**

(१४) **नीतिगत र संस्थागत सुधारलाई निरन्तरता प्रदान गर्ने:** शैक्षिक सुधारका लागि आवश्यक नीति, कानून, निर्देशिका, कार्यविधि तथा मापदण्ड जारी गर्ने; विद्यालयमा साधारणतर्फ अध्ययन गर्ने भन्दा प्राविधिक धारतर्फ अध्ययन गर्ने विद्यार्थीको अनुपात क्रमश: वृद्धि गर्ने गरी नीतिगत व्यवस्था गर्ने; सबै तहको शैक्षिक उपलब्धिमा बढोत्तरी गर्ने, उच्च शिक्षा प्राप्तिका लागि विदेश जाने बढ्दो प्रवृत्तिलाई कम गर्न नेपालको शिक्षा प्रणालीलाई गुणस्तरीय, उत्पादनमूलक र रोजगारकेन्द्रित बनाउने; सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा विभिन्न निकायहरूको बीचमा रहेका भूमिकागत अस्पष्टता र दोहोरोपना हटाउने।

(१५) **भौतिक तथा अन्य शैक्षिक पूर्वाधारको व्यवस्था गर्ने:** सञ्चार तथा सूचना प्रविधिको उच्चत्तम प्रयोग मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने; बहुविधायुक्त पुस्तकालय, विज्ञान प्रयोगशालाको स्थापना गरी शैक्षिक संस्थालाई स्मार्ट बनाइ डिजिटल संयन्त्र मार्फत शिक्षण सिकाइलाई सहज, प्रयोगात्मक, बनाउने; शैक्षिक संस्थामा भौतिक पूर्वाधार, प्रयोगशाला, पुस्तकालय, खानेपानी, स्वास्थ्य, शौचालय तथा सरसफाइको उचित प्रबन्ध गरी सिकाइ अनुकूल वातावरण सिर्जना गर्ने; भूकम्प लगायतका प्राकृतिक प्रकोपले क्षति पुगेका र जीर्ण भएका शिक्षण संस्थाका भवनहरूको पुनर्निर्माण तथा प्रवलीकरण गर्ने।

(१६) **सबै तहको शिक्षाको पाठ्यक्रम र शैक्षिक कार्यक्रम समसामयिक र व्यवहारिक बनाउने:** सबै तहका पाठ्यक्रम र शैक्षिक कार्यक्रमलाई समयानुकुल परिवर्तन र विकसित गर्ने; उच्च शिक्षामा उदीयमान प्रविधिसँग सम्बन्धित विषयहरूको प्रभावकारिता अभिवृद्धि गर्ने; नेपाललाई योग, ध्यान तथा आध्यात्मिक केन्द्र बनाइ आध्यात्मिक भावना बढाउन प्रारम्भिक तहदेखि नै सुशासन, नैतिक, राष्ट्रभक्ति र मूल्यमा आधारित शिक्षा प्रदान गर्न पाठ्यक्रम तय गर्ने।

(१७) **शैक्षिक प्रणालीको सुदृढीकरण गरी कार्यान्वयन गर्ने:** शैक्षिक क्यालेण्डरको निर्माण र कार्यान्वयन गरी शैक्षिक सुपरिवेक्षण, अनुगमन तथा निरीक्षणको संरचनागत व्यवस्था गरी सुपरिवेक्षण र अनुगमनमा तीनै तहका सरकार बीचमा समन्वय र सहकार्य गर्ने; शैक्षिक संस्थाको नक्साङ्कन र समायोजन गरी सबै शैक्षिक संस्थामा न्यूनतम जनशक्तिको व्यवस्थापन गर्ने, एकीकृत शैक्षिक सूचना प्रणालीको सबलीकरण र अनुगमन तथा प्रतिवेदन प्रणालीको सुदृढीकरण गर्ने; जलवायु उत्थानशील शिक्षा प्रणालीको सुदृढीकरण गर्ने।

(१८) **राष्ट्रिय जनशक्ति विकास योजना तर्जुमा गर्ने:** देशको लागि आवश्यक मानव पुँजी निर्माणका लागि दीर्घकालीन राष्ट्रिय आवधिक जनशक्ति विकास योजना तर्जुमा गरी यसका आधारमा शैक्षिक कार्यक्रम निर्माण गर्ने संयन्त्र र पद्धति विकास गर्ने।

(१९) **शिक्षा र सीपलाई उत्पादन र बजारसँग जोडने:** साक्षरता र सीप विकासलाई जोडी माध्यमिक शिक्षालाई वृत्ति विकास र उच्च शिक्षालाई उद्यम र रोजगार केन्द्रित बनाउन "पढ्दै कमाउँदै र कमाउँदै पढ्दै" जस्ता कार्यक्रमलाई जोड दिने; सरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार सिर्जना महाअभियान सञ्चालन गर्ने; अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारहरूको पूर्व सिकाइको मान्यता विधिलाइ प्रभावकारी बनाउने।

(२०) **गुणस्तरीय र समावेशी शिक्षाका लागि लगानी विस्तार गर्ने:** शिक्षा क्षेत्रमा सबै तहको लगानी वृद्धि गर्ने; दिवा खाजा, छात्रवृत्ति लगायतका विद्यार्थी सहुलियत कार्यक्रमलाई एकीकृत प्रणालीबमोजिम कार्यान्वयन गर्ने; उच्च शिक्षामा लागत साझेदारीको नीति अवलम्बन गर्दै शिक्षामा निजी क्षेत्र र विकास साझेदार तथा गैर आवासीय नेपालीको स्रोत समेत परिचालन गर्ने; उच्च शिक्षालाई विशिष्टिकृत बनाउँदै अनुसन्धान केन्द्रित बनाउने; योजनाको अन्त्यसम्ममा कुल बजेटको २ प्रतिशत बजेट अनुसन्धान तथा विकासमा लगाउने; उच्च शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरी दूर सिकाइलाई प्राथमिकतामा राखेर दुर्गम र विदेशका विधार्थीलाई समेत अध्ययन गर्न सकिने गरी प्रणालीको विकास गर्ने; अटिजम लगायत सबै प्रकारका अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्ने र उद्यमशीलता विकास गर्ने।

(२१) **शैक्षिक सुशासन सुनिश्चित गर्ने:** विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, पढाइ तथा गणितीय सीप परीक्षण, एवम् प्रारम्भिक सिकाइ तथा विकासस्तर परीक्षण तथा शैक्षिक निकाय र शिक्षण संस्थाहरूको कार्यसम्पादन परीक्षणलाई प्रभावकारी बनाउनुका साथै विद्युतीय शासनको अवधारणामा रही शैक्षिक सेवा प्रवाह गर्ने; तालीम प्रदायक निजी तथा गैरसरकारी

निकायहरूलाई नियमन र सीप परीक्षण गर्ने ठोस आधार तयार गर्ने; प्रशिक्षकहरूको लागि प्रशिक्षण अनुमतिपत्र लिनुपर्ने व्यवस्था मिलाउने, विद्यालयका प्रधानाध्यापकको सक्षमताको प्रारूप विकास गरी सुशासन र असल प्रशासनका विषयमा तालीम प्रदान गर्ने।

**विज्ञान तथा प्रविधि**

(२२) **नीतिगत तथा संस्थागत सुधार गर्नेः** उत्पादनका सबै क्षेत्रहरूमा अनुसन्धान तथा विकास र नवप्रवर्तनलाई अंगीकार गर्दै लैजान नीतिगत तथा कानूनी व्यवस्था गर्ने; वैज्ञानिक ज्ञानको व्यवस्थापन गर्ने, वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनको प्रवर्द्धन गर्न प्राज्ञिक संस्थाको रूपमा विशिष्टिकृत विश्वविद्यालय स्थापना गर्ने, अनुसन्धान निकाय, वैज्ञानिक पेशागत समाज तथा उद्योगबीच सहकार्य र साझेदारी विकास गर्ने।

(२३) **वैज्ञानिक अनुसन्धान, प्रविधि विकास, बौद्धिक सम्पत्ति सिर्जना तथा नवप्रवर्तनलाई जोड दिनेः** नवप्रवर्तन तथा उद्यमशीलता विकासको लागि इन्क्युवेशन सेन्टर, एस्सीलेटर सेन्टर, प्रविधि पार्क, ग्रामीण नव-प्रवर्तनशाला, आकाशीय पिण्डहरूको अवलोकन, उच्च धरातलीय अनुसन्धान, विज्ञान शिक्षाको प्रवर्द्धन गर्ने; विज्ञान प्रविधि तथा नवप्रवर्तनलाई प्रवर्द्धन, सहजीकरण र नियमनको लागि संस्थागत व्यवस्था गर्ने; अनुसन्धान तथा शैक्षिक सञ्जालको पहुँच विस्तार गर्ने।

(२४) **विशेष सहुलियत प्रदान गर्नेः** निजी क्षेत्र र सरकारी प्रतिष्ठानलाई प्रविधि र नवप्रवर्तनको सन्दर्भमा गरिएको खोज र अनुसन्धानका लागि उपयुक्त सहुलियत प्रदान गर्ने।

(२५) **प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नेः** सार्वजनिक तथा निजी क्षेत्रमा प्रविधि परीक्षण, प्रत्यायन, गुणस्तर व्यवस्थापन प्रणाली, नव-प्रवर्तन व्यवस्थापन प्रणाली लगायतका विभिन्न व्यवस्थापनका विधिको अवलम्बन तथा उदीयमान प्रविधिको प्रयोग गरी गुणस्तरमा सुधार तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने।

**युवा तथा खेलकुद**

(२६) **राष्ट्रभाव भएको सदाचारी युवा निर्माण गर्नेः** युवामा राष्ट्रियता, नैतिकता, अनुशासन, स्थानीय संस्कृति, स्वयम्सेवी भावना र असल संस्कारको विकास गर्ने; यसक्रममा निजी क्षेत्रले समेत संस्थागत सामाजिक उत्तरदायित्व मार्फत योगदान गर्न अनिवार्य गर्ने।

(२७) **युवालाई अवसर प्रदान गर्दै परिचालन गर्नेः** सबै तहको नीति निर्माणमा युवाको सार्थक सहभागिता बढाउने तथा युवाको क्षमता विकासको अवसर सिर्जना गर्नुका साथै युवाको

वित्तीय पहुँच विस्तार गरी उनीहरूलाई स्वरोजगार बनाउने; राष्ट्रिय स्वयमसेवक कार्यक्रम सञ्चालन गर्ने।

(२८) **शारीरिक रूपले तन्दुरूस्त युवा निर्माण गर्नेः** खेलकुदलाई मानव पुँजी निर्माणको अभिन्न अङ्गको रूपमा विकास गर्ने; खेलकुद पूर्वाधारहरूको निर्माण र स्तरोन्नतिसँगै प्रशिक्षणको व्यवस्था गर्ने; स्थानीयस्तर र आधारभूत तहदेखि नै खेलकुद प्रतियोगिता सञ्चालन गरी प्रतिभावान खेलाडीको पहिचान र विकास गर्नुका साथै प्रतिभावान तथा अन्तर्राष्ट्रिय पदक हासिल गरेका खेलाडीलाई खेल क्षेत्रमा निरन्तरता दिने वातावरणको सिर्जना गर्ने; खेलकुदबाट आयआर्जन गर्न खेलकुद पर्यटनलाई प्रोत्साहन गर्ने र यस क्षेत्रलाई व्यावसायिक बनाउने; शारीरिक शिक्षालाई अनिवार्य पाठ्यक्रममा समावेश गर्ने र सोको लागि न्यूनतम जनशक्तिको व्यवस्था गर्ने।

## ५.५ प्रमुख कार्यक्रम

### स्वास्थ्य तथा जनसङ्ख्या

(१) **स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि कार्यक्रमः** जनसङ्ख्या, भूगोल र रोगभारको आधारमा प्रति इकाइका दरले राज्यद्वारा आधारभूत स्वास्थ्य सेवामा लगानी गर्ने र सोका लागि सङ्घ र प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउने; कुल राष्ट्रिय बजेटमा स्वास्थ्य क्षेत्रतर्फको विनियोजनको अंश क्रमशः बढाउँदै लैजानु; सङ्घ, प्रदेश र स्थानीय तहको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि माइलस्टोन प्रणाली लागु गर्ने; सूर्तिजन्य पदार्थ, मदिरा एवम् जनस्वास्थ्यका दृष्टिले हानिकारक वस्तु प्रयोग भएका तयारी पेय तथा खाद्य पदार्थको उपभोगलाई निरूत्साहित गर्ने कार्यक्रमसहित कर वृद्धि गर्ने; स्वास्थ्य क्षेत्रमा लगानी बढाउन लगानीका थप स्रोतको पहिचान गरी परिचालन गर्ने।

(२) **आधारभूत र सामुदायिक स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रमः** आधारभूत स्वास्थ्य सेवा कार्यक्रमलाई राज्यकोषबाट सञ्चालन गरी निःशुल्क, सर्वसुलभ र गुणस्तरीय बनाउने; सामुदायिक स्वास्थ्यकर्मी, गाउँघर क्लिनिक, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य आमा समूह जस्ता विद्यमान 'सामुदायिक स्वास्थ्य प्रणाली' लाई थप क्रियाशील बनाउँदै आधारभूत स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि तथा प्रेषण सेवालाई व्यवस्थित गर्ने; सङ्घीय र प्रादेशिक तहमा विशेषज्ञ, विशिष्टिकृत अस्पताल; जनसङ्ख्या, भूगोल र रोगभार लगायत मापदण्डका आधारमा स्थानीय तहमा आधारभूत अस्पताल र वडास्तरमा नागरिक आरोग्य समूह गठन गरी स्वस्थ जीवनशैली, योग अभ्यास मार्फत जनस्वास्थ्य प्रवर्द्धन अभियान सञ्चालन गर्ने; किशोर किशोरीलाई यौन तथा प्रजननसम्बन्धी शिक्षा प्रदान गर्ने; स्तरीय आधारभूत स्वास्थ्य सेवाको

पहुँच सुनिश्चित गर्न एक विद्यालय-एक स्वास्थ्यकर्मी, स्वस्थ विद्यालय, पाठ्यक्रममा स्वास्थ्य तथा शारीरिक शिक्षासम्बन्धी विषय अनिवार्यताका लागि शिक्षा क्षेत्रका सरोकारवालासँग सहकार्य र समन्वय; स्थानीय तहमा परिवार योजना प्रणाली सञ्चालन गर्ने।

(३) **स्वास्थ्य बीमा तथा सामाजिक स्वास्थ्य सुरक्षाको एकीकृत कार्यक्रमः** स्वास्थ्य बीमा कार्यक्रमलाई पुनरावलोकन गरी यससम्बन्धी नीति, कानून, नियमावली तथा संस्थागत व्यवस्थामा आमूल परिवर्तन गर्ने; सबै नागरिकलाई स्वास्थ्य बीमामा आवद्ध गरी विशेषज्ञ, विशिष्टिकृत र आकस्मिक स्वास्थ्य सेवा स्वास्थ्य बीमा मार्फत प्रदान; स्वास्थ्य क्षेत्रमा रहेका विद्यमान सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत गर्दै स्वास्थ्य बीमामा आबद्धता कार्यक्रम; एकीकृत स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरी सेवा विस्तार गर्ने; लाभथैली एवम् प्रिमियम समयानुकूल परिवर्तन गर्दै लैजाने; निरन्तर अध्ययन अनुसन्धानमा अनुबन्ध गर्दै लैजाने।

(४) **स्वास्थ्य सेवा एवम् प्रदायक सस्थाहरूको गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमः** सबैका लागि स्वास्थ्य सेवा लागू; सरकारी अस्पतालहरूको भौतिक पूर्वाधार विकास, जनशक्ति व्यवस्था तथा अत्याधुनिक उपकरणहरूको व्यवस्था; रोगको निदान र उपचारमा प्रोटोकल तयार गर्ने; स्वास्थ्य सेवामा डिजिटल स्वास्थ्य प्रणाली लागू; वैकल्पिक चिकित्सा पद्धतिको प्रयोगलाई प्रोत्साहन; निजी अस्पताल तथा स्वास्थ्य सेवाको गुणस्तर र पहुँच व्यवस्थापनको लागि नियमन र प्रोत्साहन; स्वास्थ्य पर्यटन प्रोत्साहित हुने वातावरण निर्माण; विदेशी नागरिकहरूको लागि समेत उपयुक्त हुनेगरी सुविधायुक्त र पूर्ण सुरक्षित ज्येष्ठ नागरिक स्याहार केन्द्र र नर्सिङ् होम खोल्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।

(५) **सघन स्वास्थ्य क्षेत्र मानव संसाधन प्रणाली विकास तथा सञ्चालन कार्यक्रमः** स्वास्थ्य क्षेत्रमा आवश्यक जनशक्तिको माग र खपतलाई दृष्टिगत गर्दै हालै गरिएको सन् २०३० सम्मको प्रक्षेपणको आधारमा चाहिने जनशक्तिको उत्पादन गर्ने; जनसङ्ख्या, भूगोल, रोगभार र सामाजिक न्यायमा आधारित वितरण, उपयोग र परिचालनसहितको सघन स्वास्थ्य क्षेत्र मानव संसाधन प्रणाली विकास तथा सञ्चालन गर्ने; स्वास्थ्यकर्मीलाई दुर्गम तथा न्यून आकर्षित क्षेत्रमा काम गर्न र टिकाउन विशेष प्रोत्साहन योजना लागु गर्ने; पर्याप्त स्वास्थ्य जनशक्तिको उत्पादन र स्वदेशमै प्रभावकारी खपत गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, चिकित्सा शिक्षा आयोग, विश्वविद्यालय र प्रतिष्ठानसँगको समन्वयमा शैक्षिक कार्यक्रम तर्जुमा र सञ्चालन गर्ने।

(६) **स्वास्थ्य क्षेत्र डिजिटलाईजेशन कार्यक्रमः** स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच र उपयोगका लागि टेलीमेडिसिन, डिजिटल हेल्थ, रोबोटिक प्रविधि तथा कृत्रिम बौद्धिकता जस्ता आधुनिक सूचना प्रविधिको प्रयोगमा अभिवृद्धि गर्ने।

(७) **विशिष्टिकृत सेवा अस्पताल सञ्चालन कार्यक्रमः** सातै प्रदेशमा विशिष्टिकृत सेवा प्रदान गर्न सक्ने कम्तीमा ३०० देखि ५०० शैय्यासम्मका अस्पतालको स्थापना वा व्यवस्थापन गर्ने; यी अस्पतालहरूलाई क्यान्सर, मृगौला, मानसिक र नशासम्बन्धी रोग, हाडजोर्नीसम्बन्धी रोग, विपद् र दुर्घटना जस्ता उपचारका लागि अन्तर्राष्ट्रियस्तरको सेवा प्रदायक अस्पतालको रूपमा विकास गर्ने; कान्ति बाल अस्पताललाई स्तरोन्नति गरी बाल स्वास्थ्य विज्ञान प्रतिष्ठानको अवधारणामा विकास गरी सो मातहत प्रत्येक प्रदेशमा विशिष्टिकृत बाल अस्पताल सञ्चालनमा ल्याउने।

(८) **स्वास्थ्य क्षेत्र एकीकृत व्यवस्थापन सूचना प्रणाली कार्यक्रमः** स्वास्थ्य संस्था पञ्जीकरण, स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली, आपूर्ति व्यवस्थापन सूचना प्रणाली, स्वास्थ्य मानव संसाधन व्यवस्थापन सूचना प्रणाली, भौतिक सम्पत्ति व्यवस्थापन तथा स्वास्थ्य पूर्वाधार लगायतका सूचना प्रणालीलाई एकीकृत डिजिटल पद्धतिमा आबद्ध गर्ने; स्वास्थ्य संस्था तथा नागरिक पञ्जीकरण र तथ्याङ्क प्रणालीबीच आबद्धता गराउने।

(९) **बहुक्षेत्रीय तथा बहुपक्षीय संयन्त्र मार्फत स्वास्थ्य सेवा प्रवाह कार्यक्रमः** तहगत र निकायगत स्वास्थ्यका बृहत् निर्धारक सम्बोधन गर्ने गरी बहुक्षेत्रीय समन्वय र सहकार्यमा काम गर्न सह-लगानी र सह-उत्तरदायित्वसहितको संरचना निर्माण गर्ने; नवजात शिशु तथा बालरोग, खोप, पोषण, यौन तथा प्रजनन स्वास्थ्य, किशोर-किशोरी स्वास्थ्य, परिवार योजना, प्रजनन दुर्बलता, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन तथा वृद्धावस्थाको स्वास्थ्य सेवाका लागि जीवनपथ अवधारणामा आधारित स्वास्थ्य सेवालाई निरन्तरता दिने; सङ्घ, प्रदेश र स्थानीय तहका सरकारको नीति र कार्यक्रमबीच तादात्म्यता प्रवर्द्धन गरी स्वास्थ्यका बृहत्तर लक्ष्य हासिल गर्न समन्वयात्मक संयन्त्रको सुदृढीकरण गर्ने।

(१०) **बहुक्षेत्रीय पोषण कार्यक्रमः** बहुक्षेत्रीय पोषण योजना तेस्रो कार्यान्वयनलाई उच्च प्राथमिकता दिंदै लक्षित वर्ग समुदायको विशेष आवश्यकता र प्राथमिकताका आधारमा लक्षित कार्यक्रम सञ्चालन गर्ने; सुक्ष्म पोषक तत्वको कमीलाई सम्बोधन गर्न सप्लिमेन्टेसन, फोर्टिफिकेसन तथा खाद्य विविधीकरणमा स्थानीय एवम् रैथाने उत्पादनलाई प्राथमिकता दिदैं अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन कार्यक्रम सञ्चालन गर्ने।

(११) **किटजन्य, सर्ने तथा नसर्ने र उन्मूलनको नजिक रहेका रोगहरूको नियन्त्रण तथा रोकथाम कार्यक्रमः** औलो, कालाजार तथा डेङ्गु जस्ता किटजन्य रोगहरूको निवारण, अन्य किटजन्य रोगहरू, क्षयरोग, एच.आई भी/एड्स, कुष्ठ रोग जस्ता सङ्क्रामक रोगहरू र उच्च रक्तचाप, मुटु रोग, नशा रोग, मधुमेह, क्यान्सर, मृगौला रोग लगायतका नसर्ने रोग न्यूनीकरण कार्यक्रम सञ्चालन; बहु-औषधि प्रतिरोध लगायत समग्र क्षयरोगको निदान, उपचार र रोकथामका क्रियाकलापसहित क्षयरोगमूक्त नेपाल अभियान सञ्चालन गर्ने।

(१२) **सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य कार्यक्रमः** महिलामा हुने पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर तथा पाठेघर खस्ने लगायतका रोगको निःशुल्क परीक्षण; लिङ्गको आधारमा गरिएको गर्भपतनलाई निरुत्साहित; छाउपडी, उमेर नपुग्दै हुने विवाह र गर्भाधारण जस्ता स्वास्थ्यमा नकारात्मक असर पार्ने सामाजिक र साँस्कृतिक अभ्यासलाई सम्बोधन गर्न लक्षित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन तथा व्यवस्थापन गर्ने।

(१३) **जलवायु परिवर्तन उत्थानशील स्वास्थ्य कार्यक्रमः** महामारी तथा जनस्वास्थ्यका सम्भावित खतराको पूर्वानुमान, शीघ्र पहिचान, प्रमाणीकरण र रोगबारेको तत्काल सूचना दिन सक्ने गरी पर्याप्त लगानीसहितको बृहत् जनस्वास्थ्य निगरानी प्रणाली सुदृढ गर्ने; जलवायु तथा अन्य विपद्बाट उत्थानशील स्वास्थ्य संरचना तथा मानव संसाधन विकास गर्ने; विकास परियोजना, उद्योग, कल कारखाना र व्यापार व्यवसायले जनस्वास्थ्यमा पार्नसक्ने प्रभावको मूल्याङ्कन र पेशागत स्वास्थ्य पद्धति संस्थागत गर्ने।

(१४) **जनस्वास्थ्य प्रयोगशाला सुदृढीकरण कार्यक्रमः** जैविक सुरक्षालाई मध्यनजर राखी क्यान्सर परीक्षणसम्बन्धी विशिष्टिकृत सेवा, १०० शैयासम्मका सरकारी अस्पतालमा बायोप्सी सेवा, ५० शैयासम्मका सबै सरकारी अस्पतालमा प्रतिजैविक प्रतिरोधी नियन्त्रणका लागि कल्चर सेन्सेटिभिटी लगायत प्रयोगशाला सेवाको सञ्जाल र सेवा विस्तार; जैविक सुरक्षा र गुणस्तर सुनिश्चिततासहित जनस्वास्थ्य प्रयोगशालाको सञ्जाल विस्तार र सुदृढीकरण गर्ने; मानव रोग अनुसन्धान केन्द्र स्थापना गर्ने।

(१५) **मानसिक तथा वैकल्पिक स्वास्थ्यसम्बन्धी कार्यक्रमः** लागु औषध दुर्व्यसनको रोकथाम तथा नियन्त्रण, आत्महत्या रोकथाम लगायतका मानसिक स्वास्थ्य प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन; नागरिक आरोग्य कार्यक्रमलाई सङ्घसंस्था, सहकारी र समुदायसँगको समन्वयमा वडा तथा समुदायस्तरसम्म विस्तार; "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" अभियानलाई समुदायस्तरसम्म विस्तार; जनस्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्न सम्बन्धित सरोकारवालासँगको सहकार्यमा विषादीको प्रयोगलाई नियमन; मनोरञ्जन केन्द्र, पुस्तकालय,

योग केन्द्र, समुदायिक सिकाइ तथा सीप आदानप्रदान केन्द्रहरू मार्फत ज्येष्ठ नागरिकको शारीरिक, मानसिक तथा आध्यात्मिक स्वस्थताको प्रवर्द्धन गर्ने।

(१६) **अध्ययन अनुसन्धानमा आधारित स्वास्थ्य तथा जनसङ्ख्या व्यवस्थापन प्रणालीः** अध्ययन अनुसन्धानको लागि विश्वविद्यालय र प्रतिष्ठानका प्राज्ञिक तथा अनुसन्धानकर्ता र नेपाल स्वास्थ्य अनुसन्धान परिषदसँग समन्वय गर्ने; स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अध्ययन, अनुसन्धान र नीति सुधार संयन्त्र स्थापना गरी क्रियाशील बनाउने।

(१७) **समतामूलक तथा समावेशी स्वास्थ्य कार्यक्रमः** स्वास्थ्य सेवाको पहुँचमा नपुगेका, दुर्गम क्षेत्रमा बसोबास गर्ने, विपन्न, पिछडिएका, अल्पसङ्ख्यक व्यक्ति तथा समुदायको पहिचान तथा लक्षित विशेष कार्यक्रमको तर्जुमा र कार्यान्वयन; यस्ता समुदायलाई निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था; अस्पतालमा सामाजिक सेवा इकाइ विस्तार तथा सेवाग्राही-मैत्री सेवाको सुनिश्चित गर्ने।

(१८) **सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा कार्यक्रमको नियमन तथा व्यवस्थापन कार्यक्रमः** सरकारी, सामुदायिक तथा निजी लगायत सबै क्षेत्रबाट सञ्चालन हुने स्वास्थ्य सम्बद्ध सेवा तथा कार्यक्रमको मानक स्थापना; स्वास्थ्यसम्बन्धी सेवा तथा कार्यक्रमको वस्तुगत मापदण्डका आधारमा नियमन तथा व्यवस्थापन गर्ने।

(१९) **औषधि र औषधिजन्य सामग्री उत्पादन तथा व्यवस्थापन कार्यक्रमः** नेपाल औषधि लिमिटेडलाई पुनःसंरचना तथा व्यावसायिक पुनरोत्थान गर्दै मुलुकभित्रै औषधि तथा औषधिजन्य सामग्रीको उत्पादन वृद्धि; विभिन्न निजी क्षेत्रका उद्योगहरू समेतको सक्रियतामा मुलुकलाई औषधि र खोपमा आत्मनिर्भर बन्ने गरी उत्पादन कार्यलाई प्रोत्साहन; औषधि तथा खोपको उत्पादन, भण्डारण, विक्री तथा वितरण तथा गुणस्तर नियमनको प्रभावकारिता अभिवृद्धि गर्ने।

(२०) **अन्तर्राष्ट्रिय स्वास्थ्य पर्यटन प्रवर्द्धन कार्यक्रमः** सरकारी, निजी तथा सामुदायिक क्षेत्रको सक्रियतामा उच्च गुणस्तरीय स्वास्थ्य सेवा, आधुनिक, आयुर्वेदिक, प्राकृतिक तथा वैकल्पिक चिकित्सा प्रणालीसहितको एकीकृत स्वास्थ्य प्रणाली, पर्यावरणीय सौन्दर्यतामा आधारित दिगो स्वास्थ्य प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्ने।

**शिक्षा तथा सीप विकास**

(२१) **बजारको मागअनुसार सीपयुक्त जनशक्ति उत्पादन गर्नेगरी शिक्षाको गुणस्तर अभिवृद्धि कार्यक्रमः** विद्यालय तहको शिक्षाको गुणस्तर वृद्धि गर्न हरेक ५ वर्षमा पाठ्यपुस्तक परिमार्जन

गर्ने; अंग्रेजी, गणित तथा विज्ञान शिक्षक उपलब्ध गराउने; व्यावहारिक ज्ञान र सीप विकासको लागि इन्टर्नशीप, पढ्दै कमाउदै लगायतका क्रियाकलापलाई पाठ्यक्रममै समावेश गर्ने; विद्यालय तहदेखि नै खेलकूद तथा कलाका साथै योग र ध्यानलाई समेत अतिरिक्त क्रियाकलापको रूपमा सञ्चालन गर्ने; उच्च शिक्षाको रूपान्तरण र गुणस्तर अभिवृद्धिको लागि प्रदेशगत स्वरूपमा एक विश्वविद्यालय अन्तर्गत हालका सबैजसो विश्वविद्यालय तथा तिनका क्याम्पसहरूलाई गाभी चुस्तरूपमा सञ्चालन; विश्वविद्यालयहरूलाई प्रतिस्पर्धी बनाउने; विश्वविद्यालयहरूमा इन्कुबेसन केन्द्र स्थापना गर्ने; स्टार्ट-अप, पेटेन्ट अधिकार, व्यावसायिक पर्यावरण निर्माण गर्ने; उच्च शिक्षालाई अनुसन्धानसँग जोड्ने; बजारको मागअनुसारको सीप तथा क्षमता भएका प्राविधिक तथा व्यावसायिक जनशक्ति उत्पादनमा बढी जोड दिने।

(२२) **मानवस्रोतको आवश्यकता प्रक्षेपण र दक्ष जनशक्ति उत्पादन कार्यक्रमः** देशभित्र आवश्यक पर्ने र रोजगारीको लागि विदेशिन सक्ने जनशक्तिको संख्यालाई समेत ध्यानमा राखी आगामी दशवर्षको लागि मानस्रोतको आवश्यकता प्रक्षेपण र सोबमोजिम दक्ष जनशक्ति उत्पादन गर्नेगरी शिक्षा र सीप विकासमा जोड दिने; अध्ययन-अध्यापन र सीप विकासमा साधारण विषय र विशिष्टीकरण बीच तालमेल मिलाई बजारको आवश्यकता र जनशक्ति आपूर्ति बीचको खाडल मेट्ने; विद्यमान जनसंख्या नीतिमा पुनरावलोकन गरी जन्मदर वृद्धिलाई प्रोत्साहन गर्ने।

(२३) **प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमः** प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी कार्यक्रमहरूलाई सबै स्थानीय तहसम्म पुऱ्याई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

(२४) **विद्यालय शिक्षा सुधार कार्यक्रमः** तीनै तहको शिक्षा प्रणालीमा एकरूपता कायम गर्दै अन्तर-आवद्धता एवम् गुणस्तर सुनिश्चितता गर्न शिक्षाको लागि छाता कानून तर्जुमा गर्ने, विद्यालय शिक्षा क्षेत्र योजना (२०२२-३२) को कार्यान्वयन गर्ने; सबै विद्यालयमा इन्टरनेटको पहुँच सुनिश्चितता; प्रधानाध्यापक तथा शिक्षकको पेसागत विकास व्यवस्था गर्ने; शिक्षक विद्यार्थी अनुपातको पुनरावलोकन गरी विषयगत आधारमा सबै विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीको व्यवस्था गर्ने; विश्वविद्यालयका प्रतिभाशाली विद्यार्थीलाई शिक्षण पेसामा सोझै प्रवेशको व्यवस्था; आधारभूत तहको पाठ्यक्रमलाई स्थानीय तहको ज्ञान, संस्कृति, रहनसहन, स्वाबलम्बन विकास हुने गरी परिमार्जन गर्ने; नैतिक शिक्षा र सुशासन अभियानलाई सहयोग पुग्ने र बाल मनोविज्ञान अनुकूल हुने गरी पाठ्यक्रमको अद्यावधिकता गर्ने; विद्यार्थी सङ्ख्या तथा भौगोलिक दूरीलाई दृष्टिगत गरी विद्यालयहरूलाई गाभ्ने र आवश्यकतानुसार आवासीय विद्यालयको व्यवस्था गर्ने; अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको प्रबन्ध गर्ने; स्थानीय तह मार्फत शिक्षक सहायता प्रणाली र विद्यालय सुपरीवेक्षणको प्रबन्ध गर्ने; हिमाली क्षेत्रमा

घुम्ती शिक्षा कार्यक्रम सञ्चालन गर्ने; सदाचारी जनशक्ति उत्पादन गर्न गुरुकुल, आश्रम, गुम्बा, मदरसाजस्ता परम्परागत शिक्षाको मूलप्रवाहीकरण गर्ने; अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयनको लागि तीन तहका सरकारबीच समन्वय र सहकार्य अभिवृद्धि गर्ने।

(२५) **कक्षा १० पछिको दुई महिने जीवन उपयोगी शिक्षा सञ्चालन कार्यक्रमः** माध्यमिक शिक्षा परीक्षा दिएर बसेका विद्यार्थीलाई दुई महिना (आठ हप्ता) अवधिको प्रतिकारात्मक स्वास्थ्य, सन्तुलित भोजन, पाककला र प्राथमिक उपचार, सवारी अनुमति तथा सवारी नियम, आत्म-सुरक्षा तथा अनुशासन, कार्यक्षेत्र सुरक्षा र यौन दुर्व्यवहार, राष्ट्रप्रेम, स्वंयम सेवा र योग, ध्यान तथा कला लगायतका व्यवहारिक विषयहरू समावेश गरी सम्बन्धित निकायहरूसँगको समन्वयमा अनिवार्य अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

(२६) **उच्च शिक्षा सुधार कार्यक्रमः** उच्च शिक्षालाई अन्तर्राष्ट्रिय रूपले प्रतिस्पर्धी बनाउने गरी पाठ्यक्रम र व्यवस्थापनमा सुधार; राष्ट्रिय योग्यता प्रारूपअनुसार कार्यान्यवन गर्ने; आगामी पाँच वर्षभित्र प्राविधिक शिक्षाको भर्नादर बढाउँदै प्राविधिक र सामान्य शिक्षाका विद्यार्थीको अनुपात क्रमशः ७०:३० कायम गर्ने; खोज अनुसन्धानलाई प्राथमिकता प्रदान गर्ने; विदेशमा स्नातक तहमा अध्ययन गर्नका लागि कम्तिमा ५० प्रतिशत छात्रवृत्ति प्राप्त गरेका नेपाली विद्यार्थीलाई मात्र अध्ययन अनुमति प्रदान गर्ने; विश्वविद्यालय अनुदान आयोगबाट लगातार तीन पटक (१५ वर्ष) सम्म गुणस्तर सुनिश्चितता तथा प्रत्यायनकृत प्रमाणपत्र प्राप्त गर्ने उच्च शैक्षिक संस्थाहरूलाई सूचकका आधारमा शैक्षिक उपाधि प्रदान गर्ने र संस्थाको रूपमा सञ्चालनका लागि स्वीकृति प्रदान गर्ने; सबै विश्वविद्यालय तथा वैज्ञानिक अनुसन्धानमा सरिक सङ्घ संस्थाहरूमा अनुसन्धान तथा शैक्षिक सञ्जालको पहुँच स्थापित गर्ने; सबै विश्वविद्यालयका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्था गर्न एउटै सेवा आयोग गठन गर्ने; योग्य शिक्षकलाई उच्च शिक्षामा प्रवेशका लागि राष्ट्रिय योग्यता परीक्षणको व्यवस्था गर्ने; स्वरोजगार तथा उद्यमशील जनशक्ति उत्पादन गर्ने; सङ्घ तथा प्रदेशमा नयाँ स्थापना हुने विश्वविद्यालयका लागि राष्ट्रिय मापदण्ड निर्माण गर्ने; उच्च शिक्षामा एकीकृत शैक्षिक क्यालेण्डर तर्जुमा गरी कार्यान्वियन गर्ने; विश्वविद्यालयहरूलाई अध्ययन-अनुसन्धान बढाउदै तथा शैक्षिक सञ्जालको पहुँच स्थापित गर्ने।

(२७) **प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रमः** प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद्लाई सङ्घीय संरचना सुहाउँदो बनाइ पुनर्संरचना गर्ने; शिक्षालयहरूको सुदृढीकरण गर्ने तथा राष्ट्रिय योग्यता प्रारूपको कार्यान्वयन गर्ने; प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्र रणनीतिक योजनाको कार्यान्वयन गर्ने; प्रिडिप्लोमा तथा डिप्लोमा तहको पाठ्यक्रममा आवश्यक परिमार्जन र उच्च शिक्षासम्म व्यावसायिक योग्यता हासिल गर्ने प्रबन्ध मिलान

गर्ने; प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम क्षेत्रको रणनीतिक योजनाअनुरूप प्रशिक्षार्थी तालीम, गुणस्तर अभिवृद्धि तथा प्रत्यायनको कार्ययोजना बनाइ कार्यान्वयन गर्ने।

(२८) **शैक्षिक संस्थाको भौतिक पूर्वाधार सुधार कार्यक्रमः** पर्याप्त शिक्षकको व्यवस्थासहित न्यूनतम पूर्वाधारयुक्त शैक्षिक संस्थाका लागि भूकम्प प्रतिरोधी स्मार्ट कक्षा कोठा, पुस्तकालय, प्रयोगशाला, स्वच्छ पिउने पानीसहितको शौचालयको व्यवस्था गर्नुका साथै शैक्षिक संस्थाको विस्तृत तथ्याङ्क तयार गर्ने।

(२९) **सामाजिक पूर्वाधारः** शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा सामाजिक क्षेत्रका पूर्वाधारहरू गुणस्तरीय तथा पहुँचयोग्य (महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमैत्री) बनाउन अन्तर निकायगत समन्वय तथा सञ्चालन गर्ने।

(३०) **राष्ट्रिय सीप विकास कार्यक्रमः** श्रम बजारको मागअनुसारको जनशक्ति विकास गर्न छोटो तथा लामो अवधिका रोजगारउन्मुख र कार्यस्थलमा आधारित सीप विकास तालीम सञ्चालन गर्ने; हाल कायम रहेका तालीम प्रतिष्ठान केन्द्रहरूको पुनरावलोकन तथा पुनर्संरचना गर्ने; उद्योग, व्यापार, सङ्घ, संस्थासँग सहकार्य तथा व्यवस्थापन गर्ने।

(३१) **विदेशी विद्यार्थीलाई आकर्षण गर्ने कार्यक्रमः** निश्चित मापदण्ड बनाइ विदेशी विद्यार्थीलाई नेपालमा अध्ययनका लागि आकर्षण गर्ने कार्यक्रम तय गर्ने, शिक्षामा विदेशी लगानी भित्र्याउन प्राथमिकता प्रदान गर्ने।

(३२) **विश्वविद्यालय पुनर्संरचना कार्यक्रमः** उच्च शिक्षालाई गुणस्तरीय र समयबद्ध तुल्याउनका लागि विश्वविद्यालयहरूलाई सङ्घीयताको मर्मअनुरूप पुनर्संरचना गर्ने; विश्वविद्यालय छाता ऐन तर्जुमा गरी कार्यान्वयन गर्ने; प्रदेशगतरूपमा विश्वविद्यालयका क्याम्पसहरूलाई गाभ्ने-गाभिने व्यवस्था गर्ने।

(३३) **अपाङ्गता भएका विद्यार्थी सहयोग कार्यक्रमः** विभिन्न कारणले अपाङ्गता भएका विद्यार्थीहरूलाई आधारभूत तहको शिक्षा स्थानीय विद्यालयमै उपलब्धता; माध्यमिक र उच्च शिक्षा मार्फत चौतर्फी विकास हुने गरी प्रदेश वा आवश्यकतानुसार अन्य शहरमा विशेष आवासीय विद्यालयको व्यवस्थापन गर्ने।

(३४) **विश्वविद्यालय अनुदान आयोगको संरचनागत रूपान्तरणः** उच्च शिक्षालाई समयानुकुल गुणस्तरीय बनाउन विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगका रूपमा रूपान्तरण गरी विश्विद्यालयको नियमनकारी निकायको रूपमा सुदृढीकरण गर्ने।

## विज्ञान तथा प्रविधि

(३५) **नीतिगत तथा संस्थागत सुधारः** विज्ञान र प्रविधिको अनुसन्धान तथा नवप्रवर्तनका लागि विशेष कोषको स्थापना गरी सञ्चालन गर्न देशको बजेटको दुई प्रतिशत रकम छुट्टाउने; वैज्ञानिक तथा प्रविधिक ज्ञान व्यवस्थापन गर्ने; उत्पादनजन्य उद्योग तथा दिगो पूर्वाधार क्षेत्रमा अनुसन्धान तथा प्रविधि विकास एकाइ स्थापना; विधिविज्ञान केन्द्रीय प्रयोगशालालाई अनुसन्धान संस्थाको रूपमा स्तरोन्नति; विधिविज्ञान प्रयोगशालाको सेवा विस्तार गर्ने; नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र बि.पी. कोइराला मेमोरियल प्लानेटोरीयम, वेदशाला तथा विज्ञान सङ्ग्राहलय विकास समितिको पुनर्संरचना गर्ने; प्रदेश स्तरीय प्रविधि उद्यमोदय क्षेत्र स्थापना तथा सञ्चालन गर्ने; नवप्रवर्तन केन्द्र स्थापना र सञ्चालन गर्ने; समावेशी नीतिगत सुधार गर्दै प्रतिभावान वैज्ञानिक, प्राविधिज्ञ र युवा जनशक्तिलाई व्यवहारिक अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्यमा परिचालन तथा प्रोत्साहन गर्ने; उच्च धरातलीय अनुसन्धान केन्द्र, अन्तरिक्ष अध्ययन केन्द्र, आणविक अनुसन्धान केन्द्र स्थापना गर्ने; वायुमण्डलीय अनुसन्धान केन्द्र, रोबोटिक्स तथा कृत्रिम बौद्धिकता अनुसन्धान केन्द्र लगायतका उदीयमान प्रविधिका क्षेत्रका अनुसन्धान केन्द्र सञ्चालन गर्ने; विज्ञान साक्षरता कार्यक्रम सञ्चालन गर्ने।

(३६) **अनुसन्धान तथा प्रविधि विकासमा सहकार्य कार्यक्रमः** वैज्ञानिक अनुसन्धान तथा नवप्रवर्तनमा सहकार्य, समन्वय तथा साझेदारी हासिल गर्न विज्ञान कूटनीति मार्फत विभिन्न राष्ट्र तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सम्झौता तथा समझदारी; विश्वविद्यालय तथा सार्वजनिक निकाय, वैज्ञानिक पेशागत समाज, गैरसरकारी वा निजी अनुसन्धान संस्थाहरूलाई नतिजामुखी अनुसन्धान एवम् प्रविधि विकास र प्रोत्साहन गर्ने; वैज्ञानिक तथा अनुसन्धानकर्ताहरूलाई अनुसन्धान तथा शैक्षिक सञ्जालको माध्यमवाट वैज्ञानिक पूर्वाधारहरूमा पहुँच स्थापना गर्ने।

(३७) **नवीन्तम् प्रविधि अनुसन्धान तथा उपयोग कार्यक्रमः** अपराध अनुसन्धान तथा न्याय सम्पादनमा उच्चस्तरीय सेवा प्रदान गर्न तथा नयाँ विधाका सेवाहरू शुरूवात गर्ने तथा विधि विज्ञानका प्रयोगशालाको सेवाको गुणस्तर सुनिश्चिताको लागि अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रत्यायनको व्यवस्था गर्ने; विज्ञान साक्षरता अभिवृद्धि एवम् स्थानीयस्तरका नवप्रवर्तन प्रवर्द्धन गर्न विज्ञान संग्राहलय, विज्ञान पार्क, विज्ञान शहर, नवप्रवर्तनशाला, इन्कुबेटर, एस्लेटर, प्रविधिपार्क, समुदायमा आधारित मेकर्स-स्पेश प्रदेशस्तरमा प्रविधि उद्यमोदय क्षेत्र स्थापना गर्न प्रदेश तथा स्थानीय सरकार वा सार्वजनिक वा गैर-सरकारी वा निजी क्षेत्रलाई प्रोत्साहन तथा विज्ञान क्षेत्र सहुलियत कार्यक्रम सञ्चालन गर्ने।

(३८) **सुशासन प्रवर्द्धन गर्न प्रविधिको उच्चतम प्रयोग कार्यक्रमः** नेपालको सबै प्रशासनिक काममा विज्ञान तथा सूचना प्रविधिको उच्चतम प्रयोग गरी Governance 4.0 लाई संस्थागत गर्ने; रोबोटिक्स तथा कृत्रिम बौद्धिकता, अन्तरिक्ष प्रविधिको प्रयोगलाई बढावा दिने।

(३९) **नेपालका रैथाने वस्तु र प्रविधिको विकास र संरक्षण कार्यक्रमः** नेपालमा भएका परम्परागत प्रविधिमा अनुसन्धान गरी तिनीहरूको विकास, प्रवर्द्धन, उत्पादन पद्धतिमा उपयोग जस्ता कुरामा विशेष महत्त्वका साथ काम गर्ने; यस्ता वस्तु र प्रविधिको विकास गर्नका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मातहत रहने गरी "रैथाने वस्तु र प्रविधि विकास प्रतिष्ठान" गठन गर्ने; रैथाने वस्तु तथा प्रविधिको अन्तर्राष्ट्रियकरण र बौद्धिक सम्पत्ति अधिकार संरक्षण गर्ने।

### युवा तथा खेलकुद

(४०) **राष्ट्र निर्माणमा युवाको भूमिका अभिवृद्धि कार्यक्रमः** इन्टनशीप र स्वयम् सेवा जस्ता कार्यक्रम मार्फत युवा परिचालन; उद्यमशील नेतृत्व विकास; युवालाई सामाजिक अभियन्ताको रूपमा परिचालन; स्काउट तथा राष्ट्रिय स्वयम् सेवा दलको प्रभावकारिता अभिवृद्धि गर्ने।

(४१) **प्रारम्भिक बालविकासको चरणबाटै खेलकुद सञ्चालन कार्यक्रमः** प्रारम्भिक सिकाइलाई खेलकुदसँग जोडेर शिक्षा प्रणालीको विकास; आधारभूत र माध्यमिक विद्यालयहरूमा साताको एक दिन अनिवार्य खेलकुदका कार्यक्रम राख्ने र क्रमशः प्रतिस्पर्धात्मक बनाउँदै लैजाने; जिल्ला र प्रदेश स्तरमै प्रारम्भिक शिक्षाका विद्यार्थी, आधारभूत र माध्यमिक तहमा खेलकुद शिक्षकको दरबन्दी अनिवार्य गर्ने साथै विद्यार्थीहरूलाई खेलकुद प्रतिस्पर्धा गराउने व्यवस्था मिलाउने।

(४२) **शारीरिक तन्दुरूस्ती र सदाचारिताका लागि खेलकुद कार्यक्रमः** सन्तुलित रूपमा खेलकुद पूर्वाधार विकासको लागि सबै स्थानीय तहमा एक-एक वटा खेलग्रामसहित प्रशिक्षणको व्यवस्था गर्ने र सबै प्रदेशमा कम्तिमा एउटा सुविधा सम्पन्न खेल पूर्वाधार विकास गरी नियमित रूपमा स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन; प्रतिभावान खेलाडीहरूलाई अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षणको अवसर प्रदान गर्ने र खेलाडीहरूलाई आत्मनिर्भर बनाउन सहुलियतपूर्ण कर्जा, बीमा, सङ्गठित क्षेत्रमा रोजगार र व्यवसाय सञ्चालन गर्न बीउ पुँजीको व्यवस्था; खेलकुद सङ्ग्राहलय निर्माण; खेलकुद विश्व विद्यालय स्थापना र सञ्चालन गर्ने।

(४३) **प्रोत्साहन कार्यक्रमः** विभिन्न चरणमा खेलकुदसँग सम्बन्धित आधिकारिक निकाय वा शैक्षिक संस्थाले आयोजना गर्ने खेलकुद प्रतियोगितामा गरिएको पुरस्कार, आयोजनामा लाग्ने खर्च जुटाउनका लागि निजी क्षेत्र वा सार्वजनिक संस्थाले पहल गर्ने तथा प्रोत्साहित गर्ने।

(४४) **हिमाली क्षेत्रमा खेलकुद तालीम केन्द्र कार्यक्रमः** अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिष्प्रर्धा गर्न उपयुक्त खेलहरूको तालीमका लागि कम्तिमा दुई वटा हिमाली क्षेत्र खेलकुद तालीम केन्द्रको स्थापना गर्ने।

(४५) **खेल क्षेत्रका राष्ट्रिय गौरवका आयोजना सम्पन्न गर्ने कार्यक्रमः** राष्ट्रिय गौरवका आयोजना घोषणा गरिएका विराटनगर, मूलपानी र भरतपुर रङ्गशालाको निर्माण सम्पन्न; यी रङ्गशालालाई सकेसम्म धेरै खेलहरूलाई सहज हुने ढङ्गबाट विकास, साथै सुविधा सम्पन्न थप क्रिकेट रङ्गशाला निर्माण गर्ने।

## ५.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| **(क) स्वास्थ्य** | | | | |
| १. | मातृ मृत्यु दर (प्रति लाख जीवित जन्ममा) | जना | १५१.० | ८५.० |
| २. | नवजात शिशु मृत्यु दर (प्रति हजार जीवित जन्ममा) | जना | २१.० | १३.० |
| ३. | पाँच वर्षमुनिका बालबालिकाको मृत्यु दर (प्रति हजार जीवित जन्ममा) | जना | ३३ | २२ |
| ४. | पाँच वर्षमुनिका बालबालिकाको पुड्कोपनको अवस्था | प्रतिशत | २५.० | १७ |
| ५. | सडक दुर्घटनाका कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या (प्रति एक लाख जनसङ्ख्यामा) | जना | ९.५ | ५.० |
| ६. | पुर्ण खोप पाउने बालबालिका | प्रतिशत | ८० | ९५ |
| ७. | स्वास्थ्यकर्मी उत्पादन (प्रति हजार जनसङ्ख्यामा) | जना | १.९४ | ४.६४ |
| ८. | स्वास्थ्य बीमामा आवद्ध जनसङ्ख्या | प्रतिशत | २१ | ७० |
| ९. | स्वास्थ्य बीमा कार्यक्रममा नवीकरण दर | प्रतिशत | ६९ | ९० |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १०. | कुल स्वास्थ्य खर्चमा व्यक्तिगत तहमा हुने खर्च | प्रतिशत | ५४.२ | ३८ |
| ११. | ३० मिनेटको दुरीमा स्वास्थ्य संस्था भएका घरधुरी | प्रतिशत | ७७ | ८६ |
| १२. | पाँच वर्षमुनिका बच्चाहरू मध्ये जन्म दर्ता गरिएको बालबालिका | प्रतिशत | ७४ | १०० |
| **(ख) शिक्षा तथा सीप विकास** | | | | |
| १३. | प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिका | प्रतिशत | ७६.९ | १०० |
| १४. | आधारभूत तह कक्षा १- ८ मा पूरा गर्ने दर (उपयुक्त उमेर समूहको तुलनामा) | प्रतिशत | ७७.१ | १००.० |
| १५. | माध्यमिक तहको कक्षा १२ सम्म पुग्ने दर (उपयुक्त उमेर समूहको तुलनामा) | प्रतिशत | ३५.६ | ५५.० |
| १६. | उच्च शिक्षाको प्राविधिक विषयमा अध्ययन गर्ने विद्यार्थीको हिस्सा | प्रतिशत | २०.७ | ३० |
| १७. | उच्च शिक्षामा कुल भर्ना दर | प्रतिशत | १७.७७ | २५ |
| १८. | पाँच वर्ष र सो भन्दा माथिको साक्षरता दर | प्रतिशत | ७६.२ | ९५ |
| १९. | शिक्षण सिकाइमा इन्टरनेटको पहूँच भएका शैक्षिक संस्था | प्रतिशत | ३५.५ | १०० |
| २०. | कक्षा ८ मा न्यूनतम सिकाइ क्षमता हासिल गर्ने विद्यार्थी | | | |
| | नेपाली | प्रतिशत | ५९ | ७० |
| | अंग्रेजी | | ५२ | ५८ |
| | गणित | | ३२ | ५५ |
| | विज्ञान | | ३८ | ६० |
| २१. | वार्षिक सीप परीक्षण र प्रमाणीकरण | संङ्ख्या (हजारमा) | ६० | १०० |
| **(ग) विज्ञान तथा प्रविधि** | | | | |
| २२. | अनुसन्धान तथा प्रविधि विकासमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राष्ट्रिय लगानी | प्रतिशत | ०.३५ | १ |
| २३. | राष्ट्रिय/अन्तर्राष्ट्रिय पेटेण्ट दर्ता | सङ्ख्या | ८६ | ५०० |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| २४. | प्रविधि परीक्षण एवम् प्रमाणीकरण भएका प्रविधिहरू | सङ्ख्या | ० | ५० |
| २५. | नाष्टका अनुसन्धान केन्द्रहरू विस्तार | सङ्ख्या | १ | ७ |
| २६. | राष्ट्रिय विधिविज्ञान प्रयोगशाला विस्तार | सङ्ख्या | ५ | ७ |
| २७. | वेदशाला निर्माण | सङ्ख्या | १ | ३ |
| २८. | अनुसन्धान तथा प्रविधि विकासका राष्ट्रिय उत्कृष्ट केन्द्रहरू | सङ्ख्या | ० | १० |
| २९. | नवप्रवर्तन प्रवर्द्धन संस्थाहरू (विज्ञान शहर/पार्क, इन्कुवेटर, एस्लेटर, ग्रामीण नव-प्रवर्तनशाला, प्रविधि पार्क) स्थापना, नियमन | सङ्ख्या | ० | २५० |
| **(घ) युवा तथा खेलकुद** | | | | |
| ३०. | उद्यमशीलता तथा वित्तीय साक्षरता तालीम प्राप्त गर्ने युवा | प्रतिशत | ०.९८ | ५० |
| ३१. | स्वयंसेवी कार्यमा सहभागी युवा र स्काउट | सङ्ख्या | २५० | ७०० |
| ३२. | स्वरोजगार उद्यम/व्यवसाय सञ्चालन गर्ने युवा | सङ्ख्या | १०४ | १००० |
| ३३. | सबै प्रदेशमा अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न रङ्गशाला निर्माण | सङ्ख्या | १ | ७ |
| ३४. | अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न क्रिकेट रङ्गशाला निर्माण | सङ्ख्या | ० | ७ |
| ३५. | सबै स्थानीय तहमा सेमि कभर्डहलसहित खेलमैदान निर्माण | सङ्ख्या | - | ७५३ |
| ३६. | खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रशिक्षण | सङ्ख्या | १८ | १० |
| ३७. | खेलकुदको राष्ट्रियस्तरको प्रतियोगिता आयोजना (वार्षिक) | सङ्ख्या | ८५ | ८० |
| ३८. | खेलाडी तथा प्रशिक्षकको जीवन बीमा र स्वास्थ्य बीमा (वार्षिक) | लाख | ० | १० |
| ३९. | खेलाडी छात्रवृत्ति प्रदान (वार्षिक) | जना | ० | ५० |

परिच्छेद ६

# गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तर-आबद्धता


| | | |
|---|---|---|
| ६.१ | पृष्ठभूमि | १२७ |
| ६.२ | विद्यमान अवस्था | १२७ |
| ६.३ | मुख्य सवाल तथा चुनौती | १३२ |
| ६.४ | रूपान्तरणकारी रणनीति | १३५ |
| ६.५ | प्रमुख कार्यक्रम | १३९ |
| ६.६ | परिमाणात्मक लक्ष्य | १४४ |

परिच्छेद ६

# गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तर-आबद्धता

## ६.१ पृष्ठभूमि

देशको समग्र विकासमा गुणस्तरीय भौतिक पूर्वाधार र त्यसका विविध पक्षहरूबीचको अन्तर आबद्धताको महत्त्वपूर्ण भूमिका रहन्छ। यातायात, ऊर्जा, सिँचाइ, सञ्चार तथा सूचना प्रविधिका पूर्वाधारहरूले आर्थिक विकासका आधार निर्माण गर्दछन्। सबै पूर्वाधारको संरचना दिगो, गुणस्तरीय, वातावरण एवम् जलवायु संवेदनशील, हरित, उत्थानशील र समावेशी हुन सक्दा उत्पादन र उत्पादकत्व बढ्न गई राष्ट्रिय आयमा समेत बढोत्तरी हुन्छ। दिगो विकास तथा जलवायु अनुकूलनको सन्दर्भमा हरित ऊर्जामा आधारित यातायात प्रणाली तथा नवीकरणीय ऊर्जा प्रवर्द्धनको महत्त्वपूर्ण भूमिका देखिन्छ। त्यसका लागि यातायातका बहुपक्षीय स्वरूप, नदी व्यवस्थापनका संरचना, सिँचाइ तथा ऊर्जाका पूर्वाधारहरूलाई वातावरणसँग आबद्ध गर्दै आधुनिक सूचना प्रविधिको उच्चतम प्रयोग गरेर मात्र दिगो र एकीकृत पूर्वाधार विकास गर्न सकिन्छ।

ग्रामीण बस्तीहरूलाई बजारसँग आवद्ध गर्न र उद्योग, पर्यटन, कृषि, ऊर्जा लगायतका आर्थिक क्षेत्रसँग सम्बन्धित क्रियाकलापमा टेवा पुऱ्याउन एकीकृत यातायात व्यवस्थापन प्रणाली संगसँगै सञ्चार तथा सूचना प्रविधिको अहम् भूमिका हुन्छ। सरकारका तीनै तहमा विकास एवम् समृद्धिका लागि भौतिक पूर्वाधार, ऊर्जा, सिँचाइ, खानेपानी, वन वातावरण तथा जलवायु परिवर्तन, सञ्चार तथा सूचना प्रविधि लगायतका क्षेत्र र पक्षहरूबीच नीतिगत सामञ्जस्यता तथा कार्यात्मक अन्तर-आबद्धता अपरिहार्य छ। प्रथम आवधिक योजना (२०१३-२०१८) देखि पूर्वाधार क्षेत्र (यातायात, कृषि, विद्युत, सिँचाइ) लाई लगानी प्राथमिकताका रूपमा अवलम्बन गरिँदै आएको छ। विगतका विकास प्रयासहरू मुख्यतः पूर्वाधारको पहुँच तथा उपयोगमा केन्द्रित थिए भने अब ती पूर्वाधारको वातावरणीय सन्तुलन तथा जलवायु परिवर्तन अनुकूल हुनेगरी दिगो बनाउनेतर्फ विशेष ध्यान पुऱ्याउनु पर्ने आवश्यकता छ। त्यसैगरी, सूचना प्रविधि मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतसँगको आवद्धता सुदृढ गर्दै मुलुकको सर्वाङ्गिण विकासका लागि उच्चतम उपयोग गर्नु यस योजनाको प्राथमिकता रहेको छ।

## ६.२ विद्यमान अवस्था

(१) **यातायात पूर्वाधारः** यातायात पूर्वाधार क्षेत्रलाई व्यवस्थित गर्नका लागि सडक पूर्वाधारसम्बन्धी नीति, ऐन तथा योजना कार्यान्वयनमा रहेका छन्। रणनीतिक सडक सञ्जाल, पूर्व-पश्चिम

राजमार्ग र विद्युतीय रेल, मध्यपहाडी लोकमार्ग, मदनभण्डारी लोकमार्ग, हुलाकी मार्ग, उत्तर-दक्षिण व्यापारिक मार्ग, औद्योगिक कोरिडोर, काठमाडौं - तराई मधेश द्रुतमार्ग जस्ता राष्ट्रिय गौरव तथा रूपान्तरणकारी आयोजना हाल सञ्चालनमा रहेका छन्। देशका सबै जिल्लाका सदरमुकाम राष्ट्रिय सडक सञ्जालमा जोडिएका छन्। आ.व २०७९/८० सम्ममा सङ्घीय सरकारबाट कालोपत्रे सडक १८ हजार ५२ कि.मि, ग्राभेल सडक ७ हजार ६ सय ९६ कि.मि र **कच्ची** सडक ८ हजार ४ सय ९१ कि.मि गरी कुल ३४ हजार २ सय ३९ कि.मि. सडक निर्माण सम्पन्न भएको छ। प्रदेश र स्थानीय तहबाट ६६ हजार कि.मि. सडक निर्माण भएको छ। मध्यपहाडी लोकमार्गको कुल १ हजार ८ सय ७९ कि.मि. मध्येको ७२.७ प्रतिशत र हुलाकी लोकमार्गको कुल १ हजार ८ सय ५७ कि.मि. मध्येको करिब ९० प्रतिशत कार्य सम्पन्न भएको छ। हुम्ला जिल्लाको सदरमुकाम सिमिकोट जोड्ने कर्णाली लोकमार्गको सिमिकोट सल्लीसल्ला सडक खण्डको ५० कि.मि. मध्ये ३८ कि.मि. ट्र्याक खोल्ने काम सम्पन्न भएको छ।

(२) **पुल तथा शुरूङ्गमार्गः** निर्माणाधीन राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजनाहरूमा निर्माण गर्नुपर्ने पुलहरूको सङ्ख्या ९ सय ४२ रहेकोमा हालसम्म ५ सय ३४ सम्पन्न भएका छन्। नेपालको विकट भौगोलिक अवस्थालाई दृष्टिगत गर्दा सुरक्षित तथा भरपर्दो यातायातको लागि शुरूङ्ग मार्गलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ। यस अन्तर्गत त्रिभुवन राजमार्गको नागढुङगा शुरूङ्ग मार्गको ब्रेक थ्रू भएको छ भने सिद्धबाबा शुरूङ्ग मार्ग र टोखा छहरे शुरूङ्ग मार्ग आयोजना निर्माणाधीन रहेका छन्। तुइन विस्थापन अभियान सञ्चालन गरी अधिकांश स्थानमा झोलुङ्गे पुल निर्माण भएका छन्।

(३) **रेल तथा जल यातायातः** पूर्व पश्चिम रेलमार्ग अन्तर्गत २०७९/८० सम्म बर्दिवास चोचा रेलमार्ग खण्डको ५९ कि.मि. ट्र्याकवेड तथा ९ वटा रेलपुल निर्माण सम्पन्न भएका छन्। जयनगर जनकपुर बर्दिबास रेलमार्गको ६९ कि.मि. मध्ये जयनगर-जनकपुर-विजलपूरासम्म ५२ किमि खण्डमा रेल सेवा सञ्चालनमा रहेको छ। बर्दिवास-सिमारा खण्डमा रेलवे ट्र्याक निर्माण भइरहेको छ। बथनाहा-विराटनगर रेलमार्ग अन्तर्गत नेपाल एकीकृत जाँच चौकीसम्म कार्गो रेल सञ्चालनमा आएको छ। जल यातायात अन्तर्गत कर्णाली, कालीगण्डकी, कोशी, नारायणी नदी लगायतमा जलयान सञ्चालनसम्बन्धी विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भएको छ। साथै, कोशी र नारायणी नदीमा प्यासेन्जर रिभर टर्मिनल निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ।

(४) **हवाई यातायातः** ५४ वटा आन्तरिक विमानस्थल मध्ये ३५ वटा मात्र सञ्चालनमा रहेका छन्। भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आए तापनि नियमित रूपमा

व्यावसायिक उडान भर्न नसकेको अवस्था छ। निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि वातावरणीय पुनर्मूल्याङ्कनको काम भएको छ।

(५) **सडक यातायात व्यवस्थापनः** सवारी चालक अनुमतिपत्र वितरण प्रक्रिया छिटो, छरितो र गुणस्तरीय बनाउन आवश्यक रहेको छ। सवारी साधन व्यवस्थापन कार्यलाई आधुनिक प्रणालीमा आबद्ध गर्न ईम्बोस्ड नम्बर प्लेट जडान कार्यलाई थप प्रभावकारी बनाउनु पर्नेछ। नेपालमै उत्पादन वा जडान भएका सवारी साधनहरूको दर्ता प्रक्रियालाई सहजीकरण गर्न यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० परिमार्जन गरिएको छ। विद्युतीय भुक्तानीसहितको विद्युतीय सवारी चालक अनुमतिपत्र प्रणाली परीक्षणको रूपमा सेवा सञ्चालनमा ल्याइएको छ।

(६) **ऊर्जा, जलस्रोत तथा सिँचाइ पूर्वाधारः** ऊर्जाको प्रसारण तथा वितरणका लागि पूर्वाधार निर्माणको कार्यलाई प्राथमिकतामा राखिएको छ। हालसम्म जलविद्युत तथा वैकल्पिक ऊर्जाका स्रोतबाट राष्ट्रिय विद्युत प्रणालीमा जडित क्षमता ३ हजार २ सय मेगावाट पुगेको छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र मार्फत विकास गरिएका तर राष्ट्रिय प्रणालीमा नजोडिएको ८४ मेगावाट रहेको छ। राष्ट्रिय विद्युत प्रणालीबाट ९६.७ प्रतिशत र वैकल्पिक ऊर्जा स्रोतबाट करीब १.३ प्रतिशत समेत गरी समग्रमा ९८ प्रतिशत घरधुरीमा विद्युत पहुँच पुगेको छ। कुल ऊर्जामा नवीकरणीय ऊर्जाको हिस्सा ७.४ प्रतिशत छ।

आ.व.२०७९/८० सम्ममा ६६ के.भी. र सोभन्दा बढी भोल्टेज स्तरका प्रसारण लाइनको कुल लम्बाइ ५ हजार ७ सय ४२ सर्किट किलोमिटर पुगेको छ। ग्रिड सबस्टेशनको कुल जडित क्षमता ८ हजार ८ सय ६७ एम.भि.ए (मेगा भोल्ट एम्पियर) पुगेको छ। आ.व.२०७९/८० सम्म कुल विद्युत निर्यात १ हजार ४ सय ७८ गिगावाट आवर भई करिब नौ अर्ब रुपैया बराबरको वैदेशिक मुद्रा आर्जन भएको छ। सुक्खा याममा आन्तरिक माग परिपूर्तिका लागि विद्युत आयात गर्नुपर्ने अवस्था छ।

जल तथा ऊर्जा आयोगबाट तर्जुमा भइरहेको जलविद्युत गुरुयोजनाअनुरूप जलविद्युतको समुचित विकास र विस्तार गर्न आवश्यक रहेको छ। परम्परागत रूपमा किसानहरूले साना सिँचाइ पूर्वाधारहरूको विकास तथा सञ्चालन गर्दै आएको भए तापनि आधुनिक सिँचाइ पूर्वाधारहरूको विकास पश्चात हालसम्म १५ लाख ५५ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध भएको छ। सिँचाइ नीति, २०८० ले बहुउद्देश्यीय, जलाशययुक्त तथा अन्तरजलाधार जलपथान्तरण आयोजनाहरूको विकास गरी बाह्रै महिना सिँचाइ सुविधा विस्तार गर्नुको साथै प्रभावकारी व्यवस्थापन गर्नेमा जोड दिएको छ।

सिँचाइ गुरुयोजनाअनुरूप ठूला तथा बृहत् सिँचाइ आयोजनाहरूमा भइरहेको क्रमिक विकास, सिँचाइ प्रणालीको पुनर्स्थापना तथा मर्मत-सम्भार र नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको माध्यमबाट सिञ्चित कृषि क्षेत्रको विस्तार भइरहेको छ। नदीबेसिन योजना निर्माणको क्रममा रहेको छ भने नदी बेसिन डाईभर्सन आयोजनाहरूको निर्माणबाट बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यको साथ कार्य भइरहेको छ। कुल २६ लाख ४१ हजार हेक्टर खेती गरिएको जमिन मध्ये २२ लाख ६५ हजार हेक्टर सिँचाइयोग्य जमिन रहेको छ। आ.व.२०७९/८० सम्म सतह सिँचाइबाट १० लाख २२ हजार ७ सय ३५ हेक्टरमा, भूमिगत सिँचाइबाट ५ लाख ३० हजार ६ सय ५४ हेक्टर र लिफ्ट सिँचाइबाट २ हजार १ सय १९ हेक्टर गरी कुल १५ लाख ५५ हजार ५ सय ८ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ।

(७) **सञ्चार तथा सूचना प्रविधि:** डिजिटल पूर्वाधार निर्माण गर्ने लक्ष्यका साथ डिजिटल नेपाल फ्रेमवर्कको प्रभावकारी कार्यान्वयन भइरहेको छ। सबै स्थानीय तहका केन्द्रहरूमा ब्रोडव्याण्ड इन्टरनेट सेवा जडान कार्य सम्पन्न भएको छ। नेपाल टेलिकम मार्फत प्रारम्भ गरिएको फोर-जी सेवाको पहुँच हालसम्ममा ६६ प्रतिशत भूभागमा पुगेको छ। मोवाइल नेटवर्कद्वारा समेटिएका जनसङ्ख्याको हिस्सा हाल ९३.२ प्रतिशत पुगेको छ। इन्टरनेट घनत्व (प्रति १०० जनामा) हाल १३२.४ प्रतिशत पुगेको छ। आमसञ्चारको क्षेत्रमा देशभर १ हजार १ सय ८८ एफ.एम. रेडियो र २ सय ४४ टेलिभिजनले सञ्चालनको अनुमती प्राप्त गरेका छन् भने ७ हजार ९ सय ८३ पत्रपत्रिका र ४ हजार ३ सय ३४ अनलाइन न्यूजपोर्टल दर्ता छन्। हालसम्म ९२ प्रतिशत जनसङ्ख्यामा रेडियोको पहुँचका साथै ७२ प्रतिशत जनसङ्ख्यामा टेलिभिजनको पहुँच पुगेको छ।

कागज रहित सार्वजनिक सेवा प्रवाह प्रवर्द्धन गर्न एकीकृत विद्युतीय प्रणालीलाई कार्यान्वयनमा ल्याइएको छ। एकद्वार सेवा प्रणालीको विकास गर्ने उद्देश्यका साथ विकास गरिएको नागरिक एप्समा आबद्ध सरकारी सेवाको सङ्ख्या ६२ पुगेको छ। राष्ट्रिय साईवर सुरक्षा नीति, २०८० जारीसँगै राष्ट्रिय साईवर सुरक्षा केन्द्रको स्थापना गरिएको छ। साइवर सुरक्षाको लागि विद्युतीय कारोबार ऐन, २०६३ ले केही कानूनी प्रावधान गरेपनि सूचना तथा प्रविधिको बढ्दो विस्तारसँगै यस क्षेत्रको नियमन गर्न छुट्टै कानून निर्माण गर्न आवश्यक रहेको छ। नेपाल सरकारको छापाखानाको रूपमा रहेको मुद्रण विभागलाई सुरक्षण मुद्रणको रूपमा सबलीकरण तथा आधुनिकीकरण गर्ने कार्यको थालनी भएको छ। नेपालको अनुपम प्राकृतिक सम्पदा तथा सौन्दर्यताको प्रयोग गरी फिल्म छायाङ्कनको गन्तव्यस्थलको रूपमा

विकास गर्ने लक्ष्यसहित अत्याधुनिक फिल्म स्टुडियो र फिल्म सिटी निर्माण प्रारम्भ गरिएको छ।

(८) **प्राकृतिक सन्तुलनमैत्री पूर्वाधारः** पूर्वाधारहरूको निर्माण तथा सञ्चालन गर्दा जल, जमिन र वन जंगल लगायतका प्राकृतिक स्रोतलाई हानी नोक्सानी नपुग्ने गरी उपयोग र संरक्षण गर्दै दिगो, उत्थानशील, वातावरणमैत्री र समावेशी बनाउन जोड दिइएको छ। कृषिमा सिँचाइ, खानेपानी, सडक, यान्त्रिकीकरण, शीत भण्डार जस्ता पूर्वाधारहरूले उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्ने गरी कार्यक्रमहरू तीन वटै तहका सरकारका प्राथमिकतामा परेका छन् तथापि अपेक्षित नतिजा प्राप्त भइनसकेको अवस्था छ।

(९) **नदी तथा जल उत्पन्न विपद व्यवस्थापनः** हालसम्म विभिन्न नदीहरूमा १ हजार ३ सय ६४ कि.मि. तटबन्ध निर्माण भई १२ हजार ७ सय ८५ हेक्टर जमिन उकास भएको छ। साथै, जोखिमयुक्त बाढी तथा पहिरो क्षेत्रको पहिचान गरी २५ वटा जोखिम नक्सा तयार भएका छन्। जलउत्पन्न विपद्बाट मानवबस्ती, खेतीयोग्य जमिन, मौजुदा भौतिक पूर्वाधारको संरक्षण गर्नुका साथै, यस प्रकारका विपद्हरूको न्यूनीकरण गर्न वैज्ञानिक अध्ययन अनुसन्धान गरी नवीन् प्रविधिको विकास र प्रभावकारी नदी व्यवस्थापनका संरचनाहरूको विस्तार तर्फ अपेक्षित प्रगति भएको छैन।

(१०) **खानेपानी तथा सरसफाइः** खानेपानी तथा सरसफाइमा नागरिकको पहुँच र उपलब्धता विस्तारको लागि तीनवटै तहका सरकार प्रयासरत छन्। आर्थिक वर्ष २०७९/८० सम्म ९५ प्रतिशत जनसंख्यामा खानेपानीको पहुँच पुगेको छ भने ९६ प्रतिशतमा आधारभूत सरसफाइ सुविधा पुगेको छ तथापि स्वच्छ खानेपानीमा पहुँच पुग्ने जनसंख्या २५ प्रतिशत मात्र छ। अव्यवस्थित बसोवास, बढ्दो शहरीकरण, जलाधार क्षेत्रमाथिको दोहनले यस क्षेत्रलाई प्रभावित पारेको सन्दर्भमा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै खानेपानीका परम्परागत स्रोतहरूको पहिचान, संरक्षण तथा दिगो उपयोग गर्ने, धार्मिक, सांस्कृतिक लगायत सार्वजनिक स्थलहरूमा सहज, पहुँचयोग्य र गुणस्तरीय खानेपानी तथा ढल व्यवस्थापनलाई पूर्वाधार विकासमा अन्तर-आबद्ध बनाउने कार्य प्रभावकारी हुन सकेको छैन।

(११) **आवास तथा शहरी विकासः** नेपाल सरकारले आवास तथा शहरी विकासको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताबमोजिम आफ्ना कार्यक्रमहरू लक्षित गरेको छ। तीनै तहका सरकारको कार्यक्रममा निर्देशित मापदण्डको कार्यान्वयन अपेक्षित रूपमा प्रभावकारी हुनसकेको छैन। शहरी पूर्वाधार निर्माण गर्दा गुणस्तरीय, सुरक्षित, उत्थानशील, समावेशी,

समतामूलक, शहरी सुविधाको उपलब्धता सुनिश्चित गर्न बहुनिकायको संलग्नतालाई एकीकृत तथा अन्तर आबद्ध बनाउने दृष्टिकोणको अनुशरण गर्नु आवश्यक छ।

## ६.३ मुख्य सवाल तथा चुनौती

(१) **यातायात पूर्वाधार विकासको एकीकृत नीति तथा योजनाः** पूर्वाधार विकासका क्षेत्रगत नीतिहरू बीच समन्वय तथा अन्तरआबद्धता स्थापित गर्नु; यातायातका विभिन्न माध्यमहरूबीच संयोजन तथा अन्तर-आबद्धता कायम गर्दै तहगत समन्वय हुनेगरी उत्तरतर्फको छिमेकी राष्ट्रसँगको सहज पहुँच स्थापित गर्नु; एकीकृत यातायात पूर्वाधार विकास नीति तथा योजना तर्जुमा एवम् कार्यान्वयन गर्नु।

(२) **पूर्वाधारको आवश्यकता तथा क्षमताबीचको सन्तुलनः** आयोजनाको बढ्दो आवश्यकताको तुलनामा स्रोतको प्राथमिकीकरण तथा कार्यान्वयन क्षमताबीचको सन्तुलन कायम गर्नु।

(३) **आयोजना व्यवस्थापनः** तहगत सरकारहरूबीच पूर्वाधार निर्माणमा आपसी तादात्म्यता कायम गर्नु; जग्गाको अधिग्रहण तथा मुआब्जा वितरण प्रक्रिया सरलीकृत गरी पूर्वाधार निर्माणको लागत घटाउनु; पूर्वाधारको क्षेत्राधिकारसम्बन्धी कानूनी व्यवस्थाको पालना गर्नु; निर्माण व्यवसायीको नियमन तथा क्षमता अभिवृद्धि गर्नु।

(४) **यातायात व्यवस्थापनः** नागरिकमैत्री, दिगो, सुरक्षित, किफायती, मर्यादित, समावेशी तथा भरपर्दो सार्वजनिक यातायात प्रणालीको सुनिश्चित गर्नु; सवारी चालक अनुमतिपत्र, सवारी साधन व्यवस्थापन, नियमन लगायतका सेवालाई पूर्णतः डिजिटल प्रणालीमा आबद्ध गर्नु; नवीन्तम् प्रविधिमा आधारित दिगो वातावरणीय मैत्री सवारी साधनद्वारा पेट्रोल-डिजेलमा आधारित पुराना सवारी साधनहरूलाई अद्यावधिक गर्नु।

(५) **सुरक्षित, नियमित, मितव्ययी र सर्वसुलभ हवाई यातायात**: हवाई यातायातलाई सुरक्षित, नियमित, मितव्ययी र सर्वसुलभ बनाउनु; समग्र हवाई यातायात क्षेत्रमा अन्तर्राष्ट्रिय जगतको थप विश्वास आर्जन गर्नु; नेपाल वायु सेवा निगमलाई अन्तर्राष्ट्रिय स्तरको सेवा प्रदायक संस्थाको रूपमा विकास गर्नु।

(६) **सार्वजनिक, निजी र सहकारी क्षेत्र एवम् तहगत समन्वयः** तहगत सरकारको समन्वय र सहकार्यमा सार्वजनिक, निजी र सहकारी बीचको साझेदारीमा समुचित पूर्वाधार विकासमा आवश्यक रणनीति बनाइ परिचालन गर्नु।

(७) **पूर्वाधारको गुणस्तर तथा पहुँचः** पूर्वाधारसम्बन्धी एकीकृत ऐन तथा संरचनागत प्रबन्ध गर्नु; सडक निर्माणमा दिगोपना तथा उत्थानशीलता कायम गर्नु; सडक सुरक्षाको लागि आवश्यक

उपायहरूको अवलम्बन गरी सडक दुर्घटना न्यूनीकरण गर्नु; सडक यातायात, शहरी पूर्वाधारहरूको डिजाइन तथा निर्माणलाई सबै प्रकारका अपाङ्गता एवम् अशक्तहरूका लागि सहज बनाउनु; बहुउद्देश्यीय आयोजनाहरू निर्माण तथा सञ्चालन गर्न सार्वजनिक निजी साझेदारी अवधारणा कार्यान्वयन गर्नु; विद्युत, सिँचाइ र पर्यटन पूर्वाधारको दिगो विकास, विस्तार र व्यवस्थापनमा केन्द्रित रहेर प्रभावकारी र बहुउद्देश्यीय आयोजना निर्माणमा जोड दिनु।

(८) **ऊर्जा उत्पादन, प्रसारण तथा व्यापारः** वर्तमान र भविष्यको वार्षिक विद्युत माग वृद्धि दरको अनुपातमा विद्युत उत्पादन, प्रशारण तथा वितरण व्यवस्था गरी आर्थिक विकासमा विद्युतको अधिकतम उपयोग गर्ने व्यवस्था मिलाउनु; आन्तरिक विद्युतको माग पूर्ति भए पश्चात् बचत भएको विद्युतलाई निर्यात योग्य वस्तुको रूपमा द्विपक्षीय, उपक्षेत्रीय तथा क्षेत्रीय बजार, अन्तरदेशीय विद्युत व्यापार प्रवर्द्धन तथा सोका लागि आवश्यक संरचना निर्माण गर्नु; वैकल्पिक ऊर्जाको दिगो प्रयोग र विस्तार, प्रविधि हस्तान्तरण एवम् समुदायको स्वामित्व स्थापित गर्नु र वैकल्पिक ऊर्जाको उपभोग बढाई कार्बन उत्सर्जन घटाउनु।

(९) **सञ्चार तथा सूचना प्रविधिः** भरपर्दो, सुरक्षित, दिगो एवम् पहुँचयोग्य आधुनिक सञ्चार तथा सूचना प्रविधिको विकास, विस्तार र उपयोगको लागि डिजिटल इकोसिष्टम निर्माण गर्नु; सूचना प्रविधि प्रणालीबीचमा अन्तर-आबद्धता कायम गर्नु; सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको बहुउपयोग अभिवृद्धि गर्नु; सुरक्षित र उत्थानशील साइबर स्पेशको निर्माण गर्नु; दूरसञ्चार पूर्वाधारको विकास, विस्तार र सहप्रयोग गर्दै दूरसञ्चार सेवालाई सहज, सुलभ र गुणस्तरीय बनाउनु; आमसञ्चार क्षेत्रलाई मर्यादित, व्यवस्थित, उत्तरदायी र प्रभावकारी बनाइ नागरिकमा सूचना पहुँच बढाउनु तथा संलग्न जनशक्तिको दक्षता अभिवृद्धि गर्नु; नेपालको आफ्नै भू-उपग्रह स्थापित गर्नु; हुलाक सेवालाई, आधुनिक, प्रतिस्पर्धी र व्यावसायिक बनाउनु; चलचित्र छायाङ्कन तथा फोटोग्राफी क्षेत्रलाई आकर्षक गन्तव्य स्थलको रूपमा विकास गर्नु; मुद्रण क्षेत्रको नियमन गर्दै सुरक्षण मुद्रणलाई राष्ट्रिय आवश्यकता पूरा गर्नेगरी व्यावसायिक र प्रतिस्पर्धी बनाउनु।

(१०) **प्राकृतिक स्रोतको व्यवस्थापनः** कृषि योग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउनु; हाल सञ्चालित सिँचाइ संरचनाको नियमित मर्मत सम्भार गर्नु; सिँचाइमा नवीन्तम् प्रविधिको प्रयोग गर्नु; कृषि र सिँचाइबीचका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्नु; पूर्वाधार विकास तथा वातावरण व्यवस्थापनबीच सन्तुलन कायम गर्नु; पूर्वाधार निर्माणमा वन, वातावरण तथा पर्यावरणीय संवेदनशीलतालाई प्रवर्द्धन गर्ने उपकरणहरू वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय मूल्याङ्कन लगायतलाई पूर्णरूपमा आन्तरिकीकरण गर्नु; भौतिक

पूर्वाधारको निर्माणमा प्रविधिमैत्री अवधारणाको उपयुक्त अभ्यास गर्नु; पूर्वाधारहरूको योजना प्रक्रियामा जलवायु उत्थानशीलता अवलम्बन गर्नु।

(११) **खानेपानी तथा सरसफाइः** सबै नागरिकलाई स्वच्छ पिउने पानीको उपलब्धताको सुनिश्चितता गर्नु; सबै खानेपानीका स्रोतलाई मानव निर्मित फोहोरबाट अलग राखी स्रोतको संरक्षण गर्नु; फोहोरलाई मोहोरमा रूपान्तरण गर्नु।

(१२) **जलस्रोत तथा सिँचाइः** नदी बेसिन योजना र जलस्रोतको क्षेत्रगत गुरुयोजनामा आधारित जलस्रोतका आयोजनाको विकास र विस्तार गर्नु; जलवायु परिवर्तनबाट जलस्रोत क्षेत्रमा पर्नसक्ने प्रतिकूल प्रभावको अवस्थामा पानीको पर्याप्त एवम् दिगो रूपमा उपलब्धता कायम राख्नु; जलस्रोतको प्रचुरताको तुलनामा न्यून मात्रामा उपयोग हुनु; कृषियोग्य भूमिमा वर्षैभरि आवश्यक सिँचाइ सुविधा उपलब्ध गराउनु; कृषि र सिँचाइमा भइरहेको लगानीको अपेक्षित प्रतिफल हासिल गर्नु; सिँचाइ आयोजनाहरू तोकिएको समय र लागतमा सम्पन्न गर्नु; जलस्रोतको समुचित व्यवस्थापन र विकास तथा जलस्रोतको गुणस्तर संरक्षणका लागि सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य तथा साझेदारीको अभिवृद्धि गर्नु।

(१३) **नदी तथा जल उत्पन्न विपद व्यवस्थापनः** खोलानालाको प्राकृतिक बहावमा अतिक्रमण एवम् गेग्रान व्यवस्थापन योजना बिना नदीको दोहन हुनु; प्राकृतिक प्रकोपबाट तराई तथा भित्री मधेशका बस्तीहरू बाढी तथा डुवानको जोखिममा पर्ने अवस्था र पहाडी क्षेत्रमा पहिरोको जोखिमको सम्बोधन गर्नु; नदी, ताल, तलैया जस्ता जलाशयहरू र भूमिगत जलस्रोतको समेत संरक्षणको लागि स्पष्ट रूपमा कानूनले तोकेको अभिरक्षक (कस्टोडियन) को व्यवस्था गर्नु; नदी किनाराको संरक्षण, रेखाङ्कन गरी जोनिङ्ग गर्नुका साथै जोखिमयुक्त स्थानको पहिचान गरी त्यसको उचित व्यवस्थापन गर्नु; उकास भएको जमिनको समुचित उपयोग गर्नु; नदीको वर्गीकरण गरी सङ्घ, प्रदेश र स्थानीय तहबीच नदीको व्यवस्थापनको क्षेत्राधिकार बाँडफाँट र समन्वय गर्नु; द्विपक्षीय लाभ हुनेगरी अन्तरदेशीय नदीको व्यवस्थापन र उपयोग गर्नु।

(१४) **ग्रामीण बस्ती तथा शहरी विकासः** व्यवस्थित तथा योजनाबद्ध रूपमा शहरी पूर्वाधार निर्माण गर्नु; शहर तथा मानव बस्तीहरूको भौगोलिक, भौगर्भिक, जल प्रणालीको साथै ऐतिहासिक पृष्ठभूमि र विपद जोखिम अध्ययन विश्लेषणमा आधारित भई शहर तथा बस्ती र आवासहरूको पूर्वाधार निर्माण तथा व्यवस्थापन गर्नु।

(१५) **सामाजिक पूर्वाधारः** शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रका पूर्वाधारहरू गुणस्तरीय तथा पहुँचयोग्य बनाउनु; सेवा प्रवाहमा नागरिक अपनत्व कायम गर्न सेवाग्राही मैत्री प्रक्रिया,

संरचना तथा प्रारूप निर्माण एवम् व्यवसायजन्य सुरक्षाको सुनिश्चितता हुने गरी पूर्वाधार निर्माण गर्नु।

## ६.४ रूपान्तरणकारी रणनीति

(१) **पूर्वाधार नीति तर्जुमा तथा कार्यान्वयन गर्नेः** पूर्वाधार विकासका क्षेत्रगत नीतिहरूलाई अन्तरआबद्ध गरी राष्ट्रिय पूर्वाधार नीतिको तर्जुमा गर्ने; अन्तर्राष्ट्रिय मापदण्डको पूर्वाधार निर्माण रणनीतिको विकास गर्ने; आवश्यक ऐनमा समयानुकुल परिमार्जन गर्ने; निर्मित पूर्वाधारको दिगोपना कायम गर्न तहगत समन्वयमा कानूनी प्रबन्धलाई व्यवस्थित गर्ने; सञ्चार तथा सूचना प्रविधिलाई अन्तर-सम्बन्धित क्षेत्रको रूपमा आन्तरिकीकरण गरी डिजिटल रूपान्तरणको आधार तयार गर्न आवश्यक नीतिगत तथा कानूनी प्रबन्ध गर्ने; प्रसारण लाइन निर्माणका लागि जग्गा वर्गीकरण तथा कित्ताकाट हुने प्रबन्ध गर्ने; सडक सञ्जालहरूलाई अन्तरआबद्धता गराई दिगो तथा द्रुततर यातायात प्रणालीको विकास गर्ने।

(२) **स्रोत परिचालनलाई व्यवस्थित गर्नेः** सार्वजनिक तथा वैकल्पिक वित्तीय स्रोतहरू (सार्वजनिक-निजी साझेदारी, सहलगानी, लागत साझेदारी, हरित जलवायु वित्त) को प्रभावकारी परिचालन, वस्तुगत विनियोजन, खर्च क्षमता अभिवृद्धि तथा वित्तीय सुशासन कायम गर्न नीतिगत, संरचनागत तथा कानूनी सुधार गर्ने; यातायात पूर्वाधारका क्षेत्रमा सम्भावनाका आधारमा सार्वजनिक-निजी साझेदारी पद्धतिको कार्यान्वयन गर्ने; सडक मर्मत खर्च प्रणालीलाई तहगत सरकारहरूमा लागु गर्दै जाने र सडक बोर्डलाई स्रोत परिचालनका लागि स्वायत्त रूपमा स्रोत प्राप्त हुने व्यवस्था गर्ने; विद्युत र जलाशययुक्त आयोजनाको विकासलाई वैदेशिक लगानीमैत्री बनाउँदै सार्वजनिक-निजी साझेदारीको अवधारणालाई कार्यान्वयन गर्ने; जलाशययुक्त आयोजनालाई विद्युत विकासको दीर्घकालीन रणनीतिको रूपमा अङ्गिकार गर्ने।

(३) **यातायात पूर्वाधार विकास मार्फत अर्थतन्त्रमा योगदान पुऱ्याउनेः** आधुनिक र नवीन् प्रविधियुक्त सडक, पुल शुरूङ्ग, फ्लाईओभर, अन्डरपास, वैकल्पिक यातायात लगायतका संरचना विस्तार गर्ने; यातायात एवम् व्यापारमा पहुँच विस्तारका लागि रेल्वे सेवा र जल यातायातको विकास मार्फत पर्यटन प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन जलमार्गका पूर्वाधार विकास गर्ने; जलमार्ग तथा रज्जुमार्ग सम्भाव्यताका आधारमा सञ्चालन गर्न सुरक्षित तथा भरपर्दो व्यवस्थापनका लागि नीतिगत, कानूनी तथा संस्थागत सुधार गर्ने; पूर्वाधार विकाससँग आर्थिक लाभलाई वस्तुनिष्ठ रूपमा जोड्न सडक गुणस्तरमा प्राथमिकता दिँदै लागत, समय र दुरी घटाउन नीतिगत, कानूनी र संरचनागत सुधार गर्ने; अन्तरनिकाय

तथा अन्तरतह समन्वयबाट अग्र र पृष्ठ सम्बन्धलाई जोडी ढुवानी खर्च घटाउन प्रतिस्पर्धाको वातावरण तयार गर्ने।

(४) **पूर्वाधार आयोजना व्यवस्थापनमा सुधार गर्नेः** ठूला प्रकृतिका पूर्वाधार आयोजनाको निर्माणमा नीतिगत तथा आयोजनागत नेतृत्वको स्थायित्व सुनिश्चितता गर्दै रु. १ अर्ब भन्दा बढिका आयोजना कार्यान्वयनका लागि विशेष कानूनी प्रबन्ध गर्ने।

(५) **प्रविधि, क्षमता विकास, अध्ययन-अनुसन्धान तथा नवप्रवर्तनमा जोड दिनेः** पूर्वाधार क्षेत्रमा विकास भएका नवीन् प्रविधि तथा अभ्यासलाई निजी, प्राज्ञिक र सरकारी निकायहरू बीचको सहकार्य बलियो बनाउँदै तथ्य प्रमाणमा आधारित नीति तथा योजना तर्जुमा प्रक्रियालाई सुदृढीकरण गर्ने; स्थानीयस्तरमा उपलब्ध स्रोत तथा परम्परागत सीप र ज्ञानलाई उपयोग गर्ने नीति लिँदै ज्ञानको पुस्तान्तरण तथा स्तरोन्नति हुने गरी बौद्धिक सम्पत्ति अधिकारको रूपमा स्थापित गर्ने।

(६) **दिगो, उत्थानशील तथा वातावरणमैत्री पूर्वाधार निर्माण गर्नेः** पूर्वाधार योजना, कार्यक्रम तथा बजेटमा दिगोपना तथा उत्थानशीलताको लागि आर्थिक, सामाजिक, भौतिक तथा प्राकृतिक पूर्वाधारलाई चक्रीय अर्थतन्त्र मार्फत कार्यान्वयन गर्ने; पारदर्शी तथा व्यवहारिक निर्माण प्रक्रियाको सुनिश्चितता गर्न निर्माण व्यवसायी र सरकारी निकायबीच पारदर्शी कार्यसम्बन्ध सुदृढ गर्दै निर्माण कार्यका मानकहरूको परिपालना गर्ने।

(७) **सडक तथा यातायात पूर्वाधार क्षेत्रको सुदृढीकरण गर्नेः** राष्ट्रिय राजमार्ग र रणनीतिक सडकहरूको विस्तार र दिगोपना अभिवृद्धिका लागि यातायात पूर्वाधार विकाससम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरी दिगो र उत्थानशील बनाउने; उत्पादन पद्धतिसँग प्रत्यक्ष जोड्ने पक्षहरूलाई प्राथमिकतामा राख्ने; सडक पूर्वाधारहरूको मर्मत-सम्भार कार्यलाई नियमित तथा व्यवस्थित गर्न सडक बोर्डको क्षमता विकास, स्रोत परिचालन तथा व्यवस्थापन गर्ने; सडकलाई सुरक्षित र पहुँचयोग्य बनाउन राष्ट्रिय सडक सुरक्षा योजनालाई पुनरावलोकन गरी लागु गर्ने।

(८) **विद्युत उत्पादन, प्रशारण, उपयोग र व्यापारका लागि दिगो पूर्वाधार विकास गर्नेः** ऊर्जाको आन्तरिक पहुँच र मागलाई बढाउने; विद्युत प्रशारण र वितरणको आन्तरिक सञ्जाल विस्तार गर्ने; माग र आपूर्तिको नियमित पूर्वानुमान गर्ने; प्रसारण र वितरण लाइनको स्तरोन्नति, पेट्रोलियम पदार्थ र एल.पि.जी. ग्यासको खपत घटाई आयात प्रतिस्थापन गर्न र विद्युत खपत बढाउन एल.पि.जी. लगायतका क्षेत्रमा दिँदै आएको अनुदान क्रमशः घटाउदै लैजाने; गार्हस्थ्य उपभोगमा विद्युतको खपतलाई प्रोत्साहन गर्न आवश्यक उपकरणहरूमा अनुदानको व्यवस्था

गर्ने; वैकल्पिक ऊर्जा (जलविद्युत बाहेक अन्य) जस्तै सौर्य ऊर्जा, वायु ऊर्जा, हाईड्रोजन ऊर्जा लगायतका ऊर्जा मिश्रणलाई प्रोत्साहन गर्दै आवश्यक गुरुयोजना बनाइ कार्यान्वयन गर्ने।

(९) **हरित ऊर्जाको प्रवर्द्धन गर्ने:** हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्न हरित ऊर्जालाई प्राथमिकतामा राखी ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना कार्यान्वयन गर्ने; हरित ऊर्जालाई वित्तीय स्रोत परिचालनको उपकरणको रूपमा प्राप्त गर्न ऊर्जा कूटनीति सञ्चालन गर्ने; सुख्खा याममा ऊर्जाको माग र आपूर्तिमा सन्तुलन कायम गर्न उत्पादन वृद्धिका लागि जलाशययुक्त र बहुउद्देश्यीय आयोजनालाई रूपान्तरणकारी आयोजनाको रूपमा विकास गर्ने।

(१०) **जलस्रोतको बहुउपयोग गर्नेः** नदी बेसिन योजनाका आधारमा जलस्रोतको एकीकृत व्यवस्थापन तथा उपयोग, भूमिगत पानीको स्रोतको पहिचान र संरक्षण, प्रादेशिक तहमा जल तथा ऊर्जा आयोगको मातहतमा रहने गरी नदी बेसिन संरचनाको स्थापना,जलस्रोतको बाँडफाँट, अभिलेखन, उपयोगको परीक्षण गर्ने।

(११) **जलस्रोतको उपयोगमा नवीन्तम् प्रविधि तथा दिगो व्यवस्थापन गर्ने:** जल कूटनीति मार्फत राष्ट्रिय हित अनुकूल हुने गरी उपल्लो तथा तल्लो तटीय लाभको आधारमा लागत साझेदारीको अवधारणाअनुरूप बहुउद्देश्यीय तथा जलाशययुक्त आयोजनाहरूको विकासमा छिमेकी राष्ट्रहरूसँग सहकार्य गर्ने; सतह सिँचाइका सम्भावना नभएका क्षेत्रहरू मध्ये तराई-मधेश क्षेत्रका कृषियोग्य भूमिमा क्लस्टरमा आधारित स्यालो तथा डीप ट्युवेलबाट र नदी किनारका कृषियोग्य टारहरूमा लिफ्ट, पानी सञ्चय पोखरी र साना तथा मझौला जलाशय निर्माण गरी नवीन्तम् यान्त्रिक प्रविधिको उपयोग मार्फत सिँचाइ गर्ने; नदीलाई प्राकृतिक, सांस्कृतिक, पर्यटन र सम्पदाको रूपमा संरक्षण र उपयोग गर्ने; नदी व्यवस्थापनसम्बन्धी कानून जारी गरी कार्यान्वयन गर्ने; नदीको गेग्रान व्यवस्थापन योजना, उत्खनन मापदण्ड, नदीको बहाव क्षेत्र निर्धारण र नवीन्तम् प्रविधिको उपयोग मार्फत नदीको दिगो व्यवस्थापन गर्ने; पूरातात्विक र सांस्कृतिक जलाधारको संरक्षण गर्दै जलस्रोतको बहुउपयोग गर्ने।

(१२) **एकीकृत विपद व्यवस्थापन गर्नेः** स्थानीय सामग्रीहरूको प्रयोग गरी विपदबाट हुने क्षतिको न्यूनीकरण गर्ने; मुलुकको आर्थिक-सामाजिक विकास र वातावरणीय सन्तुलनमा परेका नकारात्मक प्रभावहरू कम गर्ने; जलवायु परिवर्तनबाट हुने असरलाई समेत आकलन गरी नदी व्यवस्थापनका कार्यहरू दिगो विधिबाट गर्ने।

(१३) **फोहोर व्यवस्थापन गर्नेः** फोहोर व्यवस्थापनलाई स्थानीयकरण गर्दै आयोजना सञ्चालन गर्ने पानीका सबै मुहानको संरक्षण गरी निर्माण गर्ने।

(१४) **सञ्चार तथा सूचना प्रविधिको अधिकतम उपयोग गर्ने:** आमसञ्चार क्षेत्रलाई निष्पक्ष, तटस्थ, जिम्मेवार तथा व्यावसायिक बनाउन कानूनी र संरचनागत सुधार गर्ने; सामाजिक सञ्जालको गलत प्रयोगलाई नियन्त्रण गर्ने; सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा डिजिटल इकोसिष्टम निर्माण गर्दै सार्वजनिक सेवा प्रवाहलाई दिगो, भरपर्दो र सरलीकृत बनाउँदै प्रणालीहरू बीच अन्तर-आबद्धता कायम गर्ने; राज्य र नागरिकको सम्पूर्ण विवरण केन्द्रिकृत गर्दै एकद्वार प्रणालीबाट तथ्याङ्क तथा सूचना व्यवस्थापन गर्ने।

(१५) **सुरक्षित र उत्थानशील साइवर स्पेशको निर्माण गर्ने:** सूचना प्रविधिका पूर्वाधारहरूको स्तरोन्नति, सुदृढीकरण तथा विद्युतीय तथ्याङ्कको सुरक्षालाई सुनिश्चित गर्ने; सुरक्षित र उत्थानशील साइवर स्पेशको निर्माण तथा डाटा संरक्षणसम्बन्धी आवश्यक कानून, डाटाको सङ्कलन, भण्डारण, सुरक्षण र प्रयोगलाई प्रभावकारी बनाउने; सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन तथा आउट सोर्सिङ व्यवसायलाई सहजीकरण गर्न आवश्यक नीतिगत, संरचनागत र संस्थागत प्रबन्ध गर्ने।

(१६) **हुलाक सेवाको विविधीकरण र मुद्रण व्यवसाय प्रवर्द्धन गर्ने:** हुलाक सेवाका पूर्वाधारहरूलाई व्यवस्थित गर्दै कार्यक्षेत्रको विविधीकरण, सेवा प्रवाहमा आधुनिकीकरण र व्यवसायीकरण गर्ने; मुद्रण क्षेत्रमा आवश्यक जनशक्ति विकास गर्दै मुद्रण व्यवसाय प्रवर्द्धन र नियमनद्वारा अर्थतन्त्रमा योगदान बढाउने; मुद्रण क्षेत्रको संस्थागत पुनर्संरचना गर्दै सुरक्षण मुद्रणलाई सुरक्षित, भरपर्दो, आत्मनिर्भर, व्यावसायिक र प्रतिस्पर्धी बनाउने; सूचना प्रविधिको माध्यमबाट नेपालका मनोरम प्राकृतिक एवम् सांस्कृतिक विविधतालाई विश्व मानचित्रमा पहिचान गराउने गरी नेपाललाई वृत्तचित्र, फोटोग्राफी र अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कनको आकर्षक गन्तव्यस्थलको रूपमा प्रवर्द्धन गर्ने।

(१७) **निर्माण सामग्री व्यवस्थापन गर्ने:** खनिजजन्य निर्माण सामग्रीको सहज आपूर्तिका लागि देशका सबै क्षेत्र समेट्ने गरी खनिजस्थल पहिचान, उत्खनन्, विकास र व्यवस्थापन गर्ने।

(१८) **आवास तथा शहरी पूर्वाधार विकास गर्ने:** चक्रीय अर्थतन्त्रमा आधारित आधुनिक शहरी र ग्रामीण क्षेत्रका बस्ती विकासका लागि आवश्यक पूर्वाधारहरू लैङ्गिक संवेदनशील, बालमैत्री, ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री हुने गरी विकास गर्ने; शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रका पूर्वाधारहरू गुणस्तरीय तथा पहुँचयोग्य बनाउने।

(१९) **पूर्वाधार विकासलाई उत्पादन र उत्पादकत्व अभिवृद्धिसँग अन्तरआबद्धता गर्ने:** सरकारका तीनवटै तहमा पूर्वाधार विकास र उत्पादन तथा उत्पादकत्वबीच अन्तरआबद्धताको लागि एकीकृत अवधारणा लागु गर्ने; परम्परागत ज्ञान, सीप तथा अभ्यास लगायतका प्राकृतिक तथा

सामाजिक पूर्वाधारलाई संरक्षण र आधुनिकीकरणका लागि उत्पादनसँग अन्तरआवद्ध गर्ने; व्यवसायजन्य सुरक्षाको सुनिश्चितता हुने गरी पूर्वाधार निर्माण गर्ने; पूर्वाधार विकासमा जलवायु वित्त उपयोग गर्दै वातावरणीय तथा जलवायुजन्य चुनौतीको सम्बोधन गर्ने।

(२०) **सिँचाइ पूर्वाधारको निर्माण, विस्तार तथा स्तरोन्नतिः** सिँचाइ गुरुयोजनाले पहिचान गरेका सिँचाइ प्रणालीहरूको अध्ययन, निर्माण र स्तरोन्नति गर्ने; सिञ्चित क्षेत्र विस्तारका लागि सतह सिँचाइ भूमिगत सिँचाइ र लिफ्ट सिँचाइका आयोजनालाई रूपान्तरणकारी कार्यक्रमको रूपमा सञ्चालन गर्ने।

## ६.५ प्रमुख कार्यक्रम

(१) **एकीकृत यातायात प्रणाली विकास कार्यक्रमः** काठमाडौं उपत्यकामा एकीकृत यातायात प्रणाली विकास गरी आधुनिक र किफायती साधनको व्यवस्थापन गरी बाहिरी चक्रपथ एवम् उत्तर-दक्षिण नदी कोरिडोरमा वैकल्पिक मार्गहरू तयार गर्ने; राष्ट्रिय राजमार्गको स्तरोन्नति, कोरिडोर राजमार्गको निर्माण सम्पन्न गर्ने; रणनीतिक महत्वका सडकको निर्माण अघि बढाउने र सम्पन्न भएका आयोजनाको सडक वोर्ड मार्फत नियमित सम्भार गर्ने।

(२) **सडक पूर्वाधार मर्मत-सम्भार कार्यक्रमः** निर्मित सडकको दिगो व्यवस्थापन गर्न उच्च भारवहन क्षमताका सवारी साधनको नियमनको लागि हेभी सवारी व्यवस्थापन नीतिलाई तत्काल लागु गर्ने; विद्यमान सडक सञ्जालहरूको नियमित मर्मत सम्भार, सवारी भारको आधारमा स्तरवृद्धि (सडक विस्तार, सुरूङ्ग मार्ग, फ्लाई ओभर, बाईपास, अन्डर पास निर्माण) गर्ने; सडक पूर्वाधारहरूमा आवश्यकतानुसार पूर्ण सबलीकरण प्रणाली लागु गर्ने; सडक बोर्ड नेपाललाई सशक्त, संगठित र अधिकार सम्पन्न बनाउने; सङ्घीय निकायबाट निर्माण भई प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित पूर्वाधारहरूको नियमित मर्मत-सम्भार एवम् सम्पत्ति व्यवस्थापनका लागि सडक मर्मत-सम्भार रणनीतिको आधारमा कार्यान्वयन गर्ने।

(३) **सार्वजनिक यातायात सञ्चालनमा राज्यको भूमिका अभिवृद्धि कार्यक्रम:** सार्वजनिक-निजी साझेदारी तथा समन्वयमा एकीकृत सार्वजनिक यातायात प्रणाली सञ्चालन गर्ने; काठमाडौं उपत्यका (नदी कोरिडोरहरू, भित्री तथा बाहिरी चक्रपथ) लगायत ठूला शहरहरूमा प्रदेश तथा स्थानीय तहहरूको सहकार्यमा विद्युतीय बस वा वैकल्पिक यातायात सेवाको सञ्चालन गर्ने; हेटौंडा-काठमाडौं रोपवेलाई आधुनिकीकरण गरी सञ्चालन गर्ने; पोखरा-काठमाडौं द्रुत यातायात सेवाका लागि पूर्वाधार निर्माण गर्ने; निजगढ अन्तर्राष्ट्रिय विमानस्थल र त्यससँग सम्बन्धित पहुँचमार्गहरूको विस्तार गर्दै व्यवसायिक कार्ययोजनाको साथ अगाडि बढाउने; निर्माणाधीन सिद्धबाबा शुरूङ्ग मार्ग र सम्भाव्यता अध्ययन भएका हेम्जा- नयाँपुल, भिरकाटे-

कालीगण्डकी, लेउती-धरान, दाउन्ने, मलेखु-लोथर शुरूङ्ग मार्ग निर्माण गर्ने; यातायात प्राधिकरणको स्थापना गरी यातायातसम्बन्धी कार्यालय तथा निकायहरूलाई व्यवस्थित गर्ने; प्रमुख सडकहरूमा आवश्यकतानुसार स्वचालित टोल गेटहरू निर्माण गरी सडक कर असुली र यातायात सुरक्षाको प्रभावकारिता अभिवृद्धि गर्ने।

(४) **भौतिक पूर्वाधार सम्पत्ति व्यवस्थापन प्रणाली विकास कार्यक्रमः** विद्यमान सडक लगायत भौतिक पूर्वाधारका सम्पत्ति व्यवस्थापन प्रणाली, सडक मर्मत खर्च प्रणाली, सडक पुल व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गरी प्रभावकारीता अभिवृद्धि गर्ने; प्रदेश तथा स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने सडक सम्पत्तिको व्यवस्थापन गर्न डिजिटल सडक सम्पत्ति व्यवस्थापन प्रणालीसँग अन्तर-आबद्ध गर्ने।

(५) **वित्तीय स्रोत व्यवस्थापन कार्यक्रमः** पूर्वाधार निर्माणमा सार्वजनिक-निजी साझेदारीका आयामहरू ख्याल गर्दै वित्तीय स्रोत जुटाउनका लागि आवश्यकतानुसार नवप्रवर्तनकारी वित्त मोडल, हाइब्रिड एन्युटि मोडल, निर्माण सञ्चालन र हस्तान्तरण मोडल, ईन्जिनियरिङ खरिद तथा निर्माण (ईपीसी) मोडल लगायतका विधिहरूको प्रयोग गर्नका लागि विद्यमान कानूनी व्यवस्थामा संशोधन तथा अन्य क्षेत्रगत कानूनहरूसँग सामञ्जस्यता कायम गर्ने; जीर्ण पुलहरूको पुनर्निर्माण गर्न आवश्यक पर्ने दीर्घकालीन स्रोतको व्यवस्था गर्नका लागि सडक शुल्कको प्रभावकारी कार्यान्वयन गर्ने।

(६) **खानीजन्य निर्माण सामग्री व्यवस्थापन कार्यक्रमः** सरकार स्वयं वा निजी क्षेत्रको साझेदारीमा एक बृहत् निर्माणजन्य सामग्री उद्योग स्थापना गर्ने।

(७) **राष्ट्रिय ध्वजावाहक सेवा विस्तार र विश्वसनीयता अभिवृद्धि कार्यक्रमः** विद्यमान हवाई चापअनुरूप सेवा सुविधाका लागि पूर्वाधार विकासका अन्तर्राष्ट्रिय मापदण्डबमोजिमका नवीन्तम् प्रविधिहरू थप गर्दै जाने।

(८) **जलाशययुक्त आयोजना तथा अन्तरदेशीय प्रशारण लाइनका लागि लगानी परिचालन कार्यक्रमः** आन्तरिक माग र आपूर्तिको मौसमी असन्तुलन मिलाउन तथा विद्युत निर्यात अभिवृद्धि गर्न राष्ट्रिय हित अनुकूल ठूला प्रकृतिका राष्ट्रिय गौरवको बुढिगण्डकी जलाशययुक्त जलविद्युत आयोजना एवम् रूपान्तरणकारी आयोजनाका रूपमा माथिल्लो अरुण अर्धजलाशययुक्त जलविद्युत आयोजना, दूधकोशी जलाशययुक्त जलविद्युत आयोजना, नलसिङगाड जलाशययुक्त जलविद्युत आयोजना तथा नौमुरे बहुउद्देश्यीय आयोजना र राष्ट्रिय तथा अन्तरदेशीय प्रशारण लाइनको निर्माणका लागि नवीन् वित्तीय उपकरणहरूको परिचालन मार्फत आन्तरिक, द्विपक्षीय तथा बहुपक्षीय लगानीको व्यवस्था गर्ने।

(९) **जनताको जलविद्युत कार्यक्रमः** जलविद्युतको दिगो तथा भरपर्दो विकासका लागि चैनपूर-सेती जलविद्युत आयोजना, तामाकोशी पाँचौ जलविद्युत आयोजना, घुन्साखोला जलविद्युत आयोजना, सिम्बुवाखोला जलविद्युत आयोजना लगायतका राष्ट्रिय महत्वका जलविद्युत आयोजनाहरू जनताको सहभागिता एवम् गैरआवासीय नेपाली र वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण समेतको उपयोगबाट विकास गर्ने।

(१०) **एकीकृत नदी बेसिनमा आधारित सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यक्रमः** नदी बेसिनअनुसार तराई मधेश क्षेत्रका सिँचाइ सुविधा नपुगेका जमिनमा क्लस्टरमा आधारित स्यालो तथा डीप ट्युवेलबाट र पहाडी क्षेत्रमा लिफ्ट तथा सतह सिँचाइ प्रणाली मार्फत देशका सबै सिँचाइयोग्य कृषि भूमिमा सिँचाइ सुविधा पुऱ्याउँने;

(११) **जलस्रोत संरक्षण तथा व्यवस्थापन कार्यक्रमः** परम्परागत पानीका स्रोतबाट सिँचाइको सम्भावना नभएका सीमान्तकृत कृषियोग्य क्षेत्रहरूमा पानी सञ्चय पोखरी निर्माण र अन्य वैकल्पिक माध्यमबाट सिँचाइ सुविधा विस्तार कार्यलाई जलस्रोत संरक्षण तथा व्यवस्थापन कार्यसँग आबद्ध गरी पहाडी क्षेत्रमा सिँचाइ, पानी सञ्चय पोखरी, लिफ्ट तथा भूमिगत जलबाट सिँचाइ योजना सञ्चालन गर्ने; चुरे भावर तथा अन्य सम्भाव्य क्षेत्रमा भूमिगत जलस्रोत पुनर्भरण गर्ने; चुरे संरक्षण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने।

(१२) **सूचना प्रविधिको विकास र विस्तार कार्यक्रमः** गति, क्षमता र चुस्तता अभिवृद्धि गर्न 5G र ब्रोड ब्याण्ड अवलम्वन र विस्तार गर्ने; उच्च क्षमता भएका प्लेटफर्महरू निर्माण र सञ्चालन गर्ने; साइबर सुरक्षा र डाटा सुरक्षाको सबल व्यवस्था गर्ने; सूचना-प्रविधि विषयका दक्ष जनशक्ति उत्पादन गर्न अध्ययन, तालीम र व्यावहारिक ज्ञानको व्यवस्था गर्ने; सूचना-प्रविधि क्षेत्रमा काम गर्ने युवाहरूलाई विशेष सुविधा प्रदान गर्ने; नेपाललाई सूचना तथा सञ्चार प्रविधि हबको रूपमा विकास गर्ने।

(१३) **डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन कार्यक्रमः** डिजिटल नेपाल फ्रेमवर्क अन्तरगतका पूर्वाधार आयोजनालाई आवश्यक परिमार्जन गरी डिजिटल इकोसिष्टम निर्माण गर्ने; सूचना प्रविधि क्षेत्रमा आवश्यक डिजिटल रूपान्तरणकारी परियोजनाहरूको विकास गरी राष्ट्रिय आयोजना बैङ्कमा वर्गीकरणसहित प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने।

(१४) **सरकारी डाटा सुरक्षा, सुरक्षित साइबर स्पेश तथा डिजिटल प्लेटफर्म विकास कार्यक्रमः** सरकारी तथा निजी क्षेत्रमा डाटा सेन्टर, डिजास्टर रिकोभरी सेन्टर स्थापना र प्रभावकारी सञ्चालनको लागि आवश्यक नीतिगत तथा संस्थागत प्रबन्ध गर्ने; सङ्घ, प्रदेश, जिल्ला र स्थानीय तहमा रेजिलियन्ट कम्प्यूटिङ्ग तथा साइबर सुरक्षा संरचनाहरूको निमार्ण गरी

एकीकृत पूर्वाधार सञ्चालन र सेवा प्रदान गर्ने; कृत्रिम बौद्धिकताको प्रयोगलाई व्यवस्थित र सुरक्षित बनाउन नीतिगत र संरचनागत व्यवस्था गर्ने; सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित सूचना प्रविधिजन्य प्रणाली र विद्युतीय सेवालाई एकीकृत गर्न डिजिटल प्लेटफर्म विकास आयोजना कार्यान्वयन एवम् सुरक्षित साइबर स्पेशको लागि आवश्यक कानून तर्जुमा र राष्ट्रिय साइबर सुरक्षा केन्द्र सञ्चालन गर्ने।

(१५) **विशिष्टिकृत सूचना प्रविधि सेवा, तहगत समन्वय र क्षमता विकास कार्यक्रमः** डिजिटल फरेन्सिक, तथ्याङ्क संरक्षण, तथ्याङ्क प्रशोधन, प्रविधि परीक्षण, विद्युतीय हस्ताक्षर, प्रणाली विकास, परामर्श सेवा र क्लाउड सेवा लगायतका विशिष्टिकृत सूचना प्रविधि सेवाहरू एकीकृत रूपमा उपलब्ध गराउने; सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा विकसित नवीन्तम् प्रविधिहरूको खोज, अनुसन्धान, विकास र नवप्रवर्तन गर्न प्रविधि अन्वेषण हब निर्माण गर्ने तथा विश्वविद्यालय, शिक्षालय र निजी क्षेत्रसँगको सहकार्य एवम् साझेदारी अभिवृद्धि गर्दै यस क्षेत्रमा लगानी प्रवर्द्धन गर्ने; सङ्घ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी एवम् सूचना प्रविधिसम्बद्ध जनशक्तिको क्षमता अभिवृद्धि गर्ने।

(१६) **दूरसञ्चार पूर्वाधार व्यवस्थापन तथा सहप्रयोग कार्यक्रमः** वायरलेस ब्रोडव्याण्ड सेवाको विकास र विस्तारको लागि आवश्यक रेडियो फ्रिक्वेन्सी स्प्रेक्ट्रमको पहिचान गर्नुका साथै योजना अवधिमा आफ्नै भू-उपग्रह स्थापना गरी सञ्चालन गर्ने; राष्ट्रिय इन्टरनेट गेटवेको स्थापना गरी व्यान्डविथ व्यवस्थापन गर्ने।

(१७) **सुरक्षण मुद्रणको व्यावसायिक विकास कार्यक्रमः** मुद्रण क्षेत्रको संस्थागत पुनर्संरचना गर्दै सुरक्षण मुद्रणलाई आत्मनिर्भर, व्यावसायिक र प्रतिस्पर्धी बनाउन विद्यमान उपकरणहरूको संरक्षण एवम् सम्भार गरी मुद्रण क्षेत्रमा आवश्यक जनशक्ति विकास, नवप्रवर्तनमा आधारित मुद्रण व्यवसाय प्रवर्द्धन र नियमनद्वारा अर्थतन्त्रमा योगदान वृद्धि गर्ने।

(१८) **अन्तर्राष्ट्रियस्तको चलचित्र छायाङ्कन गन्तव्यस्थलको विकास कार्यक्रमः** नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कनको आकर्षक गन्तव्यस्थलको रूपमा प्रवर्द्धन गर्न चलचित्र विकास समितिको परामर्शमा हिमाली क्षेत्रमा पूर्वाधार निर्माण गर्ने।

(१९) **हुलाक पूर्वाधारको पुनर्संरचना एवम् रूपान्तरण कार्यक्रमसः** विद्यमान हुलाक सेवाका पूर्वाधार तथा सम्पत्ति व्यवस्थापन गर्दै स्थानीय तहसँग आबद्ध गरी "एक स्थानीय तह, एक स्मार्ट हुलाक" कार्यक्रम लागु गर्ने; कार्यक्षेत्रको विविधीकरण र व्यवसायीकरणसँगै विद्युतीय व्यापार विस्तार गर्ने; लजिष्टक सेवा सञ्चालन, भन्सार प्रणाली समेतमा आबद्ध गरी सेवा विस्तार गर्ने।

(२०) **पूरातात्विक सम्पदाहरूको पहिचान एवम् संरक्षण कार्यक्रमः** परम्परागत पूरातात्विक महत्त्व बोकेका कुवा, ढुङ्गे धारा, सिमसार क्षेत्र, ताल तलैया, नदीनाला एवम् अन्य जलाधार क्षेत्रको पहिचान तथा संरक्षणका कार्यक्रम सञ्चालन गर्ने; सतही तथा भूमिगत जलस्रोतको पहिचान र संरक्षण, पानीको पुनर्भरण तथा जलस्रोतको बहुउपयोग, एकीकृत उपयोग तथा पुनरूपयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्दै चुरे क्षेत्रको संरक्षणबाट सिँचाइ र खानेपानीको दिगो व्यवस्थापन गर्ने।

(२१) **विकेन्द्रीकृत शहरी विकास तथा सुरक्षित शहरी सडक कार्यक्रमः** प्रमुख विशेषता बोकेका प्रादेशिक शहरहरू र प्रादेशिक राजधानीमा उच्चस्तरीय, विशिष्टीकृत शिक्षा, स्वास्थ्य तथा अन्य आर्थिक सम्भावनाहरूको पहिचान गरी अन्तरतह समन्वयमा शहरी पूर्वाधारहरूको निर्माण गर्ने; फूटपाथको विकास, सुरक्षित सडक वारपारको व्यवस्था, डेडिकेटेड लेन सिस्टम, बस र्‍यापिड ट्रान्जिट, फुटपाथ, साईकल लेनसहितको शहरी सडक यातायात व्यवस्थापन गर्ने।

(२२) **जल तथा पूर्वानुमान प्रणालीको वैज्ञानिकीकरण कार्यक्रमः** मानवीय र भौतिक क्षतिको न्यूनीकरण गर्न जल तथा मौसम पूर्वानुमान तथा पूर्व सूचना प्रणालीलाई आधुनिक, स्वचालित र वैज्ञानिक बनाउने; आधुनिक प्रविधिको जडान तथा विद्यमान पूर्वाधारको विस्तार गर्ने; तात्कालिक समय तथ्याङ्क प्रकोपजन्य जोखिमको लेखाजोखा समेतका आधारमा पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन गर्ने।

(२३) **सिँचाइ पूर्वाधार विकास कार्यक्रमः** सिँचाइ गुरुयोजनाले पहिचान गरेअनुरूप सतह सिँचाइ, भूमिगत सिँचाइ, लिफ्ट सिँचाइलाई प्राथमिकतासाथ सञ्चालन गर्ने; सिँचाइका सम्भावना नभएका तराई क्षेत्रमा भूमिगत सिँचाइ, पहाड र नदी कोरिडोरका टारहरूमा सतह, लिफ्ट र चेकड्याम मार्फत सिँचाइ सुविधा विस्तार गर्ने; समृद्ध तराई मधेश जल-सिँचाइ कार्यक्रम र नदी बेसिनमा आधारित एकीकृत जल-सिँचाइ आयोजना जस्ता कार्यक्रम सञ्चालन गर्ने; कृषि र सिँचाइ कार्यक्रम आबद्ध गरी सिँचाइ पूर्वाधार नबनेका कृषियोग्य भूमिमा सिँचाइ सुविधा विस्तार, स्तरोन्नति र मर्मत-सम्भार गरी सिञ्चित क्षेत्र विस्तार गर्ने; प्राकृतिक जलचक्रलाई जोगाई राख्न जलस्रोतको संरक्षण, व्यवस्थापन र पुनर्भरण गर्न प्रविधिको विकास गर्ने; चुरे भावर तथा उपल्लो स्थानमा पोखरी, चेकड्याम निर्माणलाई प्राथमिकता दिने।

## ६.६ परिमाणात्मक लक्ष्य

### यातायात क्षेत्र

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | राष्ट्रिय राजमार्ग (दुई लेनसम्म कालोपत्रे) | कि.मि. | ७६७५ | १३६७५ |
| २ | राष्ट्रिय राजमार्ग (दुई लेन माथि कालोपत्रे द्रुतमार्ग समेत) | कि.मि. | २३० | १०८० |
| ३ | शुरूङ्ग मार्ग निर्माण | कि.मि. | ६.९१८ | १६.६५४ |
| | • नागढुङ्गा | | ४.९३३ | ५.४९९ |
| | • सिद्धबाबा | | ० | १.१ |
| | • द्रुतमार्ग | | १.९८५ | १०.०५५ |
| ४ | सडक पुल निर्माण | सङ्ख्या | ३२१७ | ५०१७ |
| ५ | रेल ट्र्याकवेड निर्माण | कि.मि. | ५९ | २०९ |
| | • विजलपूरा बर्दिवास खण्ड | | ० | ६९ |
| | • पूर्व पश्चिम विद्युतीय रेलमार्ग योजना बर्दिबास-निजगढ खण्ड | | ५९ | १४० |
| ६ | रेलवे पुल निर्माण (बर्दिबास-निजगढ खण्ड) | सङ्ख्या | १० | १६ |
| ७ | सञ्चालित यात्रुबाहक रेलमार्ग | कि.मि. | ५२ | ६९ |
| ८ | सञ्चालित कार्गो रेलमार्ग | कि.मि. | १० | १७ |

### ऊर्जा क्षेत्र

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | विद्युत उत्पादन (जडित क्षमता) | मेगावाट | २८७७ | ११,७६९ |
| २ | विद्युतमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ९६.७ | १०० |
| ३ | प्रतिव्यक्ति विद्युत खपत | किलोवाट घण्टा | ३८० | ७०० |
| ४ | विद्युत चुहावट | प्रतिशत | १३.४६ | १०.८० |
| ५ | प्रसारण लाइन (६६ के.भी. तथा सो भन्दामाथिका) | सर्किट कि.मि. | ५७४२ | ९३५६ |

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| ६ | वितरण लाइन(३३ के.भी.) | कि.मि. | ७२३७ | ११६८२ |
| ७ | रोजगारी सिर्जना | सङ्ख्या (हजारमा) | ९६ | ४०० |
| ८ | कुल जडित क्षमतामा नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | ४.६९ | १० |
| ९ | रोयल्टी सङ्कलन | अर्ब | २७ | ६१ |
| १० | विद्युत निर्यात | मेगावाट आवर | ४५० | ५,५०० |
| ११ | विद्युत निर्यात मार्फत वैदेशिक मुद्रा आर्जन | अर्ब | ९ | ४१ |
| १२ | समग्र व्यापार घाटा कम गर्न ऊर्जा क्षेत्रको योगदान | प्रतिशत | ०.९ | ४ |

## नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन | मे.वा | ३८.८४ | ४८.८४ |
| २ | सौर्य तथा वायु ऊर्जाबाट विद्युत उत्पादन | मे.वा | ४५.९० | ९५.०० |
| ३ | घरायसी वायोग्यास प्लान्ट | सङ्ख्या हजारमा | ४४९.३५१ | ५००.०० |
| ४ | संस्थागत, सामुदायिक, शहरी तथा व्यावसायिक वायोग्यास प्लान्ट जडान र फोहोरबाट ऊर्जा उत्पादन | सङ्ख्या | ३६१ | ६६० |
| ५ | सुधारिएको चुलो जडान | सङ्ख्या हजारमा | १४४.९८ | ६४५.०० |
| ६ | विद्युतीय चुलो जडान | सङ्ख्या हजारमा | ५४.८२० | १०००.०० |

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| ७ | लघु, साना तथा मझौला उद्योग र व्यवसयाहरूमा ऊर्जाको उत्पादनमूलक प्रयोग | सङ्ख्या | १७६३ | २००० |
| ८ | ऊर्जा दक्षतामा वार्षिक सुधारको औषत दर | प्रतिशत | ०.८५ | १.६८ |

## जलस्रोत क्षेत्र

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | तटबन्ध निर्माण | कि.मी. | १३६४ | १,६६५ |
| २ | जग्गा उकास | हेक्टर | १२,७८५ | १३,७९५ |
| ३ | पहिरो व्यवस्थापन कार्य | वटा | ४४ | ६४ |
| ४ | सदरमुकाम तथा सम्पदा संरक्षण कार्य | वटा | ४ | ९ |

## सिँचाइ क्षेत्र

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | सतह सिँचाइबाट सिञ्चित क्षेत्रफल | हेक्टर | १०२२७३५ | ११२२७३५ |
| २ | भूमिगत सिँचाइबाट सिञ्चित क्षेत्रफल | हेक्टर | ५३०६५४ | ६४३१५४ |
| ३ | लिफ्ट र जलाशय सिँचाइबाट सिञ्चित क्षेत्रफल | हेक्टर | २११९ | २७११९ |
| ४ | वर्षैभरि सिँचाइ सुविधा पुगेको कुल सिञ्चित क्षेत्र | प्रतिशत | २५ | ५० |

## जल तथा मौसम

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | जल तथा मौसम पूर्वानुमान अवधि | दिन | ३ | ७ |
| २ | बाढी पूर्वसूचना प्रणालीमा पहुँच भएको क्षेत्र | वर्ग कि.मी. | २७५०० | ४५००० |

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| ३ | प्रभावमा आधारित मौसम पूर्वानुमान सेवामा पहुँच भएका स्थानीय तह | सङ्ख्या | ८ | २० |
| ४ | मासिक तथा त्रैमासिक जलवायु पूर्वानुमान सेवा | संख्या | - | १२ |

## सञ्चार तथा सूचना प्रविधि

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | भू-उपग्रह स्थापना | सङ्ख्या | - | १ |
| २. | टेलिफोन पहुँच विस्तार | प्रतिशत | ९४ | १०० |
| ३. | अप्टिकल फाइवर विस्तार (२४ कोर र सो भन्दा माथि) | कि.मि. | १५००० | २५००० |
| ४. | फोर जी/एल.टी.ई. सेवा प्रयोगकर्ता | प्रतिशत | ६६ | १०० |
| ५. | फिक्स्ड ब्रोडव्याण्ड सेवा विस्तार | प्रतिशत | ३८ | ६० |
| ६. | मोबाइल ब्रोडव्याण्ड सेवा विस्तार | प्रतिशत | ९३ | १०० |
| ७. | 5G सेवाको पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | - | ५० |
| ८. | सरकारी डाटा सेन्टर | सङ्ख्या | १ | ७ |
| ९. | रेडियोको पहुँच | प्रतिशत | ९२ | १०० |
| १०. | टेलिभिजनको पहुँच (इएमएस) | प्रतिशत | ७२ | १०० |
| ११. | एक्सप्रेस मेल सर्भिस सेवा विस्तार | जिल्ला | ४४ | ७७ |
| १२. | एक्सप्रेस मेल सर्भिस सेवा विस्तार भएका मुलुक | सङ्ख्या | ३९ | ७५ |
| १३. | एकीकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली लागु भएका सरकारी कार्यालय | सङ्ख्या | २८ | ६०० |
| १४. | सुरक्षण मुद्रण प्रेस स्थापना | सङ्ख्या | ० | १ |
| १५. | सूचना प्रविधिबाट भएको रोजगारी सिर्जना | सङ्ख्या (हजार) | - | २५० |
| १६. | कुल गार्हस्थ्य उत्पादनमा सूचना प्रविधि क्षेत्रको योगदान | प्रतिशत | | ५ |
| १७. | डिजिटल साक्षरता | प्रतिशत | - | ५० |

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १८. | विद्युतीय सरकार विकास सूचक | सूचकाङ्क | ०.५१ | ०.६५ |
| १९. | ग्लोवल साइबर सुरक्षा सूचकाङ्क | सूचकाङ्क | ४४.९९ | ६० |
| २०. | डिजिटल प्लेटफर्ममा आबद्ध सूचना प्रविधि प्रणाली | सङ्ख्या | - | १०० |

परिच्छेद ७

# योजनाबद्ध, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकास


| | | |
|---|---|---|
| ७.१ | पृष्ठभूमि | १५१ |
| ७.२ | विद्यमान अवस्था | १५१ |
| ७.३ | मुख्य सवाल तथा चुनौती | १५३ |
| ७.४ | रूपान्तरणकारी रणनीति | १५४ |
| ७.५ | प्रमुख कार्यक्रम | १५५ |
| ७.६ | परिमाणात्मक लक्ष्य | १५८ |

## परिच्छेद ७

# योजनाबद्ध, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकास

## ७.१ पृष्ठभूमि

योजनाबद्ध, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकासले नागरिक जीवनको गुणस्तर अभिवृद्धि गर्न र उत्पादनका साधन एवम् विकास खर्चको उत्पादकत्व बढाउन सहयोग गर्दछ। त्यसै कारण शहरी योजनाको प्रभावकारी तथा संयोजित कार्यान्वयनलाई राष्ट्रिय विकास नीतिले प्रमुख रूपमा निर्देशित गरेको छ। भौगोलिक, प्रादेशिक र क्षेत्रीय दृष्टिकोणले सन्तुलित शहरीकरण प्रक्रियाले उत्पादन र उत्पादकत्व बढाउन सहयोग गर्दछ। यस सन्दर्भमा पहिलो आवधिक योजनादेखि नै योजनाबद्ध पुनर्वास तथा शहरी विकास कार्यक्रमहरूको शुरूवात भएको इतिहास हाम्रो सामु छ भने समयक्रमसँगै विकास प्रतिको दृष्टिकोणमा आएको परिवर्तनलाई नेपालको शहरी नीति, रणनीति तथा योजनाले (विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ खाका, दिगो विकास लक्ष्य, नयाँ शहरी एजेण्डा) समय सापेक्ष रूपमा आत्मसात् गर्दै आएका छन्।

सेवा, सुविधा र अवसरप्रतिको आकर्षण र सहजताका कारण नेपाल द्रुतरूपमा शहर उन्मुख भएपनि उच्च पहाडी तथा हिमाली क्षेत्रका बस्तीहरूमा आधारभूत न्यूनतम सेवा सुविधा र जीविकोपार्जनका स्रोत साधनको अपर्याप्तताका कारण जनसङ्ख्या घट्दो क्रममा रहेको देखिन्छ। शहरीकरण निरन्तर प्रक्रिया र बहुआयामिक क्षेत्र पनि हो। बहुक्षेत्रीय विशिष्टता भएको कारण विगतका कतिपय प्रयासहरूले शहरी क्षेत्रका समस्याहरूको उचित सम्बोधन गर्न नसकेको कुरा तथ्यहरूबाट स्पष्ट भएका छन्। बहुपात्र सम्मिलित रहेको शहरी प्रणालीलाई व्यवस्थित तथा योजनाबद्ध रूपमा परिचालन गर्नका लागि तहगत समन्वय र निकायगत साझेदारी, नीतिगत स्पष्टता तथा योजनाहरूमा कार्यात्मक संयोजन गर्नु अपरिहार्य छ। सङ्घीय शासन प्रणालीअनुरूप अभ्यासमा आएको पन्ध्रौं योजनाको कार्यान्वयनबाट प्राप्त अनुभव र सिकाइका आधारमा योजनाबद्ध रूपमा हस्तक्षेपकारी नीति, रणनीति तथा क्षेत्रगत अन्तर-आबद्धतामा आधारित प्रयासहरूलाई संयोजन गरी सबल अन्तरतह समन्वय र सहकार्य मार्फत नतिजा प्राप्त गर्नु वाञ्छनीय रहेको छ।

## ७.२ विद्यमान अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार नगरपालिकाहरूमा बसोबास गर्ने जनसंख्या ६६.०२ प्रतिशत भए तापनि नेपालमा ग्रामीण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण प्रतिवेदनकाअनुसार शहरी जनसंख्या २७.०७ प्रतिशत मात्रै देखिएको छ। करिब ४० प्रतिशत जनसंख्या अर्ध-शहरी रहेको

तथ्यबाट नेपालमा शहरीकरणको आकाङ्क्षा बढेको देखिन्छ। तथापि, शहरीकरणका अपेक्षित उपलब्धि प्राप्त नभएको वर्तमान अवस्थामा यसलाई थप व्यवस्थित र गुणात्मक बनाउने तर्फ अबको लक्ष्य केन्द्रित हुनु आवश्यक छ। पछिल्लो तथ्याङ्कअनुसार तीन नगरपालिकाहरूको जनसङ्ख्या वृद्धिदर राष्ट्रिय औसत भन्दा बढी रहेको छ भने ७७ मध्ये ३४ वटा जिल्लाहरूको जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको छ। करिब १७ प्रतिशत भूभाग ओगटेको तराई मधेशमा ५३.६६ प्रतिशत जनसङ्ख्या रहेको छ भने पहाडी तथा हिमाली क्षेत्रमा ४६.३४ प्रतिशत जनसङ्ख्या रहेको देखिन्छ। यसबाट पहाड तथा हिमालमा पूर्वाधार निर्माण तथा सेवा सुविधामा प्रतिव्यक्ति लागत बढ्दै जाने देखिन्छ भने तराई मधेशमा ठूला पूर्वाधार निर्माणमा लगानी बढाउनु पर्ने देखिन्छ। दुर्गम क्षेत्रका बस्तीहरूमा अहिले पनि राज्यको पहुँच कठिन हुँदा राज्यले प्रदान गर्ने सेवा प्रभावकारी देखिदैन।

विद्यमान नगरपालिकाहरूमा समेत भौतिक तथा सामाजिक पूर्वाधार, सेवा, सुविधा र अवसरहरूमा ठूलो असमानता रहेको छ। राष्ट्रिय शहरी रणनीति, २०७३ काअनुसार शहरी पूर्वाधार अवस्था सूचकमा (काठमाडौं महानगरपालिका ०.९१ र गुलरिया नगरपालिका ०.१६ सहित) नगरपालिकाहरू बीचमा ठूलो अन्तर छ। पुराना ५८ वटा नगरपालिकाहरूको औसत शहरी सडक घनत्व ३.२६ कि.मि. प्रति वर्ग कि.मि. रहेको देखिन्छ भने सबै नगरपालिकाहरूको औसत सडक घनत्व यो भन्दा निकै कम रहेको छ। काठमाडौं महानगरपालिकामा कुल क्षेत्रफलको ०.४८ प्रतिशत र ललितपुर महानगरपालिकामा ०.०६ प्रतिशत मात्र खुला क्षेत्र रहेकोबाट पनि शहरी क्षेत्रमा अत्यावश्यक सामाजिक पूर्वाधारको अभाव रहेको स्पष्ट हुन्छ। शहरमा जग्गा विकास कार्यक्रम लगायत योजनाबद्ध र संस्थागत प्रयासबाट करिब ६ प्रतिशत मात्रै विकसित घडेरी आपूर्ति हुन सकेको छ। निजी क्षेत्रबाट निर्माण भएका सामूहिक आवास र संयुक्त आवासमा न्यून आय वर्गको पहुँच छैन।

शहरी क्षेत्र भनेर परिभाषित गरेका ठूला शहरहरूमा पनि आधुनिक मापदण्डअनुसारको गुणस्तरीय खानेपानी, व्यवस्थित ढल प्रणाली, फोहोरमैलाको उचित व्यवस्थापन, खुला क्षेत्र, ऊर्जा, शिक्षा, स्वास्थ्य जस्ता भौतिक तथा सामाजिक पूर्वाधारहरूको समुचित व्यवस्थापन हुन सकेको छैन। काठमाडौं उपत्यकामा सवारी साधनको उच्च चापका कारण हुने ट्राफिक जाम र वायु प्रदूषणले गर्दा शहरी वातावरणमा प्रतिकूल असर बढेको छ। शहरीकरणको विश्वव्यापी मान्यता तथा शहरको मौलिक, सांस्कृतिक विशेषताबीच तादात्म्यता कायम हुन नसक्दा प्राचीन शहरहरूको विशिष्ट पहिचान ओझेलमा पर्दै आएको मात्रै नभई नेपाली मौलिकतासहितको शहरी तथा बस्ती विकासको मोडेल विकास गर्न चुनौतीपूर्ण बन्दै गएको छ। दिगो तथा उत्थानशील शहर हुनका लागि आवश्यक न्यूनतम मापदण्ड जस्तै शहरी सुरक्षाको प्रत्याभूति, दिगो पूर्वाधारहरूको निर्माण तथा प्रयोगमा

समावेशी पहुँच, सार्वजनिक शौचालयको व्यवस्थापन, एकीकृत शहरी योजना, हरित ऊर्जाका स्रोतहरूको उपलब्धता, उत्थानशील शहरी अर्थतन्त्र, स्वच्छ शहरी वातावरण, समतामूलक शहरी सुविधा जस्ता विषयहरूमा बहुनिकायको संलग्नतालाई एकीकृत तथा अन्तर-आबद्ध बनाउने नीतिगत, कानूनी र संस्थागत संयन्त्रहरूको अभावमा योजनाबद्ध विकासका प्रयासहरू प्रभावित बन्दै गएका छन्। शहरी विकास तथा यससम्बन्धी प्रयासहरूबाट आर्थिक सूचकहरूमा सकारात्मक परिणाम देखिए तापनि उक्त प्रयासहरूको दिगोपना, पर्यावरणीय तथा गुणात्मक पक्षमा थप सुधार आवश्यक छ।

## ७.३ मुख्य सवाल तथा चुनौती

(१) **सन्तुलित, योजनाबद्ध एवम् पर्यावरणमैत्री शहरीकरणः** असन्तुलित र खण्डित राष्ट्रिय तथा प्रादेशिक शहरी प्रणाली र शहरी स्वरूपलाई क्षेत्रीय तथा शहरी स्थलीय योजना र रणनैतिक लगानीका माध्यमबाट व्यवस्थित गर्दै प्रभावकारी बनाउनु; ग्रामीण-शहरी संयोजन र अन्तर-आबद्धता तथा क्षेत्रीय सम्बन्धलाई सुदृढ गर्दै पिछडिएको क्षेत्रलाई प्रतिस्पर्धी बनाउनु; प्रदेश राजधानी लगायत देशका ठूला शहरहरूलाई प्रमुख आर्थिक केन्द्रको रूपमा विकास गर्नु; यातायात केन्द्रित व्यवस्थित बसोबास विकासलाई प्रोत्साहन गर्नु; एकीकृत बस्ती विकास, जोखिमयुक्त बस्ती स्थानान्तरण र सुकुम्बासी बस्तीको व्यवस्थापन गर्नु।

(२) **अन्तर क्षेत्रगत समन्वय र शहरी सुशासनः** शहरी पूर्वाधार विकास तथा सेवा क्षेत्रमा क्रियाशील सरोकारवालाहरूको क्षमता अभिवृद्धि र समन्वय सुदृढीकरण गर्नु; शहरी सूचनामा पहुँच र शहरी सेवा प्रवाह प्रभावकारी तुल्याउनु; तीन तहका सरकारबीच स्पष्ट कार्यक्षेत्र निर्धारण गरी समन्वय, सहकार्य र सहलगानीको संरचनालाई प्रभावकारी बनाउनु; शहरी शासकीय संरचना तथा पद्धतिलाई प्रविधिमा आधारित बनाउनु; शहरमा बढ्दै गएको सुरक्षा चुनौती र आर्थिक असमानतालाई सम्बोधन गर्ने प्रयासहरूमा एकरूपता कायम गर्न आवश्यक स्रोत साधनको व्यवस्था गर्नु।

(३) **शहरी लगानी तथा प्रविधिः** बढ्दो शहरीकरणसँगै आधारभूत शहरी पूर्वाधारको माग र आपूर्तिबीच ठूलो खाडल रहनु; अधिकतम सामाजिक तथा आर्थिक प्रतिफल प्राप्त हुने योजना निर्देशित रूपान्तरणकारी शहरी पूर्वाधारको पहिचान, प्राथमिकीकरण गरी बहुक्षेत्रगत लगानीलाई दिशानिर्देश गर्नु; दिगो र उत्थानशील शहरी पूर्वाधार विकासका लागि अनुदानका साथै वैकल्पिक वित्तीय स्रोतहरूको परिचालन गर्नु; शहरी पूर्वाधारहरूको निर्माण तथा विकासमा नवप्रवर्तनमा आधारित प्रविधिलाई आन्तरिकीकरण गर्नु; सङ्घ, प्रदेश तथा स्थानीय तहमा आवश्यकतानुसार आर्किटेक्ट, शहरी योजनाविद् र अन्य विज्ञ प्राविधिक जनशक्ति व्यवस्थापन गर्नु।

(४) **दिगोपना, सुरक्षा तथा विपद् उत्थानशीलताः** दिगो तथा उत्थानशील शहर निर्माणका लागि विपद् तथा वातावरण अनुकूलनका कार्यात्मक पक्षलाई योजना, डिजाइन तथा बजेटमा आन्तिरिकीकरण गर्नु; परम्परागत भवन निर्माण प्रणाली, वास्तुकला, सीप, ज्ञान, स्थानीय निर्माण सामग्री र प्रविधिको अध्ययन अनुसन्धान गर्ने संस्थागत प्रबन्ध गरी परम्परागत ज्ञान सीपको पुस्तान्तरण र स्वदेशी ज्ञानको संरक्षण गर्नु; स्वास्थ्य केन्द्र, अस्पताल, सामुदायिक तथा निजी विद्यालय, सामुदायिक हल, ज्येष्ठ नागरिक मिलन केन्द्र एवम् दिवा सेवा केन्द्र, पार्क जस्ता शहरी सामाजिक पूर्वाधारहरू र लैङ्गिक हिंसा पीडित एवम् प्रभावितहरूको लागि सञ्चालित अल्पकालीन तथा दीर्घकालीन पुनर्स्थापना केन्द्रहरूको दिगोपना, पहुँच तथा गुणस्तरसम्बन्धी एकीकृत मापदण्ड कार्यान्वयन गर्नु; अपराध दर, सामाजिक असमानता र असुरक्षित सार्वजनिक स्थानहरू जस्ता चुनौतिहरूलाई सम्बोधन गर्नका लागि कानून प्रवर्तनलाई बलियो बनाउनु; सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्नु; शहरी वातावरणको सुरक्षा र पहुँच बढाउनु।

## ७.४ रूपान्तरणकारी रणनीति

(१) **राष्ट्रिय तथा प्रादेशिक शहरी प्रणालीको सुदृढीकरण गर्नेः** राष्ट्रिय, प्रादेशिक तथा स्थानीय शहर तथा शहरी प्रणाली बीचको अन्तरआबद्धता तथा एकीकरण गर्ने; प्रमुख शहरी केन्द्रहरू र प्रादेशिक राजधानीहरूलाई मौलिक पहिचानसहितको आर्थिक केन्द्रको रूपमा विकास गर्ने; दिगो ग्रामीण-शहर संयोजन गर्ने; शहरी पूर्वाधारका योजना, एकीकृत प्राविधिक मानव स्रोत नीति निर्माण गरी क्षमता विकासको संस्थागत प्रबन्ध गर्ने; शहरी आर्थिक करिडोर, बृहत्-शहरी क्षेत्र, प्रस्तावित रेलवे स्टेशन र स्थानीय तहको केन्द्र वरपरका रणनीतिक स्थानहरूको पहिचान गरी योजनाबद्ध रूपमा नयाँ शहर निर्माणका लागि उच्च प्राथमिकताका साथ स्रोत व्यवस्थापन गर्ने; सबै प्रकारका सरकारी भवनहरूको निर्माणमा एकद्वार प्रणाली अवलम्बन गर्ने; सबै प्रदेश सरकार र स्थानीय तहको संस्थागत तथा प्राविधिक क्षमता वृद्धि गरी राष्ट्रिय भवन संहिता प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

(२) **दिगो, सुरक्षित र उत्थानशील शहर तथा शहरी पूर्वाधार निर्माण गर्नेः** दिगो र उत्थानशील शहरी पूर्वाधार विकास गर्नका लागि स्थलीय योजना प्रणालीलाई एकीकृत शहरी विकास ऐनमा समावेश गर्ने; भूउपयोग र भौतिक विकासको नियमन, भूमि र वित्तका साधनहरू, एवम् एकीकृत शहरी पूर्वाधारलाई समाविष्ट गरी एकीकृत शहरी तथा बसोबास योजना ऐनमा समावेश गर्ने; विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनका क्रियाकलापलाई आन्तरिकीकरण गर्ने; शहरी कृषि प्रवर्द्धन गर्ने; नदी र नदी किनारको वातावरण सुधार तथा सौन्दर्यीकरण, सार्वजनिक खुल्ला क्षेत्रहरूको अभिलेखीकरण, संरक्षण र प्रवर्द्धन गर्ने; जल सुरक्षाका लागि क्षेत्रीय, बस्ती, समुदाय र परिवारस्तरमा जलसञ्चय एवम् भूमिगत

पुनर्भरणसहित शहरी जल व्यवस्थापनको दिगो पूर्वाधार विकास गर्ने; जीवन्त र उत्थानशील समुदायहरूलाई बढावा दिनको लागि शहरी सुरक्षा सुनिश्चित गर्ने; व्यापक अपराध रोकथाम रणनीति, बलियो आपतकालीन प्रतिक्रिया प्रणाली र समावेशी पूर्वाधार डिजाइनलाई एकीकृत गरेर, सुरक्षित, पहुँचयोग्य र सबै बासिन्दाको लागि अनुकूल शहरी वातावरण सिर्जना गर्ने; सवारी दुर्घटना न्यूनीकरण, आगलागी लगायतका विपद्को रोकथाम, भवन संहिताको परिपालन, घर तथा सडक नम्बरको विद्युतीय अभिलेख राख्ने।

(३) **लगानी व्यवस्थापन तथा प्रविधि विकास गर्नेः** शहरी पूर्वाधारहरूको निर्माण तथा विकासमा ऋण-अनुदान मिश्रण लगानी, सहलगानी, हरित वित्त लगानी, मिश्रित वित्त (ब्लेण्डेड फाइनान्स) र सार्वजनिक-निजी साझेदारीमा लगानी लगायतका वैकल्पिक वित्तीय उपकरणहरूको माध्यम मार्फत वित्तीय स्रोत परिचालन गर्ने; न्यून आय वर्ग तथा शहरी गरीबका लागि नवप्रवर्तनमा आधारित सहकारी, सामाजिक र भाडाका आवास विकास गर्ने; जग्गा विकासका नवीन्तम् अवधारणाहरू (भूमि बैङ्क, अल्पकालीन स्वामित्व हस्तान्तरण, जग्गा हिस्सा हस्तान्तरण, विकास अधिकार हस्तान्तरण, चक्लाबन्दी) को कार्यान्वयनका लागि स्पष्ट कानूनी रूपरेखा तयार गर्ने; शहरी विकास सम्बद्ध प्रयासहरूलाई चक्रीय अर्थतन्त्रमा आधारित गर्ने; सवारी चाप तथा वातावरणीय प्रदूषणलाई नियन्त्रण तथा नियमन गर्न सार्वजनिक शहरी यातायात प्रणालीका नवीन्तम् प्रविधिको प्रयोग तथा संरचनाहरूको निर्माण गर्ने; शहरी पूर्वाधार आयोजना व्यवस्थापन तथा वातावरणमैत्री शहरी यातायात प्रणालीको विकास गर्ने।

(४) **अन्तर-तह समन्वय तथा शहरी सुशासन प्रणाली विकास गर्नेः** शहरी तथा बसोबास योजना ऐन तर्जुमा लगायत नीतिगत सुधार गरी स्थलीय योजना प्रणालीलाई स्थापित गर्ने; एकीकृत शहरी सूचना व्यवस्थापन प्रणाली स्थापना गर्ने; शहरी तथा ग्रामीण क्षेत्रमा सुशासन सेवा प्रवाह तथा सुरक्षाको प्रत्याभूतिका लागि सङ्घ, प्रदेश तथा स्थानीय तहको सहकार्य र समन्वयमा नागरिक समाज, सुरक्षा निकाय, सामुदायिक संस्था, गैरसरकारी संस्थाहरूलाई एकीकृत रूपमा परिचालन गर्न सम्बन्धित सङ्घीय मन्त्रालयहरूलाई थप प्रभावकारी बनाउने।

## ७.५ प्रमुख कार्यक्रम

(१) **मौलिक तथा रणनीतिक शहर विकास कार्यक्रम:** प्रादेशिक राजधानीहरूलाई प्रमुख आर्थिक केन्द्रसहितको शहरका रूपमा विकास गर्ने; सातै प्रदेशमा स्थानीय तथा रैथाने संस्कृति एवम् सभ्यता झल्किने, खुला पार्क, सङ्ग्रालय, मनोरञ्जन स्थल, व्यावसायिक भवन लगायतका सुविधा सम्पन्न, अन्य शहरको लागि समेत स्तर मापनको आधार प्रदान गर्न सक्ने किसिमका मौलिक एवम् नमूना शहरको निर्माण गर्ने।

(२) **नमूना बस्ती विकास कार्यक्रमः** व्यवस्थित नमूना ग्रामीण बस्ती विकास गर्ने; राष्ट्रिय, प्रादेशिक तथा स्थानीय सम्पदा बस्तीहरूको अभिलेख एवम् संरक्षण र प्रवर्द्धनसम्बन्धी नीतिगत व्यवस्था मिलाउने; मौलिक सम्पदा घनाबस्तीको संरक्षण र विकास गर्ने।

(३) **एकीकृत शहरी पूर्वाधार निर्माण र यातायात प्रणाली सुधारः** पैदलयात्री, साइकलयात्री र आकस्मिक सेवा प्रदान गर्ने सवारी साधनलाई समेत सहजता पुग्ने गरी अन्तर्राष्ट्रिय मापदण्डअनुसार शहरी यातायात प्रणाली निर्माण गर्ने; काठमाडौं उपत्यकाका उत्तर-दक्षिण नदी र चक्रपथमा आधुनिक, छरितो र वैकल्पिक यातायातको साधन व्यवस्था गर्ने; शहरहरूको एकीकृत (भौतिक, सामाजिक, आर्थिक) पूर्वाधार निर्माणको लागि स्थलीय योजनामा आधारित रणनीतिक लगानी गर्न मौजुदा सघन शहरी विकास कार्यक्रमको सुधार गर्ने; नीतिगत व्यवस्थासहित ठूला शहरहरूमा एकीकृत शहरी पूर्वाधार (युटिलिटी करिडोर) विकास गर्ने; समुदायको जग्गा योगदानमा आधारित बसोबास क्षेत्र सुधार र शहरी पुनरोत्थान गर्ने; आधुनिक प्रविधिमा आधारित बसपार्कहरू निर्माण गर्ने।

(४) **ग्रामीण-शहर संयोजन र अन्तरआबद्धता कार्यक्रमः** सबै स्थानीय तहका केन्द्रलाई पक्की सडक सञ्जालसँग जोड्ने; प्रशासकीय संरचना अपुग भएका सबै स्थानीय तहमा आवश्यक संरचना निर्माण गर्ने; ग्रामीण-शहर संयोजनका लागि यातायात पूर्वाधार तथा आर्थिक पूर्वाधार विकास गर्ने; अत्यावश्यक झोलुङ्गे पुलहरू निर्माण गर्ने; स्थानीय मौलिक वास्तुकला झल्कने गरी आवश्यक संरचना निर्माण गर्ने; स्थानीय तहको केन्द्र वरपरको योजनाबद्ध विकास गर्ने।

(५) **भूमिहीन तथा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमः** भौगोलिक रूपले जोखिममा रहेका बस्तीहरूको पहिचान गरी स्थानान्तरण गर्ने; एकीकृत बस्ती निर्माण गर्दा स्मार्ट सिटिको अवधारणा कार्यान्वयन गर्ने, साथै सहज जीविकोपार्जन सुनिश्चित गर्न बस्तीभित्रै वा सँगै रहने गरी ठूला कृषिफार्म तथा औद्योगिक ग्रामहरू स्थापना गर्ने; व्यवस्थित नमूना ग्रामीण बस्ती विकास गर्ने; नेपालभर जग्गा नभएका र आफ्नो एवम् पारिवारिक स्रोतमा समेत जीविकोपार्जन गर्न नसक्ने व्यक्तिहरूका लागि सहकारी, साझा, भाडाका आवासको विकास गरी बसोबासको व्यवस्था गर्ने र क्रमशः त्यस्ता आवासको लागत उनीहरूलाई उपलब्ध गराइएको रोजगारबाट आर्जित आयमा आधारित बनाउने; आन्तरिक बसाइँसराइको प्रकृति अध्ययन र आप्रवासनको व्यवस्थापन गर्ने।

(६) **नयाँ शहर आयोजनाः** नयाँ शहर आयोजनाको मध्यावधि समीक्षासहित सम्भावनायुक्त स्थानहरूको योजनावद्ध विकास र विस्तार गर्ने; आयोजनालाई कानुनी आधार प्रदान, संस्थागत

क्षमता अभिवृद्धि, लगानी वृद्धि र कार्यात्मक सुधारसहित योजनाबद्ध शहरी तथा बस्ती विकास आयोजनाको रूपमा रूपान्तरण गर्ने।

(७) **सबै प्रदेश राजधानी र प्रमुख शहरमा स्वच्छ पिउने पानीको व्यवस्थापनः** शहरहरूमा स्थानीय स्रोत र अन्य स्रोत समेत प्रयोग गरी पिउनयोग्य पानीको आपूर्तिको सुनिश्चितता गर्ने; शहरी तथा शहरोन्मुख क्षेत्रमा सहलगानी, लागत साझेदारी र लागत उठ्तीको सिद्धान्तअनुसार खानेपानी र सरसफाइ सेवाको विस्तार गर्ने।

(८) **पानीका स्रोतहरूको संरक्षण र पुनर्भरण कार्यक्रमः** प्रत्येक बस्तीमा रहेका पानीका परम्परागत स्रोतहरूलाई संरक्षण र पुनर्भरण गर्ने कार्यक्रम लागु गर्ने; ग्रामीण बस्तीहरूमा पोखरी, तलाऊ निर्माण गर्ने कार्यलाई अभियानका रूपमा सञ्चालन गर्ने; वर्षातको पानी सङ्कलन गरी खानेपानी र सिँचाइमा प्रयोग गर्न सक्ने प्रणालीको विकास गर्ने।

(९) **नदीजन्य स्रोतको सरसफाइ र संरक्षण कार्यक्रमः** उपत्यकाको बागमती लगायत सबै नदीहरू, देशका प्रमुख शहरका नदीहरू र बस्तीका नजिक रहेका पानीका स्रोतहरूलाई शुद्धीकरण गर्नका लागि वैकल्पिक ढल निकास र प्रशोधन प्रणालीका कार्यक्रमलाई अनिवार्य गर्ने।

(१०) **एकीकृत शहरी फोहोर व्यवस्थापन कार्यक्रम:** स्रोतमा वर्गीकरणसहित चक्रीय प्रयोगबाट फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्न प्राविधिक सहयोग र आवश्यक पूर्वाधार निर्माण गर्ने; सबै शहरहरूमा फोहोर प्रशोधन केन्द्र तथा ल्याण्डफील साइटको व्यवस्थापनसहित प्रशोधन प्रणालीको विकास गर्ने; कुहिने, नकुहिने र पुनर्प्रयोग गर्न मिल्ने फोहोरलाई अलग-अलग सङ्कलन गर्ने गरी स्थानीय तहहरू मार्फत फोहोर व्यवस्थापन गर्न छुट्टै मापदण्ड बनाइ कार्यान्वयन गर्ने; प्लाष्टिकजन्य पदार्थको प्रयोगलाई निरूत्साहित गर्दै प्लाष्टिक जलाउने कार्यलाई कानूनतः निषेध गर्ने।

(११) **शहरी सुशासन, संस्थागत सुधार र क्षमता विकास कार्यक्रम:** स्थलीय योजना तर्जुमा, भूउपयोग र भौतिक विकासको नियमन र एकीकृत पूर्वाधार निर्माणका लागि मौजुदा नीतिगत र संस्थागत व्यवस्थामा सुधार गर्ने; स्थानीय तहमा शहरी योजना तर्जुमा र कार्यान्वयनका लागि चाहिने स्रोत तथा जनशक्ति (शहरी योजनाकार, वास्तुविद्, इन्जिनियर सम्मिलित प्राविधिक) व्यवस्थापन र परिचालन गर्ने; शहरी आर्थिक करिडोरहरूको एकीकृत विकासको संयन्त्र विकास गर्ने; शहरी सूचना र सरोकारवालाहरूबीच सिधा सम्पर्क प्रणाली स्थापना गर्ने; सबै नगरपालिकामा उपयुक्त जनशक्तिको व्यवस्थासहित राष्ट्रिय भवन संहिता कार्यान्वयन गर्ने; निर्माण प्रक्रियालाई सुरक्षित बनाउनका लागि निर्माणकर्ता (व्यक्ति वा कम्पनी वा व्यवसायी)ले

अनिवार्य रूपमा कामदार, पैदलयात्री, सवारीचालक र छिमेकको जनधनमा कुनै क्षति नपुग्ने गरी कार्यसम्पादन गर्ने प्रणालीको विकास गर्ने।

(१२) **काठमाडौं उपत्यका विकास प्राधिकरणको पुनर्संरचना कार्यक्रमः** स्थानीय तहहरूको समेत अपनत्व रहने गरी काठमाडौं उपत्यकालाई एउटै विकास एकाइको रूपमा रहने गरी एकीकृत शहरी विकास योजना तयार गर्ने; काठमाडौं उपत्यका विकास प्राधिकरणको पुनर्संरचना गर्ने।

(१३) **शहरी वातावरण सुधार, सुरक्षा र विपद् उत्थानशीलता कार्यक्रमः** विपद् जोखिम न्यूनीकरणका लागि स्थलीय योजनामा आधारित भू-उपयोग र निर्माणसम्बन्धी मापदण्ड एवम् भवन संहिताको समसामयिक परिमार्जनसहित भौतिक विकासको नियमन गर्ने; हरित विकास अवलम्बनसहित जलवायु अनुकूलनको आन्तरिकीकरण गर्ने; ग्रामीण बस्तीहरूमा पोखरी, तलाउ, कुलो निर्माण गर्ने कार्यलाई अभियानका रूपमा सञ्चालन गर्ने; शहरमा हुने सबै प्रकारका प्रदूषण नियन्त्रण, नियमन तथा न्यूनीकरण गर्ने; प्राकृतिक तथा मानव सिर्जित विपदबाट प्रभावित क्षेत्रहरूमा पुनर्निर्माण, पुनर्स्थापना तथा पुन:एकीकरण गर्ने; नगर प्रहरीको उपस्थिति बढाउने; सार्वजनिक क्षेत्रहरूमा बिजुली बत्ती सुधार गर्ने; शहरी सुरक्षालाई प्रभावकारी रूपमा सम्बोधन गर्न सामुदायिक संलग्नता प्रवर्द्धन गर्ने।

## ७.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | रणनीतिक शहरी सडक निर्माण तथा विस्तार | कि.मि. | ३१०२ | ५६०० |
| २. | व्यवस्थित योजनावद्ध बस्ती विकास | हेक्टर | २९६ | १०३०० |
| ३. | रणनीतिक महत्वका बसपार्क निर्माण | सङ्ख्या | ३ | १४ |
| ४. | लक्षित वर्ग तथा विपद्बाट विस्थापितहरूका लागि आवास निर्माण | सङ्ख्या | ३५५३ | ५०००० |
| ५. | राष्ट्रिय भवन संहिता कार्यान्वयन भएका नगरपालिका | सङ्ख्या | - | २९३ |
| ६. | सरकारी कार्यालय भवन प्रवलीकरण तथा नयाँ निर्माण | सङ्ख्या | २०९ | ५०० |
| ७. | स्मार्ट शहर निर्माण | सङ्ख्या | - | १३ |

| क्र.सं. | क्रियाकलाप | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| ८. | आधुनिक एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र तथा स्यानिटरी ल्याण्डफिल साइट निर्माण | सङ्ख्या | १ | १७ |
| ९. | वैकल्पिक सहायक राजमार्ग तथा रणनीतिक सडक कालोपत्रे | कि.मि. | ४,६९६ | ६२०० |
| १०. | सडकको आवधिक मर्मत सम्भार | कि.मि | ४,६९३ | ६,७०० |
| ११. | बाह्रै महिना सञ्चालन योग्य प्रादेशिक तथा स्थानीय सडक सञ्जाल | कि.मि | २३,१०० | ४०६०० |
| १२. | झोलुङ्गे पुल निर्माण | सङ्ख्या | १०,५०८ | १४,००० |
| १३. | सडक पुल निर्माण | सङ्ख्या | ६८५ | १,२०० |
| १४. | सडक पुगेको गा.पा/नगरपालिका केन्द्र | सङ्ख्या | ७३२ | ७५३ |
| १५. | पक्की सडक पुगेको गा.पा/नगरपालिका केन्द्र | सङ्ख्या | ५३२ | ७५३ |
| १६. | सडक सुरक्षा लागु भएको ग्रामीण सडक | कि.मि | - | १७५० |
| १७. | विभिन्न पूर्वाधारहरूका कार्यक्रमबाट थप रोजगारी सिर्जना | श्रम दिन (लाख) | - | १७५ |
| १८. | आधारभूत सरसफाइ सेवाबाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | ९५.५ | ९९ |
| १९. | सुरक्षित रूपमा व्यवस्थित सरसफाइ सेवाबाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | ६१ | ६५ |
| २०. | प्रशोधनसहितको ढल/मानव मल मुत्रजन्य फोहोर व्यवस्थापन | प्रतिशत | २.३४ | ३० |

परिच्छेद ८

# लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज


| | | |
|---|---|---|
| ८.१ | पृष्ठभूमि | १६३ |
| ८.२ | विद्यमान अवस्था | १६३ |
| ८.३ | मुख्य सवाल तथा चुनौती | १६५ |
| ८.४ | रूपान्तरणकारी रणनीति | १६७ |
| ८.५ | प्रमुख कार्यक्रम | १७० |
| ८.६ | परिमाणात्मक लक्ष्य | १७६ |

परिच्छेद ८

# लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज

## ८.१ पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा विभेदरहित, आर्थिक समानतायुक्त, सामाजिक न्यायसहितको समतामूलक समृद्ध समाजको निर्माण गर्ने सङ्कल्प लिएको छ। आर्थिक, सामाजिक, साँस्कृतिक, भौगोलिक, प्रशासनिक तथा राजनैतिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्ग, समुदाय एवम् लिङ्ग (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, उत्पीडित तथा पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न खस आर्य) तथा विशेष संरक्षणको आवश्यकता भएका नागरिकको संरक्षण, सशक्तीकरण र विकासका लागि संविधानले मौलिक हकको रूपमा व्यवस्था र नीतिगत तथा कानूनी संरक्षण समेत प्रदान गरेको छ।

संविधानले प्रत्येक व्यक्तिलाई आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने हक, नागरिक स्वतन्त्रता, मौलिक अधिकार तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सबै तह र निकायमा सहभागिताको हक सुनिश्चित गरेको छ। यसै आधारमा, हालसम्मका उपलब्धिलाई संस्थागत गर्दै सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई सुदृढ बनाइ वञ्चितीकरणमा परेका वर्ग र समुदायको सामाजिक, आर्थिक, राजनीतिक अवरोधलाई हटाउँदै स्वास्थ्य, शिक्षा, आवास, सीप विकास, रोजगारीका अवसर तथा स्रोत साधनमाथि अग्राधिकार दिँदै नागरिकहरूको सशक्तीकरण र सर्वाङ्गीण विकासमा परिचालन गर्नु योजनाको प्राथमिकता हुनेछ।

## ८.२ विद्यमान अवस्था

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक तथा अधिकारको कार्यान्वयनका लागि गरिएका नीतिगत, कानूनी तथा कार्यक्रमगत प्रयासका फलस्वरूप लक्षित वर्गको सशक्तीकरण, समावेशीकरण तथा सामाजिक परिचालनका क्षेत्रमा केही महत्त्वपूर्ण उपलब्धि हासिल भएका छन्।

यस दिशामा भएका उल्लेख्य नीतिगत तथा कानूनी व्यवस्थामा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, १९७९, महिला अधिकार र लैङ्गिक समानताका लागि बेइजिङ्ग प्लाटफर्म कार्ययोजना, १९९५, आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि, १९८९ तथा

आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणा पत्र, २००७ को अनुमोदन र सोअनुरूपका नीति तथा कार्यक्रम कार्यान्वयनका साथै प्रदेश तथा स्थानीय तहमा आन्तरिकीकरण एवम् मूलप्रवाहीकरण गरिदै लगिएको छ। अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि,२००६ तथा अपाङ्गतासम्बन्धी एशिया तथा प्रशान्त क्षेत्रीय आवधिक रणनीति तथा कार्ययोजना पनि कार्यान्वयनमा रहेको छ। बालबालिकाको अधिकारसम्बन्धी महासन्धि, १९८९, सबै प्रकारको जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, १९६५, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९, लगायतको अनुमोदन साथै महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्र सङ्घ, सुरक्षा परिषद्को प्रस्ताव नं.१३२५, १८२० र अन्य प्रस्तावहरूको कार्यान्वयनसम्बन्धी दोश्रो राष्ट्रिय कार्ययोजना, २०७६ लाई कार्यान्वयनमा ल्याइएको छ।

राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को कार्यान्वयनसँगै लैङ्गिक समानताका क्षेत्रमा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै सारभूत लैङ्गिक समानताको स्थापनाका लागि राज्यका तीनवटै तहमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई जोड दिँदै आइएको छ। सङ्घ, प्रदेश र स्थानीय तहका सरकारका नीति तथा कार्यक्रममा लैंङ्गिक उत्तरदायी बजेट प्रणाली अवलम्बन गरिएको छ। दिगो विकास लक्ष्यमा महिला, बालबालिका तथा किशोरकिशोरी, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र आदिवासी जनजातिसम्बन्धी विषय समावेश गरी विविध कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन्।

बालिका, किशोरी तथा महिलाहरूको स्वास्थ्य, शिक्षा, रोजगारी तथा नीतिगत तहमा समतामूलक पहुँच तथा प्रतिनिधित्व बढाउन भएका प्रयासका फलस्वरूप विभिन्न उपलब्धि हासिल भएका छन्। राष्ट्रिय जनगणना, २०७८ अनुसार महिला र पुरुषको साक्षरता दर क्रमशः ६९.४ र ८३.६ प्रतिशत, घर वा जग्गा वा घरजग्गामा स्वामित्व पुगेको महिला २३.८ प्रतिशत, मातृ मृत्यु अनुपात प्रतिलाख जीवित जन्ममा १ सय ५१ र कुल प्रजनन दर २.१ प्रति महिला पुगेको छ। लैङ्गिक हिंसा निवारण कोष सञ्चालन (दोस्रो संशोधन) नियमावली, २०७६ बमोजिम ७ वटै प्रदेश र ७५३ वटै स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष स्थापना भई सञ्चालनमा आएको छ। अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या २.२ प्रतिशत रहेको छ। अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र नियमावली, २०७७ कार्यान्वयनमा रहेका छन्। आ.व.२०७९/८० मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने पूर्ण अशक्त अपाङ्गता भएका ६६ हजार १ सय ५७ र अति अशक्त अपाङ्गता भएका १ लाख ३८ हजार १ सय ६५ गरी कुल २ लाख ४ हजार ३ सय २२ रहेका छन्। ज्येष्ठ नागरिकको सङ्ख्यात्मक वृद्धिसँगै सम्मानजनक जीवनयापनका लागि उचित हेरचाह तथा सामाजिक सुरक्षाको व्यवस्थालाई सुदृढ गर्दै ज्ञान, सीप, क्षमता तथा अनुभवलाई विकास प्रयासमा उपयोग गर्ने नीति अवलम्बन गरिएको छ।

हाल नेपालमा १८ वर्ष मुनिका बालबालिकाको सङ्ख्या कुल जनसङ्ख्याको ३४.८ प्रतिशत पुगेपनि बालिकाको सङ्ख्या विगत १ दशकमा ५ प्रतिशतले घटेको देखिन्छ जसले गर्भावस्थामा नै लिङ्ग छनौटको चिन्ताजनक स्थितिलाई इङ्गित गर्दछ। बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक लगायत सर्वाङ्गीण व्यक्तित्व विकासका लागि स्थानीय तहदेखि सङ्घीय तहसम्म नीति, योजना, कार्यक्रम तथा संस्थागत संयन्त्र स्थापना तथा सञ्चालन, बालबालिकाको आपतकालीन उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास सेवा '१०४' र बाल हेल्पलाइन सेवा '१०९८' सञ्चालनमा रहेका छन्। बालबालिकासम्बन्धी ऐन,२०७५ र नियमावली,२०७८ कार्यान्वयनमा आएका छन्। बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको सवालमा सरोकारवालाहरूको सहभागिता तथा सचेतना बढ्दै गएको अवस्था छ।

बहुआयामिक, बहुक्षेत्रगत एवम् बहुराष्ट्रिय सङ्गठित अपराधको रूपमा विस्तार भएको मानव बेचबिखन, गैरकानूनी ओसारपसार, दुर्व्यवहार, शारीरिक, मानसिक वा यौनजन्य शोषणको जोखिम बढिरहेको अवस्था छ। यस सन्दर्भमा निरोध, उद्धार, पीडितको संरक्षण तथा पुनर्स्थापना र कानूनी उपचारसम्बन्धी कार्यका लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली, २०६५ कार्यान्वयनमा रहेका छन्। साथै, नेपालले अन्तर्राष्ट्रियस्तरमा बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको मानव बेचबिखन, विशेष गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजायको सम्बन्धमा व्यवस्था भएको पुरक आलेख (पालेर्मो प्रोटोकल) को अनुमोदन गरेको छ।

समाजमा रहेका संरचनात्मक अवरोधलाई चिर्दै हरेक व्यक्ति तथा समुदायले आफ्नो क्षमता र सम्भावनाको पूर्ण उपयोग गर्न पाउने समावेशी समाज तथा वातावरणको निर्माण गर्न लक्षित वर्गका मुद्दाहरूमा नीतिगत, कानूनी र संस्थागत सुधार गर्दै प्रभावकारी कार्यान्वयनका लागि सशक्तीकरण र सामाजिक समावेशीकरणसम्बन्धी विभिन्न संवैधानिक आयोगहरू क्रियाशील रहेका छन्।

आर्थिक, सामाजिक रूपान्तरण तथा दिगो विकासका लागि नागरिक समाज, सामुदायिक सङ्घसंस्था र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्।

## ८.३ मुख्य सवाल तथा चुनौती

(१) **कुरीति एवम् कुप्रथाको अन्त्यः** बालबिबाह, बहुविवाह, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको जबरजस्ती विवाह, छाउपडी, दाइजो, छुवाछुत,बोक्सीप्रथा लगायतका परम्परागत कुरीति र कुप्रथाको अन्त्य गर्नु; पुनरावृत्ति हुँदै आएका हिंसा, विभेद र शोषणलाई प्रश्रय दिने सामाजिक संरचना, मूल्य, मान्यता तथा सोचको अन्त्य गर्नु।

(२) **सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्यः** महिलामाथि हुने घरेलु हिंसा लगायत सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गर्दै न्याय प्राप्तिलाई सहज, सुलभ र पहुँचयोग्य बनाउनु; लैङ्गिक हिंसा, मानव बेचबिखन, ओसारपसार, अपहरण तथा तस्करीको परिवर्तित आयाम, स्वरूप, तरिका र बाटो प्रयोगको सन्दर्भमा नियन्त्रण तथा रोकथामका लागि प्रभावकारी उपायहरू अवलम्बन गर्नु।

(३) **सीमान्तकृत वर्ग समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरणः** स्वास्थ्य, शिक्षा, खाद्यान्न, आवास, रोजगारी लगायतका आधारभूत आवश्यकताको परिपूर्ति, आर्थिक स्रोत साधन माथिको असमान पहुँच तथा निर्णय तहमा प्रभाव पार्न सक्ने क्षमता र अवसरको कमीले गर्दा सीमान्तकृत वर्ग समुदायको सशक्तीकरण एवम् सामाजिक आर्थिक परिचालनमा सिर्जित अवरोध हटाउनु; लक्षित वर्ग, समुदाय एवम् लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको पहिचान तथा वर्गीकरणलाई वस्तुगत बनाउनु; लैङ्गिक समानता तथा सामाजिक तथ्याङ्कसम्बन्धी खण्डीकृत तथ्याङ्कसहितको एकीकृत व्यवस्थापन सूचना प्रणाली संस्थागत गर्न नसक्दा अत्यावश्यक वर्ग समूह कम समेटिने अवस्थाको अन्त्य गर्नु।

(४) **लक्षित वर्ग तथा समूहको अर्थपूर्ण सहभागिताको सुनिश्चितताः** सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वय, सहकार्य र साझेदारी अभिवृद्धि गर्दै लक्षित वर्ग समूहकै नेतृत्व र सहभागिता बढाउनु; नीति, कानून, योजना तथा कार्यक्रममा महिला तथा सबै सीमान्तकृत वर्ग समूहका सवालहरूलाई आन्तरिकीकरण तथा मूलप्रवाहीकरण गरी उत्तरदायी शासन प्रणाली संस्थागत गर्नु।

(५) **महिलाको योगदानको सम्मान गर्ने संस्कृतिको विकास :** लैङ्गिक सशक्तीकरण, सीप विकास तथा रोजगारी सिर्जना लगायतका क्षेत्रमा संलग्न निकायहरूबीच समन्वय र सहकार्य गर्दै आन्तरिक रोजगारी तथा स्वरोजगार लगायतका बहुपक्षीय उपाय अवलम्बन गर्नु; महिलाको घरेलु श्रम र स्याहार कार्यलाई मूल्याङ्कन गरी राष्ट्रिय आयमा महिलाको योगदानको गणना गर्ने संयन्त्रको विकास गर्नु; सबै व्यक्ति, परिवार र समाजले सम्मान गर्ने संस्कृतिको विकास गर्नु; महिलाको कार्य-जीवनलाई सन्तुलित गर्दै ज्ञान, सीप र श्रमलाई उत्पादन र उत्पादकत्वसँग जोड्नु।

(६) **खास क्षेत्र, वर्ग र समुदायको लागि विशेष लक्षित कार्यक्रम :** आर्थिक रूपले विपन्न, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वा अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकका लागि प्रभावकारी रूपमा सामाजिक सुरक्षा र संरक्षण उपलब्ध

गराउनु; सामाजिक विकासमा पछि परेका क्षेत्र लक्षित नीति निर्माण गर्नु; सार्वजनिक स्थल तथा सेवा प्रवाह स्थल वा कार्यालय पूर्वाधारलाई अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका र लैङ्गिक मैत्री बनाउनु; अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको आवश्यकतानुसार सेवा सुविधा तथा सहायक सामग्रीको व्यवस्थापन गर्नु; लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक एवम् अन्य लक्षित वर्ग समुदायका नागरिकलाई आ-आफ्नो क्षमता एवम् दक्षताअनुसार रोजगारीको अवसर सिर्जनासँगै उत्पादनसँग जोड्नु; ज्येष्ठ नागरिकको संरक्षणमा पारिवारिक भूमिका बढाउनु तथा ज्येष्ठ नागरिकको लामो अनुभव र प्राविधिक दक्षतालाई पुँजीकरण गरी राष्ट्रहितमा प्रयोग गर्नु; विभेद र वञ्चितीकरणमा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि प्रारम्भिक बालविकास तहदेखि नै बालमैत्री वातावरणको विकास गर्दै सबै बालबालिकालाई अनिवार्य संरक्षण प्रदान गर्नु।

(७) **सामाजिक परिचालनमा तहगत एवम् क्षेत्रगत समन्वय तथा सहकार्य अभिवृद्धिः** लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशीकरणको सवाललाई तहगत सरकार एवम् सबै क्षेत्रहरूमा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण गर्नु; सामुदायिक तथा गैरसरकारी संस्थाको सुशासन अभिवृद्धि गर्दै राष्ट्रिय प्राथमिकता र आवश्यकताका क्षेत्रमा पारदर्शी एवम् उत्तरदायी रूपमा परिचालन गर्नु; सुशासन, आन्तरिक व्यवस्थापन क्षमता, नियमन, अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत सुदृढीकरण गर्दै एकद्वार प्रणाली मार्फत सहजीकरण एवम् परिचालन गर्नु।

(८) **लक्षित समूह केन्द्रित विपद् उत्थानशील प्रवर्द्धनः** जलवायु परिवर्तन, प्राकृतिक वा अन्य मानव सिर्जित विपद् वा महामारीको अवस्थामा पनि लक्षित वर्ग, समुदाय, सीमान्तकृत तथा विशेष सहायता एवम् संरक्षणको आवश्यकता भएका व्यक्ति तथा जलवायु सङ्कटापन्न वर्ग समुदायलाई अत्यावश्यक एवम् आधारभूत सेवाको निरन्तरता सुनिश्चितता गर्ने प्रणाली विकास गर्नु।

## ८.४ रूपान्तरणकारी रणनीति

(१) **लैङ्गिक समानता एवम् सशक्तीकरण, सामाजिक न्याय तथा समावेशीकरणलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र स्थानीयकरण गर्नेः** दिगो विकास लक्ष्यको "कसैलाई पछाडी नछोडौं" भन्ने सोच कार्यान्वयन गर्नेगरी राज्यका सबै तह र विषयगत क्षेत्रले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक लगायत सीमान्तकृत, वञ्चितीकरणमा परेका र विशेष संरक्षणको आवश्यकता रहेका वर्ग र समुदायको सरोकारलाई क्षेत्रगत नीति, कानून, योजना, कार्यक्रम तथा संस्थागत संरचनामा

विशेष प्राथमिकताका साथ आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्ने; सशक्तीकरण, समावेशीकरण र परिचालनका आधार कार्यक्रमलाई स्थानीय तहको नीति तथा प्राथमिकतासँगको आबद्धता, सामञ्जस्यता र परिपूरकताका आधारमा कार्यान्वयन गर्ने; जनसाङ्ख्यिक अनुपात र क्षमताका आधारमा राज्यका सबै तह र अङ्गमा समानुपातिक समावेशीकरणको रणनीति अवलम्बन र विकासका हरेक प्रक्रियामा 'लैङ्गिक सशक्तीकरण, अपाङ्गता तथा सामाजिक समावेशीकरण' रणनीति अवलम्बन गर्ने; लक्षित वर्ग र समुदायको पहिचान, उनीहरूको विकासको रणनीति र स्रोत तथा साधनमा पहुँच साथै दिगोपना सुनिश्चित हुने गरी चरणबद्धरूपमा सशक्तीकरणका पूर्ण प्याकेजको व्यवस्था गर्ने।

(२) **तहगत तथा क्षेत्रगत समन्वय, सहकार्य र साझेदारी प्रवर्द्धन गर्नेः** सङ्घ, प्रदेश र स्थानीय सरकारको भूमिका, जिम्मेवारी र दायरा स्पष्ट गरी समन्वय, सहकार्य र साझेदारीमा लक्षित योजना तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनका लागि क्षमता अभिवृद्धि गर्ने; अति विपन्न, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको आर्थिक सामाजिक सशक्तीकरण एवम् परिचालनका लागि निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी र सहकार्यमा सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारहरूमा लगानी अभिवृद्धि गर्ने; सबै प्रकारका लैङ्गिकतामा आधारित विभेद, हिंसा र शोषण निवारणका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा पुरुष सहभागिता सञ्जाललाई सकृयताका साथ परिचालन गर्ने; सङ्घद्वारा प्रदेश तथा स्थानीय सरकारलाई प्रदान गरिने सशर्त, निशर्त एवम् अन्य अनुदानका रकमलाई मधेशी, आदिवासी जनजाति, दलित, महिला र सीमान्तकृत समुदायलाई प्राथमिकतामा राखी सामाजिक क्षेत्रमा उपयोग गर्ने; विशेष अनुदानलाई समावेशी र सन्तुलित विकासको आवश्यकता पूरा गर्ने गरी परिचालन गर्ने।

(३) **लक्षित वर्ग समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नेः** लक्षित वर्ग, समुदाय र लिङ्गको लागि नीति, योजना, कार्यक्रम तथा क्रियाकलाप लगायतको तर्जुमा, प्राथमिकीकरण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालाको आवश्यकता, माग, नेतृत्व र सहभागिता सुनिश्चित गर्ने; अन्तर-प्रदेश तथा अन्तर-स्थानीय तह सन्तुलित एवम् समावेशी विकास कायम हुने गरी लक्षित वर्ग, समुदाय, लिङ्ग र सरोकारवालाको नेतृत्व तथा क्षमता विकास गर्ने।

(४) **लक्षित वर्ग तथा समुदायलाई विशेष संरक्षण गर्नेः** अति विपन्न, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति, दलित एवम् वहिष्करण तथा बञ्चितीकरणमा परेका वर्ग, समुदाय र लिङ्गको नागरिकलाई विशेष सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा सार्वजनिक सेवा प्राप्तिमा प्राथमिकता प्रदान गर्ने; रोजगारी तथा आयआर्जनका माध्यमबाट लक्षित वर्ग तथा समुदायको आत्मनिर्भरता अभिवृद्धि गर्ने; सामाजिक सुरक्षा तथा सेवा प्रणालीलाई सर्वव्यापी एवम् दिगो

बनाउने; सामाजिक सुरक्षामा देखिएको दोहोरोपना हटाउँदै, योगदान, आवश्यकता र क्षमतामा आधारित सामाजिक सुरक्षाका वैकल्पिक र लागत प्रभावी उपायहरूको अवलम्बन गर्ने।

(५) **नवीन्तम् अवधारणा एवम् प्रविधिको प्रयोग अभिवृद्धि गर्ने:** नीति, योजना, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा जीवन चक्रमा आधारित बहुक्षेत्रीय तथा बहुपक्षीय अवधारणा अवलम्बन गर्दै हरेक व्यक्तिलाई सम्मानपूर्वक जीवनयापनको वातावरण सुनिश्चित गर्ने; महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक लगायतका विशिष्ट आवश्यकता भएका वर्ग समुदायको सशक्तीकरण एवम् परिचालनमा प्रविधिको पहुँच, उपलब्धता एवम् उपयोग अभिवृद्धि गर्ने; अनुचित प्रयोगबाट उत्पन्न हुन सक्ने जोखिम तथा हिंसाको पूर्वानुमान गरी आवश्यक सुरक्षाका उपायहरू अवलम्बन गर्ने।

(६) **तथ्य र प्रमाणमा आधारित निर्णय प्रणाली विकास गर्ने:** महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक लगायतका लक्षित वर्ग समुदायको नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनलाई यथार्थपरक बनाउन लक्षित वर्ग समुदायको पहिचानका आधार, मापदण्ड, सूचक निर्धारण गरी विविध पक्षहरू समेटिएको खण्डीकृत तथ्याङ्क प्राप्त हुने एकीकृत व्यवस्थापन सूचना प्रणाली विकास गर्ने; लक्षित समूहको उत्थान र विकासको लागि स्थापित संवैधानिक आयोगहरूलाई अनुसन्धानमूलक र जागरणको लागि स्रोत साधन सम्पन्न बनाउने।

(७) **उद्धार, राहत, पुनर्स्थापना तथा सामाजिक एकीकरण प्रभावकारी बनाउने:** लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार, बालश्रम, यौन दुर्व्यवहारबाट पीडित तथा प्रभावितको उद्धार, संरक्षण, पुनर्स्थापना तथा सामाजिक एकीकरणका लागि पारिवारिक, सामुदायिक साथै तहगत तथा निकायगत समन्वय तथा साझेदारी गर्ने; विशेष संरक्षणको आवश्यकता भएका असक्त तथा असहाय बालबालिका तथा किशोरकिशोरी लगायत वर्ग समुदायलाई राज्यबाट अनिवार्य संरक्षण र सम्वर्द्धन प्रदान गर्ने; जलवायु परिवर्तनले समग्र मानव जीवनमा पारेको प्रभावका साथै महिलाको कार्यबोझ, उत्पादकत्व, स्वास्थ्य र जीवनयापनमा परेका नकारात्मक प्रभाव न्यूनीकरण गर्न जलवायु परिवर्तनसम्बन्धी नीति, कार्यक्रम र लगानीमा लैङ्गिक मूलप्रवाहीकरणको सुनिश्चिता गर्ने।

(८) **न्याय प्रणालीमा सुधार गर्ने:** घरेलु हिंसा लगायत सबै प्रकारका हिंसा, विभेद, शोषण तथा मानव-बेचविखन, गैरकानूनी ओसारपसार, यौन दुर्व्यवहार, बालबालिका, किशोर-किशोरी, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक लगायतका सवालमा सरल, सुलभ र द्रूत सेवा पद्धतिद्वारा न्यायमा पहुँच तथा न्यायिक निरूपण गर्ने गरी

न्याय प्रणालीमा आवश्यक सुधार गर्ने; स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गर्दै न्यायिक निरूपण प्रणालीलाई पीडितमैत्री बनाउने।

(९) **सामाजिक परिचालन तथा संस्थागत सुशासन कायम गर्ने:** सङ्घ, प्रदेश तथा स्थानीय तहको समन्वय र सहकार्यमा सरोकारवाला निकायहरूको संस्थागत सबलीकरण गर्ने; सामाजिक तथा गैरसरकारी सङ्घसंस्थामा संस्थागत सुशासन कायम गर्न पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता अभिवृद्धिका लागि एकद्वार प्रणाली अवलम्बन गर्ने।

(१०) **सकारात्मक विभेदको नीति अबलम्बन गर्ने:** जनसाङ्ख्यिक अनुपात र आर्थिक-सामाजिक तथा मानव विकासको अवस्थामा कमजोर रहेका खास जाति, वर्ग र समुदायलाई सकारात्मक विभेदको नीति अङ्गिकार गर्दै सार्वजनिक सेवा प्रवाह र रोजगारीको लागि आरक्षणमा प्राथमिकता दिने।

## ८.५ प्रमुख कार्यक्रम

(१) **शासकीय प्रबन्ध तथा नीतिगत एवम् कानूनी सुधार कार्यक्रम:** लक्षित वर्ग, समुदाय र लिङ्गका मूलभूत सवाल एवम् सुरक्षित मातृत्व एवम् प्रजनन् स्वास्थ्य, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसार-पसार नियन्त्रण, बालश्रम न्यूनीकरण, यौन दुर्व्यवहार, किशोर-किशोरीका सवाल, राजनैतिक प्रतिनिधित्वसम्बन्धी अन्तरविरोध भएका कानूनहहरूको संशोधन गर्ने; राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित अवधारणा एवम् प्रतिबद्धताअनुसार नीति तथा कानूनहरूको समयसापेक्ष परिमार्जन गर्ने; लगानी, खर्च तथा प्रतिफलको जानकारी प्राप्त हुने गरी तीनै तहमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली लागु गर्ने; उपलब्धि र प्रभावको लेखाजोखा गर्ने प्रणालीको स्थापना र निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने; सबै सार्वजनिक निकाय तथा सङ्गठित सङ्घ-संस्थाहरूमा लैङ्गिक सम्पर्क अधिकारी र लैङ्गिक सम्पर्क डेस्क स्थापना गरी क्षमता अभिवृद्धि गर्ने; स्थानीय न्यायिक समितिको क्षमता विकासका साथै निःशुल्क कानूनी सहायता कार्यक्रमको विस्तार तथा स्तरोन्नति गरी सरल, सुलभ, पहुँचयोग्य तथा प्रभावकारी बनाउने; हिंसा पीडित तथा प्रभावितका लागि राहत, उद्धार, निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श, सीपमूलक तथा सामाजिक सम्मिलनका कार्यक्रमको लागि तीनै तहमा लैङ्गिक हिंसा निवारण कोष, अन्तर-तह राहत तथा पुनर्स्थापना कोषको स्थापना एवम् सञ्चालन गर्ने।

(२) **अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयन कार्यक्रम**: सबै लक्षित वर्ग, समुदाय र लिङ्गका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता, सन्धि, महासन्धि एवम् ऐच्छिक आलेखमा भएका व्यवस्था एवम् सिफारिशलाई स्थानीयकरण गर्ने; बालश्रम, लैंङ्गिक हिंसा, यौन दुर्व्यवहार, कुरीति तथा बोक्सीको आरोप, छाउपडी, महिनावारी विभेद जस्ता

पारम्परिक हानिकारक अभ्यासहरू अन्त्यका लागि राष्ट्रिय कार्यान्वयन कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने।

(३) **लक्षित वर्ग तथा समुदायको पहिचान तथा वर्गीकरणसम्बन्धी कार्यक्रमः** अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक लगायत सबै लक्षित वर्ग तथा समुदायको राष्ट्रिय परिचयपत्र प्रणालीमा आवद्धता गर्ने; अपाङ्गता पहिचान तथा वर्गीकरणको लागि सहज र सरल पूर्व परीक्षण प्रणालीको मापदण्ड विकास गरी परिचयपत्र वितरण प्रणालीलाई व्यवस्थित गर्ने; लैङ्गिक अल्पसङ्ख्यक समुदायको नागरिकता प्राप्ति प्रक्रियामा सहजीकरण र एकरूपता कायम गर्ने।

(४) **अपाङ्गता मैत्री जीवन सहजीकरण कार्यक्रमः** अपाङ्गता भएका व्यक्तिका लागि निजी तथा सार्वजनिकस्तरमा सञ्चालन हुने हेरचाह केन्द्र, आवासीय पुनर्स्थापना तथा दिवा सेवा केन्द्रको सञ्चालनका लागि राष्ट्रियस्तरको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने; बौद्धिक अपाङ्गता, अटिजम, श्रवणशक्ति विहिन, दृष्टिविहिन तथा बहुअपाङ्गता भएका व्यक्तिको सूचनामा पहुँच वृद्धि गर्न सचित्र, सरल, ठूला छापा, स्पर्श संकेत र सांकेतिक भाषा, दोभासे लगायतका सेवासम्बन्धी मापदण्ड र कार्यविधि बनाइ कार्यान्वयन गर्ने; अपाङ्गता भएका व्यक्ति, बालबालिका, अशक्त, असहाय, विपन्न लगायत बढी जोखिममा रहेका वर्गलाई विपद्का अवस्थामा सेवा निरन्तरताको कार्ययोजना बनाइ लागु गर्ने; अपाङ्गता भएका बालबालिकाको सिकाइको लागि विश्वव्यापी सिकाइ पद्धतिबाट अध्ययन अध्यापन गराउने; अभिभावक शिक्षालाई शिक्षण प्रक्रियामा समायोजन गर्ने; अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई क्रमशः सबै प्रदेशमा विस्तार गर्ने; आमसञ्चार, सूचना र प्रविधिमा अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्दै सेवाको उपलब्धता र उपकरणको व्यवस्था गरी अपाङ्गतामैत्री सहजीकरण कार्यक्रम सञ्चालन गर्ने।

(५) **लैङ्गिक समानता, आर्थिक सशक्तीकरण र हिंसा न्यूनीकरण कार्यक्रमः** समुदायमा लैङ्गिक समानताका पहलहरूको निरन्तर अनुगमन र मूल्याङ्कन गर्न सशक्त एवम् साझा प्रणाली स्थापना गर्ने; यौन तथा प्रजनन स्वास्थ्य अधिकारका प्रयासहरूमा सामाजिक सङ्घ संस्थाको पूर्ण सहयोग, सहभागीता र जवाफदेहितालाई बलियो बनाउने; लैङ्गिकतामा आधारित विभेद तथा हिंसा न्यूनीकरण गर्ने; मर्यादित महिनावारीलाई प्रवर्द्धन गर्ने; महिला तथा किशोरीको नेतृत्वदायी भूमिकासहित उत्पादनका क्षेत्र (कृषि, वन, व्यापार, पर्यटन) हरूमा र आर्थिक उपार्जनमा महिला नेतृत्वदायी सामाजिक आर्थिक वातावरणको विकास गर्ने; सबै छोरीहरूका लागि आत्मरक्षा तालीम कार्यक्रम सञ्चालन गर्ने; राष्ट्रिय आयमा महिलाको घरेलु श्रम तथा स्याहार कार्यलाई गणना गर्ने; महिलाहरूको आर्थिक सक्रियताप्रति सबैले सम्मान गर्ने

संस्कृतिको विकास गर्न सचेतनामूलक अभियान सञ्चालन गर्ने; भूमिहिन दलितको हकमा न्यूनतम जीविकोपार्जनका लागि स्थानीय तहसँगको समन्वयमा आवश्यक जमिनको प्रबन्ध गर्ने; यौनिक अल्पसङ्ख्यकसम्बन्धी सचेतना तथा सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने।

(६) **बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यक्रमः** सबै प्रकारको बालश्रमको अन्त्यका लागि सबै उद्योग, कलकारखाना, व्यवसायका क्षेत्रमा स्वीकृति तथा नवीकरणका समयमा बालश्रम मुक्त कार्यस्थल सुनिश्चित गर्न पूर्वपरीक्षण अनिवार्य लागु गर्ने; बेवारिसे, परित्यक्त, अभिभावक विहिन तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई सम्बन्धित स्थानीय तहबाट नै वैकल्पिक हेरचाहको व्यवस्था गर्ने प्रणाली स्थापना गर्ने; बालमैत्री स्थानीय शासन प्रवर्द्धनका कार्यक्रमहरू मार्फत बाल अधिकार प्रवर्द्धन तथा सुदृढ गर्ने; बाल क्लव, बाल सञ्जाल, किशोरकिशोरी समूह, स्काउट जस्ता संस्थाको गठन तथा सञ्चालनलाई विस्तार गरी बालबालिकाको सामाजिक उत्तरदायित्व बोध तथा स्वावलम्बी जीवनपद्धतिको सिकाइसम्बन्धी सहभागीता बढाउने; सूचना प्रविधि तथा सामाजिक सञ्जालको दुरूपयोगबाट हुने हिंसाको नियमन र नियन्त्रणका लागि कानूनी व्यवस्था गरी कडाइका साथ कार्यान्वयन गर्ने; बाल सुधार गृहलाई न्यूनतम मापदण्डका आधारमा वर्गीकरण गर्दै न्यूनतम् सेवासहित प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने; बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरुत्साहित गर्दै अन्तिम विकल्पको रूपमा मात्र संरक्षण गर्ने व्यवस्थाको कार्यान्वयन गर्ने; सरल, सहज एवम् बालबालिका तथा अभिभावकमैत्री बालन्याय निरूपण गर्ने; बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बाल विकास कार्यक्रममा सबै वर्ग र समुदायको पहुँच तथा उपभोग अभिवृद्धि गर्ने; दलित बालबालिकाको शिक्षाको गुणस्तर र सिकाइ अभिवृद्धि गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने।

(७) **लक्षित समुदाय विशेष सामजिक विकास तथा एकीकरण कार्यक्रमः** लक्षित वर्गको पहिचान तथा वर्गीकरणका आधार, मापदण्ड तथा सूचक निर्धारण गरी सोको आधारमा स्थानीय र प्रादेशिक तहमा राष्ट्रिय मापदण्डको अधीनमा रही अति विपन्न, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक र सीमान्तकृत समुदाय केन्द्रित स्थान विशेष आधार कार्यक्रम सञ्चालन गर्ने; महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत लगायत लक्षित वर्गका अशक्त, असहाय, विभेद तथा हिंसा प्रभावितका लागि एकीकृत सेवाहरूको विकास, विस्तार र घुम्ति सेवा कार्यक्रम सञ्चालन गर्ने; घरेलु हिंसा लगायत सबै प्रकारका विभेद, हिंसा, शोषण, परम्परागत हानिकारक अभ्यास, अन्धविश्वास, जातीय विभेद, कुरीति, बहिष्करण अन्त्यका लागि विशेष तथा लक्षित कार्यक्रम सञ्चालन गर्ने; घरेलु तथा लैङ्गिक हिंसाका पीडितको स्वास्थ्य एवम् कानूनी उपचारात्मक, पुनर्स्थापनात्मक तथा सामाजिक एकीकरण

लगायतका सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्न एकद्वार संकटव्यवस्थापन केन्द्रलाई स्तरोन्नति गर्ने; राउटे, कुसुन्डा, चेपाङ्, लेप्चा, डोम, चमार, मुसहर, हलखोर र दुसाध जस्ता लोपोन्मुख एवम् सीमान्तकृत समुदायहरूलाई विशेष लक्षित गरी शिक्षा, स्वास्थ्य र आधारभूत आवश्यकता परिपूर्तिका साथै समग्र जीवनयापनलाई नै सुधार गर्ने लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने; लक्षित वर्ग समुदाय, लिङ्गको प्रविधि माथिको पहुँच, उपलब्धता र प्रयोग अभिवृद्धिका लागि साक्षरता कार्यक्रम एवम् सेवा प्रवाहका विन्दुहरूलाई प्रविधिमैत्री बनाउने; महिला, बालबालिका, ज्येष्ठ नागरिक लगायत आर्थिक-सामाजिक रूपले पिछडिएको वर्ग समुदायमा क्षयरोगबाट हुने आर्थिक व्ययभारलाई कम गर्न स्थानीय तहको समन्वयमा विशेष कार्यक्रम सञ्चालन गर्ने।

(८) **ज्येष्ठ नागरिक सुरक्षा र संरक्षण कार्यक्रमः** ज्येष्ठ नागरिकलाई सम्मानपूर्वक बाँच्ने वातावरणको सुनिश्चिततासहित अन्तरपुस्ता ज्ञान, सीप तथा अनुभव हस्तान्तरणको माध्यमद्वारा उत्पादन तथा उत्पादकत्वसँग जोडी सामाजिक आर्थिक विकासका क्षेत्रमा लाभ प्राप्त गर्ने; ज्येष्ठ नागरिकलाई नीति निर्माण, विकास कार्यक्रम र सम्पदा तथा संस्कृति संरक्षणका क्षेत्रमा प्राथमिकता दिई सहभागिता बढाउने; ज्येष्ठ नागरिकका आधारभूत एवम् पारिवारिक आवश्यकता, स्वास्थ्योपचार, स्याहार सम्भार, मनोरञ्जन तथा विशिष्टीकृत आवश्यकतालाई सम्बोधन गर्ने; ज्येष्ठ नागरिकको स्वास्थ्य सेवा तथा उपचारका लागि सबै सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य संस्थाहरूमा बहिरङ्ग तथा अन्तरङ्ग सेवामा निश्चित प्रतिशत शैय्यासहितको जेष्ठ नागरिक वार्डको व्यवस्था गरी सहुलियत दरमा स्वास्थोपचार लिन सक्ने व्यवस्था गर्ने।

(९) **तथ्य र प्रमाणमा आधारित सूचना व्यवस्थापन तथा अनुगमन, मूल्याङ्कन प्रणाली कार्यक्रमः** लैङ्गिक समानता र सामाजिक न्याय सम्बद्ध कार्यक्रमहरूको स्थानीय तहदेखि सङ्घीय तहसम्म आधारभूत तथ्याङ्क एवम् सूचना प्राप्त हुने गरी यस क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको प्रतिफल, असर र प्रभावकारिता मापनका लागि एकीकृत तथ्याङ्क प्रणाली संस्थागत तथा विकास गर्ने; सामाजिक तथ्याङ्क व्यवस्थापन प्रणालीलाई तीनै तहमा संस्थागत गर्ने; लक्षित वर्ग समुदायका कार्यक्रमको प्रभावकारिता एवम् प्रभाव सम्बन्धमा लैङ्गिक परीक्षण तथा सामाजिक परीक्षण पद्धतिलाई मूल्याङ्कनको अभिन्न अङ्गको रूपमा राज्यका सबै निकायमा लागु गर्ने; लक्षित वर्गहरूको लैङ्गिक सवालका पक्षहरूलाई योजना तथा कार्यक्रम एवम् अनुगमन तथा मूल्याङ्कन प्रणालीमा अनिवार्य समावेश गर्ने।

(१०) **दलित सशक्तीकरण कार्यक्रम:** स्थानीय तहमा छुवाछुत तथा जातीय विभेद उन्मूलनसम्बन्धी अभियान सञ्चालन गर्नुका साथै दलितको परम्परागत कला र सीपको संरक्षण र सम्वर्द्धन गर्ने; आय-आर्जनको लागि तालीम, सहुलियतपूर्ण कर्जा, अनुदान, प्राविधिक सहयोग प्रदान गरी

दलित घरपरिवारलाई रोजगारी र स्वरोजगारीको अवसर उपलव्ध गराउने र सरकारी सेवामा दलितहरूको सहभागिता बढाउने जस्ता कदम मार्फत दलितको सशक्तीकरण गर्ने।

(११) **सामाजिक जागरण तथा सचेतनामूलक अभियान कार्यक्रमः** समाजमा व्याप्त रहेका कुरीति, कुप्रथा, हानिकारक अभ्यास, सबै प्रकारका विभेद तथा हिंसा, सामाजिक सञ्जाल तथा प्रविधिको दुरूपयोगबाट हुने नकारात्मक असरहरूको रोकथाम तथा उपचारात्मक व्यवस्था पाठ्यक्रममा समावेश गर्ने; परम्परागत हानिकारक अभ्यास, कुरीति, हिंसा तथा बहिष्करण, विभेदजन्य सामाजिक, साँस्कृतिक मूल्य मान्यताका विरुद्ध अभियानमूलक सामाजिक जागरणको अभियान तथा कार्यक्रम सञ्चालन गर्ने; सामाजिक हानिकारक अभ्यासको अन्त्यका लागि तथा यौन तथा प्रजनन् स्वास्थ्य अधिकारसम्बन्धी प्रयासहरूमा तीनै तहका सरकार, गैरसरकारी संस्था, नागरिक समाज, सञ्चार माध्यम, धर्मगुरु, खेलाडी, कलाकार लगायतसँगको समन्वय र सहकार्यमा सघन रूपमा सचेतना अभियान सञ्चालन गर्ने; लैङ्गिक हिंसा निवारणका लागि पुरुष सहभागिता सञ्जाललाई सक्रियताका साथ परिचालन गर्ने; महिला, किशोरी र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समूहहरूमा बढ्दो मानसिक समस्यालाई न्यूनीकरण गर्न समुदायस्तरमा मनोसामाजिक परामर्शका साथै सु-स्वास्थ्य प्रवर्द्धन गर्ने।

(१२) **लक्षित वर्ग तथा समुदाय आत्मनिर्भर कार्यक्रमः** ग्रामीण तथा विपन्न लक्षित वर्गहरूको आत्मनिर्रभरताका लागि आर्थिक सशक्तीकरण, उद्यमशीलता तथा रोजगार प्रवर्द्धन गर्ने; स्थानीय रैथाने बाली तथा वस्तु उत्पादन र बिक्री वितरण गर्ने; घरेलु मदिराको नियन्त्रित उत्पादन, ब्राण्डिङ, बिक्री वितरण तथा निर्यात प्रवर्द्धनको व्यवस्था गर्ने; लक्षित वर्ग, समुदाय र लिङ्गको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न सीप विकास तालीम तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्ने; शिक्षा, स्वास्थ्य तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षणको व्यवस्था गर्ने; विशेष गरी कृषि, उद्योग, पर्यटन, वन लगायतका आर्थिक क्षेत्र र सेवाका क्षेत्रमा उद्यमशील महिलाहरू तयार गर्न 'छोरी आत्म निर्भर कार्यक्रम' कार्यान्वयन गर्ने; सबै उद्यमशीलता विकास तथा रोजगारीका कार्यक्रम एवम् ऋण उपलब्धतासम्बन्धी सूचना रोजगार डेस्कबाट एकीकृत रूपमा प्रवाह गर्ने; महिला, अपाङ्गता भएका व्यक्ति, दलित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा अन्य लक्षित वर्ग समुदायका सदस्यहरूले सञ्चालन गरेका घरेलु, साना तथा लघु उद्यमहरूबाट योगदानका आधारमा नमूना उद्यमी प्रवर्द्धन गर्ने; महिलाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रमलाई पुनरावलोकन गरी कार्यान्वयन गर्ने; जीवन उपयोगी र उत्पादनमुखी क्षेत्रमा महिलामैत्री आधुनिक प्रविधिमूलक कार्यक्रमहरू सञ्चालनमा जोड दिने; स्थानीय कच्चा पदार्थ र महिला श्रमशक्तिको प्रयोग गरी सेनिटरी प्याड लगायतका स्वास्थ्य सामाग्रीको उत्पादन

गर्ने; निजी तथा गैरसरकारी संस्थासँगको समन्वयमा स्थानीय तहमा प्रविधि युगका किशोरीहरू केन्द्रित उत्पादनमूलक तालीम तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने।

(१३) **अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, लैङ्गिकमैत्री पूर्वाधार निर्माण तथा गुणस्तरीय सहायक सामग्री व्यवस्थापन कार्यक्रमः** सार्वजनिक स्थल, सार्वजनिक सेवा प्रवाहका कार्यालय तथा अन्य पूर्वाधार अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमैत्री हुनेगरी सर्वव्यापी ढाँचामा आधारित बनाउने; अल्पकालीन तथा दीर्घकालीन पुनःस्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीको उत्पादन तथा आपूर्तिको व्यवस्था गर्ने; पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गरी सहयोगीसहितको संरक्षण प्रदान गर्ने; निजी क्षेत्रसँगको सहकार्यमा स्वदेशी तथा विदेशी नागरिकलाई लक्षित गरी अन्तर्राष्ट्रियस्तरको बहुउद्देशीय ज्येष्ठ नागरिक ग्राम स्थापना गर्ने; प्रत्येक प्रदेशमा एक निःशुल्क ज्येष्ठ नागरिक स्याहार केन्द्रका साथै प्रदेशस्तरीय अस्पतालमा धर्मशाला सेवा सञ्चालन गर्ने; प्रत्येक पालिकामा मनोसामाजिक परामर्शदाताको अनिवार्यरूपमा प्रबन्ध गर्ने; प्रत्येक पालिकामा महिला, लक्षित वर्ग तथा समुदायको लागि सुरक्षित आश्रयस्थलको प्रभावकारी व्यवस्थापन गर्ने।

(१४) **सामाजिक तथा गैरसरकारी संस्था परिचालन तथा संस्थागत सुशासन र सुदृढीकरण कार्यक्रमः** राष्ट्रिय लक्ष्य र प्राथमिकताको क्षेत्रमा स्थानीय आवश्यकता र सम्भावनालाई आत्मसात् गर्दै आर्थिक-सामाजिक रूपान्तरण र विकासका लागि सामाजिक तथा गैर सरकारी संस्थाको सहयोगलाई अधिकतम उपयोग गर्ने गरी राष्ट्रिय मापदण्डका आधारमा वर्गीकरण गर्ने; तिनको स्वीकृति, सञ्चालन, नियमन तथा अनुगमन मूल्याङ्कन कार्यलाई सुदृढ एवम् व्यवस्थित गर्न सम्बन्धित निकायहरूको क्षमता अभिवृद्धि तथा संस्थागत सुदृढीकरण गर्ने; सङ्घीय संरचनाअनुरूप गैरसरकारी संस्थाको परिचालनका लागि परिचालनका क्षेत्र पहिचान, रणनीतिको स्पष्टता, सहभागिताका लागि तीन तहको सरकारको समन्वयमा परिचालनसम्बन्धी राष्ट्रिय खाका विकास गरी कार्यान्वयनमा ल्याउने; गैरसरकारी संस्थाहरूको आचारसंहिता निर्माण गरी लागु गर्ने; गैरसरकारी सङ्घ संस्थाहरूबाट दीर्घकालीन प्रभाव पार्ने आयोजनाहरूको मूल्याङ्कन गर्दा विभिन्न तहका सरकार तथा आयोजना सञ्चालन गर्ने संस्थाको प्रतिनिधित्वसहित सयुक्त अनुगमन गर्ने।

(१५) **खास जाति, भाषा, संस्कृतिको संरक्षण र उपयोग प्रवर्द्धन कार्यक्रमः** आदिवासी जनजाति, दलित तथा लोपोन्मुख जाति, वर्ग वा समुदायको रैथाने भाषा, संस्कृति, प्रथा, परम्परागत ज्ञान र सीपको संरक्षण र प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने; आदिवासी जनजाति तथा लोपोन्मुख भाषालाई संरक्षण र सम्वर्द्धन गर्ने; खास जाति, वर्ग समुदायको बस्तीको सघनता

रहेको स्थानमा रैथाने ज्ञान, सीप, प्रविधिको प्रयोग गर्दै मौलिक खेती, पशुपालन, कृषि वा अन्य व्यवसाय सञ्चालन, उद्यमशीलता विकास तथा बजारीकरण सञ्चालन गर्ने।

## ८.६ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.९६७ |
| २. | लैङ्गिक सशक्तीकरण मापन सूचकाङ्क | सूचकाङ्क | ०.४६ | ०.५९ |
| ३. | सामाजिक सशक्तीकरण सूचकाङ्क | सूचकाङ्क | ०.५८ | ०.६५ |
| ४. | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २३.४ | २०.० |
| ५. | महिला प्रतिनिधित्व<br>सङ्घीय संसद<br>प्रदेश सभा<br>स्थानीयतह | प्रतिशत | <br>३३.६<br>३४.५<br>४०.९ | <br>४०<br>४०<br>४५ |
| ६. | सार्वजनिक सेवामा महिला प्रतिनिधित्व | प्रतिशत | २९.५ | ३५ |
| ७. | घर वा जग्गा वा घरजग्गामा स्वामित्व पुगेको महिला | प्रतिशत | २३.८ | ३५ |
| ८. | श्रम शक्तिमा महिलाको श्रम सहभागिता दर | प्रतिशत | २६.३ | ३५ |
| ९. | सार्वजनिक सेवाका नीति निर्माण पदमा महिलाको सहभागिता | प्रतिशत | १३.७ | २० |
| १०. | सबै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेटको अनुपात | प्रतिशत | ४० | ५० |
| ११. | सामाजिक सुरक्षामा आवद्ध ज्येष्ठ नागरिक | प्रतिशत | ९० | १०० |
| १२. | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मिलन केन्द्र | संख्या | २२५ | ७५३ |
| १३. | मानव बेचबिखन पीडित प्रभावितहरूका लागि पुनर्स्थापना केन्द्र सञ्चालन भएका जिल्ला | संख्या | १० | १५ |
| १४. | महिनावारीको समयमा आवश्यक सामग्रीको उपलब्धता र स्वच्छतासहितको शौचालयको व्यवस्था भएका विद्यालय | प्रतिशत | - | ८० |
| १५. | पछिल्लो बाह्र महिनामा महिनावारीका कारणबाट विद्यालय र कार्यस्थलमा अनुपस्थित भएका महिला | प्रतिशत | ९.४ | ४ |

परिच्छेद ९

# प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास


| | | |
|---|---|---|
| ९.१ | पृष्ठभूमि | १७९ |
| ९.२ | विद्यमान अवस्था | १८० |
| ९.३ | मुख्य सवाल तथा चुनौती | १८२ |
| ९.४ | रूपान्तरणकारी रणनीति | १८४ |
| ९.५ | प्रमुख कार्यक्रम | १८९ |
| ९.६ | परिमाणात्मक लक्ष्य | १९२ |

परिच्छेद ९

# प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास

## ९.१ पृष्ठभूमि

मुलुक एकात्मक शासन पद्धतिबाट संघीय प्रणालीमा रूपान्तरण भएपछि राष्ट्रिय अर्थतन्त्रको संरचना र स्वरूपमा पनि उल्लेख्य परिवर्तन आएको छ। सङ्घबाट हुने आर्थिक क्रियाकलापले प्रदेश तथा स्थानीय तहलाई प्रभावित पार्ने र प्रदेश तथा स्थानीय तहका आर्थिक गतिविधिबाट राष्ट्रिय अर्थतन्त्र सबल एवम् सुदृढ हुन सहयोग पुग्दछ। नेपालको संविधानले अङ्गीकार गरेबमोजिम आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न प्रदेश तथा स्थानीय अर्थतन्त्रको सन्तुलित विकास र सबलीकरण गर्नु अपरिहार्य छ। सङ्घीय शासन प्रणालीलाई प्रभावकारी बनाउँदै दिगो तथा समन्यायिक वितरणसहितको तीव्र आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायित्वको लागि प्रादेशिक र स्थानीय अर्थतन्त्रलाई सुदृढीकरण गर्दै राष्ट्रिय अर्थतन्त्रसँगको आबद्धतालाई थप मजबुत बनाउनु पर्नेछ। यसरी प्रादेशिक र स्थानीय अर्थतन्त्रको सुदृढीकरण गर्दा मौलिक हकहरूको कार्यान्वयन, क्षेत्रीय सन्तुलनसहितको समावेशी आर्थिक विकास, दिगो आर्थिक विकासका रणनीति र कार्यक्रमहरूको कार्यान्वयन, वातावरण संरक्षण, जलवायु अनुकूलनसहितको गुणस्तरीय तथा दिगो विकास, मानव संसाधन विकास, स्थानीय जनसहभागिता अभिवृद्धि र प्रतिफलको न्यायोचित वितरण जस्ता संवैधानिक एवम् कानूनी दायित्व राज्यका तर्फबाट पूरा गर्नुपर्ने देखिएको छ।

सङ्घीय शासन प्रणालीको अभ्यासले प्रदेश र स्थानीय तहमा उपलब्ध स्रोत साधनको पहिचान, प्रभावकारी परिचालन तथा नवीनतम् स्रोतको आधारका लागि अवसरको सिर्जना र राजनीतिक तथा प्रशासनिक संरचनात्मक क्षमता अभिवृद्धि गरेको छ। यसका साथै सङ्घ, प्रदेश र स्थानीय तहको आपसी अन्तर-सम्बन्ध, सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा आर्थिक गतिविधिहरूको विस्तार तथा विद्युतीय शासन मार्फत अर्थतन्त्रको औपचारिकीकरण गर्ने वातावरण निर्माण गरी समुन्नत प्रदेश र स्थानीय तहको राष्ट्रिय अर्थतन्त्रमा योगदान अभिवृद्धि गर्न सकिन्छ। प्रदेश र स्थानीय तहमा आर्थिक गतिविधिहरू सञ्चालन गर्नका लागि संविधान र कानूनद्वारा सार्वजनिक खर्च तथा राजस्व व्यवस्थापन, अन्तरसरकारी वित्त हस्तान्तरण तथा राजस्वको बाँडफाँटसम्बन्धी अधिकारको व्यवस्था गरिएको छ। प्रदेश एवम् स्थानीय तहको आर्थिक सबलीकरणबाट राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुऱ्याउन आन्तरिक आय अभिवृद्धि गर्दै अन्तरसरकारी

वित्तलाई वस्तुगत मापदण्ड तथा सूचकको आधारमा हस्तान्तरण गर्ने रणनीति अवलम्बन गरिएको छ।

सङ्घीयताको भावना अनुकूल कार्यविस्तृतीकरणको परिमार्जन मार्फत तीन तहका अधिकार क्षेत्रहरू थप स्पष्ट गर्ने, साझा अधिकारसम्बन्धी कानूनी व्यवस्था र अन्य कानूनको तर्जुमा गर्ने, सङ्घीय सरकारको सहयोग र समन्वयमा प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सन्तुलित विकास र सबलीकरण गरी मुलुकको आर्थिक विकास र समृद्धि हासिल गर्नुपर्ने देखिएको छ। गतिशील प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण गरी सन्तुलित विकास गर्न सरकारका तीनै तहबीच गतिशील समन्वय, आपसी समझदारी तथा सहकार्य हुनु आवश्यक छ।

## ९.२ विद्यमान अवस्था

तीव्र आर्थिक वृद्धिसहितको सन्तुलित विकास तथा स्रोत र साधनको समन्यायिक वितरण मार्फत समतामूलक समाज निर्माणका लागि सङ्घीय शासन प्रणालीको अवलम्बन भएपश्चात तहगत सरकारका पहिलो आवधिक योजना तर्जुमा भई कार्यान्वयनमा आएका छन्। आवधिक योजनाको कार्यान्वयनबाट पूर्वाधारको विकास, सामाजिक रूपान्तरण र आर्थिक आत्मनिर्भरता बढाउन प्रदेश तथा स्थानीय तह सक्षम हुँदै आएका छन्। तीनै तहबाट कार्यक्रम तथा बजेट र मध्यमकालीन खर्च संरचना तर्जुमा भई सार्वजनिक वित्तको कुशल परिचालन तथा आयोजना व्यवस्थापन थप प्रभावकारी हुन पुगेको छ।

संविधानको भावनाअनुसार सङ्घीयतालाई मजवुत बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४; अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६; सङ्घ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, नेपाल सरकार, कार्यविस्तृतीकरण प्रतिवेदन २०७३ लगायतका सङ्घीय कानून तथा प्रदेश र स्थानीय तहले तर्जुमा गरेका कानूनले तहगत सरकारलाई थप क्रियाशील बनाउन सहजीकरण गरेका छन्। प्रदेश र स्थानीय तह वित्तीय सङ्घीयताको कार्यान्वयनमा अभ्यस्त हुन थालेकाले तीनै तहमा आर्थिक क्रियाकलाप विस्तार हुँदै गएको छ। सार्वजनिक स्रोतको विनियोजन कुशलता, कार्यान्वयन क्षमता तथा आर्थिक अनुशासन कायम गर्न राजस्व, बजेट, कारोवारको लेखाङ्कन, आन्तरिक नियन्त्रण लगायतका विषयमा संस्थागत तथा प्रणालीगत सुधारका प्रयास गरिएको छ। कारोवारको लेखाङ्कनका लागि प्रदेशमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली र स्थानीय तहमा सूत्र प्रणाली कार्यान्वयनमा रहेको छन्। प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको विद्यमान अवस्था देहायअनुसार रहेको छ।

(१) **प्रदेशगत कुल गार्हस्थ्य उत्पादनः** प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा उल्लेख्य असमानता देखिएको छ। आर्थिक वर्ष २०७९/८० मा रु. ५३ खर्ब ८१ अर्ब रहेको मुलुकको कुल

गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी ३६.९ प्रतिशत हिस्सा बागमती प्रदेशको रहेको छ। यसैगरी कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम अर्थात ४.१ प्रतिशत रहेको छ। कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन कोशी, लुम्बिनी, मधेश र गण्डकी प्रदेशको भन्दा न्यून रहेको छ।

(२) **प्रदेशगत आर्थिक वृद्धिदरः** आर्थिक वर्ष २०७९/८० मा देशको आर्थिक वृद्धि १.९ प्रतिशत रहेकोमा गण्डकी, लुम्बिनी र कोशी प्रदेशको आर्थिक वृद्धि क्रमश ३.३, २.१ र २.० प्रतिशत रहन गई राष्ट्रिय औसत वृद्धिदर भन्दा बढी छ। कर्णाली र सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धि क्रमश १.९ र १.८ प्रतिशत भएसँगै यी प्रदेशको आर्थिक वृद्धि राष्ट्रिय औसतसँग समान छ भने मधेश तथा बागमती प्रदेशको आर्थिक वृद्धिदर क्रमश १.७ र १.४ हुन गई राष्ट्रिय औसतभन्दा तुलनात्मक रूपमा कम छ।

(३) **प्रदेशगत प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनः** आर्थिक वर्ष २०७९/८० मा नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १३९९ अमेरिकी डलर रहेको छ। यो मान बागमती प्रदेशको सबैभन्दा धेरै २४५५ अमेरिकी डलर र मधेश प्रदेशको सबैभन्दा कम ८७५ अमेरिकी डलर रहेको छ। दोस्रो स्थानमा रहेको गण्डकी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १४९२ अमेरिकी डलर रहेको छ। यसैगरी कोशी, लुम्बिनी, सुदूरपश्चिम र कर्णाली प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन क्रमशः १२९९, ११२६, १०६३ र ९९७ अमेरिकी डलर रहेको छ।

(४) **सङ्घ, प्रदेश र स्थानीय तहको एकीकृत खर्चः** आर्थिक वर्ष २०७९/८० मा तीनै तहको एकीकृत खर्च रु २० खर्ब ८४ अर्ब ९२ करोड रहेकोमा सङ्घीय खर्च ६८.२ प्रतिशत, प्रादेशिक खर्च १०.१ प्रतिशत र स्थानीय तहको खर्च २१.८ प्रतिशत रहेको छ। यस्तो खर्च अनुपात आ.व.२०७८/७९ मा क्रमशः ६७.९ प्रतिशत, १०.१ प्रतिशत र २२ प्रतिशत रहेको थियो। त्यसैगरी आर्थिक वर्ष २०७९/८० मा तीनै तहको एकीकृत खर्च मध्ये चालु खर्च ६५.१ प्रतिशत, पुँजीगत खर्च २५.५ प्रतिशत र वित्तीय व्यवस्थापन तर्फ ९.४ प्रतिशत खर्च भएको थियो छ। यस्तो खर्च अनुपात आ.व.२०७८/७९ मा क्रमशः ६७.० प्रतिशत, २५.७ प्रतिशत र ७.३ प्रतिशत रहेको थियो।

(५) **प्रदेशगत गरिबी र मानव विकास सूचकाङ्कः** प्रदेशगत रूपमा बहुआयामिक गरिबीको दरमा निकै असमानता रहेको देखिन्छ। बहुआयामिक गरिबीको दर कर्णाली प्रदेशमा सबैभन्दा बढी ३९.५ प्रतिशत र बागमती प्रदेशमा सबैभन्दा कम ७.० प्रतिशत रहेको छ। यस प्रकारको गरिबी कोशीमा १५.९ प्रतिशत, मधेशमा २४.२ प्रतिशत, गण्डकीमा ९.६ प्रतिशत,

लुम्बिनीमा १८.२ प्रतिशत र सुदुरपश्चिममा २५.३ प्रतिशत रहेको छ। बागमती, कोशी र गण्डकी बाहेक अन्य प्रदेशको बहुआयामिक गरिबी राष्ट्रिय औसतभन्दा बढी छ। यसैगरी सुदूरपश्चिम प्रदेशको निरपेक्ष गरिबीको दर उच्च (३४.२ प्रतिशत) रहेको छ भने गण्डकी प्रदेशमा (११.९प्रतिशत) सबैभन्दा कम रहेको छ। कर्णाली प्रदेशमा २६.२ प्रतिशत, लुम्बिनी प्रदेशमा २४.४ प्रतिशत, मधेश प्रदेशमा २२.५ प्रतिशत, कोशी प्रदेशमा १७.२ प्रतिशत र बागमती प्रदेशमा १२.६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको छ। नेपाल मानव विकास प्रतिवेदन, २०२० अनुसार बागमती र गण्डकी प्रदेशको मानव विकास सूचकाङ्क अन्य प्रदेशको तुलनामा उच्च रही क्रमशः ०.६६१ र ०.६१८ कायम भएको छ। मानव विकास सूचकाङ्क मधेश प्रदेशको ०.५१०, कर्णाली प्रदेशको ०.५३८ सुदूरपश्चिम प्रदेशको ०.५४७, लुम्बिनी प्रदेशको ०.५६३ र कोशी प्रदेशको ०.५८० रहेको छ।

## ९.३ मुख्य सवाल तथा चुनौती

(१) **नीतिगत स्पष्टता एवम् तहगत संरचनाको क्रियाशीलता तथा स्थिरताः** नेपालको संविधानले प्रदेश र स्थानीय तहलाई प्रदान गरेका आर्थिक कार्यजिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्नु; कार्य विस्तृतीकरण प्रतिवेदनको पुनरावलोकन तथा कार्यान्वयनको मूल्याङ्कन गरी वित्तीय अधिकारको थप स्पष्टतासहित आवश्यक नीति तथा कानूनी प्रबन्ध गर्नु; अनुसन्धान तथा तथ्यमा आधारित आर्थिक विषयका कानूनको निर्माण, प्रभावकारी कार्यान्वयन र परिपालनामा जिम्मेवारी अभिवृद्धि गर्नु; तहगत रूपमा एकल वा साझा आर्थिक अधिकारको विषयमा बन्ने कानूनमा सङ्घीयता अनुकूलको नीतिगत तादात्म्यता कायम गर्नु; पटक-पटक परिवर्तन भइरहने नीति तथा निर्णयका कारण प्रदेश तथा स्थानीय तहमा सिर्जना भएको नीतिगत अन्यौलताको अन्त्य गर्नु; तीन तहका बीचमा वित्तीय सङ्घीयताको सिद्धान्तको पूर्ण परिपालना गर्नु र अन्तरसरकार वित्त परिषद्लाई प्रभावकारी तुल्याउनु।

(२) **अर्थतन्त्रका सम्बाहकहरूको पहिचान र परिचालनः** सरकारी, निजी, सहकारी क्षेत्र तथा समुदायलाई समेत समेटी तीन खम्बे अर्थनीतिको अवलम्बन गर्नु; प्राकृतिक स्रोतको उपयोगको अधिकार स्पष्ट गर्नु; सूचकहरूको आधारमा प्रदेश तथा स्थानीय तहको खर्च आवश्यकता तथा क्षमता र राजस्व परिचालनको अवस्थाको विश्लेषण गरी राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणलाई समन्यायिक बनाउनु; प्रदेश र स्थानीय तहमा उत्पादनशील तथा तुलनात्मक लाभ भएका क्षेत्र पहिचान गरी लगानीको उपयुक्त वातावरण सिर्जना र उपयोगिता अभिवृद्धि गर्नु; प्राथमिकता, तथ्य, तथ्याङ्क र प्राविधिक आधारको विश्लेषण गरी प्रादेशिक तथा स्थानीय आर्थिक नीति अवलम्बन गर्नु, आन्तरिक स्रोत पहिचान र परिचालनका लागि प्रदेश र स्थानीय तहको क्षमता विकास गर्नु।

(३) **उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि;** निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नतामा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु; व्यवसाय तथा लगानीका अनिश्चितता तथा अवरोधहरूको सम्बोधन गर्नु; उत्पादन लागत न्यूनीकरण एवम् बजार पहुँच अभिवृद्धि गर्नु; गुणस्तर तथा नियमनमा सुधार गर्दै स्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना गर्नु; प्रभावकारी लगानी वृद्धि र लगानीको दक्षता अभिवृद्धि गर्नु; प्रादेशिक तथा स्थानीय विशेषताका वस्तु तथा सेवा उत्पादन गरी बजारको सहज पहुँच स्थापित गर्नु।

(४) **सार्वजनिक खर्चको गुणस्तर र दक्षता अभिवृद्धिः** कार्यजिम्मेवारीअनुसार प्रदेश तथा स्थानीय तहको राजस्व अधिकार र सम्भाव्यताको अधिकतम उपयोग गर्नु, वित्त हस्तान्तरणलाई राजस्व क्षमता तथा खर्च आवश्यकतासँग आवद्ध गर्नु, स्रोतको उपयोगमा वित्तीय उत्तरदायित्व सुनिश्चित गर्नु; सार्वजनिक खर्चलाई मितव्ययी, उत्पादक, रोजगारी मूलक र गरिबी निवारणमा केन्द्रित गरी सार्वजनिक वित्तको प्रभावकारिता र कार्यकुशलता अभिवृद्धि गर्नु; वित्तीय अनुशासन प्रवर्द्धन गर्नु।

(५) **बसाइँसराइ व्यवस्थापन र जनसाङ्ख्यिक लाभको उपयोगः** आन्तरिक बसाइँसराइको प्रवृति र प्रकृतिको आकलन गरी भौगोलिक अवस्थिति र जनसाङ्ख्यिक घनत्वको आधारमा आप्रवासन नीति तर्जुमा गरी आर्थिक क्रियाकलापसँग आवद्ध गर्नु; असन्तुलित आन्तरिक तथा बाह्य बसाइँसराइ, छरिएर रहेको मानव बस्ती तथा अव्यवस्थित शहरीकरणका कारण बढ्दो सेवा तथा पूर्वाधार विकासको चाप र लागतलाई कम गर्न एकीकृत बस्ती विकास प्रवर्द्धन गर्नु, अनियन्त्रित बसाइँसराइ तथा शहरीकरणलाई व्यवस्थित गरी उपलब्ध जनसाङ्ख्यिक लाभलाई उत्पादनमूलक क्रियाकलापमा आबद्ध गर्नु, विकासलाई कोरिडोर र कलष्टरमा आधारित बनाइ शहरीकरणलाई व्यवस्थित गर्नु।

(६) **प्रदेश र स्थानीय तहको विशिष्टता र सम्भाव्यताको प्रवर्द्धनः** प्रदेश र स्थानीय तहको विशिष्टता र सम्भावनाको खोज तथा अनुसन्धानको लागि लगानी प्रवर्द्धन गर्नु; स्थानीय उत्पादन, रैथाने ज्ञान, सीप, उद्यमशीलता र आत्मविश्वास अभिवृद्धि गर्नु; शासकीय क्षमता सबलीकरण गरी स्थानीय आर्थिक विकास, सेवा प्रवाह सरलीकरण र सुशासन प्रवर्द्धन गर्नु; आर्थिक संस्थाको सवल उपस्थिति र आर्थिक विकास योजनाको प्रभावकारी कार्यान्वयन गर्नु; प्रदेश तथा स्थानीय तहमा उत्पादनको मूल्य श्रृङ्खलाको विकास, प्राकृतिक तथा मानव निर्मित स्रोत र साधनको पहिचान, व्यवस्थापन, संरक्षण, लगानी, उपयोग तथा प्रतिफल वितरणको आवश्यक व्यवस्थापन गर्नु र तीनै तहका सरकारको वित्त व्यवस्थापन दक्षता बढाउन समन्वय र सहजीकरण गर्नु।

(७) **समग्र विकासको मानक निर्धारण तथा तहगत अन्तर-सञ्जालको विकासः** प्रदेश तथा स्थानीय तहमा विद्यमान वित्तीय अन्तर तथा वित्तीय असमानताको न्यूनीकरण गर्नु; अन्तर-प्रदेश तथा अन्तर-स्थानीय र प्रदेश-स्थानीय उत्पादन तथा उत्पादनका साधन, बजार, पहुँच, सूचना प्रणाली र असल अभ्यासहरूको अन्तर-आबद्धता कायम गर्नु, तहगत अन्तर-सञ्जाल र विकासका नवीन्तम् आधार तथा मानकहरूको निर्धारण गर्नु; प्रादेशिक एवम् स्थानीय आर्थिक विकासको उपयुक्त मोडेल र योजना तर्जुमा गर्नु; राजनीतिक नेतृत्व र प्रतिवद्धतासहित वित्तीय तथा प्रशासकीय सङ्घीयता सुदृढ गर्नु।

(८) **विकासका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, सम्झौता तथा आधारभूत मान्यता कार्यान्वयन गर्न योजना, नीति तथा कार्यक्रम बीच समन्वयः** तीनवटै तहको प्रयासमा दिगो विकासका लक्ष्य हासिल गर्नु; जलवायु परिवर्तन अनुकूलन, मानव अधिकारको संरक्षण, निरपेक्ष गरिबीको अन्त्य तथा सामाजिक समावेशिताका लागि अन्तरसरकारी तथा गैरसरकारी क्षेत्रमा सहकार्य गर्नु; स्रोतको न्यायिक वितरण तथा योजनाबद्ध विकास मार्फत मुलुकको सबै क्षेत्रको सन्तुलित विकास गर्नु; सङ्घ, प्रदेश र स्थानीय तहका योजना पद्धतिको समन्वय, सहकार्य र सहयोगी कार्य संस्कृतिको विकास गर्नु; सङ्घीय, प्रदेश र स्थानीय तहमा सन्तुलित एवम् सहभागितामूलक योजना पद्धति संस्थागत गर्नु; तीनै तहको वितरणमूखी विकासको सोचलाई उत्पादन, उत्पादकत्व र स्थानीय आर्थिक विकास केन्द्रित बनाउनु।

(९) **तथ्याङ्क प्रणाली र अनुगमन तथा मूल्याङ्कनः** प्रदेश तथा स्थानीय तहका विकासका सम्भावना पहिचान गरी नीति तथा योजना पद्धतिका लागि आवश्यक खण्डीकृत तथ्याङ्क उत्पादन, प्रशोधन, विश्लेषण र उपयोग गर्नु, तहगत तथ्याङ्क तथा सूचना आदानप्रदान र उपयोगका लागि एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु, प्रादेशिक तथा स्थानीय तहका आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाउन नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास र कार्यान्वयन गर्नु।

## ९.४ रूपान्तरणकारी रणनीति

(१) **दीर्घकालीन नीति तर्जुमा र प्रभावकारी कार्यान्वयन गर्ने :** संवैधानिक अधिकार र जिम्मेवारीको स्पष्टता कायम गर्न कार्य विस्तृतीकरण प्रतिवेदनको पुनरावलोकन गरी कार्यान्वयन गर्ने; मौजुदा कानूनी व्यवस्थाको समीक्षा गरी तहगत सरकारको समन्वयमा प्रदेश र स्थानीय अर्थतन्त्रसम्बन्धी मार्गदर्शक नीति तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने, प्रदेश तथा स्थानीय तहको आवश्यकता र प्राथमिकताको नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने; विकास र सेवाको मापदण्डको आधारमा प्रादेशिक तथा स्थानीय तहको खर्च आवश्यकता निर्धारण गरी

वित्तीय सन्तुलन तथा विकास व्यवस्थापन र सेवा प्रवाह प्रभावकारी बनाउने; योजना छनौट, प्राथमिकीकरण, वर्गीकरण, बजेट तर्जुमा र सोको प्रभावकारी कार्यान्वयन मार्फत स्रोत र साधनको अधिकत्तम परिचालन गर्ने; अन्तर-तह समन्वयकारी संस्थाको क्रियाशीलता अभिवृद्धि गरी संस्थागत सहकार्यमा निर्णय कार्यान्वयन गर्ने।

(२) **वित्तीय सङ्घीयताको सबलीकरण गर्ने :** संरचनात्मक तथा कानूनी एवम् नीतिगत पूर्वाधार मार्फत समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तलाई मजबुत बनाउने; सूत्रमा आधारित तहगत वित्तीय हस्तान्तरण लागु गर्ने; प्रशासनिक सङ्घीयता सुदृढीकरणका लागि जनशक्तिको उचित व्यवस्थापन र उपयोग गर्ने; कार्यजिम्मेवारी निर्वाहमा जिम्मेवारी र उत्तरदायित्वको संयन्त्र सबल र सशक्त बनाउने; आन्तरिक स्रोत परिचालन, स्रोत परिचालनमा अन्तर-आबद्धता, कुशल स्रोत विनियोजन तथा प्रभावकारी खर्च व्यवस्थापन गरी वित्तीय सङ्घीताको सबलीकरण गर्ने; सशर्त अनुदान क्रमशः कम गर्दै समानीकरण अनुदान बढाउँदै वित्तीय स्वायत्तता अभिवृद्धि गर्ने; सङ्घ, प्रदेश र स्थानीय तहको आवश्यकता र कार्यजिम्मेवारीका आधारमा वित्तीय हस्तान्तरणलाई वस्तुगत एवम् वैज्ञानिक बनाइ समन्यायिक र तथ्यमा आधारित बनाउने; तीनै तहको आर्थिक सबलता र कार्यसम्पादन क्षमता अभिवृद्धि गरी सरकारप्रति जनविश्वास वढाउने; प्रदेश र स्थानीय तहको सबलीकरण गर्न सङ्घीयताको व्यावहारिक कार्यान्वयन मार्फत जग बलियो बनाउने र प्रदेश एवम् स्थानीय तहको ऋण व्यवस्थापन प्रणालीको विकास गरी आन्तरिक ऋणको परिचालनलाई पुँजीगत खर्च स्रोत पूर्तिको माध्यमका रूपमा स्थापित गर्ने।

(३) **प्रादेशिक तथा स्थानीय विशिष्टतामा आधारित उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नेः** प्रदेश र स्थानीय तहको आर्थिक सम्भाव्यता तथा क्षमताको समीक्षा गरी सम्बन्धित तहको विशिष्टतामा आधारित आर्थिक कार्यक्रम सञ्चालन, प्रदेश र स्थानीय तहको आर्थिक विकासको सम्भावना (स्रोत नक्साङ्कन) पहिचान र उपयोग गरी प्रादेशिक तथा तहगत सन्तुलन कायम गर्ने; बढ्दो कृषियोग्य जमिनको खण्डीकरण नियन्त्रण र जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलन गरी उपयुक्त तथा आधुनिक प्रविधिको प्रयोग मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने; सह-लगानीका नमूना क्षेत्र तोकेर तहगत सरकारलाई कार्यजिम्मेबारी उपलब्ध गराउने; सार्वजनिक-निजी-सहकारी र सामुदायिक मोडलबाट आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने; उत्पादनशील क्षेत्रमा लगानी प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने; तहगत विशेष आर्थिक क्षेत्र, औद्योगिक केन्द्र, औद्योगिक ग्राम तथा आर्थिक केन्द्र निर्माण र विकास गरी औद्योगिक उत्पादन, उत्पादकत्व र रोजगारी

सृजना गर्ने, स्थानीय तहमा हाटबजार तथा प्रदर्शनी स्थल, वस्तु, सेवा तथा उत्पादनको ब्राण्डिङ अभियान सञ्चालन गर्ने।

(४) **प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सबलीकरण गर्ने:** प्राकृतिक स्रोत र जनसाङ्ख्यिक लाभको महत्तम उपयोग र उत्पानदका साधनको उत्पादकत्व अभिवृद्धि गरी प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सबलीकरण गर्ने; प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको आधार निर्माण गर्न निजी तथा गैरसरकारी क्षेत्रको साझेदारीमा साना तथा मझौला उद्योगको विकास गर्ने; तुलनात्मक लाभका क्षेत्रमा आन्तरिक तथा बाह्य लगानीको वातावरण तयार गर्न हरेक स्थानीय तहले श्रमिकको सीप नक्साङ्कन गरी परिचयपत्र दिने र रोजगारीका अवसर स्थानीय तह स्वयंले सिर्जना गर्न नसकेमा अन्य स्थानीय तह र प्रदेशसँग समन्वय गर्ने; स्थानीय करलाई सेवासँग आबद्धता र तिर्न सक्ने क्षमताको सिद्धान्तअनुसार लागु गर्ने; शिक्षा, स्वास्थ्य, खेलकुद, साहसिक, प्राकृतिक, धार्मिक, आध्यात्मिक र सांस्कृतिक लगायतका क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्दै स्थानीय उत्पादनसँग अग्र र पृष्ठ सम्बन्ध भएको गुणस्तरीय पर्यटन सेवा विस्तार गर्ने र गन्तव्यस्थल तथा उपजमा पर्यटकीय विविधीकरण गर्ने; स्वदेशी वस्तुको उत्पादन र उपयोग वृद्धिका लागि विशेष अभियान सञ्चालन गरी उपभोगमूखी अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्ने; उच्च उत्पादन दिने कृषि प्रणालीको प्रवर्द्धन, आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकरण र बजारीकरण मार्फत उत्पादकत्व वृद्धि गरी खाद्य र पोषण सुरक्षा प्रवर्द्धन गर्ने; निकासी प्रबर्द्धन गर्न उच्च मूल्य तथा न्यून आयतन भएका वस्तुको उत्पादन बढाउने।

(५) **सार्वजनिक स्रोतको विनियोजन कुशलता तथा खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने:** प्रदेश तथा स्थानीय तहमा खर्च आवश्यकताको पहिचान, उपलब्ध स्रोत र साधनको नक्साङ्कन गरी आन्तरिक स्रोतको परिचालनमा वृद्धि गर्ने, सार्वजनिक खर्चको आवश्यकता परिपूर्तिका लागि स्रोतको महत्तम उपयोग गर्ने; प्रादेशिक तथा स्थानीय राजस्वका नयाँ स्रोतका आधारहरूको पहिचान तथा दायरा विस्तार गरी प्रादेशिक स्रोतको परिचालन गर्ने; प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमता बीचको वित्तीय अन्तर पूरा गर्नेगरी वित्तीय समानीकरण अनुदानलाई प्राथमिकता र सन्तुलित रूपमा हस्तान्तरण गर्ने; राजस्व बाँडफाँट र प्राकृतिक स्रोतमा लगानी अभिवृद्धि गरी प्राप्त लाभको वितरणलाई समन्यायिक बनाउने; पुँजीगत खर्च बढाउने; राजस्व सुधार कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने; प्रदेश र स्थानीय तहको सार्वजनिक वित्त व्यवस्थापनमा योजना, बजेट, लेखा, लेखापरीक्षण, बेरूजु फछ्र्यौट, प्रतिवेदन तथा आयोजना बैङ्कमा पूर्वतयारी पूरा भएका आयोजनाको छनौट गरी कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने; सार्वजनिक खर्च प्रणालीलाई चुस्त, दुरूस्त, पारदर्शी एवम् सार्वजनिक

सम्पत्तिको यथार्थ अभिलेखीकरण गरी वित्तीय सुशासन कायम गर्ने; सङ्घ तथा प्रदेशबाट हस्तान्तरण हुने सबै किसिमका अनुदानलाई कार्यसम्पादनसँग आबद्ध गर्दै प्रोत्साहनमा आधारित अनुदान प्रणाली लागु गर्ने र रोयल्टी तथा राजस्व बाँडफाँटलाई समन्यायिक बनाउने; पालिका एवम् स्थानीय तहका वडास्तरमा आयोजना पूर्व तयारी तथा प्राथमिकीकरणलाई वस्तुगत बनाइ आयोजना सुशासन र वित्तीय अनुशासन कायम गर्ने।

(६) **प्रादेशिक सन्तुलन र समन्यायिक विकासमा जोड दिनेः** आन्तरिक आम्दानी कमजोर रहेका, उच्च गरिबी तथा मानव विकासमा पछाडि परेका र भौगोलिक रूपमा दुर्गम क्षेत्रका प्रदेश तथा स्थानीय तहहरूमा स्रोतको बाँडफाँट तथा हस्तान्तरणमा विशेष व्यवस्था गरी प्रादेशिक सन्तुलन र समन्यायिक विकास गर्ने; आर्थिक तथा सामाजिक सूचकको अवस्था र विशिष्टताका आधारमा उपलब्ध प्राकृतिक स्रोत र साधनबाट प्राप्त लाभको समन्यायिक वितरण र उपयोगको प्रवर्द्धन गर्ने; विशेष र समपूरक अनुदानबाट पूर्वाधार विकास तथा आधारभूत सेवाको विकास गर्ने; रोजगारी अभिवृद्धिमा स्थानीय तहहरूको साझेदारीलाई प्रोत्साहित गर्ने; दुर्गम क्षेत्रमा इन्टरनेट, रेडियो र टेलिभिजनको पहुँचलाई सुदृढीकरण गर्दै विद्युतीय सुशासनको प्रवर्द्धन गर्ने।

(७) **ग्रामीण-शहरी अर्थतन्त्रको अन्तर-आबद्धता प्रवर्द्धन गर्ने :** ग्रामीण तथा शहरी क्षेत्रका आर्थिक क्रियाकलापमा साझेदारी विकासका लागि आवश्यक आर्थिक, सामाजिक, सांस्कृतिक तथा व्यापारिक अन्तर-सम्बन्ध विस्तार गर्ने; शहरी पूर्वाधार तथा सुविधा र ग्रामीण उत्पादन तथा उत्पादकत्वका साधनबीच ग्रामीण-शहरी अन्तर-आबद्धता कायम गरी ग्रामीण शहरी अन्तर-सम्बन्ध सुदृढीकरण गर्ने; अन्तर-स्थानीय तह र वडा/बस्ती तथा स्थानीय तहबीच अन्तर-सामञ्जस्यता कायम गरी गाउँ-शहर साझेदारी प्रवर्द्धन गर्ने; सघन बस्ती विकास तथा कोरिडोर र कलष्टरमा आधारित विकासको मोडल प्रवर्द्धन गर्ने।

(८) **प्रदेश र स्थानीय तहको शासकीय सुधार तथा क्षमता अभिवृद्धि गर्नेः** प्रशासनिक सङ्घीयता सुदृढीकरण, प्रशासनिक सङ्गठन तथा संस्थागत सबलीकरण, मानव पुँजी निर्माण तथा परिचालन एवम् स्थानीय नेतृत्वको विकास, आधुनिक प्रविधिको उपयोग गर्दै शासनका हरेक क्षेत्रमा स्थानीय सहभागिता तथा समावेशीकरण अभिवृद्धि गर्ने; सरकारी र निजी क्षेत्रको प्रवर्द्धन तथा नियमन गरी स्थानीय र प्रदेश अर्थतन्त्रको सुदृढीकरण गर्ने; कार्यसम्पादनमा आधारित वित्तीय हस्तान्तरण प्रणाली अवलम्बन र वित्तीय जोखिम न्यूनीकरण गरी वित्तीय सुशासन प्रवर्द्धन गर्ने; प्रादेशिक एवम् स्थानीय तहका आर्थिक निकायहरूको सुदृढीकरण गरी वित्तीय कार्यकुशलता अभिवृद्धि गर्ने।

(९) **तुलनात्मक लाभका क्षेत्र पहिचान र लगानीमैत्री वातावरण सिर्जना गर्ने:** उपलब्ध स्रोत-साधन तथा सम्भाव्यताको अध्ययन तथा समीक्षा गरी प्रदेश तथा स्थानीय तहको तुलनात्मक लाभका क्षेत्र पहिचान गर्ने; आर्थिक तथा भौतिक पूर्वाधार, स्रोत-साधनको उपलब्धता र बजार सुनिश्चितता प्रवर्द्धन गरी लगानीमैत्री वातावरण निर्माण गर्ने; वित्तीय सेवाको पहुँच अभिवृद्धि गरी ग्रामीण अर्थतन्त्रको मौद्रिकीकरण गर्ने; कारोवारको लेखाङ्कन, व्यावसायिक विचलन तथा अवैधानिक कारोबार नियन्त्रण, सरल कर प्रणालीको विकास, वित्तीय साक्षरता र प्रभावकारी एकीकृत नियमन संयन्त्रको परिचालन मार्फत औपचारिक क्षेत्रको विस्तार गर्ने।

(१०) **उपलब्ध स्रोतको परिचालन तथा लगानी अभिवृद्धि गर्ने:** प्राकृतिक स्रोतसम्बन्धी एकीकृत कानून तथा ढाँचाहरूको विकास गरी तहगत साझेदारी कायम गर्दै प्राकृतिक स्रोतको पहिचान, लगानी तथा उपयोगको प्रवर्द्धन गर्ने; प्राकृतिक स्रोतको संरक्षण र सम्वर्द्धन गरी सातै प्रदेशमा उच्च मूल्यका निर्यात लक्षित वस्तु तथा सेवाको ब्रान्डिङ र प्रमाणीकरणको व्यवस्था गर्ने; उच्च पहाडी तथा हिमाली क्षेत्र भित्रका सम्भावनाको अध्ययन र जलवायु परिवर्तन उत्थानशील समुदायको विकास गरी जलवायु परिवर्तन अनुकूलन उत्पादन प्रणाली लागु गर्ने; राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतमा लगानी, उपयोग तथा बाँडफाँटको स्पष्ट खाका बनाइ कार्यान्वयनमा ल्याउने; आर्थिक तथा सामाजिक रूपमा उच्च सीप तथा उद्यमशील संस्कृति भएको जनशक्ति उपयोगको एकीकृत मानव स्रोत योजना बनाइ कार्यान्वयन गर्ने।

(११) **दिगो विकास लक्ष्य हासिल हुनेगरी अन्तरसरकारी वित्त हस्तान्तरणको उपयोगमा सुधार गर्ने:** दिगो विकासको लक्ष्यमा पछि परेका गन्तव्यमा लगानी अभिवृद्धि गर्न तीनवटै तहमा स्रोतको विनियोजनमा प्राथमिकता दिने; योजनाको संभाव्यता, आवश्यकता, प्राथमिकता र योजनाबाट प्राप्त हुने प्रतिफलको आधारमा प्रदेश तथा स्थानीय तहलाई पूर्वाधारसम्बन्धी आयोजना कार्यान्वयन गर्न उपलब्ध गराइने समपूरक अनुदानलाई आर्थिक विकाससँग आबद्ध गर्ने; शिक्षा स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्न दिइने विशेष अनुदानलाई प्रादेशिक तथा स्थानीय तहहरूबीच सन्तुलित विकासको सशक्त माध्यमका रूपमा रूपान्तरण गर्ने; वित्तीय सङ्घीयतालाई थप पारदर्शी, सन्तुलित तथा समतामूलक बनाउनको लागि विद्यमान नीति, कानून र कार्यविधिमा सुधार गर्ने, प्रदेश तथा स्थानीय तहबीचमा रहेको कुल गार्हस्थ्य उत्पादन, आर्थिक वृद्धिदर, पुँजीगत खर्च क्षमता, बहुआयामिक एवम् निरपेक्ष गरिबी, मानव विकास सूचकाङ्क र प्रतिव्यक्ति राष्ट्रिय आयको खाडल वा भिन्न अवस्था दृष्टिगत गरी न्यूनतम समानता ल्याई आधारभूत सेवा, भौतिक पूर्वाधार र आर्थिक विकासमा लगानी बढाउने गरी विद्यमान समानीकरण अनुदानको व्यवस्थालाई थप प्रभावकारी

कार्यान्वयन गर्ने। वित्तीय हस्तान्तरण मार्फत सवल अर्थतन्त्र भएका प्रदेश र स्थानीय तहलाई अझै मजवुत पार्दै जाने र आर्थिक दृष्टिकोणले कमजोर देखिएका प्रदेश र स्थानीय तहको स्तरोन्नति गर्दै लैजाने।

(१२) **एकीकृत तथ्याङ्क एवम् अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नेः** प्रदेश र स्थानीय तहको तहगत समन्वय र सहकार्यमा एकीकृत तथ्याङ्क प्रणालीको विकास र उपयोग गर्ने; सङ्घ, प्रदेश र स्थानीय तहको तथ्यांङ्कीय प्रोफाईल तयार गरी निरन्तर अध्यावधिक गर्ने; प्रादेशिक र स्थानीय अर्थतन्त्र सुदृढीकरण र सन्तुलित विकासको छुट्टै अनुगमन तथा मूल्याङ्कनसहितको सुधार पद्धति विकास गर्ने; वित्तीय हस्तान्तरणको नतिजामूलक अनुगमन गरी स्रोत परिचालनको नियमितता, कार्यदक्षता तथा प्र भावकारिता अभिवृद्धि गर्ने।

## ९.५ प्रमुख कार्यक्रम

(१) **सङ्घीयता सबलीकरण कार्यक्रमः** संघीयताको सबलीकरण गर्नको लागि आवश्यक थप कानून निर्माण, अधिकारको बाँडफाँटमा अझै स्पष्टता, राष्ट्रिय योजना आयोगमा सङ्घीयता सबलीकरण अनुगमन तथा मूल्याङ्कन सचिवालयको स्थापना गर्ने; पर्याप्त जनशक्ति व्यवस्थापन र वित्तीय हस्तान्तरणमा वृद्धि; सशर्त अनुदान कार्य घटाउँदै लैजान त्यस्तो अनुदान अन्तर्गत सञ्चालन गरिने सम्भव भएसम्मका कार्यहरू सङ्घबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने; देशको समग्र विकासको अवस्था, आवश्यकता र सम्भावनाको प्रदेशगत विस्तृत विवरण तयार गर्ने र सो विवरणको आधारमा सन्तुलित विकासका कार्यहरू अघि बढाउने।

(२) **प्रदेश तथा स्थानीय तहको सम्भाव्यता र विशिष्टताको नक्साङ्कन र प्रवर्द्धन कार्यक्रमः** सातै प्रदेशका उत्कृष्ट सम्भावनाहरूको खोज तथा अनुसन्धान गर्ने; उच्च उत्पादन र तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान तथा नक्साङ्कन गर्ने; प्रदेशगत विशिष्टता, क्षमता र सीप,साधन तथा स्रोतको उपयोग र प्रवर्द्धनमा जोड दिने; प्रदेश तथा स्थानीय तहका नमूनायोग्य, सफल र उदाहरणीय कार्यहरूको अन्तर-प्रदेश, प्रदेश-स्थानीय तथा अन्तर-स्थानीय तहबीचमा आदानप्रदान, स्रोत स्थानान्तरण, अग्र तथा पृष्ठ सम्बन्ध विकास गर्ने; स्थानीय विशेषताका उत्पादनमा सहजीकरण, परम्परागत सीप संरक्षण र प्रवर्द्धन गर्ने; श्रम प्रदान परियोजना तर्जुमा र कार्यान्वयन गर्ने; सहकारीको उत्पादनमूलक क्षेत्रमा लगानी प्रवर्द्धन गर्ने; प्रदेश तथा स्थानीय तहको राजस्व क्षमताको पहिचान, राजस्व सुधारको कार्ययोजना निर्माण र आन्तरिक स्रोत परिचालनलाई प्राथमिकता दिने र तीनै तहको राजस्व संभाव्यता उपयोग र सङ्कलन दक्षता बढाउन राजस्व सुधार योजना तर्जुमा र कार्यान्वयन गर्ने।

(३) **विशेष लगानी परिचालन मार्फत सन्तुलित विकास कार्यक्रमः** आर्थिक, सामाजिक, प्रशासनिक, भौगोलिक, वातावरणीय र मानवीय दृष्टिकोणमा पछाडि रहेका प्रदेश तथा स्थानीय तहको सूचीबद्ध आधार तथा मानक निर्धारण गर्ने; त्यस्ता प्रदेश तथा स्थानीय तहमा सरकारी तथा गैरसरकारी लगानीलाई विशेष रूपमा केन्द्रित गरी प्राथमिकता प्रदान गर्ने; प्रदेश तथा स्थानीय तहको विकास योजनालाई राष्ट्रिय आवश्यकताका आधारमा प्राथमिकीकरण र तीनै तहको समन्वयमा वित्तीय तथा मानवीय सहयोग एवम् सहायता प्रदान गर्ने; प्रदेश तथा स्थानीय तहको उत्थान तथा सबलीकरणका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने; निजी क्षेत्रसँगको सहकार्यमा ठूला पूर्वाधार निर्माण तथा सेवा प्रवाह गर्ने।

(४) **नवप्रवर्तन र उद्यमशीलतामा आधारित आर्थिक विकास र साझेदारी कार्यक्रमः** स्थानीय नवीन् प्रविधि र सीपमा आधारित उद्यम विकासका लागि शुरूवाती पुँजी लगानीमा साझेदारी, नवप्रवर्तनकारी वित्तको व्यवस्था, न्यून वित्त व्यवस्थापन गर्न वित्तीय संस्थाको प्रवर्द्धन गर्ने; स्थानीय उत्पादनको बजार प्रणाली, भण्डारण, प्रशोधन र मूल्य श्रृंखला अभिवृद्धि गर्ने; पर्यटकीय पूर्वाधारसँग स्थानीय उत्पादन प्रणालीलाई आवद्ध गरी स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने; प्रादेशिक तथा स्थानीय गौरवका आयोजना तथा सङ्घ प्रदेश स्थानीय तह साझेदारी गर्ने; सार्वजनिक निजी साझेदारी तथा सहलगानी प्रवर्द्धन गर्ने; सेवा प्रवाहको सरलीकरण, स्थानीय आर्थिक विकास, सुशासन प्रवर्द्धन तथा मानवीय र सामाजिक पुँजी निर्माण गर्ने; आर्थिक विकासमा युवा लक्षित कार्यक्रम प्रवर्द्धन र स्थानीय उत्पादन प्रमाणीकरण तथा बजारीकरण गर्ने।

(५) **आर्थिक-सामाजिक रूपान्तरण र ग्रामीण-शहरी अन्तर आबद्धता कार्यक्रमः** राष्ट्रिय मानक र लक्ष्य भन्दा कमजोर अवस्थामा रहेका प्रदेश तथा स्थानीय तहको सन्तुलित र समन्यायिक विकासका लागि प्रादेशिक तथा स्थानीय तहको सम्भाव्यता र विशिष्टताको आधारमा साना तथा मझौला उद्योग लक्षित कार्यक्रम कार्यान्वयन गर्ने; ग्रामीण सहकारी, आधुनिक स्थानीय हाटबजारको विकास, सडक तथा सञ्चार पूर्वाधार, वित्तीय पहुँच, स्रोतको साझेदारी तथा शिक्षा, स्वास्थ्य र रोजगारीमा अन्तर-आबद्धता विकास गर्ने; जीवनस्तर सुधारका लागि साझेदारी वन संरक्षण तथा उपयोग, जलवायु परिवर्तन उत्थानशील उत्पादन प्रणाली र जैविक कृषि तथा जटिबुटी प्रवर्द्धन गर्ने; समुदायमा आधारित अर्थतन्त्र विकास प्रवर्द्धन र असल अभ्यासहरूको अनुसरण गर्ने।

(६) **अन्तर-प्रदेश तथा अन्तर स्थानीय तह सञ्जाल विकास कार्यक्रमः** प्रदेश तथा स्थानीय अर्थतन्त्रको एकीकृत विकासका लागि प्रदेशगत आर्थिक केन्द्रहरूलाई जोड्ने अन्तर-प्रदेश तथा स्थानीय र अन्तर-स्थानीय सञ्जाल विकास र विस्तारमा जोड दिने; भूमिको स्वामित्व र

उपयोगबीच सन्तुलन, भूमि बैङ्क, सार्वजनिक तथा बाँझो कृषि योग्य जमिनको उपयोगको लागि प्रोत्साहन प्रणालीको विकास गर्ने; प्राङगारिक खेती र रैथानेवाली मार्फत रूपान्तरण र बजार प्रणाली प्रवर्द्धन गर्ने; स्थानीय तहका वडास्तरसम्मको विस्तृत आर्थिक-सामाजिक तथ्याङ्क सङ्कलन गर्ने; सञ्चार-सञ्जाल तथा व्यवस्थापन सूचना प्रणाली विकास गर्ने; अन्तर-तह यातायात सञ्जालीकरण तथा बजार सूचना प्रणाली विस्तार गर्ने; उपलब्ध स्रोत साधनको नक्साङ्कन र पारस्परिक परिचालन गर्ने; सांस्कृतिक तथा सामाजिक र पर्यटकीय सञ्जालीकरण अभिवृद्धि गर्ने।

(७) **वित्तीय सङ्घीयता प्रवर्द्धन कार्यक्रमः** वित्तीय उत्तरदायित्व र योजना तर्जुमा क्षमता विकास; योजनाको श्रृंखला तथा आयोजना सुशासन अभिवृद्धि गर्ने; अन्तर-सरकारी वित्तीय हस्तान्तरणको आवश्यकता र कार्यसम्पादनमा आधारित प्रणाली विकास गर्ने; सर्शत अनुदानलाई क्रियाकलापगत रूपमा नभई विषय क्षेत्रगत शर्त र सन्तुलित विकास लक्ष्य तथा अपेक्षित उपलब्धिसँग आवद्धता गर्ने र वित्तीय समानीकरण अनुदान क्रमशः बढाउने।

(८) **एकीकृत स्थानीय आर्थिक विकास कार्यक्रमः** प्रदेश र स्थानीय तहको आर्थिक विकासका सम्भावना पहिचान; आर्थिक क्रियाकलापको छनौट, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने; स्रोत र प्रविधिमा तहगत सहयोग र सहकार्य गर्ने; सङ्घ, प्रदेश र स्थानीय तहको एकीकृत आर्थिक विकास योजना तर्जुमा गरी समन्वयात्मक र परिपूरणका आधारमा कार्यान्वयन गर्ने।

(९) **तथ्याङ्क प्रणाली र अनुगमन तथा मूल्याङ्कन प्रवर्द्धन कार्यक्रमः** प्रदेश र स्थानीय तहमा तथ्याङ्क एकाइहरूको गठन र सञ्चालन, आर्थिक तथा वित्तीय क्षेत्रका तथ्याङ्कको व्यवस्थापन, एकीकृत तथ्याङ्क प्रणालीको विकास तथा राष्ट्रिय तथ्यगत विवरणको अद्यावधिक गरी सञ्चालन, प्रदेश र स्थानीय तहका आर्थिक योजनाकार्यान्वयन एवम् सञ्चालित आयोजना तथा कार्यक्रमको नतिजामूलक अनुगमन र मूल्याङ्कन गर्ने।

## ९.६ परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | एकाइ | आ.व.२०७९/८० को यर्थाथ | | | | | | | | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | |
| १. | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा)* | प्रतिशत | ३.५ | ३.२ | ३.५ | ३.६ | ४.२ | ३.७ | ३.१ | ३.१ | सम्बन्धित प्रदेशले आवधिक योजना वा अन्य दस्तावेजमा उल्लेख गरेअनुसार |
| २. | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन* | अमेरिकी डलर | १४३४ | १३३६ | ८९२ | २४८४ | १५५७ | ११५९ | १०६६ | ११११ | |
| ३. | गरिबीको रेखामुनि रहेको जनसंख्या | प्रतिशत | २०.३ | १७.२ | २२.५ | १२.६ | ११.९ | २४.४ | २६.७ | ३४.२ | |
| ४. | कुल विनियोजनमा पुँजीगत खर्चको अंश | प्रतिशत | २१.२ | ५६.२ | ५३.६ | ५५.३ | ६५.६ | ५७.९ | ६२.१ | ५७.२ | |
| ५. | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६० | ०.५८ | ०.५१ | ०.६६ | ०.६१ | ०.५६ | ०.५३ | ०.५४ | |
| ६. | बेरोजगारी दर | प्रतिशत | ११.४ | १०.२ | २०.१ | ७.० | ९.० | ११.२ | ९.७ | ११.५ | |
| ७. | श्रमशक्ति सहभागिता दर | प्रतिशत | ३८.५ | ३७.८ | ३९.७ | ४७.१ | ३५.७ | ३७.३ | २७.५ | २७.३ | |
| ८. | दर्ता भएका ठूला उद्योग | संख्या | ८९४७ | ८५१ | ६११ | ५७३९ | ८३० | ६९६ | ८१ | १३९ | |
| ९. | दर्ता भएका लघु, साना तथा मझौला उद्योग | संख्या (हजार) | ६३७ | ९३.९ | ११८.८ | १९६.४ | ६९.७ | १०८.८ | ३५.६ | ४९.७ | |
| १०. | बैङ्क तथा वित्तीय संस्थाको प्रति शाखा जनसंख्या | संख्या | २५१७ | २६६० | ३४५९ | २००४ | १७४३ | २३०५ | ३६६१ | ३२१२ | |

** आर्थिक वर्ष २०८०/८१ को प्रारम्भिक अनुमान*

परिच्छेद १०

# गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण


| | | |
|---|---|---|
| १०.१ | पृष्ठभूमि | १९५ |
| १०.२ | विद्यमान अवस्था | १९५ |
| १०.३ | मुख्य सवाल तथा चुनौती | १९६ |
| १०.४ | रूपान्तरणकारी रणनीति | १९८ |
| १०.५ | प्रमुख कार्यक्रम | १९९ |
| १०.६ | परिमाणात्मक लक्ष्य | २०२ |

परिच्छेद १०

# गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण

## १०.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने परिकल्पना गरिएको छ। खाद्य, आवास, रोजगारी, सामाजिक सुरक्षा लागायतका विषयहरू मौलिक हकका रूपमा स्थापित छन्। सङ्घीय शासन प्रणाली अवलम्बन गरी समाजमा विद्यमान सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने नीति लिइएको छ। साथै, दीर्घकालीन सोच २१०० मा निरपेक्ष गरिबीको अन्त्य र बहुआयामिक गरिबी ३ प्रतिशतमा सीमित गर्ने लक्ष्य राखिएको छ।

योजनावद्ध विकासको अवलम्बनसँगै गरिबी निवारण र असमानता न्यूनीकरणका कार्यक्रमलाई जोड दिइदै आएको छ। आर्थिक-सामाजिक समृद्धिका लागि दिगो विकास लक्ष्य लगायतका विश्वव्यापी प्रयासहरूमा साझेदारी र सहकार्य गरिदै आएको छ। समावेशीकरण र सकारात्मक विभेदसम्बन्धी नीतिहरूको कार्यान्वयन मार्फत राज्यका संयन्त्रहरूमा सीमान्तकृत र वञ्चितीकरणमा परेका समुदायको सहभागिता बढ्दै गएको छ। उल्लिखित प्रयासहरूका बावजुद दिगो विकासका लक्ष्य हासिल गर्दै सबै प्रकारको गरिबी अन्त्य गर्न र गरिबीका बहुआयामिक पक्षहरूलाई सम्बोधन गर्दै सबै प्रकारका असमानता न्यूनीकरण गर्न थप प्रयास आवश्यक छ। आर्थिक, सामाजिक तथा शासकीय अवसरहरूको वितरणमा समता कायम गरी समतामूलक समाज निर्माण गर्न रुपान्तरणीय प्रयास आवश्यक रहेको देखिन्छ।

## १०.२ विद्यमान अवस्था

राज्यले गरेका विगतदेखिका प्रयासको प्रतिफलस्वरूप गरिबी तथा असमानता न्यूनीकरणका क्षेत्रमा उल्लेख्य प्रगति भएको देखिन्छ। नेपाल चौथो जीवनस्तर सर्वेक्षण, २०७९/८० अनुसार नेपालमा कुल जनसङ्ख्याको २०.३ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेका छन् जसमध्ये शहरी क्षेत्रमा १८.३ प्रतिशत र ग्रामीण क्षेत्रमा २४.७ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेका छन्। प्रदेशगत रूपमा हेर्दा सात प्रदेश मध्ये मधेश, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा

गरिबीको दर राष्ट्रिय गरिबीको दर भन्दा बढी देखिएको छ। आर्थिक, सामाजिक, भौगोलिक, लैङ्गिक, जातीय लगायतका सूचकहरूमा असमानता विद्यमान छ। सम्पत्तिमा आधारित जिनी गुणक ०.३० रहेको छ भने पन्ध्रौं योजनाको मध्यावधि समीक्षाअनुसार पाल्मा अनुपात १.३० रहेको छ। बहुआयामिक गरिबी सूचकाङ्क, २०२१ अनुसार नेपालको बहुआयामिक गरिबी १७.४ प्रतिशत रहेकोमा सबैभन्दा बढी गरिबी कर्णाली प्रदेशमा ३९.५ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशमा ७ प्रतिशत रहेको छ। शहरी क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको १२.३ प्रतिशत र ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको २८ प्रतिशतमा बहुआयामिक गरिबी रहेको छ। राज्य संयन्त्रमा महिला, जनजाति, मधेशी, दलित, पिछडिएको क्षेत्र लगायतका समुदायको संख्यात्मक प्रतिनिधित्व बढेपनि वास्तविक लक्षित वर्गको क्षमता विकासका लागि सघन प्रयास गर्नु जरुरी रहेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार बागमती प्रदेशमा सबैभन्दा बढी साक्षरता दर (८२.१ प्रतिशत) रहेको छ भने मधेश प्रदेशमा न्यून साक्षरता (६३.५ प्रतिशत) रहेको छ। महिला साक्षरता दर ६९.४ प्रतिशत छ जुन कुल साक्षरता दर ७६.२ प्रतिशत भन्दा न्यून हो। निजामती सेवामा करिब २८ प्रतिशत, शिक्षक सेवामा करिब ३३ प्रतिशत, प्रतिनिधि सभामा ३३.१० प्रतिशत, राष्ट्रिय सभामा ३७.३ प्रतिशत, प्रदेश सभामा ३६.४ प्रतिशत, स्थानीय तहमा करिब ४२ प्रतिशत, न्यायपालिकामा ३.० प्रतिशत महिलाहरूको उपस्थिति रहेको देखिन्छ।

नेपाल मानव विकास प्रतिवेदन, २०२० मा प्रस्तुत भएको मानव विकास सूचकाङ्क, असमानता समायोजित मानव विकास सूचकाङ्क, लैङ्गिक विकास सूचकाङ्क, लैङ्गिक असमानता सूचकाङ्कको विश्लेषणका आधारमा प्रदेशहरूको विकासको स्थिति असमान रहेको देखिन्छ। बागमती प्रदेश मानव विकासका दृष्टिकोणबाट अग्र स्थान (०.६६१) मा रहेको छ भने कर्णाली (०.५३८) र मधेस (०.५१०) प्रदेशको स्थिति कमजोर रहेको देखिएको छ। साथै, शहरी क्षेत्रको मानव विकास सूचकाङ्क ०.६४७ र ग्रामीण क्षेत्रमा ०.५६१ रहेको छ। लैङ्गिक विकास सूचक सुधार भई (०.९६०) पुगेकोमा मधेश प्रदेशको स्थिति अन्य प्रदेशहरूको तुलनामा कमजोर (०.७८६) रहेको देखिन्छ। समग्रमा लैङ्गिक असमानता न्यूनीकरणमा सुधार हुँदै ०.४८ कायम रहेको छ। यद्यपि, प्रदेशगत रूपमा कर्णाली प्रदेश (०.५५८), मधेस प्रदेश (०.५०३), सुदूरपश्चिम प्रदेश (०.५२२) तथा भौगोलिक क्षेत्रका आधारमा हिमाली क्षेत्रमा (०.५५७) लैङ्गिक असमानता सूचकाङ्क रहेको छ। यसरी हेर्दा स्रोत साधनको वितरण र उपयोग, विकासका पूर्वाधारमाथिको पहुँच, अवसरको उपलब्धता लगायतका पक्षमा असमानताको विद्यमानता देखिन्छ।

## १०.३ मुख्य सवाल तथा चुनौती

(१) **गरिबी तथा असमानताको नक्साङ्कन गरी लक्षित कार्यक्रम सञ्चालनः** वास्तविक गरीब घरपरिवार पहिचानको कार्य सम्पन्न तथा अद्यावधिक गरी जातिगत, भाषागत, भौगोलिक तथा

लैङ्गिकताको आधारमा खण्डिकृत तथ्याङ्क प्राप्त गर्नु; गरिबी निवारण तथा असमानता न्यूनीकरण लक्षित कार्यक्रमहरूलाई एकीकृत गर्दै सोको प्रभावकारी कार्यान्वयन मार्फत गरिबीको सघनता एवम् गहनताको हिसाबले अनुभूति हुनेगरी न्यूनीकरण गर्नु; महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई मूलप्रवाहीकरण गर्ने कार्यक्रमको पहिचान, विकास र कार्यान्वयन गर्नु।

(२) **स्रोतसाधन माथिको पहुँच तथा लाभको वितरण समन्यायिक बनाउँदै गरिबी तथा असमानता न्यूनीकरणः** स्रोतसाधन तथा लाभको सन्तुलित र समन्यायिक वितरण गर्नु; मानव विकास, गरिबी, आर्थिक तथा सामाजिक विकासका पूर्वाधारमा रहेको असमानतालाई सम्बोधन गर्नु; स्रोतसाधनलाई उत्पादनशील र रोजगार केन्द्रित क्षेत्रमा प्रवाह गरी विद्यमान गरिबी र असमानताको समस्या समाधान गर्नु।

(३) **सीप विकास र उद्यमशीलताको माध्यमबाट रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जनाः** उद्यमशील कार्यसंस्कृति विकास गर्न आवश्यक सीप, प्रविधि एवम् स्रोतमा पहुँच कायम गर्नु; बेरोजगारलाई न्यूनतम रोजगारी प्रत्याभूत गर्ने नीति तथा योजनाको प्रभावकारी कार्यान्वयन गर्दै रोजगारीका अवसरको न्यायोचित वितरण गर्नु कृषिक्षेत्रमा रहेको गरिबीको सघनता न्यूनीकरण गर्न कृषियोग्य भूमिको खण्डीकरण न्यूनीकरण, बाँझो जग्गाको सदुपयोग र कृषि उत्पादनको बजारीकरण गर्नु; प्राथमिक, उद्योग तथा सेवाक्षेत्रकाबीच अन्तर-आबद्धता कायम गरी उत्पादनशील रोजगारीका अवसर सिर्जना गर्नु।

(४) **सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत र प्रभावकारी बनाउँदै जोखिम न्यूनीकरणः** सङ्घ, प्रदेश र स्थानीय तहबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रममा रहेको दोहोरोपना हटाउनु; विपद्, महामारी, जलवायु परिवर्तन लगायतका कारणले थप जनसङ्ख्या गरिबीको रेखा भन्दा तल पुग्ने सम्भावनालाई न्यूनीकरण गर्न लक्षित वर्गलाई सामाजिक सुरक्षाको दायराभित्र समेट्नु; सामाजिक सुरक्षा कार्यक्रमलाई लक्षित वर्ग केन्द्रित हुने गरी एकीकरण गर्दै पूर्ण, दिगो र उत्पादनशील बनाउनु।

(५) **शासकीय प्रणालीमा समन्यायिक सहभागिता र प्रतिनिधित्व सुनिश्चितताः** नीति, योजना, बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन लगायतका विषयमा समन्यायिक प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु; सार्वजनिक सेवा सुविधामा सबै नागरिकको पहुँच सुनिश्चित गर्नु, भौगोलिक विकटता र विषमतालाई चिर्दै गाउँ र शहरका बीचमा भौतिक तथा प्राविधिक अन्तर-आबद्धता बढाउनु; गरिबी तथा असमानता न्यूनीकरणको लागि सरकारी, निजी, सहकारी, सामुदायिक तथा गैरसरकारी क्षेत्रको साझेदारी तथा समन्वय अभिवृद्धि गर्नु;

विकासबाट प्राप्त प्रतिफलको न्यायोचित वितरण गरी आर्थिक असमानता अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्नु।

## १०.४ रूपान्तरणकारी रणनीति

(१) **पहिचान गरिएका गरीब घरपरिवार लक्षित विशेष कार्यक्रम सञ्चालन गर्नेः** स्थानीय तहको समन्वयमा गरीब घरपरिवार पहिचान गरी एकीकृत तथा खण्डीकृत तथ्याङ्क अद्यावधिक गर्ने; गरीब लक्षित नीति, योजना तथा कार्यक्रमलाई स्वचालित तथ्याङ्क प्रणालीमा आधारित बनाउने; लक्षित परिवारलाई शिक्षा, स्वास्थ्य, सीप विकास र रोजगारी मार्फत उद्यमशीलता विकास तथा राज्य प्रदत्त सेवामा सहुलियत दिने।

(२) **स्रोतसाधन तथा सार्वजनिक सेवामा समतामूलक पहुँच स्थापित गरी गरिबी तथा असमानता न्यूनीकरण गर्नेः** गरीब र धनीबीचको असमानता न्यूनीकरण गर्न आय पुनर्वितरणको रणनीति अवलम्बन गर्ने; गरीब तथा सीमान्तकृत समुदायका व्यक्ति तथा परिवारलाई मर्यादित जीवनयापन गर्न आधारभूत तथा अत्यावश्यक सेवाहरूको सहुलियतपूर्ण रूपमा वितरण गर्ने; वित्तीय सचेतना, वित्तीय पहुँच र वित्तीय समावेशीकरण अभिवृद्धि गरी आयआर्जनका अवसरहरूको विस्तार गर्ने; श्रम सहभागिता वृद्धिका लागि कार्यक्रम सञ्चालन, समान कामका लागि समान ज्याला, न्यूनतम ज्याला लगायतका नीतिको कार्यान्वयन गर्ने।

(३) **गुणस्तरीय शिक्षा र स्वास्थ्यको सुनिश्चितता गर्नेः** गरीब तथा विपन्न वर्गका नागरिकका लागि विशेष सहुलियतको व्यवस्था गरी प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच स्थापित गर्ने; शिक्षा तथा स्वास्थ्यको गुणस्तर र पहुँच बढाई स्वस्थ, शिक्षित तथा सीपयुक्त नागरिक निर्माणमा सरकार, निजी क्षेत्र, सहकारी तथा विकास साझेदारहरूसँग समन्वयात्मक कार्यक्रमहरू सञ्चालन गर्ने; शिक्षालाई सीप, सीपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्ने गरी कार्यक्रमहरूको विकास र सञ्चालन गर्ने।

(४) **रोजगारीका अवसरहरूको विस्तार गर्नेः** एकीकृत रोजगार सूचना प्रणालीको विकास गरी रोजगारीसम्बन्धी सूचनामा नागरिकको पहुँच कायम गर्ने; आन्तरिक रोजगारी सिर्जनामा टेवा पुऱ्याउन र श्रम बजारलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्न कार्यस्थलमा आधारित सीप विकास तथा रोजगारको नीति अवलम्वन गर्ने; नयाँ र युवा उद्यमीलाई प्रोत्साहन गरी रोजगारी सिर्जना गर्न उद्यमशीलता तथा स्टार्ट अप नीति अवलम्वन गर्ने; कृषिको आधुनिकीकरण, व्यावसायीकरण, विविधीकरण,औद्योगिकीकरण तथा बजारीकरण गरी यस क्षेत्रमा युवालाई आकर्षित गर्ने; लघु, घरेलु तथा साना उद्यमलाई प्रवर्द्धन गर्न नीतिगत व्यवस्था गर्ने; उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गरी औद्योगिक रोजगारीका

अवसरहरू विस्तार गर्ने; व्यापार, पर्यटन, सूचना प्रविधि लगायतका क्षेत्रमा समसामयिक सुधार गरी सेवासम्बद्ध रोजगारीलाई थप व्यवस्थित गर्ने।

(५) **सामाजिक सुरक्षाको दायरामा सबै नागरिकलाई आबद्ध गर्नेः** विपन्न घरपरिवार तथा राज्यबाट संरक्षण आवश्यक पर्ने समुदायका लागि सञ्चालनमा भएका सामाजिक सुरक्षाका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने; सम्पुर्ण नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको कार्यान्वयनमा जोड दिने; खण्डीकृत तथ्याङ्कको विकास, एकीकृत सामाजिक सुरक्षा संरचनाको कार्यान्वयन, तीन तहबीचको समन्वय तथा प्रभावकारी अनुगमनको माध्यमबाट सामाजिक सुरक्षा कार्यक्रमलाई नतिजामूलक बनाउने।

(६) **जोखिम न्यूनीकरणका लागि बीमाको विस्तार गर्नेः** विपद्, महामारी, जलवायु परिवर्तन, असाध्य रोग जस्ता कारणबाट हुने क्षति न्यूनीकरण गर्न विपन्न परिवार, किसान, घरेलु तथा साना उद्यमीहरूको जीवन, सम्पत्ति, बालीनाली, व्यवसाय आदिमा बीमाको प्रबन्ध मिलाउने; स्वास्थ्य बीमाको दायरालाई फराकिलो बनाउँदै सबै स्थानीय तहमा लागु गर्ने र सेवाको गुणस्तर वृद्धि गर्ने।

(७) **पहुँच, प्रतिनिधित्व तथा क्षमता विकासको माध्यमबाट शासकीय प्रणालीमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नेः** सकरात्मक विभेद, समानुपातिक प्रतिनिधित्व, आरक्षण जस्ता विधिबाट लक्षित वर्गको राजनीतिक, प्रशासनिक, न्यायिक लगायतका क्षेत्रमा सहभागिता सुनिश्चित गर्ने, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रलाई सकारात्मक विभेदको नीति कार्यान्वयन गर्न प्रोत्साहत गर्ने; गरिबी तथा असमानता न्यूनीकरणको लागि सरकारी, निजी, सहकारी, सामुदायिक तथा गैरसरकारी क्षेत्रको साझेदारी तथा समन्वय अभिवृद्धि गर्ने।

## १०.५ प्रमुख कार्यक्रम

(१) **राज्य सुविधा परिचयपत्र वितरण कार्यक्रमः** गरीब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सम्पन्न गरी पहिचान भएका गरीबहरूलाई राज्य सुविधा परिचय पत्र वितरण गर्ने; राज्य सुविधा परिचय पत्रमा तीनै तहका सरकारबाट उपलब्ध गराउने सामाजिक सुरक्षा लगायतका सेवा सुविधाहरूमा क्रमशः आबद्धता गरी दोहोरोपना हटाउने; स्थानीय तहसँगको समन्वयमा लक्षित कार्यक्रम सञ्चालन गर्दा राज्य सुविधा परिचयपत्र प्राप्त गरीब परिवारलाई प्राथमिकता दिने; परिचयपत्र प्राप्त गरीबलाई व्यवसाय सञ्चालन गर्न वित्तीय संस्था मार्फत बीउ पुंजीसहित सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने।

(२) **आर्थिक सामाजिक रूपान्तरण मार्फत समतामूलक समाज निर्माण कार्यक्रम** : गरीब, विपन्न तथा दुर्गम क्षेत्र लक्षित सीप विकास तथा उद्यमशीलता विकास गर्ने; कृषिमा निर्भर नागरिकको जीवनस्तर सुधारका लागि भूमिको महत्तम उपयोग, कृषि क्षेत्रको आधुनिकीकरण, विविधीकरण, व्यावसायीकरण र बजारसँगको आबद्धता गर्ने; समुदायमा आधारित पूर्वाधार विकास, सामूहिक मोडेलका उत्पादन र रोजगार कार्यक्रम गर्ने; लघु, घरेलु तथा साना उद्यम विकास र उत्पादनको बजारीकरणमा सहकारी क्षेत्रको परिचालन गर्ने; पर्यटन मार्फत स्थानीय अर्थतन्त्रको सुदृढीकरण गर्ने; न्यून आय भएका एवम् सीमान्तकृत वर्ग तथा समुदायको वित्तीय पहुँच वृद्धि गर्न वित्तीय साक्षरता अभिवृद्धि गर्ने; वित्तीय क्षेत्रको विस्तार र वित्तीय उपकरणहरूको विविधीकरण गर्ने; विद्यमान विभेद तथा कुप्रथा न्यूनीकरणका लागि सामाजिक तथा सांस्कृतिक रूपान्तरण गर्ने।

(३) **आधारभूत तथा अत्यावश्यक वस्तु तथा सेवामा पहुँच कार्यक्रमः** राज्य सुविधा कार्ड प्राप्त घरपारिवारलाई सहुलियत दरमा खाद्यान्न उपलब्ध हुने व्यवस्था मिलाउने; निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था गर्न शिक्षामा छात्रवृत्तिको व्यवस्था र बीमामा आवद्ध स्वास्थ्य सेवाको व्यवस्था गर्ने; बिजुली तथा पानीको महशुलमा छुट, यातायात सेवामा सहुलियत र सहुलियत दरको पसल सञ्चालन गर्ने; विपन्न वर्गका परिवारमा कम्तिमा एक घर एक रोजगारी-स्वरोजगारी सुनिश्चित गर्ने।

(४) **सामाजिक सुरक्षाको माध्यमबाट गरिबी निवारण कार्यक्रम**ः गरीब परिवार लक्षित लघु कर्जा, जोखिम न्यूनीकरणका लागि सामाजिक सुरक्षा जालो, खाद्य तथा पोषण सुरक्षा, न्यूनतम रोजगारीको सुनिश्चितता गर्ने; प्राकृतिक प्रकोप, महामारी तथा मानवीय विपद्बाट सम्भावित क्षतिको न्यूनीकरण गर्न जोखिमयुक्त बस्ती स्थानान्तरण गर्ने; सामाजिक सुरक्षाका कार्यक्रममा आर्थिक रूपले विपन्न वर्ग तथा क्षेत्रलाई प्राथमिकता दिने; योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई समुदायस्तरसम्म विस्तार गर्ने।

(५) **उत्पादन र रोजगार केन्द्रित कार्यक्रमः** स्थानीय सीप, स्रोत साधन पुँजी र प्रविधिको परिचालन मार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा टेवा पुऱ्याउने गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न विद्यमान रोजगार तथा स्वरोजगारमूलक कार्यक्रमहरूको पुनरावलोकन गरी तहगत सरकारको सहभागिता र निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्ने; प्रदेश तथा स्थानीय तहको साझेदारीमा लघु तथा घरेलु उद्यमको विकास तथा स्तरोन्नतिको लागि प्राविधिक सहयोग तथा सहुलियतपूर्ण कर्जा उपलब्ध तथा वितरण गर्ने; प्रदेश र स्थानीय तहको साझेदारीमा सञ्चालन हुनेगरी सबै प्रदेशमा नवप्रवर्तन साझेदारी कार्यक्रम गर्ने; स्थानीय कृषि

उत्पादनलाई उद्यमसँग जोडी रोजगारीका अवसर विस्तार गर्ने "फार्म टु फ्याक्ट्री" कार्यक्रम सञ्चालन गर्ने; महिला, लघु, घरेलु तथा साना उद्यमीलाई प्रवर्द्धन गर्न औद्योगिक लगानी प्रवर्द्धन कोषबाट सहुलियतपूर्ण कर्जा र सहयोगका कार्यक्रम सञ्चालन गर्ने; गरीब लक्षित सघन एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन गर्ने।

(६) **गरिबी न्यूनीकरण र समावेशिताको लागि पूर्वाधार तथा प्रविधिको उपयोग कार्यक्रमः** यातायात तथा विद्युत सञ्जाल, सूचना प्रविधि लागायतको विकास र विस्तारबाट सिर्जित अवसरहरूलाई गरिबी न्यूनीकरण र समावेशिता प्रवर्द्धनमा उपयोग गर्ने; कृषकहरूलाई कृषि प्रसार सेवा उपलब्ध गराउन र बजारसँग आवद्ध गर्न डिजिटल प्लेटफर्महरू स्थापना गर्ने; अनलाइन माध्यमबाट व्यावसायिक तथा क्यारियर सल्लाह उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्ने।

(७) **सशक्तीकरण तथा क्षमता विकास कार्यक्रमः** विपन्न, दलित, भूमिहीन, सुकुम्बासी, अल्पसङ्ख्यक, लोपोन्मुख तथा सीमान्तकृत वर्गको संरक्षण, उत्थान,सशक्तीकरण र विकासका तालीम तथा अभिमुखीकरण गर्ने; स्थानीय तहमा छुवाछुत तथा जातीय विभेद उन्मूलनसम्बन्धी अभियान सञ्चालन गर्ने; सूचना, ज्ञान तथा अनुभवको आदानप्रदान मार्फत नेतृत्व विकास गर्ने; परम्परागत कला, संस्कृति र सीपको संरक्षण, सम्वर्द्धन तथा पुस्तान्तरण गर्ने; आय-आर्जनको लागि तालीम, सहुलियतपूर्ण कर्जा, अनुदान, प्राविधिक सहयोग प्रदान गरी रोजगारी र स्वरोजगारीका अवसर उपलब्ध गराउने।

(८) **शासकीय सुधार कार्यक्रम**: सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सेवा प्रवाहको स्वमूल्याङ्कन जस्ता माध्यमबाट पारदर्शी, मितव्ययी, जवाफदेही र प्रभावकारी स्रोत साधनको परिचालन; लक्षित वर्ग केन्द्रित कार्यक्रम, विकासमा जनसहभागिता प्रवर्द्धन गर्ने; स्रोतसाधन, शासकीय व्यवस्था, नीति निर्माण र कार्यान्वयन तहमा समन्यायिक प्रतिनिधित्व र अर्थपूर्ण सहभागिताको लागि सकरात्मक विभेदका विधिहरूको अवलम्वन गर्ने; आरक्षण तथा सकरात्मक विभेदका कार्यक्रम निजी, सहकारी तथा गैरसरकारी क्षेत्रमा विस्तार गर्ने; आरक्षण व्यवस्थाको पुनरावलोकन तथा सुधार गर्ने; गरीबको पहुँच एवम् लाभको न्यायोचित वितरण गर्ने; गरिबी निवारणसम्बन्धी कार्यक्रममा समन्वय गर्ने संयन्त्र स्थापना गर्ने; स्थानीय तहबाट दुर्गम स्थानमा सेवा प्रवाहको लागि घुम्ती सेवा, विद्युतीय माध्यम लगायतका विधिको उपयोग गरी आधारभूत वस्तु तथा सेवामा पहुँच अभिवृद्धि गर्ने।

## १०.६ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | प्रतिशत | २०.३ | १२ |
| २ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०१ | ०.६५० |
| ३ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.९६७ |
| ४ | उपभोगमा आधारित जिनी गुणक | सूचकाङ्क | ०.३० | ०.२८ |
| ५ | माथिल्लो १० प्रतिशत र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (पाल्मा अनुपात) | सूचकाङ्क | १.३ | १.२ |

परिच्छेद ११

# प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि


| | | |
|---|---|---|
| ११.१ | पृष्ठभूमि | २०५ |
| ११.२ | विद्यमान अवस्था | २०६ |
| ११.३ | मुख्य सवाल तथा चुनौती | २०७ |
| ११.४ | रूपान्तरणकारी रणनीति | २०९ |
| ११.५ | प्रमुख कार्यक्रम | २१२ |
| ११.६ | परिमाणात्मक लक्ष्य | २१५ |

परिच्छेद ११

# प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि

## ११.१ पृष्ठभूमि

प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापनले सार्वजनिक स्रोतको अनुमानयोग्यता तथा सुनिश्चितता, विनियोजन तथा खर्च कुशलता, आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व कायम गर्दछ। गुणस्तरीय पुँजीगत खर्चले सरकार स्वयं र निजी क्षेत्र तथा समुदायको साझेदारीमा उत्पादनशील लगानी मार्फत दिगो, समावेशी तथा उच्च आर्थिक वृद्धिको आधारशीला तयार गर्दछ। सन्तुलित र समन्यायिक प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको विकास र समृद्धिको लागि वित्तीय सङ्घीयतालाई संस्थागत गर्न अन्तरसरकारी वित्त व्यवस्थापनको महत्त्वपूर्ण भूमिका रहन्छ।

मुलुकको विकास र समृद्धिको लागि सार्वजनिक खर्चको बढ्दो आवश्यकता पूरा गर्न र वैदेशिक सहायतामाथिको निर्भरता कम गर्न आन्तरिक स्रोत परिचालनमा वृद्धि गर्न आवश्यक छ। वैदेशिक प्रत्यक्ष लगानी मार्फत सार्वजनिक लगानीका क्षेत्रमा रहेको स्रोतको न्यूनता पूर्ति गर्न, उत्पादन वृद्धि गरी निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन मार्फत शोधानान्तर सन्तुलन कायम गर्न र विकासका लागि नवीन् ज्ञान तथा प्रविधिको हस्तान्तरण गर्न सहयोग पुग्दछ। न्यून वित्त परिचालन, समष्टिगत आर्थिक स्थायित्वसहितको आर्थिक वृद्धि, वैदेशिक पुँजी तथा प्रविधिको उपयोग र अन्तरपुस्ता समता कायम गर्न निजी क्षेत्रको लगानीमा सङ्कुचन नहुने गरी राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्नु पर्नेछ। वाह्य ऋणको प्रभावकारी परिचालनमा समेत सार्वजनिक वित्त व्यवस्थापनले महत्त्वपूर्ण योगदान गर्नुपर्ने आवश्यकता रहेको छ।

सार्वजनिक लगानी निजी लगानीलाई उत्प्रेरित गर्ने खालको हुनुपर्दछ। आधुनिक र नागरिकमैत्री पूर्वाधार विकास तथा नवनिर्माणका कार्यका लागि वैदेशिक सहायताको प्रतिवद्धता, प्राप्ति, उपयोग क्षमता र उपलब्धिको बीचमा तादात्म्यता मिलाउनु पर्नेछ। समष्टिगत वित्तीय अनुशासन र आयोजना सुशासनका समग्र पक्षमा पारदर्शिता एवम् उत्तरदायित्व प्रवर्द्धन गर्दै पुँजीगत खर्च क्षमता अभिवृद्धि गर्नुपर्नेछ। यसले तोकिएको समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्न सहयोग पुऱ्याउने छ। सङ्घ, प्रदेश र स्थानीय सरकारले आ-आफ्नो जिम्मेवारीमा रहेर सार्वजनिक खर्च प्रणालीलाई नतिजामूलक, पारदर्शी र जवाफदेही बनाउन सार्वजनिक खर्च क्षमता अभिवृद्धि गर्नु अपरिहार्य छ। यसै परिवेशमा सोह्रौं योजनामा राजस्व क्षमता, पुँजीगत खर्चको क्षमता वृद्धि, वैदेशिक सहायताको

प्राप्ति तथा उपयोग लगायतका प्रभावकारी वित्त व्यवस्थापनका औजार मार्फत सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्य प्राप्तिमा जोड दिनुपरेको छ।

## ११.२ विद्यमान अवस्था

सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित कानूनी, संस्थागत, सूचना प्रविधिजन्य व्यवस्थाको निरन्तर विकास तथा कार्यान्वयनले राजस्व प्रशासन, खर्च व्यवस्थापन तथा न्यून वित्त परिचालनलाई व्यवस्थित गरेको छ। नेपालको संविधानले निर्दिष्ट गरेबमोजिम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन लगायतका वित्त व्यवस्थापनसँग सम्बन्धित ऐन तथा नियमहरू र संवैधानिक आयोग तथा निकाय तहगत रूपमा स्थापित संयन्त्रहरू क्रियाशील छन्। तालिका ११.१ मा नेपालका विभिन्न अवधिमा सार्वजनिक वित्तसँग सम्बन्धित प्रमूख सूचकहरूलाई कुल गार्हस्थ्य उत्पादनको अनुपातमा तुलनात्मक विश्लेषणसहित प्रस्तुत गरिएको छ।

**तालिका ११.१: कुल गार्हस्थ्य उत्पादनको अनुपातमा (प्रतिशतमा)**

| सूचक | आ.व.२०४८/४९ | आ.व.२०६३/६४ | आ.व.२०७५/७६ | आ.व.२०७९/८० |
|---|---|---|---|---|
| वार्षिक राजस्व परिचालन | ९.० | १२.१ | २१.८ | १८.९ |
| कर राजस्व | ६.६ | ९.७ | १९.१४ | १६.२ |
| गैरकर राजस्व | २.४ | २.३ | २.३६ | १.७ |
| वार्षिक सरकारी खर्च | १७.७ | १८.४ | २८.८ | २६.७ |
| चालु खर्च | ५.८ | १०.६ | १८.६ | १८.८ |
| पुँजीगत खर्च | ११.० | ५.५ | ६.३ | ४.४ |
| वित्तीय व्यवस्था | ०.८ | २.३ | ४.० | ३.६ |
| वैदेशिक अनुदान | १.१ | १८.४ | ०.६ | ०.४ |
| वैदेशिक ऋण | ४.६ | २.२ | ३.२ | १.९ |
| आन्तरिक ऋण | १.४ | १.४ | २.५ | ४.८ |
| तिर्न बाँकी वैदेशिक ऋण | ४७.४ | २९.८ | १५.४ | २१.९ |
| तिर्न बाँकी आन्तरिक ऋण | १५.५ | १३.६ | ११.७ | २१.१ |

नेपालको वार्षिक राजस्व परिचालन र वार्षिक सरकारी खर्चको अनुपात कुल गार्हस्थ्य उत्पादनको तुलनामा आर्थिक वर्ष २०४८/४९ र २०७५/७६ को बीचको अवधिमा वृद्धि भए तापनि २०७९/८० मा केही प्रतिशतले ह्रास हुन गएको देखिन्छ। सरकारको वार्षिक खर्च अन्तर्गत कुल गार्हस्थ्य उत्पादनमा चालु र वित्तीय व्यवस्थाको खर्चको अनुपात निरन्तर बढिरहेको तथा पुँजीगत खर्चको अनुपात आर्थिक वर्ष २०४८/४९ मा ११ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा उल्लेख्य रूपमा ह्रास भई ४.४ प्रतिशतमा सीमित हुन पुगेको छ। न्यून वित्त परिचालनका लागि वैदेशिक अनुदानको अंश घट्ने र बढ्दो सार्वजनिक ऋणमा आन्तरिक ऋणको अनुपात वृद्धि हुँदै गएको अवस्था विद्यमान छ।

राजस्व सङ्कलनमा संरचनात्मक समस्या कायम छ। कुल राजस्वमा प्रत्यक्ष करको योगदान अप्रत्यक्ष करको तुलनामा निकै कम रहेको छ। कुल बजेटमा चालु खर्चको अंश बढिरहेको अवस्थामा पुँजीगत खर्चको विनियोजन तथा खर्च निरन्तर घटिरहेको छ। पुँजीगत खर्चको अधिकांश भाग आर्थिक वर्षको अन्तिम त्रैमासिक अवधिमा हुने र गुणस्तर कमजोर रहेको अवस्था छ। पुँजीगत खर्चको तुलनामा वित्तीय व्यवस्थाको लागि विनियोजन हुने वजेटको आकार बढ्दै गएको छ। वैदेशिक ऋणलाई उत्पादनशील क्षेत्रमा प्रभावकारी उपयोग गर्न नसक्दा आन्तरिक ऋण परिचालन गरी सार्वजनिक वित्त व्यवस्थापन गर्नुपर्ने अवस्था छ।

## ११.३ मुख्य सवाल तथा चुनौती

(१) **आयातमा आधारित राजस्व संरचनाः** कराधार तथा दायरा विस्तार गर्दै कर अन्तर कम गर्ने र विद्युतीय कारोबार मार्फत अनौपचारिक क्षेत्रलाई करको दायरामा समावेश गरी आन्तरिक राजस्वको योगदान अभिवृद्धि गर्नु; आयातमा आधारित वर्तमान राजस्वको संरचनामा परिवर्तन गरी आन्तरिक उत्पादनमा आधारित बनाउनु।

(२) **सार्वजनिक खर्च दक्षता अभिवृद्धिः** विनियोजन कुशलता तथा खर्च क्षमता, कार्य जिम्मेवारी तथा खर्चबीच तादात्म्यता र वित्तीय सुशासन मार्फत सार्वजनिक खर्च दक्षता अभिवृद्धि गर्नु; मध्यमकालीन खर्च संरचना प्रभावकारी बनाउनु; पुँजीगत खर्चको आवश्यकता आन्तरिक स्रोतबाट पूर्ति गर्नु; वित्त व्यवस्थापन तथा पुँजीगत खर्च परिचालनमा संलग्न सार्वजनिक निकाय तथा जनशक्तिको क्षमता अभिवृद्धि गरी कार्यकुशलता र व्यावसायिकता अभिवृद्धि गर्नु; एकीकृत र धान्न सकिने सामाजिक सुरक्षा प्रणाली विकास गर्नु।

(३) **अन्तरसरकारी वित्त व्यवस्थापनः** तहगत सरकारको Vertical र Horizontal वित्तीय अन्तर पूर्ति गर्ने गरी राजस्व बाँडफाँट, अनुदान हस्तान्तरण, सार्वजनिक ऋणको उचित उपयोग र

आन्तरिक राजस्व क्षमता वृद्धि गरी अन्तरसरकारी वित्त व्यवस्थापनलाई दिगो, भरपर्दो एवम् अनुमानयोग्य बनाउनु।

(४) **आयोजना व्यवस्थापनः** आयोजनाको प्राथमिकीकरण, पुनःप्राथमिकीकरण र आयोजना बैङ्कको प्रभावकारी कार्यान्वयन गर्नु; प्रभावकारी सार्वजनिक खरिद प्रणाली, जग्गा र वन क्षेत्रको प्राप्तिसहितको परियोजना व्यवस्थापन गर्नु; प्रभावकारी ठेक्का व्यवस्थापन, आयोजना प्रमुखसँगको कार्यसम्पादन सम्झौता र निर्माण व्यवसाय क्षेत्रको सबलीकरण मार्फत आयोजना व्यवस्थापन नतिजामूखी बनाउनु।

(५) **अन्तर्राष्ट्रिय वित्त परिचालनः** वैदेशिक अनुदान र सहायतालाई एकद्वार प्रणालीबाट लिने व्यवस्था गर्नु; अन्तर्राष्ट्रिय विकास सहायताको राष्ट्रिय बजेट प्रणाली तथा सरकारी कोषमा आबद्धता र प्रशोचन क्षमताको अभिवृद्धि गर्नु; आवश्यकता पहिचान र सन्तुलित विकास हुने गरी उत्पादनमूलक र राष्ट्रिय प्राथमिकताका क्षेत्रमा विकास सहायता परिचालन गर्नु; जलवायु परिवर्तन, हरित अर्थतन्त्र निर्माण जस्ता विषयमा अन्तर्राष्ट्रिय वित्तका नयाँ उपकरणहरूको परिचालन गर्नु; विकासशील राष्ट्रमा स्तरोन्नति भइसकेपछि रूपान्तरणकारी ठूला पूर्वाधार निर्माण गर्न प्रतिस्पर्धी वैकल्पिक अन्तर्राष्ट्रिय वित्त परिचालन गर्ने संस्थागत सामर्थ्य निर्माण गर्नु।

(६) **सार्वजनिक ऋणको दिगोपनाः** सार्वजनिक ऋण उत्पादनशील आयोजनामा मात्र लिने; वित्तीय तथा मौद्रिक स्थायित्व कायम गर्ने गरी उत्पादनमूलक क्षेत्रमा ऋण परिचालन गर्नु; परियोजनामा आधारित सार्वजनिक ऋण प्रणाली अवलम्बन गर्नु; अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन सार्वजनिक ऋण परिचालन रणनीति अवलम्बन गरी सार्वजनिक ऋणको दिगो उपयोग गर्नु; भौतिक परिणाम देखिने गरी राष्ट्रिय प्राथमिकताको क्षेत्रमा मात्र खर्च गर्ने र आर्थिक तथा वित्तीय ऐन तथा नियमअनुसार मात्र खर्च गर्नपर्ने व्यवस्था मिलाउने।

(७) **समन्वय तथा अन्तर-आबद्धताः** संविधान तथा कानूनले तय गरेका तहगत सरकारका बीच अन्तर सम्बन्ध कायम गर्ने नीतिगत, कानूनी, संस्थागत र कार्यगत संरचनाहरूको सबलीकरण गर्नु; सङ्घ, प्रदेश र स्थानीय तह बीचको समन्वय र अन्तर-सम्बन्ध मजबुत गर्नु; सरकारका निकायहरू बीच प्रभावकारी समन्वय र सहकार्य कायम गर्नु; तीनै तहको सरकारले तर्जुमा गर्ने योजना, नीति, मध्यमकालीन खर्च संरचना, बजेट र वार्षिक कार्यक्रम बीच Vertical र Horizontal अन्तर-आबद्धता कायम गर्नु।

(८) **सार्वजनिक वित्तको कार्यकुशलता र व्यावसायिकता अभिवृद्धिः** सरकारको आकस्मिक दायित्वको उचित व्यवस्थापन गर्नु; रणनीतिक पूर्वाधार विकासका लागि मात्र जोखिम-बहन

गर्न सक्ने सामर्थ्य आकलन गरी सार्वभौम प्रत्याभूति प्रदान गर्नु; वित्तीय सम्पत्तिमा लगानी र सरकारी कोषमा हुन सक्ने नगद बचतको लाभदायक तथा अन्तर-पुस्ता न्याय हुने गरी उपयोग गर्नु।

(९) **नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली:** सार्वजनिक खर्चको प्रभावकारी लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षण मार्फत नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीमा जोड दिनु; सबल आन्तरिक नियन्त्रण प्रणालीको विकास गर्नु; सार्वजनिक वित्त व्यवस्थापनमा गैर-बजेटरी निकायहरूको वित्तीय अनुशासनको अनुगमन र वित्तीय प्रतिवेदन प्राप्त गर्नु।

## ११.४ रूपान्तरणकारी रणनीति

(१) **राजस्वको दायरा विस्तार गर्ने:** कर प्रस्ताव विधेयक मार्फत कर निर्धारण प्रणालीलाई संसदको छलफलको विषय बनाउने; करको दररेट कायम गर्ने र कर छुट दिने अधिकार संसदलाई दिने; राजस्वका स्रोत र दरहरूको पुनर्संरचना गर्ने; कर अन्तर भएका क्षेत्र र क्रियाकलाप केन्द्रित कर परिक्षण र अनुसन्धान गर्ने; कराधार संरक्षण एवम् अर्थतन्त्रको लागत कम गर्ने तथा दक्षता वृद्धि गराउने गरी कर कानूनहरूको पुनरावलोकन र अवलम्बन गर्ने; राजस्व चुहावट नियन्त्रण, कर परिपालना अभिवृद्धि र राजस्वका नयाँ आधारहरूको पहिचान तथा विस्तार गर्ने; विद्युतीय कारोबार मार्फत औपचारिक अर्थतन्त्रको विकास तथा कर सचेतना अभिवृद्धि गर्दै राजस्वको दायरा विस्तार गर्ने।

(२) **राजस्व प्रशासनको सुदृढीकरण गर्ने:** राजस्व प्रशासनको नीतिगत तथा संस्थागत सुधार गरी प्रक्रियागत सरलीकरण र अन्तर निकाय समन्वय कायम गर्ने र राजस्व प्रणालीलाई गतिशील र दिगो बनाउनेगरी आधुनिक प्रविधिको अधिकतम उपयोग गर्ने; सबै प्रकारको आयलाई राजस्वमा आवद्ध गर्न एकीकृत प्रणाली विकास गर्ने; कृत्रिम बौद्धिकताको प्रयोग बढाउँदै सबै माध्यमबाट हुने कर छली नियन्त्रण गर्ने; करदातामैत्री कर प्रशासन मार्फत राजस्व प्रशासनको सुदृढीकरण गर्ने; नियमित अध्ययन-अनुसन्धानका आधारमा कर नीतिमा सुधार, करका दर परिवर्तन र कर विवादमा सुनुवाईका लागि सुझाव दिने संयन्त्र निर्माण गर्ने।

(३) **विनियोजन कुशलता र खर्च प्रभावकारिता अभिवृद्धि गर्ने:** स्रोत अनुमानको अनुसन्धान, प्रमाण र जवाफदेहीता पुष्टि गर्ने संयन्त्रको विकास गर्ने; अनिवार्य र आकस्मिक दायित्वको सार्वजनिक खर्चलाई दिगो र धान्न सकिने बनाउन योगदानमूलक, साझेदारी तथा सहभागितामा आधारित खर्च प्रणाली अवलम्बन गर्ने; पूर्वतयारीको अवस्था, खर्चको आवश्यकता र क्षमताका आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा स्रोतको विनियोजन, वित्तीय सुशासन, छरिएका कोषहरूलाई एकीकृत गरी पुँजीको रूपमा लगानी गर्ने; आवधिक रूपमा सार्वजनिक खर्चको नियमित

पुनरावलोकन गरी विनियोजन कुशलता र खर्च प्रभावकारिता अभिवृद्धि गर्ने; सम्पन्न आयोजनाहरूको व्यावसायिक सञ्चालन गर्ने; दीर्घकालीन दायित्व सिर्जना हुने कार्यक्रमहरू र रकमान्तरजस्ता विषयहरू संसदबाट अनुमोदन गर्नुपर्ने व्यवस्था गर्ने।

(४) **पुँजीगत खर्च क्षमता अभिवृद्धिका लागि आयोजना सुशासन कायम गर्नेः** तीनै तहमा आयोजना बैङ्कको संस्थागत व्यवस्था गर्ने; आर्थिक वृद्धिका लागि तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका सम्भाव्य क्षेत्र उन्मुख भौतिक पूर्वाधार केन्द्रित गरी आयोजनाको प्राथमिकीकरण र पुनःप्राथमिकीकरण गर्ने; रणनीतिक महत्त्व र बहुवर्षीय आयोजना तथा कार्यक्रममा पुँजीगत खर्च केन्द्रित गर्ने; आयोजनाको त्रैमासिक लक्ष्य र त्रैमासिक भुक्तानी नीति अवलम्बन गर्ने; बीजक वा ठेक्का सम्झौता गरे पश्चात परियोजना ग्यारेन्टीमा बैङ्कबाट ऋण प्राप्त गर्न सक्ने प्रणाली अवलम्बन गर्ने; वातावरणीय प्रभाव मूल्याङ्कनलाई सुव्यवस्थित र जग्गा प्राप्तिलाई सरलीकृत गरी आयोजना सुशासन कायम गर्ने; ठूला आयोजना कार्यान्वयनको लागि छुट्टै विकास नीति बनाउने; श्रम प्रधान र स्थानीय स्रोत तथा सामग्रीमा आधारित निर्माणको काम मात्र उपभोक्ता समिति मार्फत सञ्चालन गराउने र प्रतिष्पर्धा छल्ने नियतले ठूलो कामलाई टुक्र्याई उपभोक्ता समितिलाई कामको जिम्मा दिने प्रवृत्तिलाई निरुत्साहित गर्ने।

(५) **अन्तर्राष्ट्रिय वित्त उपयोग क्षमता अभिवृद्धि र नयाँ उपकरणको परिचालन गर्नेः** पूर्व तयारी सम्पन्न भएका उच्च प्रतिफल दिने आयोजना तथा कार्यक्रममा विकास सहायता परिचालन गर्ने; हरित बण्ड लगायतका अन्तर्राष्ट्रिय वित्तका नयाँ उपकरणहरू परिचालन गर्ने; स्थानीय मुद्रा अंकित बन्ड जारी गर्ने; जलवायुसम्बन्धी वित्तको परिचालन गर्न जिम्मेवार निकाय तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने; आयोजना विशेष विकास सहायतालाई प्राथमिकता दिई विकास सहायताको उपयोग र प्रशोचन क्षमता अभिवृद्धि गर्ने

(६) **सार्वजनिक ऋणको उत्पादनमूलक उपयोग गर्नेः** लागत-लाभ विश्लेषणका आधारमा सार्वजनिक ऋण परिचालनलाई सम्भाव्य र प्रतिफलमूलक आयोजनामा मात्र केन्द्रित गरी दीर्घकालीन पुँजी निर्माण गर्ने; बजेट सहायताको स्वरूपमा नभई आयोजना विशेष विकास ऋण पत्र जारी गरी आन्तरिक ऋण परिचालन गर्ने; आन्तरिक ऋण तर्फ अल्पकालीन र दीर्घकालीन ऋणको सन्तुलन मिलाउने।

(७) **सबल र उत्तरदायी सार्वजनिक वित्त व्यवस्थापनको प्रवर्द्धन गर्नेः** सार्वजनिक वित्त व्यवस्थापनलाई सबल र प्रभावकारी बनाउन निरन्तर सुधार योजना कार्यान्वयन गरी वित्तीय लगानी, कार्यकुशलता अभिवृद्धि, आकस्मिक दायित्व व्यवस्थापन गर्ने; गैर-बजेटरी निकायहरूको वित्तीय अनुशासनको अनुगमन र वित्तीय प्रतिवेदन गर्ने; जोखिम-बहन गर्न सक्ने

सामर्थ्य आकलन गरी सार्वभौम प्रत्याभूति प्रदान गर्ने; वित्तीय सम्पत्तिमा लगानी र सरकारी कोषमा हुन सक्ने नगद बचतको लाभदायक तथा अन्तर-पुस्ता न्याय हुने गरी उपयोग गर्ने।

(८) **अन्तरसरकारी वित्तको प्रभावकारिता अभिवृद्धि गर्नेः** अन्तरसरकारी वित्त हस्तान्तरणलाई वैज्ञानिक, पारदर्शी र उत्तरदायी बनाइ प्रदेश र स्थानीय तहको वित्तीय अन्तरलाई सम्बोधन गर्ने; प्राकृतिक स्रोतमा लगानी र उपयोगको उचित ढाँचा तयार गरी कार्यान्वयन गर्ने; तहगत सरकारको खर्च गर्ने क्षमता अभिवृद्धि गरी अन्तर-सरकारी वित्तको प्रभावकारिता वृद्धि गर्ने।

(९) **आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि कार्यसम्पादन सम्झौता गर्नेः** प्रतिस्पर्धामा आधारित आयोजना प्रमुखको छनौट गरी आयोजनाको कार्यसम्पादन वृद्धि गर्ने; कार्यसम्पादनसँग आवद्ध प्रोत्साहन प्रणालीको अवलम्बन गरी निश्चित सूचक र मापदण्डको आधारमा आयोजना प्रमुखसँगको कार्यसम्पादन सम्झौता गर्ने; ठेक्का सम्झौताको कागज वा अन्तरिम भुक्तानी प्रमाणपत्र वित्त बजारमा धितो राखी निर्माण व्यवसायीले ऋण लिन पाउने व्यवस्था लागु गर्ने; कार्यान्वयनलाई पूर्ण रूपमा जवाफदेही र प्रतिवद्ध बनाउने तथा क्षतिपूर्तिको व्यवस्था गर्ने।

(१०) **सार्वजनिक-निजी साझेदारीका आयोजनालाई प्राथमिकता दिनेः** सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गर्ने सम्भाव्य आयोजनाको पहिचान गरी कानूनी व्यवस्थामा समयानुकूल परिमार्जन गर्ने; निर्माण व्यवसायीको क्षमता मापन गरी क्षमता अभिवृद्धि गर्ने; सार्वजनिक-निजी साझेदारीमा प्रत्यक्ष वैदेशिक लगानी तथा आन्तरिक लगानीको परिचालन गर्ने; प्राकृतिक स्रोतमा आधारित निर्माण सामग्रीको सहज आपूर्तिको सुनिश्चितता र श्रमिकको दक्षता अभिवृद्धिसहितको सार्वजनिक-निजी साझेदारीको प्रवर्द्धन गर्ने; सार्वजनिक-निजी साझेदारी मार्फत निर्माण भएका आयोजना सरकारलाई हस्तान्तरण भएपछि त्यस्तो सम्पत्तिको व्यवस्थापन र सञ्चालन गर्ने गरी क्षमता विकास गर्ने।

(११) **नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नेः** सबल आन्तरिक नियन्त्रण प्रणाली, सार्वजनिक कोष, दायित्व, सम्पत्ति, आय र खर्चको प्रोदभावी लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षणको सुदृढीकरण गर्ने; तहगत तथा निकायगत समन्वय र सहकार्यमा एकीकृत अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने; तीन तहका सरकार लगायत सम्पूर्ण सरकारको लेखा परीक्षण गरिएको एकीकृत वित्तीय प्रतिवेदन तयार हुनेगरी वित्तीय सूचना प्रणाली विकास गर्ने।

## ११.५ प्रमुख कार्यक्रम

(१) **राजस्व प्रणालीको सुदृढीकरण कार्यक्रमः** राजस्व प्रशासनमा जोखिम व्यवस्थापन गर्ने गरी पुनर्संरचना गर्ने; करका दर र संरचनाको पुनरावलोकन, एकीकृत कर प्रशासन, कर परिपालना लागत खर्च र समय कम गर्न ठूला प्रतिष्ठान तथा बढी सम्पत्ति भएका व्यक्ति केन्द्रित कर परिक्षण र अनुसन्धान गर्ने; कर उत्प्रेरणाको प्रभावकारितामा आधारित पुनरावलोकन गर्ने; सम्पूर्ण मानवीय-सम्पर्क र कागजातविहिन विद्युतीय तथा कृत्रिम वैद्धिकतामा आधारित प्रणालीको विकास र कार्यान्वयन गर्ने; सम्पूर्ण कर तथा व्यवसाय प्रशासनलाई एक-द्वार प्रणालीमा आवद्ध गर्ने।

(२) **वित्तीय स्रोत परिचालनमा सुधार कार्यक्रमः** विकासको आवश्यकता पूरा गर्न ठूलो स्रोत-साधनको आवश्यकता पर्ने भएकोले स्रोत परिचालनमा व्यापक सुधार गर्ने; राजश्व छली र चुहावट नियन्त्रण गर्न वैज्ञानिक भन्सार दर कायम गर्ने, सिसि क्यामेरा, स्क्यानर, भेहिकल स्क्यानर लगायतका प्रविधिको प्रयोग गरी सर्भेलेन्स प्रणालीमा सुधार गर्ने; मूल्य अभिवृद्धि कर परिपालना बढाउने; अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउने; बिलबिजक जारी नगर्ने बिक्रेताका साथै बिलबिजक नलिने ग्राहकलाई पनि कारवाहीको व्यवस्था गर्ने; राम्रो काम गर्ने कर्मचारी तथा उद्योगी-व्यवसायीलाई प्रोत्साहन तथा पुरस्कार र गलत गर्नेलाई हुने दण्ड-जरिवाना गर्ने; भन्सार छली, कर छली, सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबार रोक्न खटिने सुरक्षाकर्मी तथा कर्मचारीहरूलाई लजिष्टिक तथा विशेष सुविधाको व्यवस्था गर्ने।

(३) **वित्तीय हस्तान्तरण-वित्तीय कार्यकुशलता अभिवृद्धि कार्यक्रमः** सङ्घीयताको कार्यान्वयनपछि तीनै तहका सरकारी खाता रहने व्यवस्था भएको र सङ्घीय सरकारको खातामा रकम नभएको अवस्थामा पनि प्रदेश तथा स्थानीय तहको खातामा खर्च नभई ठूलो अंश बाँकी रहने गरेको अवस्थामा सङ्घबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने रकम स्थानान्तरण गर्दा रकम खातामा निष्कृय नरहने गरी उपलब्ध गराउने व्यवस्था गर्ने; प्रदेश र स्थानीय तहको खातामा रहेको रकमबाट सङ्घले सापटी लिन पाउने व्यवस्था अवलम्वन गर्ने।

(४) **प्राकृतिक स्रोत मार्फत वित्तीय स्रोत परिचालन कार्यक्रमः** उपलब्ध जमिन, वनसम्पदा, पानी, ढुङ्गामाटो, नदीजन्य सामाग्री आदिको समुचित प्रयोग गर्ने; प्राकृतिक स्रोत-साधन (सार्वजनिक जमिन, वन, नदीनाला तथा पोखरी, नदीजन्य तथा उत्खनन्जन्य निर्माण सामग्री) को विवेकशील उपयोगबाट राजश्व वृद्धि गर्ने प्रणाली विकास गर्ने।

(५) **अनौपचारिक आर्थिक क्रियाकलापको औपचारिकीकरण कार्यक्रमः** घर बहाल अनुमति, लेबलिङ्, नवीकरण तथा करमा आबद्धता प्रवर्द्धन; घर जग्गा कारोबार र घरजग्गाको खरिद-

बिक्री दलालको कारोबारलाई अनिवार्यरूपमा दर्ता, सूचीकृत एजेण्ट मार्फत कारोबार सिफारिश, व्यवसायीलाई करको दायरामा ल्याउने; अनौपचारिक अर्थतन्त्रको औपचारिकीकरण प्रवर्द्धनमा स्थानीय तहलाई सक्रिय गराई सोको आधारमा राजस्व बाँडफाँड गर्ने; अनौपचारिक आर्थिक क्रियाकलापलाई औपचारिक अर्थतन्त्रको दायरामा ल्याउन अवैध व्यापार तथा कारोबारलाई माग तथा आपूर्ति दुबैतर्फबाट नियन्त्रण गर्न प्रभावकारी कदम चाल्ने तथा कुल गार्हस्थ्य उत्पादनको गणना विधिलाई परिमार्जन गरी आधार वर्ष परिवर्तन गर्ने।

(६) **उत्तरदायी सार्वजनिक वित्त व्यवस्थापन कार्यक्रमः** उत्तरदायी सार्वजनिक वित्त व्यवस्थापनका लागि सूचना प्रविधिको सवलीकरण गर्ने; सम्पूर्ण सरकारको यथार्थ वित्तीय विवरण प्रकाशन गर्ने; सार्वजनिक वित्तीय जोखिमको आकलन र व्यवस्थापन प्रणाली निर्माण गर्ने; कुल सरकारी वित्तीय कारोबार (खर्च र राजस्व) को १.५ प्रतिशत भन्दा बढी लेखा परीक्षण बेरूजू आउने निकाय प्रमुख र लेखा प्रमुखलाई दण्डित गर्ने कानूनी प्रबन्ध गर्ने।

(७) **आयोजना व्यवस्थापन सबलीकरण र पुँजीगत खर्च क्षमता वृद्धि कार्यक्रमः** आयोजना बैङ्क, मध्यमकालीन खर्च संरचना र मन्त्रालयगत बजेट सूचना प्रणालीको अन्तर-आबद्धता अभिवृद्धि गर्ने; बाह्य करार र कार्यसम्पादन करार जस्ता विधि मार्फत आयोजना प्रमुखको खुला प्रतिस्पर्धात्मक माध्यमबाट छनौटलाई प्राथमिकता दिने; पुँजीगत खर्च क्षमता वृद्धिका लागि एकीकृत विकास कानून तर्जुमा गर्ने; पुँजीगत खर्चको लागत प्रभावकारिता अभिवृद्धि गर्न सार्वजनिक लगानी व्यवस्थापन कार्ययोजनाको कार्यान्वयन गर्ने; जग्गा प्राप्ति, वन क्षेत्रको प्रयोग, निर्माण सामग्रीको उपलब्धता र पर्याप्त बजेट व्यवस्थाको लागि समन्वय र सहजीकरण गर्ने; आयोजना व्यवस्थापन प्रणालीमा उच्च प्रविधिको प्रयोग, आयोजना प्रमुख छिटो-छिटो परिवर्तन अवस्थाको अन्त्य एवम् उपयुक्त दक्ष जनशक्तिको व्यवस्था गर्ने।

(८) **निर्माण व्यवसायीको क्षमता र कार्यकुशलता अभिवृद्धि कार्यक्रमः** निर्माणसम्बन्धी सार्वजनिक खरिद ऐनलाई सरकार तथा निजी क्षेत्रबीच स्वीकार्य हुने गरी संशोधन गर्ने; निर्माणका मापदण्ड र आचारसंहिताको व्यवस्थापन गर्ने; निर्माण व्यवसायीको क्षमता र कार्यकुशलता अभिवृद्धि गर्ने; ठेक्का सम्झौता र अन्तरिम भुक्तानी प्रमाणपत्रको धितोकरण गर्न पाउने व्यवस्था र सरकारी निकायले सिधै सोधभर्ना गर्न सक्ने प्रबन्ध गर्ने; निर्माण व्यवसायी चयन गर्दा निर्माण व्यवसायीले आफ्नो जिम्मेवारी निर्वाह गरिसकेको कार्य फछ्र्यौट पत्र अनिवार्य संलग्न गर्नुपर्ने प्रणाली अवलम्बन गर्ने।

(९) **सार्वजनिक कोषहरूको एकीकरण र स्रोतको विस्तार कार्यक्रमः** सार्वजनिक कोषहरूको एकीकरणसम्बन्धी नीति निर्माण, कार्यान्वयन तथा एकीकरण कोषबाट ऋण लिन सक्ने

व्यवस्था गर्ने; स्थानीय तह र प्रदेशको आम्दानीका थप स्रोतका क्षेत्रहरू पहिचान र दायरा विस्तार गर्ने।

(१०) **परियोजना विशेष विकास ऋणपत्र निष्काशन कार्यक्रमः** विशेष आयोजना सञ्चालनका लागि परियोजना विशेष विकास ऋणपत्र मार्फत लगानी जुटाउने।

(११) **देशलाई आर्कषक लगानी गन्तव्य रूपमा प्रवर्द्धन कार्यक्रमः** देशलाई आकर्षक लगानी गन्तव्यको रूपमा प्रवर्द्धन गर्न कानूनी सुधार, स्वचालित प्रणालीको कार्यान्वयन र सहजीकरण व्यवस्थाबाट व्यवसाय सञ्चालनका सूचकहरूमा सुधार गर्ने; स्वदेशी लगानीकर्तालाई थप लगानीका लागि प्रोत्साहन गर्नुका साथै ठूलो मात्रामा वैदेशिक लगानी भित्र्याउने; विभिन्न पूर्वाधार परियोजनाको लागि सार्वजनिक-निजी-साझेदारी प्रवर्द्धन गर्न Viability Gap Funding लाई कार्यान्वयनमा ल्याउने; आर्थिक कूटनीतिको प्रभावकारिता अभिवृद्धि गर्ने।

(१२) **कृत्रिम बौद्धिकता प्रवर्द्धन कार्यक्रमः** सरकारको चालु प्रकृतिको खर्च घटाउन जनशक्ति कम प्रयोग हुनेगरी कृतिम बौद्धिकता लगायतका सूचना प्रविधिको प्रयोग बढाउने; सवारी साधन, इन्धन, सवारी चालक, कार्यालय सहयोगीको प्रयोगलाई व्यवस्थित र मितव्ययी बनाउने; स्टेशनरी, विद्युत, पानी आदिको प्रयोगमा मितव्ययीता कायम हुने उपायहरूको अवलम्वन; सम्भव भएका सबै विषयमा कृत्रिम बौद्धिकताको प्रयोग बढाउदै लैजाने।

(१३) **अन्तर्राष्ट्रिय वित्त परिचालनको प्रभावकारिता अभिवृद्धि कार्यक्रमः** नीति तथा कार्यक्रममा आधारित विकास सहायताको परिचालनलाई प्राथमिकता गर्ने; अन्तर्राष्ट्रिय वित्तका नयाँ उपकरणहरू जस्तैः हरित ऋणपत्र, जलवायु उत्थानशील बण्ड, मिश्रित वित्त, स्थानीय मुद्रामा जारी हुने ऋणपत्र आदि परिचालन गर्ने; अन्तर्राष्ट्रिय वित्त परिचालन गर्दा देखिने विनिमयदर र ब्याजदर जोखिम कम गर्न हेजिङ् व्यवस्थाको प्रभावकारिता वृद्धि गर्ने; वैदेशिक सहयोग परिचालनको प्रभावकारिता बढाउन प्रक्रियागत सुधार र खर्च क्षमता वृद्धि गर्ने; वैदेशिक सहयोगबाट सञ्चालन गरिने आयोजनाको छनौट गर्दा विकासको आवश्यकता र सम्भावना, प्राप्त हुने नतिजा र सन्तुलित विकासलाई आधार मानी सोअनुरूप निर्देशित हुने।

(१४) **नतिजामूलक अनुगमन तथा मूल्याङ्कन र दिगोपना कार्यक्रमः** नतिजामूलक अनुगमन र मूल्याङ्कनका लागि सूचना प्रविधिमा आधारित स्थलगत तथा गैर-स्थलगत विधिमा निरन्तर परिमार्जन गरी अवलम्बन गर्ने; सूचना-प्रणालीहरू एकीकृत गर्ने र प्रणालीहरूबीच स्वचालित सूचना आदान-प्रदान हुने प्रबन्ध गर्ने।

## ११.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | वार्षिक राजस्व वृद्धिदर | प्रतिशत | -१०.२ | १२.४ |
| २ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सङ्घीय राजस्व परिचालन | प्रतिशत | १८.९ | २३.५ |
| ३ | सरकारी खर्च अनुपात (चालु:पुँजीगत:वित्तीय व्यवस्था) | प्रतिशत | ७१:१६:१३ | ५५:२९:१६ |
| ४ | वार्षिक कुल विनियोजन र खर्चको अनुपात | प्रतिशत | ७९.७ | ९० |
| | चालु खर्च | | ८५.० | ९० |
| | पुँजीगत खर्च | | ६१.४ | ९० |
| | वित्तीय व्यवस्था | | ८२.६ | ९० |
| ५ | कुल खर्चमा वार्षिक बेरूजूको अनुपात | प्रतिशत | २.४ | १.५ |

परिच्छेद १२

# शासकीय सुधार तथा सुशासन प्रवर्द्धन


| | | |
|---|---|---|
| १२.१ | पृष्ठभूमि | २१९ |
| १२.२ | विद्यमान अवस्था | २१९ |
| १२.३ | मुख्य सवाल तथा चुनौती | २२१ |
| १२.४ | रूपान्तरणकारी रणनीति | २२३ |
| १२.५ | प्रमुख कार्यक्रम | २२६ |
| १२.६ | परिमाणात्मक लक्ष्य | २३१ |

परिच्छेद १२

# शासकीय सुधार तथा सुशासन प्रवर्द्धन

## १२.१ पृष्ठभूमि

नेपालको संविधानले नागरिकको जीउ, धन लगायत वैयक्तिक स्वतन्त्रता र समानताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीता, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, नागरिकको सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्था स्थापना गर्ने लक्ष्य तय गरेको छ। शासकीय सुधार र सुशासनको प्रत्याभूतिले लोक कल्याणकारी राज्य स्थापना गर्ने आधार तयार गर्दछ। बदलिँदो समयसँगै शासकीय सुधारको क्षेत्र र दायरा पनि फराकिलो हुँदै गएको छ। नागरिकको समग्र विकास र कल्याणको अपेक्षालाई शासकीय सुधारको कार्यसूचीमा समेट्दा संविधानले अङ्गिकार गरेको लक्ष्य स्थापित हुनसक्छ। शासकीय सुधारले मानिसको जन्म पूर्वदेखि मृत्यू पछिसम्मका सम्बन्धित क्रियाकलापमा गरिएको सुधारलाई समेटनु जरुरी हुन्छ।

सुशासनको प्रत्याभूतिको लागि राजनीतिक, प्रशासनिक, न्यायिक एवम् सामाजिक क्षेत्रमा पारदर्शीता, जवाफदेहिता, जनउत्तरदायित्व, सदाचारयुक्त कार्य प्रणाली र व्यवहार आवश्यक पर्दछ। सङ्घीय शासन प्रणालीमा तहगत सरकारहरूको बीचमा अधिकार, दायित्व एवम् कर्तव्य, कार्य जिम्मेवारी र प्रभावकारी समन्वयलाई सबल र सुदृढ बनाउनु अपरिहार्य हुन्छ। राज्यबाट प्रदान गरिएको सेवा, सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गराउनु राज्यको दायित्व हो।

## १२.२ विद्यमान अवस्था

संविधान जारी भए पश्चात संविधानबमोजिम मिश्रित निर्वाचन प्रणालीको माध्यमबाट दुई पटक सङ्घ, प्रदेश र स्थानीय सरकारका निर्वाचन सम्पन्न भएका छन्। तीनै तहका सरकारले पहिलो कार्यकाल पूरा गरी दोस्रो कार्यकालमा प्रवेश गरेका छन्। यसबाट लोकतान्त्रिक गणतन्त्र स्थापित भएको छ। सार्वजनिक निकाय राजनीतिक रूपमा समावेशी हुँदै गएको छ। फलस्वरूप लोकतान्त्रिक शासन प्रक्रिया मार्फत सुशासनलाई स्थापित गर्न सहयोग पुगेको छ।

सुशासनको प्रत्याभूति गराउने राज्यको नीति कार्यान्वयन गर्न आवश्यक कानूनी एवम् संरचनागत व्यवस्था, नागरिक सचेतना, अधिकार समूह र सञ्चार जगतको भूमिका अभिवृद्धि भए तापनि शासकीय

सुधार तथा सुशासनका विभिन्न आयामहरूका अधिकांश सूचकहरूको प्रगति अपेक्षित रूपमा सन्तोषजनक देँखिदैन। पन्ध्रौं आवधिक योजनामा विधिको शासनको सूचकाङ्क अन्तिम वर्ष (आ.व.२०८०/८१) को लक्ष्यको तुलनामा आ.व.२०७९/८० मा ज्यादै न्यून मात्र नभई योजनाको आधार वर्ष आ.व.२०७५/७६ मा मापन भएको भन्दा पनि घटेको देखिन्छ। सरकारको प्रभावकारिता, भ्रष्टाचार नियन्त्रण, आवाज र उत्तरदायित्व, नियामकको गुणस्तर तथा राजनीतिक स्थायित्व, हिंसाको अन्त्य लगायतका सूचकहरूमा भएको सुधार पनि अपेक्षाकृत देखिँदैन।

नेपाल भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पक्ष राष्ट्र भएको सन्दर्भमा उक्त महासन्धिका प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना,२०६९ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। नेपाल महिलाहरूको राजनीतिक अधिकारसम्बन्धी महासन्धि, सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल लगायतको पक्ष राष्ट्र पनि हो। तसर्थ, ती महासन्धिहरूको कार्यान्वयनको लागि आवश्यक कानून र संरचनाको निर्माण तथा कार्यक्रम सञ्चालन भइरहेको छ। नेपालमा अदृष्य अर्थतन्त्रसम्बन्धी अध्ययन अनुसन्धान नभएकोले यसको आकार र गहिराई बारे यथार्थ तथ्याङ्क उपलब्ध नरहेको अवस्था छ। फलस्वरूप यसले अर्थतन्त्रमा पारेको नकारात्मक प्रभाव समेत आकलन गर्न सकिएको छैन। मुलुकलाई पूर्ण भ्रष्टाचारमुक्त बनाउन अर्थतन्त्रमा सतप्रतिशत नगदरहित कारोवारलाई आत्मसात गर्नुपर्ने आवश्यकता रहेको छ।

सङ्घीय शासन प्रणालीलाई कार्यान्वयन गर्न संविधानले सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ। शासकीय अधिकारको प्रयोग, सेवा प्रवाह तथा विकास व्यवस्थापन लगायत अन्य क्षेत्रमा राज्यका तीन तहबीच हुन सक्ने राजनीतिक विवाद समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा सङ्घीय सरकारका गृहमन्त्री, अर्थमन्त्री र सम्बन्धित प्रदेशको मुख्यमन्त्रीसहितको एक अन्तरप्रदेश परिषदको संवैधानिक व्यवस्था गरिएको छ। तीन तहका सरकारबीच कार्यात्मक समन्वयका लागि सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। प्रधानमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय समन्वय परिषदको बैठक नियमित रूपमा आयोजना गरी तीन तहका सरकारका बीचमा समन्वय र सहजीकरण गरिएको छ।

जनप्रतिनिधि र राष्ट्र सेवकको संयुक्त प्रयास र प्रतिवद्धताबाट संविधानको उद्देश्य पूरा गर्न सकिन्छ। राष्ट्र सेवकको क्षमता अभिवृद्धि गर्दै संवैधानिक उद्देश्य प्राप्तिमा राष्ट्र सेवकको योगदान र भूमिका

बढाउन सार्वजनिक सेवाको महत्त्वपूर्ण मानकको रूपमा रहेको र अन्य सरकारी तथा अर्धसरकारी सेवाहरूका लागि समेत मार्गदर्शक हुने निजामती सेवासँग सम्बन्धित नीति, नियम, कार्य र आचरणगत व्यवहारमा समयानुकुल परिमार्जन गरी परिस्कृत एवम् उद्देश्यमूलक बनाउनु आवश्यक हुन्छ।

## १२.३ मुख्य सवाल तथा चुनौती

(१) **राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकताः** विभिन्न जातजाति, सम्प्रदाय र समुदायको बीचमा सामाजिक सद्भाव कायम राख्दै दिगो शान्ति, राष्ट्रिय सुरक्षा र एकता कायम गर्नु; समतामूलक समावेशीताउन्मुख समाज निर्माण गर्नु; मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका साथै प्रभावकारी आर्थिक तथा सुरक्षा कूटनीतिको माध्यमवाट राष्ट्रिय हित अभिवृद्धि गर्नु; द्वन्द्वका आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षको सम्बोधन गरी नागरिकमा सुखको अनुभूति दिलाउनु।

(२) **शासकीय सुधार एवम् सुशासनका लागि नीतिगत तथा कानूनी प्रबन्धः** संविधानबमोजिम तीन तहका सरकारको एकल तथा साझा अधिकार सूचीअनुरूप कार्य विस्तृतीकरण गरी आवश्यक कानून निर्माण तथा कानून कार्यान्वयनमा तहगत सरकारबीच सामञ्जस्यता कायम गर्नु; शान्ति, सुव्यवस्था र सुरक्षासहित सार्वजनिक सेवा र विकास व्यवस्थापनका लागि तीन तहका सबै निकायहरूको बीचमा अन्तर-आबद्धतायुक्त एकीकृत तथ्याङ्क प्रणाली स्थापना र सञ्चालन गर्नु; समावेशीकरणको मूल्य, मान्यता एवम् सिद्धान्तका आधारमा राज्यको स्रोत साधनको तथ्यपरक र न्यायोचित वितरण गर्दै राजनीतिक, आर्थिक, प्रशासनिक, सामाजिक, शैक्षिक तथा निजी लगायतका अन्य क्षेत्रमा लक्षित वर्गको पहुँच सुनिश्चित गर्नु; नेपालमा अदृष्य अर्थतन्त्रको आकार र गहिराइबारे तथ्याङ्क सङ्कलन गरी अर्थतन्त्रका विभिन्न चरहरूमा परेको प्रभावबारे जानकारी प्राप्त गर्नु तथा यथार्थपरक नीति तर्जुमा गर्नु।

(३) **विद्युतीय सुशासनको संस्थागत विकासः** एकै प्रकारको विवरण पट्क पट्क सङ्कलन नगरी एकीकृत रूपमा सङ्कलन गर्ने प्रणालीको विकास गर्नु; विभिन्न निकायले प्रयोग गरिरहेका सूचना प्रविधि एवम् डाटावेशका प्रणालीको बीचमा अन्तर-आबद्धता कायम गर्नु; दिगो र भरपर्दो सेवा प्रवाह गर्ने कार्यसंस्कृतिको विकास गर्नु; प्राविधिक एवम् साइवर सुरक्षाका दृष्टिले विद्यमान सूचना प्रविधि प्रणालीलाई सबल बनाउनु; विद्युतीय सुशासनको कार्यगत तथा संस्थागत विकास र विस्तार गर्नु।

(४) **वित्तीय सुशासनको प्रत्याभूतिः** सबै प्रकारका भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गर्न पूर्ण नगदरहित कारोवारका लागि नीतिगत, कानूनी, संस्थागत र कार्यक्रमहरूको तर्जुमा एवम् विकास गर्नु; सबै सार्वजनिक निकायहरूले कानूनमा तोकिएको प्रक्रिया, विधि र समयभित्र

बजेट तर्जुमा र बजेटको प्रभावकारी कार्यान्वयन गर्नु; सार्वजनिक स्रोत र साधनको मितव्ययी, उत्पादनशील एवम् विधिसम्मत विनियोजन तथा परिचालन गर्नु; राजस्व चुहावट तथा छली नियन्त्रण गर्नु र तहगत वित्तीय सन्तुलन कायम गर्नु।

(५) **राजनीतिक दलको आर्थिक पारदर्शिता, प्रविधिमैत्री तथा मितव्ययी निर्वाचन व्यवस्थापनः** राजनीतिक दलको आर्थिक कारोवारलाई पारदर्शी बनाउनु; निर्वाचन प्रणालीलाई स्वच्छ, निष्पक्ष, मर्यादित र मितव्ययी बनाउनु; लोकतन्त्रको आधारको रूपमा रहेको निर्वाचन प्रक्रियालाई प्रविधिमैत्री बनाउनु; आधुनिक प्रविधिको उदयसँगै निर्वाचन प्रक्रिया व्यवस्थापनमा यसको नकारात्मकतालाई निराकरण गर्दै निर्वाचनको स्वच्छतालाई जोगाइराख्नु; निर्वाचन व्यवस्थापनलाई कम खर्चिलो र बढी प्रभावकारी बनाउनु।

(६) **प्रशासनिक तथा न्यायिक क्षेत्रमा नैतिकता, सदाचारिता र निष्ठाको प्रवर्द्धनः** भ्रष्टाचारको जटिल र नवीन् स्वरूप तथा आयामसँगै अनुसन्धान र अभियोजन प्रणालीमा सुधार र क्षमता विकास गर्नु; न्यायिक प्रणालीको संस्थागत सुदृढीकरण र न्यायिक सक्षमता अभिवृद्धि गर्नु; सबै तहका सरकारबाट हुने कानून तर्जुमासम्बन्धी कार्यको लागि क्षमता अभिवृद्धि गर्नु; असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराई न्यायमा सबैको सरल र सुलभ पहुँच अभिवृद्धि गरी मानव अधिकार तथा मौलिक हकको सम्वर्द्धन र निर्वाध उपयोगको सुनिश्चिततासहित कानूनी शासनलाइ प्रभावकारी बनाउनु।

(७) **प्रशासनिक सङ्घीयताको संस्थागत विकासः** सङ्घ, प्रदेश र स्थानीय तहको सरकारी सेवा सञ्चालन र व्यवस्थापनको लागि आवश्यक कानूनी प्रबन्ध गर्नु; सङ्घीय संरचनामा आवश्यक पर्ने दक्ष जनशक्ति व्यवस्थापन गर्नु; नेपाल सरकारको कार्यविस्तृतीकरण प्रतिवेदनअनुसार प्रत्येक तहका सरकारले आफ्नो कार्यजिम्मेवारीबमोजिका कार्य सञ्चालन गर्नु; तथ्याङ्कको संयोजन र समन्वयको कार्यलाई प्रभावकारी बनाउनु।

(८) **शासनका बहुपात्रहरूको भूमिकामा सबलीकरणः** दिगो विकासको लक्ष्य प्राप्ति गर्न सार्वजनिक, निजी, सहकारी, सामुदायिक र गैरसरकारी संस्थाको भूमिका अभिवृद्धि गर्नु; सुशासन कायम गर्ने निकायहरूको क्षमता अभिवृद्धि गर्नेतर्फ पर्याप्त पहल गर्नु; वित्तीय (बैङ्क, लघुवित्त, सहकारी क्षेत्र), निजी, गैरसरकारी तथा सामुदायिक क्षेत्रमा संस्थागत सुशासन कायम गर्नु।

(९) **विकास व्यस्थापनमा सुशासनः** भौतिक विकासका लागि सञ्चालित ठूला आयोजना, सामाजिक क्षेत्रका कार्यक्रम र प्रशासनिक क्षेत्रका सेवा प्रवाहसँग सम्बन्धित कार्यहरूको प्रभावकारी कार्यान्वयन गर्नु; पर्याप्त स्रोत व्यवस्थापन, जनशक्ति परिचालन तथा नीतिगत सहजीकरणसहित नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्नु; अनुगमन नतिजाका आधारमा

आयोजना व्यवस्थापन प्रणालीमा सुधार गर्नु; आयोजनाको प्रगतिलाई आयोजना प्रमुखको कार्यसम्पादनसँग आबद्ध गर्नु; आयोजनालाई निश्चित समयभित्र सम्पन्न गरी प्रतिफल प्राप्त गर्नु।

## १२.४ रूपान्तरणकारी रणनीति

(१) **राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकता अभिवृद्धि गर्नेः** नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र भू-राजनीतिक चुनौतीहरूको व्यवस्थापन गर्ने; शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीऊ, धन र स्वतन्त्रताको संरक्षण गर्दै जनतामा सुरक्षाको अनुभूति दिलाउने; नवीन् सुरक्षा चुनौतीहरूको व्यवस्थापन गरी सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गराउन नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने; सबै प्रकारका सङ्गठित अपराध नियन्त्रण गर्ने; सङ्घ, प्रदेश तथा स्थानीय तहले प्राथमिकताका साथ सामाजिक सदभाव र सामाजिक सौहार्दता अभिवृद्धिसम्बन्धी नीति, कार्यक्रम तर्जुमा गरी बजेट व्यवस्था गर्ने; राष्ट्रिय सरोकारका विषयलाई उच्च प्राथमिकता दिँदै विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव र सहिष्णुता मार्फत ऐक्यबद्धता कायम गर्ने; एकताको आधार विविधताको अवधारणालाई आत्मसात गर्दै सबैको संस्कृतिलाई सबैले मान्यता दिने वातावरण निर्माण गर्ने; राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा प्रतिकूल प्रभाव पार्ने क्रियाकलापलाई नियन्त्रण गर्ने; द्वन्द्वका विविध पक्षको विश्लेषण गरी निराकरणका उपायहरू अवलम्वन गर्ने।

(२) **सार्वजनिक सेवा प्रवाहमा सुधार गर्नेः** विद्युतीय माध्यम एवम् नवीन् प्रविधिहरूको उच्चतम उपयोग गरी सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्ने; सबै संस्थाहरूमा विद्युतीय प्रतिवेदन गर्ने प्रणाली विस्तार गरी जनस्तरमा सूचनाको नियमित र सहज पहुँचको प्रबन्ध गर्ने; सबै प्रकारको सेवाको लागि सरकारी सूचना प्रणालीको एकीकृत उपयोग, सबै किसिमका सार्वजनिक र निजी स्वास्थ्य संस्थाहरूमा विद्युतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणालीको विस्तार गरी ती संस्थाहरूको नियमन र गुणस्तर प्रत्याभूत गर्ने; पञ्जीकरण प्रणालीमा सुधार गर्ने; सार्वजनिक संस्थाहरूमा कायम रहेको कार्यसंस्कृति सुधार गरी नागरिकको गुनासो निवारण गर्ने गरी सेवा प्रवाह गर्ने।

(३) **कानूनी शासनको प्रत्याभूति गर्नेः** आवश्यक कानूनी पूर्वाधार निर्माण तथा कानूनको परिपालना मार्फत कानूनी शासनको स्थापना गरी नेतृत्वको व्यवहार र प्रवृत्तिमा परिवर्तन ल्याउने; न्यायोचित, तार्किक र दूरदर्शितामा आधारित कानूनी प्रणाली स्थापित गरी राजनीतिक, प्रशासनिक, न्यायिक लगायत अन्य क्षेत्रमा सुशासनको स्तर सुदृढ गर्ने; विकासका नवीन्

आयामहरूलाई सम्बोधन गर्न कृत्रिम बौद्धिकता र डिजिटल शासनसँग सम्बन्धित कानूनको निर्माण तथा कार्यान्वयन गर्ने।

(४) **तथ्याङ्क प्रणालीको सुदृढीकरण गर्नेः** तथ्यमा आधारित नीति तथा योजना तर्जुमाको लागि एकीकृत तथ्याङ्क प्रणालीको विकास र विस्तार गरी विद्युतीय प्रणालीमा आबद्ध गर्ने; तहगत सरकारका लागि आवश्यक तथ्याङ्क उत्पादन, विश्लेषण, प्रकाशन तथा आदान-प्रदानका लागि आवश्यक पूर्वाधार तथा कार्यसंरचना स्थापना गरी सञ्चालन गर्ने; गुणस्तरीय तथ्याङ्कीय आधार तयार गर्न अन्तर्राष्ट्रिय मापदण्ड, वर्गीकरण तथा ढाँचा लागु गर्ने; तहगत सरकारका तथ्याङ्कीय इकाइको सुदृढीकरणका लागि प्रविधि, स्रोतसाधन तथा जनशक्तिको व्यवस्थापन तथा विकास गर्ने; सर्वेक्षण क्यालेण्डर तयार गरी गणना तथा सर्वेक्षण सञ्चालन गर्ने र सबै तह, निकाय तथा क्षेत्रमा उत्पादित प्रशासनिक अभिलेखहरूको व्यवस्थापन मार्फत तथ्याङ्क उत्पादन गर्ने।

(५) **राजनीतिक दलको आर्थिक कारोबारको पारदर्शिता र निर्वाचन व्यवस्थापन प्रक्रियामा सुधार गर्नेः** राजनीतिक दलहरूले समाजको विभिन्न क्षेत्र र वर्गसँग लिने चन्दा तथा आर्थिक सहायतालाई पारदर्शी बनाउन पूर्ण रूपमा कानूनी परिपालना गराउने; राजनीतिक दलले कुनै प्रकारको वैदेशिक सहयोग लिन नपाउने व्यवस्था गर्ने; राजनीति दलसम्बन्धी कानूनमा समयानुकुल परिमार्जन गरी राजनीतिक दलको कार्यशैली, आचरण तथा व्यवहारमा सुधार गर्ने; निर्वाचन प्रणालीका विभिन्न चरणहरूमा घरदैलो कार्यक्रमलाई निरुत्साहित गर्दै आधुनिक प्रविधिको प्रयोग गरी निर्वाचन प्रणालीलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, मर्यादित र मितव्ययी बनाउन आवश्यक कानूनी व्यवस्था गर्ने; मतदान अस्वीकार गर्ने अधिकार जस्ता विषय कानूनमा समावेश गरी प्रत्यक्ष लोकतन्त्रलाई सुदृढ बनाउने।

(६) **वित्तीय तथा प्रशासनिक सुशासन प्रवर्द्धन गर्नेः** पूर्ण नगदरहित कारोवारका लागि नीतिगत, कानूनी, संस्थागत र कार्यक्रमहरूको कार्ययोजना तर्जुमा गरी चरणवद्ध रूपमा कार्यान्वयनमा ल्याउने; खुला सरकारको अवधारणा अवलम्बन गरी सार्वजनिक सेवामा सुशासन कायम गर्न जनउत्तरदायी, पारदर्शी, सहभागितामूलक कानूनको परिपालना गर्ने वातावरण तयार गर्ने; उच्च पदाधिकारीहरूको अनिवार्य रूपमा सूचकको आधारमा निष्ठाको मूल्याङ्कन गर्ने संयन्त्रको विकास गर्ने; सूचना प्रविधिको प्रयोग, छरितो प्रशासनिक संरचना, उच्च मनोबल र अभिप्रेरित कर्मचारीतन्त्र मार्फत सार्वजनिक सेवालाई प्रभावकारी बनाउने; तहगत सरकारले आवधिक योजना तथा कानूनबमोजिम मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्ने तथा तोकिएको समय सीमाभित्र नै वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा पेश गरी प्रभावकारी कार्यान्वयन गर्ने प्रबन्ध मिलाउने।

(७) **न्याय प्रणालीमा सुधार गर्नेः** न्यायिक प्रक्रियालाई सरल, अनुमानयोग्य, जवाफदेही, पारदर्शी र सूचना प्रविधिमैत्री बनाइ सबैका लागि न्याय सुनिश्चित गर्ने; न्यायपालिकाप्रतिको जनआस्था र विश्वासमा अभिवृद्धि गरी न्यायपूर्ण समाज निर्माण गर्ने; सूचना प्रविधिको प्रयोग मार्फत न्याय सम्पादन प्रणालीलाई छिटो, छरितो र पहुँचयोग्य बनाउने; अदालतमा रहेको मुद्दाको चाप न्यूनीकरण गर्न अदालतसँग समन्वय गरी मुद्दा व्यवस्थापनका सम्बन्धमा प्रभावकारी उपायहरू अवलम्बन गर्ने; न्यायपालिकाको संस्थागत सुदृढीकरण एवम् अर्धन्यायिक निकाय, न्यायिक समिति लगायतको सबलीकरण गर्ने।

(८) **नैतिकता तथा सदाचारिताको प्रवर्द्धन गर्नेः** सरकारी तथा निजी क्षेत्रमा कार्यरत कर्मचारी, राजनैतिक दलमा आबद्ध पदाधिकारी र सदस्यहरूको लागि आवश्यक पर्ने नैतिकता, सदाचारिता, निष्ठा, आध्यात्मिक बौद्धिकता अभिवृद्धि गर्न सम्बन्धित नीति तथा कानूनमा सुधार गर्ने; कूटनैतिक आचारसंहिताको पूर्ण परिपालना र प्रभावकारी प्रयोग गर्ने; नागरिकले राज्य, समाज र परिवारप्रति निर्वाह गर्नुपर्ने जिम्मेवारी तथा कर्तव्य बोध गराउन आवश्यक रणनीति अवलम्बन गर्ने।

(९) **समतामूलक समावेशीकरणको विकास गर्नेः** लक्षित समुदाय तथा वर्गको संरक्षण, उत्थान र सशक्तीकरण गर्दै राज्यका हरेक क्षेत्रमा पहुँच, पहिचान र प्रतिनिधित्व सुनिश्चित गर्न विद्यमान नीति, कानून तथा व्यवस्थामा सुधार गर्ने; विद्यमान विभेदकारी कानूनमा सुधार तथा नयाँ बन्ने कानूनहरूलाई समावेशी एवम् लैङ्गिकमैत्री बनाउने।

(१०) **नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नेः** सार्वजनिक पदाधिकारीको स्पष्ट उत्तरदायित्व निर्धारण गर्न कानूनी व्यवस्था मिलाइने; अनुगमन तथा मूल्याङ्कन प्रणालीमा प्रविधिको अधिकतम प्रयोग गर्ने; नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्न पृष्ठपोषणलाई अनिवार्य कार्यान्वयन गर्ने, गराउने; प्रशासनिक सुशासनलाई नतिजामुखी बनाउन सेवाग्राहीबाट सम्बन्धित पदाधिकारीको मूल्याङ्कन गर्ने प्रणाली विकास गर्ने।

(११) **योजना तर्जुमालाई प्रभावकारी बनाउनेः** योजना तर्जुमाका सबै चरणहरू (समस्याको पहिचान, समाधानका लागि विकल्पहरूको छनौट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन एवम् पृष्ठपोषण) को विधि र प्रक्रियामा सुधार गर्न सङ्घ, प्रदेश र स्थानीय तहको एकीकृत आयोजना व्यवस्थापन सूचना प्रणाली विकास गर्ने; आयोजनामा दक्ष जनशक्तिको स्थिरता कायम गर्ने; आयोजना छनौट र बजेट विनियोजन गर्दा आयोजना पूर्व तयारीका कार्य सम्पादन गर्ने।

(१२) **मानव अधिकारको सम्वर्द्धन गर्नेः** नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयन अवस्थाको समीक्षा गर्ने; मानव अधिकारको सम्वर्द्धन र संरक्षणको लागि

सम्बन्धित संवैधानिक आयोग तथा सरकारी निकाय, संसद र न्यायपालिकाबीच समन्वय र सहकार्य बढाउने; राष्ट्रिय मानव अधिकार आयोगको सिफारिशलाई कार्यान्वयन गर्ने नीतिगत व्यवस्था गर्ने।

(१३) **नियमनको गुणस्तर अभिवृद्धि गर्ने:** राज्यको नियमनकारी क्षमता अभिवृद्धि गर्न तीन वटै तहका सरकारका बीच समन्वयको सुनिश्चितता गर्दै विद्यमान नियमनको ढाँचामा संरचनात्मक सुधार गर्ने; विद्यमान नियमन व्यवस्थाको संरचनागत सुदृढीकरणको लागि कानूनी, साङ्गठानिक तथा नियुक्ति प्रणालीमा सुधार गर्ने; नियमनकारी निकायको पदाधिकारीको सार्वजनिक जवाफदेहिता परीक्षणको व्यवस्था गर्ने।

(१४) **विद्युतीय सुशासन मार्फत शासकीय रूपान्तरण गर्ने** : शासन सञ्चालनका सबै आयामहरूमा विद्युतीय सुशासन कायम गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यक्रम सञ्चालन गर्ने; विद्युतीय प्रणालीमा आम नागरिकलाई अभ्यस्त बनाउन योजना बनाइ कार्यक्रम लागु गर्ने।

## १२.५ प्रमुख कार्यक्रम

(१) **राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकता सुदृढीकरण कार्यक्रमः** राष्ट्रिय सुरक्षा र प्रतिरक्षासम्बन्धी नीतिगत तथा सङ्गठनात्मक पक्षमा समसामयिक सुधार गर्ने; शान्ति सुरक्षा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई व्यापकता दिने; राष्ट्रिय परिचयपत्रको प्रयोगलाई अनिवार्य बनाउने; अन्य निकाय तथा सेवाहरूसँग राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको अन्तर-आबद्धता तथा सङ्कलित तथ्याङ्क र प्रणालीको सुरक्षा गर्ने; प्रभावकारी सूचना संयन्त्र विकास गरी अपराध नियन्त्रण तथा अनुसन्धानमा आधुनिक प्रविधिको प्रयोग गर्नुका साथै सुरक्षा निकायलाई प्रविधिमैत्री बनाउने; प्रदेशको सुरक्षा व्यवस्थापन सङ्घ र प्रदेश बीचमा संयोजन समेतको आधारमा गर्ने; अन्तरदेशीय अपराधको प्रभावकारी नियन्त्रणका लागि आवश्यकता र पारस्पारिकताका आधारमा पारस्पारिक कानूनी सहायता र सुपुर्दगी सन्धि गर्ने; लागु औषध नियन्त्रण, चुस्त दुरुस्त सुरक्षा व्यवस्थापनको लागि आवश्यक दक्ष जनशक्ति लगायत पर्याप्त स्रोत साधनको व्यवस्था गर्ने; क्रिप्टोकरेन्सीको दुरूपयोग लगायत अनलाइन बेटिङ्गलाई निर्मूल गर्न आवश्यक नीतिगत र कानूनी व्यवस्था गर्ने; कृत्रिम बौद्धिकताको प्रयोगलाई व्यवस्थित बनाइ मुलुकको हितमा प्रयोग गर्न कानूनी प्रबन्ध मिलाउने; सबै जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव र सहिष्णुताको भावना जागृत गराई राष्ट्रिय एकता कायम गर्न विद्यालय शिक्षादेखि विश्वविद्यालय शिक्षासम्मको पाठ्यक्रममा समायानुकूल परिमार्जन गर्ने।

(२) **सार्वजनिक सेवाप्रवाहको गुणस्तर अभिवृद्धि कार्यक्रमः** सार्वजनिक सेवा र सेवा प्रवाहसँग सम्बन्धित कर्मचारी प्रशासनलाई जनमूखी र परिणाममूखी बनाउन सार्वजनिक सेवा सम्पादनसम्बन्धी विशेष सार्वजनिक सेवा कार्यसम्पादन ऐन निर्माण गर्ने; सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रवाह हुने सेवालाई छिटो, छरितो, चुस्त, दुरुस्त तथा प्रभावकारी बनाउन अनुहार रहित र कागज रहित बनाइ विद्युतीय सुशासन प्रवर्द्धन गर्ने; एउटै विवरण एक पटक मात्र सङ्कलन गर्न आवश्यक कानूनी व्यवस्था गर्ने; अन्तर-आबद्धताको लागि डाटा एक्सजेन्ज प्लेटफमको स्थापना र सञ्चालन गर्ने; डिजिटल अर्थतन्त्र र डिजिटल समाज निर्माण मार्फत स्मार्ट राष्ट्र निर्माणको लागि इ-गभर्नेन्स ब्लुप्रिन्टको व्यवस्था गर्ने; सार्वजनिक सेवा प्रवाहलाई लक्षित वर्गका सेवाग्राहीको माग र आवश्यकतालाई सम्बोधन हुने गरी सेवा तथा सहायता प्रदान गर्न प्रशासनिक व्यवस्थामा सुधार गर्ने; सार्वजनिक निकायहरूमा हुने सबै प्रकारका भुक्तानीहरूलाई विद्युतीय स्वरूपमा रूपान्तरण गर्ने; गुनासोको सुनुवाई तथा तत्काल सम्बोधन हुने प्रणालीको विकास गर्ने; सार्वजनिक सेवामा आबद्ध पदाधिकारी तथा कर्मचारीसँग गरिएको कार्यसम्पादन करारलाई नतिजामूलक बनाउने; व्यवस्थापन परिक्षण र कार्य परिक्षण लागु गरी कार्य सम्पादन प्रणालीमा सुधार गर्ने।

(३) **कानूनी शासन प्रत्याभूत कार्यक्रमः** सर्वोच्च अदालतको फैसलाहरू एवम् निर्देशनात्मक आदेश, राष्ट्रिय मानव अधिकार आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायतका संवैधानिक आयोगका निर्णय तथा सिफारिशबमोजिम आवश्यक कानून तर्जुमा एवम् संशोधन गरी कार्यान्वयन गर्ने; नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता लगायत घोषणापत्रको कार्यान्वयनको लागि आवश्यक पर्ने कानूनहरू तर्जुमा, परिमार्जन र कार्यान्वयन गर्ने; दण्डहिनताको अवस्था अन्त्य गर्न राज्यका सबै अङ्गको सबलीकरण तथा सशक्तीकरण गर्ने; कृत्रिम बौद्धिकताको प्रयोगलाई कानूनी शासनको दायरामा विस्तार गर्ने; स्थानीय तहका न्यायिक समितिको सशक्तीकरण तथा कानूनी सहायता कक्षको स्थापना गर्ने।

(४) **एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरण कार्यक्रमः** तथ्यमा र प्रमाणमा आधारित नीति तथा योजना निर्माणलाई प्रभावकारी बनाउन एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास गर्ने; हालको राष्ट्रिय तथ्यगत विवरण (नेसनल डाटा प्रोफाइल)लाई परिमार्जन गर्ने साथै विभिन्न मन्त्रालय तथा निकायका तथ्याङ्क प्रणालीलाई आवद्ध गरी एकद्वार प्रणाली लागु गर्ने; प्रदेश तथा पालिकामा वडास्तरसम्म जनशक्ति परिचालन गरी आधार वर्ष (२०८१ असारसम्म) को तथ्याङ्क प्रविष्टी गर्ने र त्यसपछि आवधिक रूपमा सम्बन्धित निकायबाट तथ्याङ्क प्रविष्टी र अध्यावधिक गर्ने; सार्वजनिक सेवा प्रवाह गर्दा घरपरिवारबाट तथ्याङ्क उपलब्ध गराउनुपर्ने व्यवस्था गर्ने; वडा, पालिका, प्रदेश र सम्बन्धित मन्त्रालय निकायले पनि

तोकिएको अवधिमा तथ्याङ्क अध्यावधिक गरेको हुनुपर्ने व्यवस्था गर्ने; राष्ट्रिय तथ्याङ्कमा सहज पहुँचको व्यवस्था गर्ने; अदृष्य अर्थतन्त्र लगायतका अन्य विषयवस्तुहरूसँग सम्बन्धित तथ्यमा आधारित सूचना सङ्कलन गरी सम्बन्धित क्षेत्रका नीति, योजना तर्जुमा र कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्ने; सङ्घ, प्रदेश र स्थानीय तहका विभिन्न निकायमा रहेका तथ्याङ्कहरूलाई एकीकृत व्यवस्थापन सूचना प्रणालीको स्थापना गरी समावेश गर्ने; राज्यका सबै तह र निकायमा अनुसन्धान तथा विकासलाई प्रोत्साहन गर्ने।

(५) **निर्वाचन व्यवस्थापन प्रक्रियामा सुधार कार्यक्रमः** राजनीतिक दलहरूको आर्थिक कारोबारको पारदर्शीता सुनिश्चितता गर्ने; चुनाव प्रचार प्रसार अभियानमा हुने खर्च कम गर्न सञ्चार माध्यमको प्रयोगलाई प्रोत्साहन गर्ने; स्वच्छ प्रतिस्पर्धा हुने वातावरण तयार गर्न राजनीतिक दलसम्बन्धी कानूनहरूमा परिमार्जन गर्ने; प्रभावकारी निर्वाचन शिक्षा सञ्चालन गर्ने; निर्वाचन प्रणलीमा नवीन्तम् प्रविधिको उच्चतम प्रयोग गरी मतदाता नामावली नियमित रूपमा दर्ता र अद्यावधिक गर्ने; मतदान तथा मतगणनाका लागि निर्वाचनसम्बन्धी कानूनहरूमा संशोधन गरी कार्यान्वयन गर्ने; निर्वाचनमा मतदान अस्वीकार गर्ने अधिकारलाई कार्यान्वयन गर्न कानूनको तर्जुमा गर्ने; निर्वाचनको समयमा सामाजिक सञ्जाल, इन्टरनेट र कृत्रिम बौद्धिकताको प्रयोगबाट हुनसक्ने घृणाजनक अभिव्यक्तिको निगरानी र न्यूनीकरणका लागि प्रविधिको उच्चतम प्रयोग गर्ने; खर्चिलो र भडकिलो निर्वाचन प्रणालीमा सुधार गर्ने; विदेशमा रहेका नागरिकलाई मताधिकारको व्यवस्था गर्न आवश्यक विधिगत र प्रक्रियागत व्यवस्थाको अवलम्बन गर्ने।

(६) **वित्तीय एवम् प्रशासनिक सुशासन प्रवर्द्धन कार्यक्रमः** डिजिटल शासनको माध्यमबाट पारदर्शीता र जवाफदेहिता प्रवर्द्धन गर्ने; निजी क्षेत्रको वित्तीय तथा प्रशासनिक सुशासनलाई कायम गर्न थप कानूनी व्यवस्था गर्ने; भ्रष्टाचारका उजुरीहरूको छानबिनदेखि अनुसन्धान र अभियोजन प्रणालीमा सूचना प्रविधिको अधिकतम उपयोग; स्वार्थको द्वन्द्वसम्बन्धी कानून तर्जुमा र कार्यान्वयन गर्ने; नीतिगत तहमा हुने भ्रष्टाचारको अन्त्य गर्न नीति निर्माणकर्तालाई जवाफदेही र उत्तरदायी बनाउने; पूर्ण नगदरहित कारोवार मार्फत सम्पत्ति शुद्धीकरण लगायत कर छली, भ्रष्टाचार आदि विरुद्ध प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्ने; सङ्घ, प्रदेश र स्थानीय तहको राजनैतिक र प्रशासनिक नेतृत्वलाई कूटनैतिक आचारसंहिताको व्यवस्था र सोको परिपालनको प्रबन्ध गर्ने; नागरिक पहिलाको संस्कृति अन्तर्गत उत्प्रेरक कर्मचारी, स्वच्छ र कार्यमूलक वातावरण तथा कार्यस्थल निर्माण गर्ने; राष्ट्रसेवकलाई राज्यबाट प्रदान गरिएको सेवा सुविधामा समयानुकूल सुधार गर्ने; खर्च गर्ने अधिकारीले लेखापरीक्षण आफैं गर्नुपर्ने व्यवस्था गर्ने; वित्तीय कारोबारको जिम्मेवार व्यक्ति सरुवा भई गएमा रमानापत्रमा बेरूजूको

रकम उल्लेख गर्ने र यसलाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउने; राष्ट्रसेवकलाई वस्तुगत सूचकसहितको कार्यविवरण प्रदान गर्ने परिपाटीको शुरूवात गर्ने; कार्यसम्पादनमा स्वचालित मूल्याङ्कन प्रणालीको विकास गर्ने।

(७) **न्यायिक प्रशासन प्रणालीमा सुदृढीकरण कार्यक्रमः** न्याय प्रणालीलाई छिटो, छरितो र विश्वसनीय बनाउन निःशुल्क कानूनी सहायता र कानूनी साक्षरता विस्तार गर्ने; सूचना प्रविधिमैत्री न्याय सम्पादन, भौतिक पूर्वाधार विकास र न्यायिक जनशक्तिको क्षमता विकास गर्ने; न्यायपालिकाको संस्थागत सुदृढीकरण, न्यायिक जनशक्तिको क्षमता विकास, फरक मुद्दा व्यवस्थापन प्रणालीलाई सर्वोच्च अदालतमा समेत लागु गरी न्यायिक प्रक्रियालाई छिटोछरितो, सहज, प्रभावकारी, अनुमानयोग्य र पहुँचयोग्य बनाउने; सुधारात्मक दण्डका उपायहरूको प्रभावकारी कार्यान्वयन, मुद्दा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगमा अभिवृद्धि गर्ने; स्थानीय तहको न्यायिक समितिलाई प्रभावकारी बनाउन र पदाधिकारीहरूको दक्षता अभिवृद्धि गर्न आवश्यक स्रोत साधनको व्यवस्था गर्ने; न्यायिक जनशक्तिलाई पर्याप्त मात्रामा तालीम तथा अभिमुखीकरण प्रदान गर्ने; मेलमिलाप पद्धति मार्फत विवादको दिगो समाधान गर्न सहजीकरण गर्ने; अदालतको अभिलेख व्यवस्थापनका लागि सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने।

(८) **नैतिकता तथा सदाचारिताको प्रवर्द्धन कार्यक्रमः** राष्ट्रिय सदाचार नीति तर्जुमा गर्ने; राजनीतिज्ञ तथा प्रशासकहरूलाई नैतिकता र सदाचारितासम्बन्धी नियमित अनुशीक्षण गर्ने; सार्वजनिक निकायमा नैतिकता र सदाचारिता कायम गर्न गरिएको सफल तथा अनुकरणीय प्रयासको अन्तर-निकायगत आदान प्रदान कार्यक्रम सञ्चालन गर्ने; नागरिकलाई आफूले राज्य, समाज र परिवारप्रति निर्वाह गर्नुपर्ने जिम्मेवारी तथा कर्तव्यबोध गराउनको लागि आवश्यक शिक्षा तथा संस्कारको बारेमा सघन अभियान समुदायस्तरमा सञ्चालन गर्ने; नागरिकले निर्वाह गर्नुपर्ने जिम्मेवारी तथा कर्तव्यबोध गराउन कानून परिपालनाको संस्कारमा वृद्धि गरी कानूनी शिक्षालाई शिक्षण प्रणालीसँग आबद्ध गर्ने।

(९) **समतामूलक समावेशीकरण कार्यक्रमः** वञ्चितीकरणमा परेका वर्ग तथा समुदायको लागि कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, रोजगार, न्याय लगायत राज्यबाट उपलब्ध हुने सेवा, स्रोत तथा साधनको सहुलियतसहितको न्यायोचित वितरण र सहज पहुँचको सुनिश्चितता गर्ने; निजी, गैरसरकारी तथा अनौपचारिक क्षेत्रमा कार्यरत कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने; लक्षित वर्गको पहिचान गरी परिचय-पत्र वितरणलाई सशक्त रूपमा अगाडि बढाउने।

(१०) **नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास कार्यक्रमः** सङ्घीय संरचनाअनुसार तहगत तथा निकायगत समन्वयमा आयोजना र कार्यक्रमहरूको संयुक्त अनुगमन तथा मूल्याङ्कन गर्ने; तीन तहको सरकारको एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्ने; वस्तुनिष्ठ र मापनयोग्य सूचकहरूको निर्माण गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई नियमित र प्रभावकारी बनाउने; अनुगमन मूल्याङ्कनबाट प्रेषण गरिएको पृष्ठपोषणहरूलाई सम्बन्धित निकायले अनिवार्य कार्यान्वयन गर्नुपर्ने व्यवस्था मिलाउने।

(११) **आयोजना व्यवस्थापन सुधार कार्यक्रमः** कार्यान्वयनसँग सम्बन्धित सरोकारवालाबीच चुस्त दुरुस्त समन्वय स्थापना गर्ने; आयोजना बैङ्क तथा आयोजनाको प्राथमिकीकरण र वर्गीकरण प्रक्रियालाई प्रदेश र स्थानीय तहसम्म संस्थागत गरी एकीकृत आयोजना बैङ्क सूचना व्यवस्थापन प्रणाली स्थापना गर्ने; आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाउन आयोजना चक्रका सबै चरणमा सुरक्षा सुनिश्चितता, नेतृत्वसँग कार्यसम्पादन करार सम्झौता, प्राविधिक परीक्षण र करार प्रशासनको सुदृढीकरण तथा सार्वजनिक खरिद प्रणालीलाई छिटो, छरितो र पारदर्शी तुल्याउने।

(१२) **मानव अधिकार प्रवर्द्धन कार्यक्रमः** राष्ट्रिय मानव अधिकार आयोगको संस्थागत सुदृढीकरण गरी आयोगको सिफारिशमा पीडितलाई परिपूरण, राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्ने; सबै प्रकारका मौलिक हकको कार्यान्वयनसम्बन्धी कानून तर्जुमा तथा कार्यान्वयन गर्ने; सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानवीन् आयोगको सिफारिशलाई कानूनबमोजिम कार्यान्वयन गर्ने।

(१३) **प्रभावकारी नियमन कार्यक्रमः** सार्वजनिक सेवा प्रवाहको गुणस्तर र व्यवस्थापकीय सुधारका लागि निरीक्षण तथा सुपरिवेक्षणको संरचनागत प्रणालीको सुदृढीकरण गर्ने; उपभोक्ता समिति लगायत लाभग्राही समूहको आर्थिक कारोबार तथा क्रियाकलापलाई सार्वजनिक नियमनको दायरामा ल्याउने; नियमनको गुणस्तर कायम गर्नको लागि राजनीतिक र प्रशासनिक पदाधिकारी तथा कर्मचारीको दक्षता, क्षमता अभिवृद्धि तथा साङ्गठनिक सुधार गर्ने।

(१४) **सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीमैत्री प्रणालीको विकास र कार्यान्वयनः** सेवा प्रवाहमा आधुनिक सूचना प्रणाली उपयोग गरी अनुहाररहित तथा नगदरहित प्रणालीको विकास र कार्यान्वयन गर्ने; सार्वजनिक सेवा प्रवाहका नवीन् वैकल्पिक औजारको प्रयोग गर्ने; जिम्मेवार, उत्प्रेरित र निष्ठावान कर्मचारी संयन्त्रको निर्माण गरी कार्यसम्पादनमा सिर्जनशीलता, कार्यकुशलता अभिवृद्धि गर्ने।

(१५) **सीमाक्षेत्रको अभिलेखीकरण र नियमनको प्रभावकारी व्यवस्था**: नेपाल-भारत तथा नेपाल-चीन सीमा क्षेत्रको आवत-जावतमा समान किसिमको व्यवस्था लागु गर्ने; सीमा क्षेत्रमा हुने हरेक मानिसको आवत-जावत र वस्तुको ओसार-पसारको अभिलेखीकरण हुनेगरी नियमनको व्यवस्था गर्ने; भिसा आवश्यक नपर्ने मानिसको सहज आवत-जावत हुने र अभिलेखीकरण पनि हुने व्यवस्थाको लागि कार्ड स्वाइपिङ गरी आवत-जावत गर्नसक्ने व्यवस्था गर्न कार्ड स्वाइपिङ टर्मिनल जडान गर्ने।

(१६) **सहकारी क्षेत्रको सबलीकरण कार्यक्रम**: सहकारी संस्थाहरूलाई सहकारीको उद्देश्य, सिद्धान्त र अवधारणाअनुरूप पारदर्शीरूपमा सञ्चालन हुने र उत्पादन एवम् रोजगारीमा केन्द्रित हुने व्यवस्थाको अवलम्बन गर्ने; सहकारी क्षेत्रको प्रभावकारी नियमन तथा अनुगमनको लागि छुट्टै दोस्रो तहको संयन्त्र स्थापना गर्ने।

## १२.६ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.५२ | ०.६० |
| २ | सरकारको प्रभावकारिता | सूचकाङ्क | -०.८७ | -०.३० |
| ३ | भ्रष्टाचार नियन्त्रण (-२.५ देखि + २.५) | सूचकाङ्क | -०.५३ | ०.४० |
| ४ | भ्रष्टाचार न्यूनीकरण अनुभूति | सूचकाङ्क | ३५ | ४३ |
| ५ | आवाज र उत्तरदायित्व | सूचकाङ्क | ०.४२ | ०.६८ |
| ६ | राजनीतिक स्थायीत्व/ हिंसाको अवस्थिति | सूचकाङ्क | -०.२४ | ०.३० |
| ७ | नियमनको गुणस्तर | सूचकाङ्क | -०.६२ | ०.५ |
| ८ | राजनीतिक सशक्तीकरण | सूचकाङ्क | ०.७४ | ०.८० |
| ९ | सामाजिक सशक्तीकरण | सूचकाङ्क | ०.५४ | ०.६५ |
| १० | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | प्रतिशत | ७५ | १०० |
| ११ | खुला सरकार | सूचकाङ्क | ०.५६ | ०.६३ |
| १२ | निर्वाचनमा मतदाताहरूको सहभागिता | प्रतिशत | ६२ | ७० |
| १३ | निर्वाचनमा बदर मत | प्रतिशत | ६.१ | १.० |
| १४ | लेखापरिक्षण गरी वार्षिक आय व्ययको विवरण पेश गर्ने राजनीतिक दल | प्रतिशत | ७६.५ | १०० |
| १५ | हेलो सरकारमा प्राप्त उजुरी फछ्र्यौट (उजुरीकर्ताको पृष्ठपोषणसहित) | प्रतिशत | ४३.२९ | ९० |

| क्र. सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
| --- | --- | --- | --- | --- |
| १६ | व्यवस्थापन परीक्षण (स्वःमूल्याङ्कनसहित) | सङ्ख्या | ७४० | ७५३ |
| १७ | स्थानीय तहको शासकीय क्षमताको स्व-मूल्याङ्कन गर्ने स्थानीय तह | सङ्ख्या | ७३९ | ७५३ |
| १८ | सीमा अवलोकन पोस्ट | सङ्ख्या | २५२ | ४०० |
| १९ | कुल मुद्दाको फैसला (वार्षिक) | प्रतिशत | ६४.४ | ७५ |
| २० | अदालतको फैसला कार्यान्वयन | प्रतिशत | ४७ | ९५ |

परिच्छेद १३

# जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र


| | | |
|---|---|---|
| १३.१ | पृष्ठभूमि | २३५ |
| १३.२ | विद्यमान अवस्था | २३६ |
| १३.३ | मुख्य सवाल तथा चुनौती | २३८ |
| १३.४ | रूपान्तरणकारी रणनीति | २४० |
| १३.५ | प्रमुख कार्यक्रम | २४२ |
| १३.६ | परिमाणात्मक लक्ष्य | २४६ |

परिच्छेद १३

# जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र

## १३.१ पृष्ठभूमि

स्वस्थ समाज र समृद्ध राष्ट्रको लागि वातावरण संरक्षण, प्रदूषण नियन्त्रण, जलवायु उत्थानशीलता, विपद् जोखिम न्यूनीकरण र हरित अर्थतन्त्रलाई सबै तह र क्षेत्रको विकास प्रक्रियामा अभिन्न अवयवका रूपमा स्वीकार गर्न थालिएको छ। प्राकृतिक स्रोतको संरक्षण तथा व्यवसायिक व्यवस्थापनबाट वनपैदावरको दिगो उपयोग, जैविक विविधताको संरक्षण, खाद्य सुरक्षा, स्वच्छ ऊर्जामा रूपान्तरण, पर्यापर्यटनको विकास, कार्वन सञ्चिति वृद्धि आदिबाट मुलुक लाभान्वित हुने अवसर नेपाल सामु रहेको छ। जलवायु परिवर्तन विश्व समुदायको प्रमुख मुद्दा बनेको वर्तमान परिवेशमा वातावरणीय सेवाको निरन्तरतासहितको हरित उत्थानशील, समावेशी र फराकिलो दायरायुक्त हरित अर्थतन्त्रको विकास नेपालको आवश्यकता हो।

विश्वव्यापी जलवायु परिवर्तनका कारण बनेका हरितगृह ग्यासहरूको उत्सर्जनमा नेपालको योगदान ठूला औद्योगिक राष्ट्रहरूको तुलनामा नगण्य रहे तापनि हिमनदी पगाल्ने, स्थानीय वायु तताउने र वायु प्रदूषणमा योगदान पुऱ्याउने कालो धुँवाका कणहरू नेपाल लगायत दक्षिण एसियाका छिमेकी राष्ट्रहरूका उद्योग, इँटाभट्ट, डिजल सवारी, दाउराका चुल्हो, परालका आगो र वन डडेलोबाट उल्लेख्य उत्सर्जन हुने गरेको छ। जलवायु परिवर्तनका बहुपक्षीय असरले मुलुकको समग्र विकास व्यवस्थापन र जीविकोपार्जन जटिल बन्न पुगेको छ। नेपालको जटिल भौगोलिक बनोट, मनसुनमा आधारित जलस्रोत, प्राकृतिक स्रोतमा आधारित जीविकोपार्जन, न्यून अनुकूलन तथा उत्थानशील क्षमताका साथै विश्वव्यापी जलवायु परिवर्तनको प्रक्षेपणले नेपालमा सङ्कटासन्नता र जोखिम अझ बढ्ने अनुमान गरेको छ। यसबाट विशेष गरी प्राकृतिक स्रोतमा आश्रित सीमान्तकृत समुदाय, साना किसान, दलित, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको जीविकोपार्जन थप जटिल बन्दै गएको छ। स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हकलाई साकार तुल्याउन र मुलुकको जलवायु संवेदनशीलतालाई केन्द्रमा राखी क्षमता अभिवृद्धिसहित विकास व्यवस्थापनमा वातावरण संरक्षण र जलवायु उत्थानशीलतालाई क्रमशः आन्तरिकीकरण गर्दै नेपाल अन्तर्राष्ट्रिय मञ्चमै उदाहरण बनेको छ।

## १३.२ विद्यमान अवस्था

नेपालमा तापक्रम, वर्षा लगायत जलवायुजन्य सूचकहरूमा आएका फेरबदल स्वरूप हिमालमा हिउँ तथा हिमनदी पग्लने क्रम बढेको र हिमतालका आकार र सङ्ख्या वृद्धिसँगै हिमताल बिष्फोटनको जोखिम बढेको छ। त्यसै गरी हिउँद र वसन्त ऋतुमा खडेरी बढेको, हिउँ पर्ने गरेका उच्चभागमा वर्षा सर्दै गएको र धेरै वर्षा छोटो समयमा पर्न थालेकोले पहिरो, बाढी, डुबान र मुहान सुक्ने जस्ता जलवायुजन्य विपद्हरू व्यापक तथा सघन हुँदै गएका छन्। पानीका स्रोतहरू सङ्कुचित हुनाले खाद्य सुरक्षा, खानेपानी, सिचाइ, ऊर्जा लगायतका क्षेत्रमा प्रत्यक्ष र जैविक तथा पारिस्थिकीय प्रणालीमा अप्रत्यक्ष असरहरू बढ्दै गएका छन्।

काठमाडौ उपत्यका, तराई लगायत पहाडी भेगका धेरै ठाउँहरूमा बढदो प्रदूषणले संविधानले सुनिश्चित गरेको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक विपरित मानव स्वास्थ्यमा चुनौती पु¥याएको छ। अव्यवस्थित शहरीकरण, अनियन्त्रित पूर्वाधार निर्माण, बढ्दो वन डढेलो तथा खेतमा आगो, रासायनिक मल तथा विषादीको बढदो प्रयोग, शहरी एवम् औद्योगिक फोहोरको खुलास्थान वा नदीमा विसर्जनले वातावरण प्रदूषण भई जैविक विविधतामा असर परेको छ। प्रविधिसँगै भित्रिएको जोखिमयुक्त (मेशिन, उपकरण, ब्याट्रिजन्य) फोहोरको व्यवस्थापन थप जटिल बनेको छ। अझैपनि दशौं लाख घरपरिवार दाउरा-गुइँठाले खाना पकाई घरभित्र चरम वायु प्रदूषणमा बस्न बाध्य छन्।

वन सम्बद्ध कानूनमा रहेका नियन्त्रणमुखी प्रावधानका कारण ठूलो परिमाणमा स्वदेशी काठ कुहिएर वा जलेर नष्ट भइरहेको छ। निजी वनलाई उद्यमको मान्यता छैन। वातावरणीय अध्ययन र रुख कटान अनुमतिका प्रावधानमा समस्या छ; सामुदायिक वन व्यवस्थापनमा उद्यमशीलता नगण्य रहेको छ, साथै वन व्यवस्थापनका विषयमा सङ्घ तथा प्रदेशबीच अस्पष्टता यथावत रहेको छ। त्यसैगरी खानी तथा नदीजन्य निर्माण सामग्री उत्खननले कुनै ठाँउमा प्रत्यक्ष क्षति गरेको छ भने अरु ठाँउका नदीमा ढुङ्गा गेग्रान थुप्रेर वरिपरिका खेतबस्तीमा डुबानको जोखिम बढेको छ। भूमिगत पानीको अनियन्त्रित दोहन, भवन निर्माण संहितामा वातावरणीय पक्ष नसमेटिएको, समयको आधारमा विद्युत शुल्क खपत नभएको जस्ता थुप्रै सवालहरू नीतिगत रूपमै सम्बोधन गर्नुपर्ने अवस्था रहेको छ।

प्राकृतिक स्रोतको दिगो तथा व्यवसायिक व्यवस्थापन नेपालको विकासको महत्वपूर्ण आधार हुन सक्छ। करिब २३ हजार सामुदायिक वन उपभोक्ता समूहबाट करीब २२ लाख हेक्टर वन क्षेत्रको संरक्षण र व्यवस्थापन हुँदै आउँदा वन क्षेत्र नेपालको भूगोलको २६ प्रतिशतबाट ४५ प्रतिशत पुगेकोमा नेपालले विश्व मञ्चमै सम्मान पाएको छ। कुल २३.४ प्रतिशत भू-भाग ओगटेका

२० वटा संरक्षित क्षेत्रहरूले जैविक विविधता संरक्षणको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याई रहेका छन्। नेपालका वन तथा संरक्षण क्षेत्रहरूले वातावरणीय सन्तुलन, जैविक विविधता र जलाधार संरक्षण, जलवायु परिवर्तन अनुकूलनता अभिवृद्धि तथा काठ, जडिबुटी, वन पैदावरको उपलब्धता, पर्या-पर्यटनको आधार लगायत हरित विकासको उच्च सम्भावना बोकेका छन्। विक्रम सम्वत् २०८० सालमा आयातित जैविक इन्धनबाट चल्ने भन्दा विद्युतबाट चल्ने चार पाङ्ग्रे सवारी साधन बढी बिक्री भएकाले नेपालमा स्वदेशी स्वच्छ ऊर्जामा आधारित शून्य कार्वन यातायात प्रणाली र शून्य कार्वन अर्थतन्त्रको कल्पना गर्न सक्ने स्थिति बनेको छ।

नेपाल जैविक विविधता महासन्धि, जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि, क्योटो अभिसन्धि तथा पेरिस सम्झौताको पक्ष राष्ट्र हो। जलवायु उत्थानशीलता अभिवृद्धि गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७, स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय खाका, २०७६, जलवायु उत्थानशील योजना तथा बजेट तर्जुमा निर्देशिका, २०७७ र जलवायु परिवर्तनसम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०७७-२०८७) तर्जुमा गरी लागु गरिएको छ। दोस्रो राष्ट्रिय रूपमा निर्धारित योगदान र राष्ट्रिय अनुकूलन योजना कार्यान्यवन गर्न आवश्यक पर्ने स्रोतको लागत अनुमान तयार भएको छ। यसैगरी राष्ट्रिय जलवायु सङ्कटासन्नता तथा जोखिम मूल्याङ्कन प्रतिवेदन, २०७९ र दीर्घकालीन न्यून उत्सर्जन विकास रणनीति, २०७९ अनुमोदन गरिएका छन्। जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका रणनीतिक प्राथमिकता र क्षेत्रगत लक्ष्यहरू तय गरी कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन्।

आ.व.२०६८/२०६९ देखि राष्ट्रिय बजेटमा जलवायु सङ्केतको अभ्यास हुँदै आएको र यसलाई प्रदेश तहमा विस्तार गरिएको छ। प्रदेश स्तरीय जलवायु परिवर्तन रणनीति र कार्ययोजना तयार गरिएका छन् भने करिव २६३ स्थानीय तहमा स्थानीय अनुकूलन योजना कार्यान्वयनको क्रममा रहेका छन्। न्यूनीकरण तथा अनुकूलन लक्षित गरी हरित जलवायु कोषबाट ८.७ करोड अमेरिकी डलर बराबरको सहायताको सम्झौता भएको छ भने तीनवटा स्वदेशी संस्थाहरूले हरित जलवायु कोषबाट वित्तीय सहयोग प्राप्तीको मान्यता पाएका छन्। त्यसैगरी ४.५ करोड अमेरिकी डलर बरावर कार्वन व्यापारको लागि विश्व बैङ्कसँग सम्झौता भएको छ।

विश्वकै दुई ठूला अर्थतन्त्र र धेरै जनसङ्ख्या भएका दुई मुलुकको बीचमा अवस्थिति, भौगोलिक तथा पारिस्थितिकीय विविधता, प्राकृतिक सौन्दर्यता, वन तथा जैविक विविधताको प्राचुर्यता, जलस्रोतको उपलब्धता, ऐतिहासिक एवम् सांस्कृतिक सम्पदा, सामाजिक तथा सांस्कृतिक मूल्य-मान्यता र अभ्यासहरू हरित उत्थानशील र समावेशी अर्थतन्त्रका आधार स्तम्भका रूपमा छन्।

## १३.३ मुख्य सवाल तथा चुनौती

(१) **नीतिगत समस्याहरूको सम्बोधन र संस्थागत व्यवस्था तथा क्षमता सुधारः** विषयगत कानूनहरूलाई जैविक विविधतामैत्री, जलवायु परिवर्तन अनुकूलन र हरित अर्थतन्त्र वा हरित उद्यममैत्री तुल्याउन नीतिगत सुधार गर्नु; वातावरण तथा जलवायु परिवर्तन अन्तर सम्बन्धित विषय भएकाले क्षेत्रगत तथा तहगत समन्वयको लागि तीनै तहमा प्रभावकारी संयन्त्रको स्थापना गर्नु; जलवायु परिवर्तनका असरको न्यूनीकरण र अनुकूलनको लागि क्षमता विस्तार गर्दै स्थापित अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच बढाउनुका साथै सहयोग परिचालनको लागि भरपर्दो र अद्यावधिक तथ्याङ्क प्रणालीको स्थापना गर्नु; आयोजना तयारी तथा कार्यान्वयन गर्न सक्षम जनशक्ति विकास र तीनै तहका सरकारको संस्थागत क्षमता अभिवृद्धि गर्नु; राष्ट्रिय निर्धारित योगदान (नेसनल्ली डिटरमाइन्ड कन्ट्रिब्युसन) तथा राष्ट्रिय अनुकूलन योजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन र अन्तरनिकायगत समन्वय गर्नु।

(२) **जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनता प्रवर्द्धनः** जलवायु परिवर्तनले कृषि, जलस्रोत, स्वास्थ्य, पर्यटन, ऊर्जा, वन, जैविक विविधता तथा पूर्वाधार क्षेत्रहरूमा ल्याउने प्रतिकूल प्रभावका बारे ज्ञान र जनचेतनाको वृद्धि गर्नु; जलवायुजन्य विपत्तिबाट हुने हानी नोक्सानीहरू कम गर्नु; नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा गरेका प्रतिवद्धताअनुरूप जलवायु अनुकूलन कार्यक्रम तथा बजेटमा सामञ्जस्यता ल्याउनु; स्वच्छ नवीकरणीय ऊर्जाको उत्पादन तथा खपत बढाउँदै आयातित जीवाश्म ऊर्जाको निर्भरता घटाउनु।

(३) **नेपालका जलवायु परिवर्तनका मुद्दाहरूको अन्तर्राष्ट्रियकरणः** ठूला देशहरूले जीवाश्म इन्धनको प्रयोग र हरितगृह ग्यासको उत्सर्जन द्रुत रूपमा नघटाएसम्म नेपालमा जलवायुजन्य विपत्तिहरूको वृद्धि भइरहनुका साथै त्यसबाट अरू देशहरूमा पनि असर पर्न जाने भएकोले अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले आफ्ना जलवायु परिवर्तनका मुद्दाहरूलाई प्रभावकारी ढङ्गले उठाउनु; अरू देशहरूले जीवाश्म ईन्धन उत्सर्जन घटाउने आवश्यकतालाई गम्भीरतापूर्वक लिनको लागि वातावरण सिर्जना गर्नु; नेपालले आवश्यकता महशुस गरेका उपयुक्त अन्तर्राष्ट्रिय मञ्चहरू निर्माणमा अग्रसरता लिनु; नेपालले जलवायु परिवर्तनसम्बन्धी आफ्ना मुद्दासँग सम्बन्धित देशहरूका समूहहरूको नेतृत्व लिनु; नेपालले अन्तर्राष्ट्रिय वार्ताहरूमा आफ्नो प्रभावकारिता र क्षमता बढाउनु।

(४) **जलवायु परिवर्तनका मुद्दाहरूको स्थानीयकरणः** दिगो विकास लगायत जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन कार्ययोजनाको स्थानीयकरण गर्नु; स्थानीय

अनुकूलन योजना तयार गरी लागु गर्नु; स्थानीय तहमा रहेको वन, वातावरण, जैविक विविधता तथा जलवायु सम्बद्ध तथ्याङ्क सङ्कलन तथा अद्यावधिक र आदान प्रदान प्रणालीको स्थापना गर्नु; स्थानीय समुदायको अनुकूलन क्षमता बढाउनु।

(५) **प्रदूषण नियन्त्रणको प्रभावकारिता अभिवृद्धिः** वैज्ञानिक तथ्यका आधारमा जल, वायु तथा माटोमा भइआएको प्रदूषण घटाउनु; पूर्वाधार विकासमा वातावरणीय पक्षलाई आन्तरिकीकरण गर्नु; फोहोर व्यवस्थापनलाई दिगो र वातावरणमैत्री बनाउनु; प्रदूषणका कारक तथा असरप्रति नागरिकलाई सचेत र जिम्मेवार तुल्याउनु।

(६) **जैविक विविधता र पारिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापन**ः लोपोन्मुख तथा सङ्कटासन्न वन्यजन्तु तथा वनस्पतिको संरक्षणलाई प्रभावकारी बनाउनु, वन्यजन्तुका वासस्थान, आहार तथा विचरणको संरक्षणमा सुधार गर्नु; मानव वन्यजन्तु द्वन्द्व कम गर्नु; जलाधार क्षेत्रको संरक्षण गरी पानीका स्रोत सुक्ने तथा भूमिगत पानी सतह गहिरिने क्रमलाई न्यूनीकरण गर्नु; भू-क्षय बाढीपहिरो जस्ता प्रकोपहरू न्यूनीकरण गर्नु; वन डढेलो लागाउनेहरूलाई निरुत्साहित गर्नु र लागिसकेको डढेलो निभाउने क्षमता बढाउनु; संरक्षणमा संलग्न जनशक्तिलाई उत्प्रेरित तुल्याउनु; जैविक विविधताको संरक्षणमा स्थानीय समुदायको सहभागिता बढाउनु।

(७) **वनको दिगो व्यवस्थापन**ः पर्याप्त सम्भावना रहेपनि दिगो वन व्यवस्थापन गरी बजारमा स्वदेशी काठको आपूर्ति हुन नसक्नु र हरेक वर्ष ठूलो परिमाणमा काठ तथा काठजन्य सामग्रीहरू आयात हुनु; वनसम्पदामा आधारित उद्यमशीलता नगण्य रहनु; काठको सट्टा वातावरणीय रूपमा अनुपयुक्त आयातित निर्माण सामग्रीको प्रयोग बढ्दै जानु; वन क्षेत्रको अतिक्रमण र मिचाहा प्रजाती नियन्त्रण गर्दै वनक्षेत्रको उत्पादन र उत्पादकत्व बढाई काठमा आत्मनिर्भरता र वन पैदावारमा आधारित उद्योगहरूको लागि कच्चा पदार्थको सहज आपूर्ति गर्नु; मुलुकको कार्वन सञ्चिति बढाउन वनको दिगो र व्यवसायिक व्यवस्थापन गर्नु।

(८) **हरित अर्थतन्त्रको विकासः** हरित लगानीका क्षेत्रहरू पहिचान गरी लगानीलाई सहजीकरण तथा प्रोत्साहन गर्नु; अन्तर्राष्ट्रिय जलवायु वित्तमा नेपालको पहुँच बढाउनु; जलवायुमैत्री विकासलाई मूलप्रवाहीकरण गर्नु; हरित अर्थतन्त्रको अवधारणा तथा प्रविधि र कार्यक्रमलाई स्थानीयकरण गर्नु; वन व्यवस्थापनलाई दिगो आर्थिक लाभसँग आवद्ध गरी कुल गार्हस्थ्य उत्पादनमा वनक्षेत्रको योगदानलाई विद्यमान तीन प्रतिशतबाट बढाउनु; वन क्षेत्रबाट प्राप्त हुने लगतको न्यायोचित वितरण गर्नु; विकास प्रक्रियामा जैविक विविधताको दिगो व्यवस्थापन पद्धति अवलम्वन गर्नु।

## १३.४ रूपान्तरणकारी रणनीति

(१) **जलवायु उत्थानशीलता र समावेशी विकास गर्नेः** जलवायु संवेदनशीलता प्रवर्द्धनका लागि घरपरिवार, निजी तथा सार्वजनिक लगानीलाई वातावरणमैत्री तथा जलवायु संवेदनशील तुल्याउने; सङ्कटासन्न समुदायको अनुकूलन क्षमता बढाउने; स्थानीय अनुकूलन योजनालाई सबै प्रदेश तथा स्थानीय तह र समुदायस्तरमा विस्तार गरी विकास प्रकृयामा जलवायु उत्थानशीलता मूलप्रवाहीकरण गर्ने; प्रकृतिमा आधारित समाधान, पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन लगायत परम्परागत ज्ञान, प्रविधि र स्थानीय उत्पादनको उपयोग प्रवर्द्धन गर्ने र कार्वन उत्सर्जन घटाउने प्रविधि अवलम्वनमा सहुलियत प्रदान गर्ने।

(२) **नेपालका जलवायु परिवर्तनका मुद्दाहरूको अन्तर्राष्ट्रियकरण गर्नेः** अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालका जलवायु परिवर्तनका मुद्दाहरूलाई प्रभावकारी ढङ्गले उठाउने; नेपालमै जलवायु परिवर्तनबारे अन्तर्राष्ट्रिय मञ्च निरन्तर सञ्चालन गर्ने; नेपालको वार्ता टोलीको क्षमता वृद्धि गर्ने।

(३) **स्वस्थ समाजको लागि प्रदूषण नियन्त्रण गर्नेः** सबै क्षेत्रको प्रदूषण उत्सर्जन र वातावरणीय परिमाणको मापदण्ड निर्धारण गरी अनुगमन तथा नियमनलाई प्रभावकारी बनाउने; स्वच्छ ऊर्जा रूपान्तरण र वातावरणमैत्री प्रविधिमा लगानी बढाउने; प्रदूषकले क्षतिपूर्ति व्यहोर्नुपर्ने सिद्धान्तलाई लागु गर्ने; फोहोर व्यवसस्थापनलाई सार्वजनिक-निजी साझेदारी मार्फत लागत घटाई प्रभावकारी बनाउने; उद्योग, अस्पतालजन्य तथा जोखिमयुक्त फोहोर व्यवस्थापनका लागि उत्पादक वा आयातकर्ता र प्रदूषकलाई जिम्मेवार बनाउनुका साथै विस्तारित उत्पादकको दायित्व (एक्सटेन्डेड प्रोड्युसर रेस्पोन्सिबिलिटी) को अवधारणा लागु गर्ने र ओद्योगिक उत्सर्जनलाई कटौती गर्ने; विषादी प्रयोगमा नियन्त्रण र उपभोक्ता शिक्षा साञ्चालन गर्ने।

(४) **वातावरणीय सेवा तथा हरित विकासको लागि दिगो वन व्यवस्थापन गर्नेः** वनको दिगो व्यवस्थापन गर्दै वनक्षेत्रको अतिक्रमण, चोरी कटानी तथा वन्य जन्तुको चोरीशिकारी नियन्त्रण गर्ने; वन प्रशासनलाई थप सक्षम तथा जिम्मेवार बनाउनुका साथै समुदायलाई अधिकतम परिचालन गर्ने; सङ्कटासन्न जीवजन्तु तथा वनस्पतिको पहिचान अभिलेखन तथा संरक्षण गर्ने; समुदायमा आधारित वन व्यवस्थापनलाई उद्यमशीलतामा जोड्नुका साथै वनको गुणस्तर सुधार गरी कार्वन सञ्चिति बढाउने; वनक्षेत्रको उत्पादन र उत्पादकत्व बढाई काठ आयातलाई प्रतिस्थापन र वन सम्पदामा आधारित हरित उद्यमको प्रवर्द्धन गर्ने; जडिबुटीको दिगो र व्यवसायिक व्यवस्थापनको आधार तयार गर्ने; पारिस्थितिकीय प्रणालीमा आधारित

अनुकूलनका लागि समुदायमा रहेका परम्परागत ज्ञान र सीपको संरक्षण तथा सम्वर्द्धन गर्ने र वन तथा जैविक क्षेत्रबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने।

(५) **पारिस्थितिकीय प्रणालीको लागि जैविक विविधताको संरक्षण गर्नेः** सङ्कटासन्न तथा लोपोन्मुख वनस्पति र वन्यजन्तुको संरक्षण र अभिलेखन गर्ने; संरक्षित क्षेत्रको व्यवस्थापन योजना तयार गर्दा जलवायु उत्थानशील ढाँचा अवलम्बन गर्ने; सीमसार तथा जलाधार क्षेत्रको संरक्षण गर्ने; मानव वन्यजन्तु सह-अस्तित्व निर्माण गर्ने; वन क्षेत्रमा पूर्वाधार निर्माण गर्दा जैविक क्षेत्रको संवेदनशीलता र महत्त्वलाई जोगाउने; चोरी शिकारी तथा वनडढेलो नियन्त्रणलाई थप प्रभावकारी बनाउन राज्य संयन्त्र तथा स्थानीय समुदायलाई प्रोत्साहन गर्ने; गरीब, विपन्न, आदिवासी र सीमान्तकृत समुदाय लक्षित जलवायु सङ्कटासन्न कृषि, वन तथा अन्य स्रोतमा आधारित आयआर्जनका अवसर मार्फत संरक्षणमा सक्रिय तुल्याउने।

(६) **तुलनात्मक लाभमा आधारित हरित अर्थतन्त्रको प्रवर्द्धन गर्नेः** कुल गार्हस्थ्य उत्पादनमा वनक्षेत्रको योगदान बढाउने; निजी वनलाई उद्योगको मान्यता दिने; काठ र काठजन्य सामग्रीमा आत्मनिर्भरता ल्याउने; जडिबुटीको व्यवसायीकरण र मूल्य अभिवृद्धि गर्ने; हैसियत बिग्रेका वनक्षेत्र, प्रयोगमा नरहेको सरकारी तथा सार्वजनिक र पर्ति जमिनमा कृषि वनको लागि प्रयोग गर्न नीतिगत व्यवस्था गर्ने; सामुदायिक वन व्यवस्थापनको मान्यतामा पुनरावलोकन गर्ने; स्वच्छ ऊर्जामा लगानी, उत्पादन र खपत बढाई आयातित ऊर्जामा निर्भरता घटाउने; प्राकृतिक स्रोतमा आधारित हरित आर्थिक वृद्धिको ढाँचा तयार गरी लागु गर्ने; यात्रा र ढुवानीमा विद्युत खपत गरी पुऱ्याउन सक्ने सेवा तथा व्यवसायको प्रवर्धन गर्ने।

(७) **हरित उत्थानशील र समाबेशी विकासको लागि जलवायु वित्त परिचालन गर्नेः** जलवायुसम्बन्धी वित्तीय स्रोतमा पहुँच बढाउने, हरित ऋणपत्र उपयोग गर्ने; जलवायु वित्त कोषको स्थापना गर्ने; तीन तहका सरकार, निजी क्षेत्र तथा विकास साझेदारबीच सहकार्यको क्षेत्र, भूमिका र लगानीका आधार तय गर्ने; जलवायु तथा वातावरणसम्बन्धी संस्थागत संचरनाहरूलाई क्रियाशील तुल्याउने; हरित जलवायु सहयोग अनुदान वा सहुलियत ऋणको प्रभावकारी उपयोग गर्ने; कार्वन व्यापारबाट लाभ उठाउने।

(८) **वातावरण तथा जलवायु परिवर्तनका सवालहरूको मूलप्रवाहीकरण र स्थानीयकरण गर्नेः** वातावरण संरक्षण तथा जलवायु परिवर्तनका सवालहरूको स्थानीयकरण गर्ने; स्थानीय तहलाई सक्षम तथा जिम्मेवार बनाउने; सबै तह र क्षेत्रका नीति, योजना, बजेट तथा कार्यक्रमहरूमा वातावरण तथा जलवायु परिवर्तनका विषयहरूलाई मूलप्रवाहीकरण गर्ने; जलवायु परिवर्तनबाट सिर्जित असरको विषयमा व्यक्ति, समुदाय र संस्थाहरूलाई सचेत तथा जिम्मेवार बनाउने;

प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्र उपलब्ध प्राकृतिक स्रोत साधन र सम्पदाको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने।

(९) **अध्ययन अनुसन्धानमा प्राथमिकता दिने:** जलवायु परिवर्तनसम्बन्धी तथ्याङ्क र प्रमाण सङ्कलन, अद्यावधिक र प्रमाणीकरण प्रणालीको स्थापना गर्ने; नीति तथा कार्यक्रमलाई प्रमाण वा तथ्यमा आधारित बनाउने; अध्ययन अनुसन्धानको लागि विश्वविद्यालय तथा अनुसन्धानमा संलग्न अन्य संस्थाहरूमा लगानी बढाउने र साझेदारी गर्ने।

(१०) **नीतिगत सुधार तथा संस्थागत क्षमता विस्तार गर्ने**: विषयगत कानूनहरूलाई वातावरण तथा जलवायु परिवर्तनको दृष्टिबाट पुनरावलोकन गरी संशोधन गर्ने; नीतिगत स्पष्टता र सहजीकरण कायम गर्ने; आर्थिक, सामाजिक तथा पूर्वाधार विकास नीति, कार्यक्रम तथा बजेटलाई वातावरणमैत्री तथा जलवायु अनुकूल हुनेगरी राष्ट्रिय अनुकूलन योजना तथा राष्ट्रिय रूपमा निर्धारित योगदानसँग आवद्ध गर्ने; वन सम्पदाको उपयोगलाई सरल र उद्यममैत्री बनाउने, वित्त नीति हरित लगानमैत्री बनाउने; प्राकृतिक स्रोतमा निर्भर र जोखिममा रहेका समुदाय लक्षित हरित उद्यम विकास नीति अवलम्वन गर्ने; जलवायु परिवर्तनको असर कम गर्न र अनुकूलनता बढाउन सरकार, निजीक्षेत्र तथा समुदायको क्षमता विकास गर्ने; नेपाल सरकार तथा विकास साझेदारबीच भएका सम्झौता तथा विभिन्न मञ्चहरूलाई क्रियाशील तुल्याउने।

## १३.५ प्रमुख कार्यक्रम

(१) **हरित अर्थतन्त्र प्रवर्द्धन कार्यक्रम:** बैङ्क तथा वित्तीय संस्थाहरूलाई हरित परियोजनामा लगानी गर्न प्रोत्साहन गर्ने; हरित वित्त वर्गीकरणको अवधारणा अवलम्बन र हरित ऋणपत्र कार्यान्वयन गर्ने; निजी आवास, उद्योग व्यवसायमा ऊर्जा दक्षता बढाउनुका साथै कार्वन उत्सर्जन कम गर्न तथा अनुकूलनता बढाउनको लागि गरिएको लगानीमा सहुलियत प्रदान गर्ने; हरित उद्यमलाई सहुलियत दरमा ऋण तथा कर सहुलियत उपलब्ध गराउने; वातावरण संरक्षण तथा अनुकूलनमा गरेको खर्चको निश्चित अंश करमा समायोजन गर्न पाउने व्यवस्था एवम् कार्वन उत्सर्जनको आधारमा वातावरण शुल्क निर्धारण गर्ने; एल.पि.जी.मा विद्यमान अनुदान न्यूनीकरण गर्दै विद्युतीय चूलोको प्रयोगलाई प्रोत्साहन् गर्ने; विद्युत खपत बढाउन विद्युतीय सवारी साधनको प्रवर्द्धनलाई निरन्तरता दिने; सार्वजनिक यातायातमा विद्युतीय सवारी साधनलाई विषेश प्राथमिकता दिने र विद्युत आपूर्ति धेरै भएको बेलाको खपत बढाउन विद्युत शुल्कलाई समय र खपतको आधारमा निर्धारण गर्ने; जमिनमुनिको पानी व्यावसायिक रूपमा प्रयोग गर्नेलाई हरित कर लगाउने; जलवायु सङ्कटनासन्न र जोखिममा रहेका स्थानीय तहमा जोखिम घटाउने पूर्वाधार निर्माण गर्ने र जलवायुमैत्री कृषि र रैथाने बालीको प्रोत्साहन गर्ने;

महिला लगायत प्रत्यक्ष प्रभावित समुदाय लक्षित विषेश कार्यक्रम सञ्चालन गर्ने; भवन संहितामा परिमार्जन गरी आकाशे पानी सङ्कलनलाई अनिवार्य बनाउने र स्थानीय वातावरणमैत्री निर्माण सामग्री प्रयोगलाई प्रोत्साहन गर्ने; हरित कच्चा पदार्थमा आधारित उत्पादनको प्रयोग बढाउने, प्लाष्टिकजन्य उत्पादन विस्थापन गर्ने; शासकीय प्रक्रियामा विद्युतीय शासनको विस्तार गर्ने र सूचना प्रविधि उद्योगहरूको प्रवर्द्धन गर्ने।

(२) **वनको दिगो व्यवस्थापन तथा व्यावसायिक उपयोग कार्यक्रमः** वनक्षेत्रको अतिक्रमण, मिचाहा प्रजाती, वन डढेलो र त्यसबाट हुने क्षतिको प्रभावकारी नियन्त्रण गर्ने; वनलाई उत्पादन र संरक्षित वनमा वर्गीकरण गर्ने; सबै वनको गुणस्तर सुधार गरी उत्पादन र उत्पादकत्व बढाउने; काठ सङ्कलन र बजारीकरण सहज बनाइ स्वदेशी काठको उपलब्धता बढाउने र काठ आयातलाई प्रतिस्थापन गर्ने; आयातित निर्माण सामग्री खपत कम गर्ने; वन व्यवस्थापनबाट उद्यम र उद्यमशीलताको प्रवर्द्धन गरी निजी क्षेत्रलाई वन विकासमा प्रोत्साहन गर्ने; वन व्यवस्थापनलाई कार्वन सञ्चिति र उद्यमशीलतासँग जोड्ने; काठको उपयोगमा दिगो वन व्यवस्थापन प्रमाणपत्र जारी गर्ने अभ्यास लागु गर्ने; नेपालमा पाइने जडिबुटीको अभिलेखन तथा संरक्षण गरी सम्भाव्य जडिबुटीको व्यावसायिक उत्पादन तथा मूल्य अभिवृद्धिको लागि बजारीकरण, क्षमता विकास, प्राविधिक सहयोग र वित्तीय पँहुचमा सहजीकरण गर्ने।

(३) **जैविक विविधताको दिगो संरक्षण कार्यक्रमः** वन तथा संरक्षित क्षेत्रमा आधारित पर्या-पर्यटनको दायरा विस्तार गर्दै वन संरक्षणमा स्थानीय समुदायको अधिकतम सहभागिता अभिवृद्धि गर्ने; वन्यजन्तु तथा संरक्षित प्रजातिको चोरीशिकारी नियन्त्रण गर्ने; जलाधार, सीमसार तथा पानीका स्रोतहरूको संरक्षणका साथै वर्षाको पानी सङ्कलन एवम् शहरी तथा तराई र चुरेमा जल पुनर्भरण अभियान सञ्चालन गर्ने; वन्यजन्तु र मानव बीचको द्वन्द्व न्यूनीकरण गर्ने; लक्षित वन्यजन्तुबाट हुने जनधनको राहतको लागि कोष स्थापना तथा बीमाको व्यवस्था गर्ने; वन्यजन्तुको सुरक्षित वासस्थान तथा आहार व्यवस्थापन कार्यक्रम सञ्चालन गर्नुका साथै वनमा वन्यजन्तुलाई आहार हुने रुख बिरुवाको संरक्षण एवम् वृक्षारोपण गर्ने; जैविक मार्ग तथा विचरण अनुकूल भौतिक पूर्वाधार निर्माण गर्ने; निकुञ्ज प्रशासनलाई सक्षम बनाउने; वन्यजन्तु अपराध तथा क्वारेन्टाईन नियन्त्रणमा अन्तरदेशीय समन्वय प्रभावकारी बनाउने; राष्ट्रिय प्राणी उद्यानलाई नमूना चिडियाखानामा परिणत गरी वन्यजन्तु उद्धार केन्द्र तथा जैविक विविधता संरक्षण शिक्षा केन्द्रको रूपमा सञ्चालन गर्ने।

(४) **स्वस्थ समाजको लागि प्रदूषण नियन्त्रण कार्यक्रमः** उद्योग लगायत सबै क्षेत्रको प्रदूषण एवम् उत्सर्जन मापदण्ड निर्धारण तथा अद्यावधिक गरी प्रदूषण मापन केन्द्रहरू विस्तार र

वातावरणीय अनुगमन तथा नियमन क्षमता अभिवृद्धि गर्ने; सीमापारबाट नेपाल भित्रिने प्रदूषण अनुगमन गर्ने; वातावरणीय अध्ययन प्रतिवेदनको प्रभावकारी पालना गराउने; सार्वजनिक यातायातलाई भरपर्दो, प्रविधिमैत्री, स्वच्छ ऊर्जामा आधारित बनाउँदै जाने; साइकल तथा पैदलयात्रीलाई सरल तथा सुरक्षित बाटो सुनिश्चित् गर्ने र बजार क्षेत्रमा राजमार्ग दाँयाबाँया अनिवार्य फुटपाथ निर्माण गर्ने; पुराना धुँवा फाल्ने सवारी साधन विस्थापित गर्ने; घटाउने, पुन:प्रयोग गर्ने र पुन:प्रशोधनसहित फोहोर व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराई लागतमैत्री र दिगो बनाउने; फोहोर खोला, नदी, जङ्गलमा विसर्जन र जलाउन प्रतिबन्ध लगाउने; ल्याण्डफिलमा विसर्जन गरिने फोहोरमा कर लगाउने; प्लास्टिकजन्य वस्तु नियन्त्रण गर्ने; नदी तथा खानीजन्य स्रोतको उत्खनन्लाई पारदर्शी र वैज्ञानिक मापदण्ड बनाइ लागु गर्ने; जैविक मलको खपत बढाउँदै रासायनिक मल तथा विषादी प्रयोगलाई घटाउने कार्ययोजना बनाउने।

(५) **जलवायु जोखिम र हानीनोक्सानी न्यूनीकरण कार्यक्रमः** भावी जलवायुको प्रक्षेपणको आधारमा पूर्वाधारका मापदण्डहरूलाई अद्यावधिक गर्ने; ठूला पूर्वाधार आयोजना तयारीमा जलवायु जोखिम विश्लेषण गरी जलवायु अनुकूल परियोजना डिजाइन प्रविधिहरूको अनुसरण गर्ने; जलवायुजन्य विपद्बाट हुने हानी नोक्सानीबाट उत्थानशील हुन मौसम र जलवायुमा आधारित पूर्वसूचना प्रणाली स्थापना गरी सञ्चालन गर्ने र यसका सूचनालाई सबैभन्दा विकट ठाउँको सीमान्तकृत समुदायमा पनि पुग्ने प्रणाली निर्माण गर्ने; पहिरो बाढी जस्ता जोखिमयुक्त भिरालो वा तटीय जमीन सुरक्षित गर्न बायो-इन्जिनियरिङ लगायतका परम्परागत प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने; सङ्कटासन्न समुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्ने; हिमताल, हिमनदी तथा पानीका स्रोतहरूको संरक्षण तथा सम्भावित परिवर्तन प्रेरित जोखिम न्यूनीकरण उपायहरूको पहिचान तथा स्थानीयकरण गर्ने।

(६) **स्थानीय अनुकूलनता प्रवर्द्धन कार्यक्रमः** सबै स्थानीय तहको क्षमता अभिवृद्धि मार्फत अनुकूलन योजना तयार गरी कार्यान्वयनमा ल्याउने; सांस्कृतिक तथा ऐतिहासिक संरचना, जलाधार, सीमसार, तालतलैया, स्थानीय पारिस्थितिकीय प्रणाली, वातावरण, जैविक विविधता, जलवायु परिवर्तन, हरित अर्थतन्त्र समावेश पाठ्यक्रम तयार गरी पठनपाठन गराउने; वातावरणमैत्री परम्परागत तथा स्थानीय प्रविधि र निर्माण सामग्रीको प्रयोगलाई प्रोत्साहन गर्ने; जलवायु परिवर्तनका असरलाई कम गर्न प्रकृतिमा आधारित र पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलनता बढाउने; सीमान्तकृत समुदाय लक्षित जडिबुटि, नदी किनारमा खेती जस्ता हरित उद्यममैत्री कार्यक्रम साञ्चालन गर्ने।

(७) **अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच अभिवृद्धि कार्यक्रमः** कार्वन उत्सर्जन न्यूनीकरण, जलवायु अनुकूलनता बढाउन र जलवायुजन्य हानीनोक्सानी बापत अन्तर्राष्ट्रिय जलवायु वित्तबाट लगानी भित्र्याउन एवम् कार्वन व्यापारको लागि संस्थागत क्षमता विकास गर्ने; उच्च वातावरणीय जोखिममा रहेका अल्पविकसित पर्वतीय मुलुकका एजेण्डालाई जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय नीति निर्माण प्रक्रियामा स्थापित गराउन जलवायु कूटनीति परिचालन गर्ने; जलवायु परिवर्तन र जलवायु न्यायका मुद्दाहरूको अन्तर्राष्ट्रियकरण गर्ने; जलवायु सङ्कटले उत्पन्न गरेको जोखिमबारे संवेदनशीलता जगाउन, सरोकारवाला मुलुकहरूको सञ्जाल निर्माणको पहल गर्न र जलवायु सङ्कटको समाधानमा नेपालको नेतृत्व स्थापित गर्न सगरमाथा सम्वाद कार्यक्रम सञ्चालन गर्ने।

(८) **अध्ययन अनुसन्धान र अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढीकरण कार्यक्रमः** जैविक विविधता वातावरण तथा जलवायुजन्य अवस्था प्रवृति तथा जोखिमको अध्ययन अनुसन्धानमा लगानी बढाउने; जलवायु, प्रदूषण लगायतका मापन केन्द्र विस्तार गर्ने; नियमित प्रशासनिक तथा अनुसन्धानका तथ्याङ्कको आवधिक तथा नियमित प्रकाशन तथा प्रचार प्रसार गर्ने; विश्व विद्यालय लगायत अनुसन्धानमा संलग्न संस्था तथा निकायसँग साझेदारी र सहकार्य गर्ने; सरकार, निजीक्षेत्र, विकास साझेदार, संचार माध्यम, शैक्षिक तथा अनुसन्धानमुलक संस्था रहने मञ्च तथा सञ्जाल निर्माण गरी जलवायु वहस चलाउने; तहगत रूपमा आवधिक सूचना सङ्कलन, अद्यावधिक एवम् आदानप्रदान प्रणाली स्थापना गर्ने; वातावरण अध्ययनलाई औचित्यपूर्ण बनाउने र प्रभावकारी रूपमा पालना गराउने; वातावरणीय तथा जलवायु परिवर्तनजन्य अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक बनाउने।

(९) **नीतिगत सुधार तथा संस्थागत क्षमता विस्तार कार्यक्रमः** जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजनाको सबै क्षेत्रगत तथा तहगत नीति, योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्ने; विषय क्षेत्रगत तथा तहगत लक्ष्य निर्धारण गर्ने; वातावरण संरक्षणका मुद्दालाई क्षेत्रगत कार्यक्रमहरूमा मूलप्रवाहीकरण गर्ने; जलवायु लक्षित बजेटलाई यथार्थपरक बनाउन क्षेत्रगत मापदण्ड तयार गरी लागु गर्ने; स्थानीय तहको बजेटमा पनि जलवायु सङ्केत लागु गर्ने; वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी पाठ्यक्रम तयार गरी क्रमिक रूपमा लागु गर्ने; सरकार, निजी क्षेत्र, सामुदायिक संस्था तथा विकास साझेदारको भूमिकालाई स्पष्ट बनाउने; वातावरण तथा जलवायु अन्तर सम्बन्धित विषय भएकाले तीनै तहमा प्रभावकारी समन्वय संयन्त्रको स्थापना र जनशक्तिको उपलब्धता बढाउने।

## १३.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान | प्रतिशत | ३ | ५ |
| २ | जलवायु उत्तरदायी बजेट | प्रतिशत | ६.० | २० |
| ४ | वनजङ्गल घनत्व (प्रतिहेक्टर रुखहरूको औसत) | सङ्ख्या | ४३० | ६४५ |
| ५ | दिगो व्यवस्थापन भएको वनको क्षेत्रफल | हजार हेक्टर | ९० | ४०० |
| ७ | वैकल्पिक ऊर्जा (सौर्य, वायु, वायोमास) प्रवर्द्धन गरी उत्सर्जन कटौति (कार्वन डाई अक्साईड बराबर) | टन | २,१०० | १५,००० |
| ८ | स्थानीय अनुकूलन कार्ययोजना तयारी तथा कार्यान्वयन भएका स्थानीय तह | सङ्ख्या | २६३ | ७५३ |
| ९ | वातावरणीय सेवा (कार्वन र अन्य) वापत भुक्तानी | रु. करोड | ० | १०.०० |
| १० | हरित ऋणपत्र निष्काशन | रु. करोडमा | ० | १०,०० |

परिच्छेद १४

# अतिकम विकसित मुलुकबाट सहज स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयन


| | | |
|---|---|---|
| १४.१ | पृष्ठभूमि | २४९ |
| १४.२ | विद्यमान अवस्था | २४९ |
| १४.३ | मुख्य सवाल तथा चुनौती | २५१ |
| १४.४ | रूपान्तरणकारी रणनीति | २५४ |
| १४.५ | प्रमुख कार्यक्रम | २५७ |
| १४.६ | परिमाणात्मक लक्ष्य | २६१ |

परिच्छेद १४

# अतिकम विकसित मुलुकबाट सहज स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयन

## १४.१ पृष्ठभूमि

आत्मनिर्भर, स्वतन्त्र, उन्नतिशील र समृद्ध अर्थतन्त्र निर्माणको कोशेढुङ्गा स्वरूप सन् २०२६ मा नेपाल अतिकम विकसित देशको समूहबाट विकासशील मुलुकमा स्तरोन्नति हुँदैछ। स्तरोन्नतिसँगै नेपाल र नेपालीको स्वाभिमानमा अभिवृद्धि हुनुका साथै नयाँ अवसरहरूको सिर्जना हुनेछ। सिर्जित अवसरको सदुपयोग गर्न पर्याप्त आन्तरिक तयारीको आवश्यकता पर्नेछ। अर्कोतर्फ नेपालले हाल अन्तर्राष्ट्रियरूपमा प्राप्त गरिरहेका केही विशेष सहुलियत तथा सहयोग कमी हुने वा क्रमशः घट्दै जाने छन्। यसबाट पर्ने प्रभावको सहज व्यवस्थापनका निमित्त रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ। स्तरोन्नतिलाई पुनः पछाडि नफर्किने दिगो किसिमको (Irreversible and Sustainable Graduation) बनाउँदै सन् २०४३ सम्ममा उच्च-मध्यम आय भएको मुलुकमा परिणत हुने दीर्घकालीन लक्ष्य हासिल गर्न आन्तरिक वित्त र प्रतिस्पर्धी क्षमताको विकास गर्नु पर्नेछ।

विश्वव्यापी विकासको साझा एजेण्डाको रूपमा स्वीकार गरिएको दिगो विकास लक्ष्य २०३० प्रति प्रतिबद्धतासहित कार्यान्वनमा नेपाल सक्रिय रहेको छ। नेपालको दीर्घकालीन सोचलाई मूर्तरूप दिने प्रमुख आधारका रूपमा रहेका दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि नीतिगत तथा संस्थागत प्रबन्ध गरिएको छ। दिगो विकास लक्ष्यले परिकल्पना गरेअनुरूप गरिबीको अन्त्य, शून्य भोकमरी, स्वस्थ जीवन, गुणस्तरीय शिक्षा जस्ता लक्ष्यहरूमा हुनसक्ने उपलब्धिमा कोभिड- १९ महामारी, विश्वव्यापी न्यून आर्थिक वृद्धि, जलवायु परिवर्तन, प्रकोप लगायतका कारणबाट नकरात्मक असर परेको छ। प्रतिकूल परिस्थितिका बाबजुद दिगो विकास सम्बद्ध नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै थप प्रगति हासिल गर्न योजना कार्यान्वयनमा जोड दिनुपर्नेछ।

## १४.२ विद्यमान अवस्था

### (क) अतिकम विकसित देशबाट स्तरोन्नति

अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोन्नतिका लागि तीनवटा सूचकहरू- (१) प्रति व्यक्ति कुल राष्ट्रिय आय (GNI Per Capita) (२) मानव सम्पत्ति सूचकाङ्क (HAI) र (३) आर्थिक

तथा वातावरणीय जोखिम सूचकाङ्क (EVI) मध्ये नेपालले सन् २०१५ मा दुईवटा सूचक (HAI र EVI) मा स्तरोन्नतिका लागि आवश्यक न्यूनतम सीमा पूरा गर्न सफल भएको थियो। तथ्याङ्कीय प्रगतिअनुसार सन् २०१५ र २०१८ को मूल्याङ्कनकै आधारमा नेपाल स्तरोन्नतिका लागि योग्य भए तापनि सन् २०१५ को विनाशकारी भूकम्प र तत्पश्चात्को पराकम्प तथा समयसमयमा घटेका प्राकृतिक प्रकोपबाट पुगेको क्षति र स्तरोन्नतिको लागि तोकिएको प्रतिव्यक्ति राष्ट्रिय आयसम्बन्धी सूचकमा न्यून प्रगति भएको कारणबाट स्तरोन्नतिलाई केही समयका लागि स्थगन गरिएको थियो। सन् २०२१ को मूल्याङ्कनबाट नेपाल सन् २०२६ मा अतिकम विकसित देशबाट स्तरोन्नति हुने निर्णय भएको छ। कोभिड-१९ महामारीको कारण आर्थिक तथा सामाजिक क्रियाकलापमा परेको प्रभावले अर्थतन्त्रमा पुगेको क्षति दृष्टिगत गर्दै नियमित रूपमा उपलब्ध हुने ३ वर्षको अतिरिक्त थप २ वर्षसहित ५ वर्षको तयारी अवधिको विशेष सहुलियत प्राप्त भएको हो। सन् २०१५, २०१८, २०२१ र २०२४ मा विकासशील राष्ट्रमा स्तरोन्नतिको लागि तोकिएको सीमा र नेपालको प्रगतिको अवस्थालाई तालिका १४.१ मा उल्लेख गरिएको छ।

**तालिका १४.१: विकासशील राष्ट्रमा स्तरोन्नतिसम्बन्धी तोकिएको सीमा र नेपालको प्रगति अवस्था**

| सूचकहरू | सन् २०१५ | | सन् २०१८ | | सन् २०२१ | | सन् २०२४ | |
|---|---|---|---|---|---|---|---|---|
| | सीमा | प्रगति | सीमा | प्रगति | सीमा | प्रगति | सीमा | प्रगति |
| प्रतिव्यक्ति कुल राष्ट्रिय आय (GNI US $) | घटीमा १२४८ | ६५९ | घटीमा १२३० | ७४५ | घटीमा १२२२ | १०२७ | घटीमा १३०६ | १३०० |
| मानव सम्पत्ति सूचकाङ्क (HAI) | घटीमा ६६ | ६८.७ | घटीमा ६६ | ७१.२ | घटीमा ६६ | ७४.९ | घटीमा ६६ | ७६.३ |
| आर्थिक जोखिम सूचकाङ्क (EVI) | बढीमा ३२ | २६.८ | बढीमा ३२ | २८.४ | बढीमा ३२ | २४.७ | बढीमा ३२ | २९.७ |

*स्रोतः संयुक्त राष्ट्रसङ्घ।*

नेपालको विकासशील राष्ट्रमा स्तरोन्नतिसँगै देखिने प्रभावलाई सम्बोधन गर्नका लागि अन्तराष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६, नेपाल एकीकृत व्यापार रणनीति, २०८० लगायतका नीति तथा रणनीतिको कार्यान्वयनका अतिरिक्त अतिकम विकसित राष्ट्रबाट स्तरोन्नतिसम्बन्धी सहज स्थानान्तरण रणनीति, २०८० तर्जुमा गरी कार्यान्वयन गरिँदै छ। सन् २०२६ सम्ममा स्तरोन्नति हुँदा नेपालले मानव सम्पत्ति सूचकाङ्क र आर्थिक तथा वातावरणीय सूचकाङ्कको उपलव्धिलाई थप सुधार गर्दै प्रतिव्यक्ति कुल राष्ट्रिय आयलाई स्तरोन्नतिको सीमाको लक्ष्यअनुरूप हासिल गर्न आवश्यक विकास योजनाको तर्जुमा र कार्यन्वयनमा थप प्रयास गर्नुपर्ने छ।

### (ख) दिगो विकास लक्ष्यको प्राप्ति

नेपालले दिगो विकास लक्ष्यलाई मुलुकको आर्थिक, सामाजिक र पर्यावरणीय परिवेशअनुसार कार्यान्वयनमा ल्याउँदै कानूनी तथा संस्थागत व्यवस्था गर्नुका साथै चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्न शुरू गरेको थियो। फलस्वरूप, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनालाई दिगो विकास लक्ष्यअनुसार साङ्केतीकरण गर्ने व्यवस्था गरिएको छ। दिगो विकास लक्ष्यलाई मध्यमकालीन खर्च संरचना, प्रादेशिक र स्थानीय योजनाहरूमा आन्तरिकीकरण गरी स्थानीयकरण गरिएको छ। समग्र सरकार र समग्र समुदायको अवधारणाअनुरूप दिगो विकास लक्ष्य हासिल गर्न सरकारी, निजी, सहकारी, सामुदायिक क्षेत्र र विकास साझेदारका बीचमा सहकार्य भइरहेको छ। सन् २०३० सम्मका लागि तोकिएका लक्ष्य पूरा गर्न चाहिने वित्तीय स्रोतको आकलन र स्रोत परिचालन तथा कार्यान्वयनको रणनीति अद्यावधिक गरिएको छ। दिगो विकास लक्ष्य कार्यान्वयनको मध्यावधि (सन् २०२२) समयसम्ममा सन् २०३०को लक्ष्यको तुलनामा करिब ४० प्रतिशत उपलब्धि हासिल भएको छ। दिगो विकास लक्ष्यका सबै सूचकहरूमा सन्तोषजनक नतिजा हासिल गर्न र कार्यान्वयनमा तीव्रता दिन मौजुदा संस्थागत क्षमतामा थप सुधार गर्दै लैजानु पर्दछ।

## १४.३ मुख्य सवाल तथा चुनौती

(१) **प्रतिव्यक्ति कुल राष्ट्रिय आय वृद्धिः** देशको समग्र समृद्धिको लागि मात्र नभई मानव सम्पत्ति सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्कमा भएको प्रगतिलाई दिगो बनाउनका लागि प्रतिव्यक्ति कुल राष्ट्रिय आयमा वृद्धि गर्नु; प्रतिव्यक्ति कुल राष्ट्रिय आय मापदण्ड पूरा नगरी स्तरोन्नतिका लागि स्वीकृत हुने नेपाल एक मात्र अति कम विकसित मुलुक भएकोले विकासशील राष्ट्रमा स्तरोन्नतिको पूर्ण तयारीका साथ प्रतिव्यक्ति कुल राष्ट्रिय आयमा बढोत्तरी र यसको दिगोपनालाई कायम गर्नु।

(२) **समष्टिगत र क्षेत्रगत नीति तर्जुमा र कार्यान्वयनः** सन् २०२० देखि विश्व अर्थतन्त्र र नेपालको अर्थतन्त्रमा देखापरेको न्यून आर्थिक वृद्धि र उच्च मूल्य वृद्धि, सार्वजनिक वित्तको दायरमा देखिएको कमी, वित्तीय क्षेत्रमा देखापरेको उच्च ब्याजदर तथा लगानीयोग्य पुँजीको अभाव जस्ता समस्याको सम्बोधन हुँदै गएको भए तापनि मुलुकको अर्थतन्त्रमा यसको समाधान पूर्णरूपमा हुन नसक्नु; स्तरोन्नतिले खासगरी विकास, रोजगारी, गरिबी, असमानता, स्वास्थ्य र शिक्षाको क्षेत्रहरूमा पर्ने प्रभावहरूलाई ध्यानमा राखी उपयुक्त क्षेत्रगत नीति तर्जुमा र वित्तको विनियोजन तथा कर नीतिको समायोजन गरी कार्यान्वयन गर्नु।

(३) **अन्तर्राष्ट्रिय व्यापारमा पर्ने असरको न्यूनीकरणः** अतिकम विकसित देशबाट स्तरोन्नति पश्चात् हाल विकसित तथा विकासशील राष्ट्रहरूबाट प्राप्त हुँदै आएको भन्सार तथा कोटा रहित बजार पहुँचको सुविधा उपलब्ध नहुँदा नेपालको कुल निर्यात व्यापारमा हुने सङ्कुचनलाई सम्बोधन गर्नु; स्तरोन्नतिबाट खासगरी युरोपियन युनियन, संयुक्त अधिराज्य, चीन, जापान, क्यानडा, अष्ट्रेलिया, दक्षिण कोरियामा हुने निर्यातमा असर पर्ने कुरा विभिन्न अध्ययनहरूले देखाउनु; स्तरोन्नतिबाट खासगरी तयारी पोशाक, टेक्सटाइल, कार्पेट, अत्तर तथा कस्मेटिक्स वस्तु, छाला तथा छालाजन्य वस्तु, धातुका वस्तुको निर्यातमा असर पर्ने देखिनु; सरकारले उल्लिखित देशहरूसँग सहुलियतपूर्ण व्यापार सम्झौता गर्ने वा यी उत्पादनको प्रतिस्पर्धी क्षमतामा सुधार गरी निर्यातको विविधीकरणको पूर्वतयारी गर्ने आधार तत्काल तयार गर्नु।

(४) **विकास र सेवा प्रवाहको वित्तीय स्रोतमा प्रभाव व्यवस्थापनः** स्तरोन्नति पश्चात् विकास साझेदारहरूले प्रवाह गर्ने ऋणको लागत बढ्नु, अति कम विकसित देश समर्पित कोषका स्रोतहरूमा न्यून पहुँच हुनु, सहुलियतपूर्ण वित्तको सट्टा उच्च ब्याज र छोटो चुक्ता अवधिको रूपमा ऋणको लागत बढ्दै जानु, वैदेशिक अनुदान प्राप्तिमा क्रमशः कमी हुँदै जाने र प्राप्त हुने वैदेशिक छात्रवृत्ति एवम् मानव कल्याणका प्राथमिकता प्राप्त आयोजनामा हुने वित्तीय सहयोगको कमीलाई पूर्ति गर्न आन्तरिक स्रोतको अभिवृद्धि र वैकल्पिक वित्तीय सहायताको स्रोतको पहिचान गर्नु; नेपालले अन्तर्राष्ट्रिय वित्त परिचालनका नयाँ आयाममा प्रवेश गर्नुपर्ने हुँदा नेपालको आन्तरिक लगानीको वातावरण तथा कमजोर रहेका लगानीका पूर्वाधारको सुधार गर्नु।

(५) **रोजगारीका अवसरको सिर्जनाः** निर्यात व्यापार, वैदेशिक सहायता र विकास व्यवस्थापनमा पर्ने सम्भावित असरको प्रभाव रोजगारीमा समेत पर्नु; निर्यात व्यापारका सम्भावना रहेका वस्तु र सेवाको अध्ययन अनुसन्धान र विकास मार्फत थप रोजगारीका अवसरहरू सिर्जना गर्नु; प्रत्येक वर्ष श्रम बजारमा आउने श्रमशक्तिको लागि आन्तरिक श्रम बजारको मागको

आधारमा व्यावसायिक सीप र क्षमताको लागि लगानी वृद्धि गर्नु; नेपालको लागि आवश्यक पर्ने राष्ट्रिय मानव विकास योजना बनाइ कार्यान्वयन गर्नु।

(६) **स्रोतको उपलब्धताः** दिगो विकास लक्ष्य हासिल गर्न वित्तीय स्रोतको उपलब्धतामा ठूलो खाडल रहनु; दिगो विकास लक्ष्य प्राप्तिको लागि आवश्यक वित्तीय स्रोत साधन, प्रविधि तथा जनशक्ति आपूर्ति गर्न आन्तरिकका साथै वैदेशिक स्रोत साधन जुटाउनु; दिगो विकासको लागि स्रोत जुटाउन अन्तर्राष्ट्रिय सहायता परिचालनमा जोड दिनु; प्रभावकारी आर्थिक कूटनीति सञ्चालन गर्नु; दिगो विकास लक्ष्यको एकीकृत राष्ट्रिय लगानी खाँकाको आधारमा वित्त परिचालन गर्नु।

(७) **दिगो विकास लक्ष्यको स्थानीयकरण गरी मूलप्रवाहीकरणः** दिगो विकास लक्ष्यको मूलभूत विषयलाई आत्मसात गर्दै सङ्घ, प्रदेश र स्थानीय सरकार, निजी क्षेत्र, नागरिक समाज, गैरसरकारी संस्था, शिक्षण संस्थाहरू, सामाजिक सङ्घ संस्थाले दिगो विकासका लक्ष्य हासिल गर्न कार्यक्रमहरूको कार्यान्वयन गर्नु; लगानी र क्षमतामा सुधार गरी कार्यान्वयनको नतिजामा आधारित भई अनुगमन तथा मूल्याङ्कन गर्नु; तीन तहका सरकारका आवधिक योजनाहरू तथा बजेटमा दिगो विकास लक्ष्य तथा सूचकहरूको आन्तरिकीकरण गरी दिगो विकास लक्ष्यहरू प्राप्त गर्ने गरी कार्यान्वयनमा तीब्रता र सन्तुलन कायम गर्नु।

(८) **दिगो विकास लक्ष्यका लागि सहकार्य र साझेदारी अभिवृद्धिः** दिगो विकास लक्ष्य र सूचकहरू प्राप्त गर्ने काम सरकारको प्रयासले मात्र सम्भव नहुने भएकोले सरकार, निजीक्षेत्र, सहकारी, विकास साझेदार, नागरिक समाज र जनताबीचको सहयोग, समन्वय र सहकार्यका साथै विश्वव्यापी साझेदारीका कार्यक्रमहरू अभिवृद्धि गर्नु; दिगो विकास लक्ष्य प्राप्तिका लागि निजी क्षेत्रलाई लगानीको वातावरणमा सुधार र वित्तीय उत्प्रेरणाका नीतिको माध्यमबाट प्रभावकारी रूपमा परिचालन गर्नु।

(९) **दिगो विकास लक्ष्यको लागि आवश्यक तथ्याङ्कको उत्पादन र प्रगति अनुगमनः** दिगो विकास लक्ष्यको लागि आवश्यक विभिन्न प्रकारको खण्डीकृत तथ्याङ्कको अभाव रहेकोले यसको यथार्थ प्रगति मूल्याङ्कन गर्न कठिनाइ उत्पन्न हुनु; दिगो विकास लक्ष्यसँग सम्बन्धित आवश्यक खण्डीकृत तथ्याङ्क उत्पादन गर्नु तथा समग्रमा तथ्याङ्क प्रणालीको विकास गर्नु र प्रगति अनुगमन गर्नु।

## १४.४ रूपान्तरणकारी रणनीति

(१) **सहज र दिगो स्तरोन्नति सम्बद्ध नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्नेः** स्तरोन्नति पश्चात् व्यापार, विकास सहायता र प्राविधिक सहायतामा हुने असरलाई सम्बोधन गर्न आवश्यक नीतिगत तथा संस्थागत प्रबन्धसहितको सहज स्थानान्तरण रणनीति, २०८० रणनीतिको कार्यान्वयन गर्ने; वाणिज्य नीति, २०७२ व्यापार लजिष्टिक नीति, २०७९, नेपाल एकीकृत व्यापार रणनीति, २०८० को कार्यक्रम मार्फत कार्यान्वयन गर्ने; व्यापार सहजीकरण गुरुयोजना तथा व्यापार लजिष्टिक नीति कार्यान्वयनको लागि समयवद्ध कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने; कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको लागि वित्तीय रणनीति तर्जुमा गरी स्रोतको परिचालन गर्ने; नतिजासूचकको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने; सौविध्यपूर्ण व्यापार सम्झौतामा भाग लिने।

(२) **प्रतिव्यक्ति राष्ट्रिय आय अभिवृद्धि गर्नेः** उद्यमशीलता विकास र आन्तरिक रोजगारी सिर्जना गरी आयआर्जनका अवसर विस्तार गर्ने; वैदेशिक रोजगारीलाई उच्च आय हुने मुलुक तथा क्षेत्र केन्द्रित बनाइ विप्रेषण आय अभिवृद्धि गर्दै प्रतिव्यक्ति राष्ट्रिय आय अभिवृद्धि गर्ने; कृषि, उद्योग र सेवा क्षेत्रको उत्पादन र उत्पादकत्वमा सुधार गर्ने; अदक्ष तथा अर्धदक्ष जनशक्तिलाई अल्पकालीन तथा मध्यम अवधिका सीप विकास तथा प्राविधिक तालीम प्रदान गरी सीपयुक्त र प्रतिस्पर्धी जनशक्तिमा रूपान्तरण गर्ने; निर्यातमुखी, उच्च मूल्य भएका वस्तु तथा सेवाको उत्पादन, गुणस्तर सुधार र निर्यात र प्रवर्द्धन गरी रोजगारीका अवसर विस्तार गर्ने।

(३) **समष्टिगत आर्थिक तथा वित्तीय स्थिरता कायम गर्नेः** सङ्घीय आर्थिक नीति मार्फत तीन तहका सरकारलाई नीतिगत समन्वय र सामन्जस्यता कायम गराउने; वित्त नीति र मौद्रिक नीतिमा तादात्म्यता कायम गर्ने; उत्पादनशील क्षेत्रमा सार्वजनिक ऋण तथा अन्तरिक र बाह्य वित्तको व्यवस्थापन गर्ने गरी लगानीको आधारमा सुधार गर्ने; पूर्वाधार र उत्पादन क्षेत्रका परियोजनाहरूका लागि आन्तरिक वित्त तथा अन्तर्राष्ट्रिय वित्तको परिचालन गरी प्रतिव्यक्ति आयमा वृद्धि गर्ने; अन्तराष्ट्रिय शक्ति केन्द्रसँग सन्तुलित सम्बन्ध कायम गर्ने।

(४) **निर्यातयोग्य वस्तु तथा सेवाको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नेः** अतिकम विकसित देशबाट स्तरोन्नति पश्चात नेपालको कुल निर्यात व्यापारमा पर्ने सम्भावित असरलाई सम्बोधन गर्न व्यापार क्षेत्रको संस्थागत क्षमता तथा पूर्वाधार सुदृढीकरण गर्ने; तुलनात्मक लाभ तथा प्रतिस्पर्धी क्षमता भएका वस्तु र सेवाको निर्यात प्रवर्द्धन गर्ने; भन्सार तथा कोटा रहित सुविधामा हुने कटौतीबाट नेपाली वस्तुको मूल्यमा हुने वृद्धिलाई सम्बोधन गर्न भन्सार सुधार,

व्यापार पूर्वाधारको सुधार र विस्तार, पारवहनमा हुने लागत घटाउने उपायहरूको अवलम्वन गरी व्यापार लागत न्यूनीकरण गर्ने; उत्पादनको प्रतिस्पर्धी क्षमता बढाउनको लागि गुणस्तर र उत्पादकत्वको सुधार गरी विश्व बजारको मागअनुसारको उत्पादनमा जोड दिने; औद्योगिक ग्राम, औद्योगिक कोरिडोर, विशेष आर्थिक क्षेत्र, अन्तरदेशीय निर्यात प्रशोधन क्षेत्र जस्ता औद्योगिक पूर्वाधारको विकास र विस्तार गर्ने।

(५) **स्तरोन्नति केन्द्रित व्यापार वार्ता तथा सम्झौता गर्ने:** सन् २०२६ मा अतिकम विकसित मुलुकबाट स्तरोन्नति भएपछि अन्तर्राष्ट्रिय व्यापारमा हुने सम्भावित क्षति पूर्ति हुने गरी नयाँ अवसरहरूको खोजी गर्दै वस्तु तथा सेवाको उत्पादन र आपूर्ति क्षमता अभिवृद्धि गर्ने; नेपाली वस्तु तथा सेवालाई अन्तर्राष्ट्रिय बजारमा निकासी गर्ने; विश्व आपूर्ति श्रृङ्खला र मूल्य श्रृङ्खला मा आवद्ध भई निकासी व्यापारको विविधीकरण र व्यापारको प्रवर्द्धन गर्ने; स्तरोन्नति पश्चात् नेपालले विभिन्न मुलुकहरूबाट विकासशील राष्ट्रहरूलाई उपलब्ध गराउदै आएका Generalized System of Preference हरूबमोजिम बजार पहुँच प्राप्त गर्नका लागि देशगत तथा बहुपक्षीय सहकार्य र समन्वयमा जोड दिने।

(६) **सेवा व्यापार प्रवर्द्धन गर्ने:** नेपाल भूपरिवेष्टित राष्ट्र भएकाले सेवा व्यापारमा जोड दिने; विद्युतीय अर्थतन्त्रको कारण विश्व अर्थतन्त्रको संरचनामा परिवर्तन देखिएकोले यो विश्व बजारमा नेपालको हिस्सा ग्रहण गर्ने गरी राष्ट्रिय सामर्थ्य बढाउने; सूचना प्रविधि पूर्वाधार तथा जनशक्ति विकासको योजना बनाइ कार्यन्वयन गर्ने; यसका आधारभूत युटिलिटिज र लगानीमा राज्यले सहुलियतपूर्ण दरमा वा वित्तीय उत्प्रेरणाका माध्यमबाट सम्बोधन गर्ने; विदेशी डायसपोरालाई यस क्षेत्रमा आकर्षित गर्ने; पर्यटन, विद्युत व्यापार, सूचना प्रविधि तथा वित्तीय सेवासम्बद्ध सेवाको निर्यात प्रवर्द्धन गर्ने; विद्युतीय व्यापारलाई विस्तार गर्दै जाने।

(७) **बौद्धिक सम्पत्ति संरक्षण गर्ने:** प्रतिलिपि अधिकार, पेटेन्ट, डिजाइन र ट्रेडमार्कका अतिरिक्त अन्य बौद्धिक सम्पत्ति अधिकारहरू (भौगोलिक सूचक, अनुवंशिक स्रोत र परम्परागत ज्ञान, व्यापार गोपनीयता, इन्टिग्रेटेड सर्किट) को संरक्षणका लागि कानूनी प्रबन्ध गर्ने र सोको कार्यन्वयनका लागि सम्बद्ध संस्थाहरूको क्षमता विकास गर्ने।

(८) **विकास सहायताको कुशल परिचालन गर्ने:** स्तरोन्नतिबाट अन्तर्राष्ट्रिय विकास सहायता परिचालनमा पर्ने असरलाई सम्बोधन गर्न आर्थिक कूटनीतिमा जोड दिने; अन्तर्राष्ट्रिय वित्तको वैकल्पिक स्रोतको पहिचान गरी पहुँच वृद्धि, प्राप्ति र परिचालन गर्ने ।

(९) **सामाजिक समावेशीकरण र एकीकरण गर्ने:** सामाजिक समावेशीकरण र एकीकरण गरी सम्बन्धित कार्यक्रमलाई राष्ट्रिय एकीकृत खाकाको आधारमा तीन तहका सरकारको समन्वय र सहकार्यमा सुदृढ गर्ने।

(१०) **दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने:** सङ्घ, प्रदेश र स्थानीय तहका नीति, योजना, बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको आन्तरिकीकरण गर्ने; तहगत सरकार र सरोकारवाला निकायबीच समन्वय र सहकार्य अभिवृद्धि गरी दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने; दिगो विकास लक्ष्यको अवधारणालाई समुदायस्तरमा पुऱ्याउन प्रदेश र स्थानीय तहलाई अभिमुखीकरण गर्ने; प्रदेश र स्थानीय तहको नीतिगत, संस्थागत र कार्यक्रमगत सबलीकरण मार्फत दिगो विकास लक्ष्यहरूको कार्यान्वयन गर्ने।

(११) **स्रोतको पहिचान र परिचालन गर्ने:** दिगो विकास लक्ष्य कार्यान्वयनका लागि खर्च आवश्यकता तथा स्रोत अनुमान र लगानी ढाँचा निर्धारण गर्ने; परम्परागत स्रोतको अलावा वैकल्पिक स्रोतको पहिचान र परिचालन गर्ने; दिगो विकास लक्ष्यको वित्तको सम्बन्धमा अध्ययन गरी समग्र सरकारको लगानीमा वैकल्पिक तथा नवीन् वित्तीय उपकरणको समेत प्रयोग गर्ने; दिगो विकास लक्ष्यमा निजी तथा सहकारी क्षेत्रको लगानी परिचालनका लागि प्राथमिकताका क्षेत्रहरू निर्धारण गर्ने; लगानीको वातावरण सिर्जना गरी उत्पादन अभिवृद्धि तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा स्वदेशी र विदेशी लगानी आकर्षित गरी दिगो विकास लक्ष्य कार्यान्वयनका लागि स्रोतको परिचालन गर्ने; सार्वजनिक-निजी साझेदारीमा थप विदेशी लगानी परिचालन गर्ने।

(१२) **साझेदारी र समन्वय अभिवृद्धि गर्ने:** निजी तथा घरपरिवारको लगानीको साझेदारीलाई समेत दिगो विकास लक्षित तुल्याउने; दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि तीनै तहका सरकार, निजी, सहकारी, सामुदायिक, गैरसरकारी क्षेत्र र विकास साझेदार बीचमा प्रभावकारी साझेदारी र सहकार्य विकास गर्ने।

(१३) **नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने:** दिगो विकास लक्ष्य सूचकको आधारमा स्पष्ट कार्ययोजनासहित प्रगतिको नियमित अनुगमन गर्ने; सङ्घ, प्रदेश र स्थानीय तहले दिगो विकास लक्ष्यमा गरेको प्रगतिको नियमित अनुगमनका लागि राष्ट्रिय तथ्यांक पोर्टलको प्रभावकारी कार्यान्वयन गर्ने; एकीकृत प्रतिवेदनको आधारमा प्रभाव मूल्याङ्कन गरी निर्धारित लक्ष्य प्राप्त हुन नसकेका सूचकको पृष्ठपोषणको आधारमा प्रभावकारी कार्यान्वयनमा जोड दिने; दिगो विकास लक्ष्यमा प्रदेश तथा स्थानीय तहले गरेको प्रगतिको स्वेच्छिक समीक्षा गर्न प्रोत्साहन गर्ने।

## १४.५ प्रमुख कार्यक्रम

(१) **सीपयुक्त श्रम उत्पादन कार्यक्रमः** बजारको मागबमोजिम श्रमिकको सीप विकास, आन्तरिक तथा वैदेशिक रोजगार सीप विकास, श्रमिकको माग र आपूर्ति सूचना प्रणाली विकास गर्ने; जनस्वास्थ्य तथा शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने; प्राविधिक तथा व्यावसायिक शिक्षाको सुदृढीकरण र विस्तार गरी नेपालका लागि आवश्यक सीपयुक्त दक्ष श्रमशक्ति उत्पादन गर्ने; विद्यालयबाटै प्राविधिक शिक्षामा जोड दिने एवम् विद्यार्थीको क्षमता, रुचि र सीपको अध्ययन गरी विद्यार्थीलाई विद्यालय शिक्षादेखि नै दक्ष जनशक्ति बनाउने नीति अवलम्बन गर्ने; यसैअनुरूपको विद्यालयको भौतिक तथा शिक्षण पूर्वाधारमा लगानी वृद्धि गर्ने; नेपालको दीर्घकालीन विकासको आवश्यकताको सम्बोधन गर्न राष्ट्रिय जनशक्ति विकासको विषय क्षेत्रगत योजना तयार गर्ने; राष्ट्रिय श्रम आवश्यकताको मागको सम्बोधन गर्नेगरी श्रम बजारमा भएका श्रमशक्तिको सीप परीक्षण र सीप अभिवृद्धिका कार्यक्रम सञ्चालन।

(२) **लगानी प्रवर्द्धन कार्यक्रमः** नेपालमा प्रत्यक्ष वैदेशिक लगानी प्रवर्द्धन तथा निर्यात व्यापार वृद्धि लगायतका आर्थिक मुद्दामा विदेशमा रहेका नेपाली कूटनीतिक नियोगको सक्रियता अभिवृद्धि गर्ने; बहुराष्ट्रिय कम्पनीहरूलाई प्रत्यक्ष वैदेशिक लगानीमा आकर्षण गर्ने; लगानीको वातावरण निर्माण गर्न कानून, संस्था र प्रविधिमा सुधार, प्रक्रियागत सरलीकरण, सुरक्षा, भ्रष्टाचार न्यूनीकरण लागायतका आवश्यक प्रबन्ध मिलाउने; द्विपक्षीय लगानी सम्झौता तथा दोहोरो कर छुट सम्झौताका लागि सम्भावित मुलुकहरूको पहिचान र वार्ता गर्ने ।

(३) **निर्यात अभिवृद्धि कार्यक्रमः** निर्यातमुखी उद्योगका लागि सहुलियतपूर्ण कर्जा परिचालन, निर्यातमुखी वस्तुको गुणस्तर अभिवृद्धि तथा गुणस्तर प्रमाणीकरण प्रयोगशाला सञ्चालन गर्ने; निर्यात वृद्धिका लागि वस्तु तथा बजार विविधीकरण गर्ने; विश्व बजारको वस्तु तथा सेवाको माग, उत्पादन र आपूर्ती श्रृङ्खलाको अध्ययन गरी नेपाली वस्तु र सेवाको अन्तर्राष्ट्रिय बजारमा पहुँच एवम् आयात व्यवस्थापन गर्ने; परम्परागत सीप, कला र नेपाली कच्चा प्रदार्थमा आधारित वस्तुहरूको निर्यात प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन, लघु, साना तथा मझौला उद्योग एवम् व्यवसायको प्रवर्द्धन गर्ने; जलविद्युत, सूचना प्रविधिमा आधारित सेवा, पर्यटन, उच्च शिक्षा, स्वास्थ्य सेवा लागायतका सेवा निर्यातका लागि जनशक्ति र पूर्वाधार विकास गर्ने ।

(४) **निर्यात गन्तव्य देशहरूको विविधीकरण कार्यक्रमः** स्वदेशी वस्तु तथा सेवाको निर्यातलाई विविधीकरण गर्ने; आन्तरिक प्रयोग र छिमेकी देशहरूमा निर्यात गर्नका लागि जलविद्युत र नवीकरणीय ऊर्जा उत्पादन र वितरण गर्ने; पर्यटकीय पूर्वाधारको विकास तथा सुधार गर्ने;

राष्ट्रिय राजमार्ग तथा हवाईमार्गको जोखिम कम गर्ने गरी सुधार गर्ने; पर्यटन गन्तव्यहरूको विकास र यस क्षेत्रको सेवाको गुणस्तरमा सुधार गरी विदेशी पर्यटकको सङ्ख्यामा वृद्धि गरी वैदेशिक मुद्राको सञ्चय अभिवृद्धि गर्ने; परम्परागत निर्यात बजारका साथसाथै नयाँ निर्यात गन्तव्य मुलुक जस्तै खाडी देशहरू, दक्षिण पूर्व एसियाली देशहरू, ल्याटिन अमेरिकी र अफ्रिकी देशहरूमा विविधीकरण गर्ने; मुख्य व्यापार गन्तव्य मुलुकहरू र बजार सम्भाव्यता भएका मुलुकहरूसँग व्यापार वार्ता अभिवृद्धि गर्ने; साफ्टामा नेपालको आर्थिक हित खोज्ने र अतिकम विकिसित मुलुकबाट स्तरोन्नति भएका मुलुकलाई विशेष व्यवस्था गर्नका लागि वार्ता व्यवस्थापन तथा अन्य क्षेत्रीय व्यापार सम्झौतामा आबद्धताका लागि पहल तथा सक्रियता प्रवर्द्धन गर्ने।

(५) **उत्पादन तथा उत्पादकत्व क्षमता अभिवृद्धि कार्यक्रमः** सरकारी र निजी क्षेत्रको उत्पादन तथा उत्पादकत्व क्षमता बढाउने कार्यक्रमलाई तीन तहका सरकारका बजेटमा प्राथमिकता दिने; आन्तरिक तथा बाह्य स्रोतको परिचालनमा जोड दिई उत्पादनशील क्षेत्रमा सार्वजनिक र निजी लगानी अभिवृद्धि गर्ने; कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र विविधीकरण गर्ने; स्थानीय उत्पादन (वस्तु) हरूको निर्यातका लागि पहिचान, विकास र प्रवर्द्धनका कार्यक्रम सञ्चालन; आपूर्तिजन्य अवरोधहरूलाई सम्बोधन गर्ने; औद्योगीकरणका लागि प्रदेश तथा स्थानीय सरकारहरूबीच स्वच्छ, प्रतिस्पर्धा सहकार्य अभिवृद्धि; औद्योगिक ग्रामहरूको स्थापना र सञ्चालनमा सुदृढीकरण, विशेष आर्थिक क्षेत्र, निर्यात प्रशोधन क्षेत्रहरूको स्थापना र विस्तार गर्ने; किसानको उत्पादनको गुणस्तर तथा भण्डारण र मूल्यको राज्यले प्रत्याभूति दिने व्यवस्था।

(६) **बजार पहुँच र औद्योगिककरण विकास कार्यक्रमः** छिमेकी दुई ठूला अर्थतन्त्र भएका देशका उत्पादनमूलक उद्योगमा प्रयोग हुने सहायक कच्चा पदार्थ वा सहायक सामग्रीको आपूर्ति श्रृङ्खलामा आबद्धता गर्ने; उच्च मूल्य अभिवृद्धि हुने कम तौल भएका महत्त्वपूर्ण उत्पादनको लागि कच्चा प्रदार्थ आयात गरेर भएपनि त्यस्ता उद्योग उत्पादनमूलक उद्योगमा विशेष सुविधा दिएर वैदेशिक लगानी समेतका आधारमा औद्योगिकिकरणमा जोड दिने; उत्पादन केन्द्रित भौतिक पूर्वाधार विकास र यातायात तथा सूचना सञ्चार पूर्वाधारको बृहत् सञ्जालीकरण मार्फत वास्तविक क्षेत्रको विकासका प्रमुख आधार तथा क्षेत्रसँग जोडिने गरी पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने।

(७) **निजी क्षेत्र प्रवर्द्धन कार्यक्रमः** प्रारम्भिक लगानी जोखिम न्यूनीकरण गर्ने विकास परियोजनामा निजी क्षेत्रलाई परिचालन गरेर मिश्रित वित्त तथा सहलगानी परिचालन गर्ने; श्रम बजारको

निरन्तर सुधार, सहुलियतपूर्ण दरमा स्वच्छ ऊर्जा आपूर्ति, सबै भौगोलिक क्षेत्र र जनसङ्ख्यामा वित्तीय पहुँच अभिवृद्धि गर्ने; नेपालको विशिष्टता झल्किने वस्तुहरूको उत्पादन, प्रशोधन, बजारीकरणका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने; सूचना प्रविधि तथा सुचना प्रविधि सम्वद्ध सेवा क्षेत्रको कुशलता तथा क्षमता अभिवृद्धि गर्न उच्च सीपयुक्त जनशक्ति उत्पादन तथा सेवा निर्यात प्रोत्साहन गर्ने; वित्तीय क्षेत्रबाट गर्ने प्राथमिकता प्राप्त क्षेत्र एवम् कर्जा र पुँजीकोषबाट गर्ने लगानीलाई निर्यात तथा आयात व्यवस्थापन हुने क्षेत्रमा सहुलियत दरमा प्रवाह गर्ने।

(८) **छुट सुविधा निरन्तरताको लागि पहल तथा वार्ता कार्यक्रमः** युरोपियन युनियनको हालको हातहतियार बाहेकको सबै सुविधा सन् २०२९ सम्म मात्र प्राप्त हुने भएकाले तत्पश्चात जनरलाइज्ड सिस्टम अफ प्रिफरेन्स प्लस सुविधा प्राप्तिको लागि आवश्यक पूर्व तयारी गर्ने; संयुक्त राज्य अमेरिका, चीन तथा अन्य प्रमुख व्यापारिक साझेदार मुलुकसँग द्विपक्षीय स्वतन्त्र व्यापार क्षेत्र सम्झौतासम्बन्धी विस्तृत अध्ययन गर्ने; अष्ट्रेलिया, क्यानडा, जापान, नर्वे, कोरिया र स्वीटजरल्याण्डसँग अतिकम विकसित मुलुकको रूपमा प्राप्त भन्सार छुट सुविधा निरन्तरताको लागि पहल गर्ने; संयुक्त राज्य अमेरिकाबाट प्राप्त हुँदै आएको नेपालका लागि विशेष व्यापार प्रबन्धलाई सन् २०२५ पश्चात पनि निरन्तरताका लागि पहल गर्ने; अतिकम विकसित मुलुकको हैसियतले उपलब्ध भइरहेका ड्युटी फ्रि, कोटा फ्रि लगायतका सुविधालाई स्तरोन्नति पश्चात् समेत निश्चित अवधिसम्म निरन्तरता दिन अतिकम विकसित राष्ट्रको समूहसँग मिलेर विश्व व्यापार सङ्गठन र साफ्टाका सदस्य राष्ट्रसँग वार्ता प्रबन्ध गर्ने; सार्वजनिक तथा निजी क्षेत्रमा व्यापारसम्बन्धी वार्ता तथा सम्झौता सीप र क्षमता अभिवृद्धि गर्ने।

(९) **मूल्य श्रृङ्खला विकास र गुणस्तर परीक्षण कार्यक्रमः** नेपाल व्यापार एकीकृत रणनीतिमा पहिचान गरिएका निर्यात सम्भाव्य वस्तु तथा सेवाको मूल्य श्रृङ्खला विकास गर्ने; स्तरोन्नति पश्चात् निकासीको लागि पूरा गर्नुपर्ने उत्पत्तिको नियमसम्बन्धी कठिन प्रावधान लगायतका अन्तर्राष्ट्रिय बजारमा प्रवेश गर्ने शर्त परिपालना गर्न निजी क्षेत्रको सहभागितामा कपडा, तयारी पोशाक लगायतका क्षेत्रमा नयाँ प्रविधिको प्रयोग तथा क्षमता विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने; मार्केट एण्ड ट्रेड इन्टेलिजेन्स कार्यको सुदृढीकरण गर्ने; निर्यातयोग्य कृषि उपजको स्वास्थ्य तथा वनस्पति स्वास्थ्य मापदण्ड परीक्षण गर्न अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशाला निर्माण तथा सुदृढीकरण गर्ने; सम्बन्धन (एक्रिडिटेसन) सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्ने; स्तरोन्नतिबाट प्रभावित हुने तथा निर्यात सम्भावना भएका

औद्योगिक वस्तुको गुणस्तर परीक्षण र प्रमाणीकरण गर्ने सुविधा निर्माण गर्ने; निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरको प्रयोगशाला स्थापना र सञ्चालन गर्न प्रोत्साहन एवम् सहयोग गर्ने।

(१०) **दिगो विकास लक्ष्यको स्थानीयकरण:** दिगो विकास लक्ष्य कार्यान्वयनमा प्रदेश र स्थानीय तहको सशक्तीकरण गर्ने; दिगो विकास लक्ष्यलाई सङ्घ, प्रदेश र स्थानीय तहका योजना तथा नीतिहरूमा मूलप्रवाहीकरण गर्ने; प्रदेश र स्थानीय तहलाई नीतिगत र प्राविधिक सहयोग प्रदान गर्ने; औपचारिक तथा अनौपचारिक माध्यमबाट दिगो विकास लक्ष्यबारे सचेतना बढाउने; दलित लगायत् समाजका सबै पिछडिएका तथा पछाडि पारिएका र कमजोर वर्गहरूको सामाजिक-आर्थिक जोखिम न्यूनीकरण गर्ने।

(११) **समन्वय र साझेदारी कार्यक्रम:** दिगो विकास मैत्री स्थानीय आवधिक योजना तर्जुमा र कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहको सहकारिता प्रवर्द्धन गर्ने; दिगो विकास लक्ष्य प्राप्ति तर्फ सार्वजनिक, निजी क्षेत्र, सहकारी, सामुदायिक संस्था तथा गैहसरकारी संस्थाहरूलाई परिचालन गर्ने; दिगो विकास लक्ष्य हासिल गर्न विकास साझेदारबाट भएका प्रतिबद्धताअनुरूप सहयोग प्राप्त गर्न र वित्तीय एवम् प्राविधिक कोषहरूमा पहुँच अभिवृद्धि गर्न विदेशस्थित नियोगहरू तथा सम्बन्धित अन्य निकायको संस्थागत क्षमता अभिवृद्धि गर्दै दिगो विकास केन्द्रित कूटनीतिक पहल गर्ने।

(१२) **स्रोतको दिगो व्यवस्थापन:** दिगो, उच्च, फराकिलो आर्थिक वृद्धि मार्फत आर्थिक विकास र त्यसको लागि राजस्व वृद्धि गर्न राजस्वको क्षेत्र र दायरा विस्तार गर्ने; वैकल्पिक स्रोतहरूको पहिचान, पहुँच तथा परिचालन गर्ने; चुनौती कोष, मिश्रित कोष, हरित बण्ड, जलवायु परिवर्तन कोष, हरित वातावरण सुविधा, गैरआवासीय नेपालीको लगानी, प्रत्यक्ष वैदेशिक लगानी र निजी लगानीको पुनर्संरचना गर्ने; जलवायु परिवर्तनसम्बन्धी सम्पूर्ण क्षेत्रहरूमा वैश्विक जलवायु कोष, अनुकूलन कोष, वैश्विक वातावरण सुविधा र अन्य बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय कोषहरूबाट स्रोत परिचालन तथा त्यस्ता कोषमा सहज र सार्थक पहुँच प्राप्त गर्न विशेष तयारी गर्ने।

(१३) **लक्षित कार्यक्रम:** दिगो विकास लक्ष्यहरूमा न्यून प्रगति भएका क्षेत्र तथा समुदायका लागि लक्षित अतिरिक्त कार्यक्रम सञ्चालन गर्ने।

## १४.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | प्रतिव्यक्ति राष्ट्रिय आय* | अमेरिकी डलर | १०२७ | २२०० |
| २ | मानव सम्पत्ति सूचकाङ्क | सूचकाङ्क | ७४.९ | ७८.६ |
| ३ | आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क | सूचकाङ्क | २४.७ | २२.४ |
| ४ | गरिबीको रेखामुनि रहेका जनसङ्ख्या | प्रतिशत | २०.३ | १२.० |
| ५ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | सङ्ख्या | १५१ | १०० |
| ६ | माध्यमिक शिक्षा (कक्षा ९ देखि १२ सम्म) को कुल भर्नादर | प्रतिशत | ८३.४ | ९५ |
| ७ | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४५२ | ०.०५ |
| ८ | आधारभूत खानेपानीमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ९४.९ | ९९.० |
| ९ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घन्टा | ३८० | ७०० |
| १० | सुरक्षित आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ५४ | ८० |

* *संयुक्त राष्ट्रसङ्घ।*

अनुसूची १

# योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ढाँचा

अनुसूची १

# योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ढाँचा

| क्र.सं. | संरचनागत रूपान्तरणका क्षेत्र | कार्यान्वयन गर्ने जिम्मेबार निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समय अवधि |
|---|---|---|---|---|
| १ | **योजनाको सोचः "सुशासन, सामाजिक न्याय र समृद्धि"** | • नेपाल सरकारका मन्त्रालय तथा निकायहरू<br>• अदालत<br>• संवैधानिक निकायहरू<br>• प्रदेश तथा स्थानीय सरकार<br>• सार्वजनिक, निजी, सहकारी क्षेत्र | • सङ्घीय संसद, संसदीय समितिहरू<br>• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• राष्ट्रिय योजना आयोग<br>• महालेखा परीक्षकको कार्यालय<br>• नागरिक समाज | वार्षिक प्रगति समीक्षा |
| २ | **समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र तीब्रतर आर्थिक वृद्धि** | • अर्थ मन्त्रालय<br>• उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>• नेपाल राष्ट्र बैंक<br>• प्रदेश तथा स्थानीय सरकार<br>• निजी क्षेत्र, सहकारी क्षेत्र | • सङ्घीय संसद, संसदीय समितिहरू<br>• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• राष्ट्रिय योजना आयोग | अर्धवार्षिक प्रगति समीक्षा |
| ३ | **उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि** | • कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>• ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय<br>• उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>• संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>• सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>• श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>• प्रदेश तथा स्थानीय सरकार<br>• निजी क्षेत्र, सहकारी क्षेत्र, बैङ्किङ् क्षेत्र<br>• सार्वजनिक संस्थानहरू | • सङ्घीय संसद, संसदीय समितिहरू<br>• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• राष्ट्रिय योजना आयोग | त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा |

| क्र.सं. | संरचनागत रूपान्तरणका क्षेत्र | कार्यान्वयन गर्ने जिम्मेबार निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समय अवधि |
|---|---|---|---|---|
| ४ | **उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा** | • श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>• परराष्ट्र मन्त्रालय<br>• गृह मन्त्रालय<br>• प्रदेश तथा स्थानीय सरकार<br>• निजी क्षेत्र, सहकारी क्षेत्र | • सङ्घीय संसद, संसदीय समितिहरू<br>• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• राष्ट्रिय योजना आयोग | त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा |
| ५ | **स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण** | • स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>• सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>• युवा तथा खेलकुद मन्त्रालय मन्त्रालय<br>• विश्व विद्यालयहरू<br>• लोक सेवा आयोग<br>• प्रदेश तथा स्थानीय सरकार | • सङ्घीय संसद, संसदीय समितिहरू<br>• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• राष्ट्रिय योजना आयोग<br>• विश्वविद्यालय अनुदान आयोग | त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा |
| ६ | **गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तरआवद्धता** | • भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>• शहरी विकास मन्त्रालय<br>• ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय<br>• संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>• सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,<br>• खानेपानी मन्त्रालय<br>• प्रदेश तथा स्थानीय सरकार | • सङ्घीय संसद, संसदीय समितिहरू<br>• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• राष्ट्रिय योजना आयोग<br>• राष्ट्रिय सतर्कता केन्द्र | त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा |
| ७ | **योजनावद्ध, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकास** | • शहरी विकास मन्त्रालय<br>• भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>• भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय<br>• ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय<br>• गृह मन्त्रालय | • सङ्घीय संसद, संसदीय समितिहरू<br>• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• राष्ट्रिय योजना आयोग | त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा |

| क्र.सं. | संरचनागत रूपान्तरणका क्षेत्र | कार्यान्वयन गर्ने जिम्मेबार निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समय अवधि |
|---|---|---|---|---|
| | | • खानेपानी मन्त्रालय<br>• प्रदेश तथा स्थानीय सरकार<br>• निजी क्षेत्र | | |
| ८ | **लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज** | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• गृह मन्त्रालय<br>• संवैधानिक आयोगहरू,<br>• प्रदेश तथा स्थानीय सरकार<br>• गैरसरकारी संस्थाहरू | • सङ्घीय संसद, संसदीय समितिहरू<br>• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• राष्ट्रिय योजना आयोग<br>• नागरिक समाज | त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा |
| ९ | **प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास** | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>• अर्थ मन्त्रालय<br>• सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग<br>• प्रदेश तथा स्थानीय सरकार<br>• निजी क्षेत्र | • सङ्घीय संसद, संसदीय समितिहरू<br>• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• राष्ट्रिय योजना आयोग<br>• राष्ट्रिय समन्वय परिषद्<br>• अन्तर-प्रदेश परिषद् | त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा |
| १० | **गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण** | • भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण<br>• गृह मन्त्रालय<br>• कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>• सवैधानिक निकायहरू<br>• प्रदेश तथा स्थानीय सरकार<br>• निजी, सहकारी तथा गैरसरकारी क्षेत्र | • सङ्घीय संसद, संसदीय समितिहरू<br>• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• राष्ट्रिय योजना आयोग | त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा |
| ११ | **प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापन तथा** | • अर्थ मन्त्रलय<br>• विषयगत मन्त्रालय तथा आयोजना प्रमुखहरू<br>• वन तथा वातावरण मन्त्रालय<br>• प्रदेश तथा स्थानीय सरकार | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• राष्ट्रिय योजना आयोग<br>• महालेखा परिक्षकको कार्यालय<br>• सङ्घीय संसद, संसदीय समितिहरू | त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा |

| क्र.सं. | संरचनागत रूपान्तरणका क्षेत्र | कार्यान्वयन गर्ने जिम्मेबार निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समय अवधि |
|---|---|---|---|---|
| | **पुँजीगत खर्च क्षमता अभिवृद्धि** | • निजी क्षेत्र | • महालेखा नियन्त्रकको कार्यालय<br>• सार्वजनिक खरिद अनुगमनको कार्यालय | |
| १२ | **शासकीय सुधार तथा सुशासन प्रवर्द्धन** | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>• सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• सर्वोच्च अदालत<br>• राष्ट्रिय सर्तकता केन्द्र,<br>• अख्तियार दुरूपयोग अनुसन्धान आयोग,<br>• निर्वाचन आयोग<br>• वित्तीय क्षेत्र तथा राजनैतिक दलहरू | • सङ्घीय संसद, संसदीय समितिहरू<br>• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• राष्ट्रिय योजना आयोग<br>• महालेखा परिक्षकको कार्यालय<br>• महालेखा नियन्त्रकको कार्यालय | त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा |
| १३ | **जैविक विवधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र** | • वन तथा वातावरण मन्त्रालय<br>• अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरू<br>• राष्ट्रिय योजना आयोग<br>• प्रदेश तथा स्थानीय सरकारहरू<br>• निजी तथा गैरसरकारी क्षेत्र र विकास साझेदार | • सङ्घीय संसद, संसदीय समितिहरू<br>• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• राष्ट्रिय योजना आयोग | त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा |
| १४ | **अतिकम विकसित मुलुकबाट सहज स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयन** | • राष्ट्रिय योजना आयोग,<br>• उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br>• सबै विषयगत मन्त्रालय तथा केन्द्रीय निकाय,<br>• प्रदेश तथा स्थानीय सरकारहरू<br>• निजी तथा गैरसरकारी क्षेत्र र विकास साझेदार | • सङ्घीय संसद, संसदीय समितिहरू<br>• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• राष्ट्रिय योजना आयोग<br>• दिगो विकास लक्ष्य राष्ट्रिय निर्देशक समिति, राष्ट्रिय समन्वय एवम् विषयगत समिति, प्रादेशिक तथा स्थानीय तहका समिति<br>• संयुक्त राष्ट्र सङ्घ | त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा |

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

फोनः ०१-४२११३२, ४२११३३

इमेलः npc@npc.gov.np

वेवसाइटः www.npc.gov.np